# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

# कार्यान्वयन कार्ययोजना

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

| | |
|---|---|
| प्रकाशकः | कर्णाली प्रदेश सरकार<br>कर्णाली प्रदेश योजना आयोग<br>वीरेन्द्रनगर, सुर्खेत, नेपाल<br>फोनः ९७७ ८३ ५२१६७६<br>इमेलः kppc@karnali.gov.np, ppckarnali@gmail.com<br>वेवसाइट: kppc.karnali.gov.np |
| आयोगबाट स्वीकृत मितिः | २०८३/०३/३२ |
| प्रकाशन वर्षः | २०८२/०८३ |
| सर्वाधिकारः | कर्णाली प्रदेश योजना आयोग |


# कर्णाली प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री यामलाल कडेल | अध्यक्ष |
| माननीय सूर्यनाथ योगी | उपाध्यक्ष |
| माननीय अशोकनाथ योगी | सदस्य |
| माननीय डम्बरबहादुर रावल | सदस्य |
| श्री वीरेन्द्र कुमार यादव, प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| श्री लीला प्रसाद शर्मा, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य-सचिव |

# कर्णाली प्रदेश सरकार

**वीरेन्द्रनगर, सुर्खेत**
**नेपाल**

**माननीय मुख्यमन्त्री**



**"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को दीर्घकालीन प्रादेशिक सोच र संकल्पलाई साकार तुल्याउने मार्गमा हाम्रो दोस्रो पञ्चवर्षीय योजना एउटा ऐतिहासिक कोसेढुङ्गा हो। योजनाहरू आफैमा सुन्दर सपना र मार्गचित्र हुन्, तर तिनको असली सार्थकता र सौन्दर्य केवल चुस्त, पारदर्शी र परिणाममुखी कार्यान्वयनमा मात्र निर्भर रहन्छ। यही यथार्थलाई आत्मसात् गर्दै दोस्रो पञ्चवर्षीय योजनाका लक्ष्य र उद्देश्यहरूलाई नागरिकको जीवनस्तरमा रूपान्तरण गर्न यो **"कार्यान्वयन कार्ययोजना"** तर्जुमा गरिएको छ।

कर्णाली प्रदेश अथाह प्राकृतिक स्रोत, सांस्कृतिक वैभव र अदम्य सामर्थ्य भएको भूगोल हो। जटिल भौगोलिक अवस्थिति र स्रोत साधनको सीमितताका बाबजुद हामीसँग विकासको तीव्र भोक र अठोट छ। विगतका अनुभवहरूले हामीलाई सिकाएका छन् कि उत्कृष्ट नीति र योजना पनि फितलो कार्यान्वयनका कारण अलपत्र पर्न सक्छन्। त्यसैले, यो कार्ययोजनाले स्पष्ट खाका कोरेको छ, जसले सुशासन, सामाजिक न्याय, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनाका हाम्रा प्राथमिकताहरूलाई सिधै कार्यक्षेत्रसँग जोड्नेछ।

दिगो विकासका लक्ष्यहरू र सोह्रौँ राष्ट्रिय योजनासँग तादाम्य मिलाइएको यस योजनाको सफल कार्यान्वयन प्रदेश सरकारको एक्लो प्रयासबाट सम्भव छैन। यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय, र प्रशासनिक संयन्त्रको पूर्ण प्रतिबद्धता आवश्यक छ। साथै, निजी क्षेत्र, सहकारी, सामुदायिक सङ्घ-संस्था, विकास साझेदार र आम कर्णालीबासी नागरिकको सक्रिय साझेदारी नै हाम्रो सफलताको मुख्य कडी हो। विकासको यो यात्रा सामूहिक जगमा मात्र अघि बढ्न सक्छ।

यो कार्ययोजनालाई मूर्त रूप दिन अहोरात्र खट्नुहुने प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगी तथा अन्य पदाधिकारी, कर्मचारी, विषयगत मन्त्रालयहरू, विज्ञ वर्ग तथा रचनात्मक सुझाव दिनुहुने सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, योजना तर्जुमाको चरण सकिएर अब हामी 'कार्यसम्पादन र परिणाम' को परीक्षामा छौँ। यो दस्तावेज दराजमा थन्किने कागजको पाना मात्र नभई कर्णालीको रूपान्तरणको संवाहक बन्नुपर्छ। यस कार्ययोजनाको अक्षरसः कार्यान्वयनमा जुट्न र समृद्ध कर्णाली निर्माणको यो महायज्ञमा आ-आफ्नो तर्फबाट इमानदार भई योगदान पुऱ्याउन म सम्पूर्ण तहका सरकार, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज र आम जनसमुदायमा हार्दिक अपिल गर्दछु।

धन्यवाद।

**यामलाल कडेल**
**मुख्यमन्त्री तथा अध्यक्ष**
**कर्णाली प्रदेश योजना आयोग**

# कर्णाली प्रदेश योजना आयोग

## वीरेन्द्रनगर, सुर्खेत, नेपाल



**माननीय उपाध्यक्ष**

## भूमिका

कर्णाली प्रदेशको समृद्धि र रूपान्तरणको मार्गचित्रका रूपमा रहेको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२–२०८५/०८६) को नीतिगत दस्तावेज निर्माणको काम सम्पन्न भई कार्यान्वयनको चरणमा रहेको र यसको व्यावहारिक आयाम **"कार्यान्वयन कार्ययोजना (Implementation Action Plan)"** प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। आवधिक योजनाले नीतिगत दिशा निर्देश गर्दछ भने कार्ययोजनाले त्यसलाई कार्यान्वयनपछिको नतिजासँग जोड्ने गर्दछ। नेपालको योजनाबद्ध विकासको झन्डै सात दशक लामो इतिहासमा कर्णालीले आफ्नो विशिष्ट भूगोल, 'बोन धर्म', 'मस्टो' र 'सिँजा' संस्कृति जस्ता अद्वितीय पहिचानका बाबजुद विकासका सूचकाङ्कमा जुन अवस्था व्यहोर्नुपरेको छ, त्यसलाई सच्याउन अब परम्परागत शैलीको निरन्तरता पर्याप्त छैन। त्यसैले, यो कार्ययोजना केवल एउटा प्रशासनिक दस्तावेज मात्र नभएर कर्णालीको विकास र समृद्धिको लागि संरचनात्मक रूपान्तरण (Structural Transformation) को वस्तुपरक र परिणाममुखी साधन हो ।

अर्थशास्त्र र योजना तर्जुमाको स्थापित सिद्धान्तले भन्छ- "उत्कृष्ट योजना पनि फितलो कार्यान्वयनका कारण असफल हुन सक्छ, तर मध्यम योजना पनि चुस्त कार्यान्वयनद्वारा सफल बन्न सक्छ ।" कर्णालीको अथाह प्राकृतिक स्रोत, बहुमूल्य जडीबुटी, खनिज, पर्यटन र जलसम्पदाको दिगो उपयोग गर्दै राष्ट्रिय लक्ष्य (दीर्घकालीन सोच–२१००) र दिगो विकास लक्ष्य (SDGs) सँग तादाम्य मिलाउन यो कार्ययोजनाले 'नतिजामा आधारित व्यवस्थापन (RBM)' लाई आत्मसात् गरेको छ। पूर्वाधार तथा अन्तरआबद्धता, नवप्रवर्तन, उत्पादन र रोजगारी, मानवपुँजी निर्माण तथा डिजिटल कर्णाली जस्ता विषयगत प्राथमिकताहरूलाई समयसीमा, सूचक र जिम्मेवार निकायले वहन गर्नुपर्ने कार्यसूचीलाई औंल्याउँदै यसले प्रदेशको विकासको लक्ष्यलाई साकार बनाउने विश्वास लिइएको छ ।

योजना आयोग एक प्राविधिक तथा रणनीतिक निकाय भएको हुनाले हामीले यस कार्ययोजनामा लगानीको दक्षता (Incremental Capital-Output Ratio - ICOR) र साधनस्रोतको समन्यायिक विनियोजनलाई विशेष ध्यान दिएका छौँ । तीन तहका सरकारबीचको नीतिगत सामञ्जस्यता र स्रोतको कुशल परिचालनले मात्रै सुशासन, सामाजिक न्याय र दीगो आर्थिक वृद्धिका माध्यमबाट "विकासमा तीव्रता, समृद्धिमा अग्रता" को प्रादेशिक गन्तव्य सफल हुन सक्छ ।

यस महत्त्वपूर्ण दस्तावेजलाई यो स्वरूपमा ल्याउन अहोरात्र खट्नुहुने कर्णाली प्रदेश योजना आयोगका माननीय सदस्य अशोकनाथ योगीज्यू र माननीय सदस्य डम्बर बहादुर रावलज्यूको विज्ञतापूर्ण र सक्रिय योगदानका लागि म विशेष धन्यवाद दिन चाहन्छु । साथै, प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्र कुमार यादव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव एवम् आयोगका सदस्य सचिव लीला प्रसाद शर्मा, आयोगका प्रशासकीय प्रमुख गोपाल के.सी., शाखा अधिकृत सुर्य नेपाली, तथ्याङ्क अधिकृत हरिबहादुर घर्ती, कम्प्युटर अधिकृत भुवन कँडेललगायत सम्पूर्ण कर्मचारी टोली धन्यवादका पात्र हुनुहुन्छ । कार्ययोजना निर्माणमा विषयगत मन्त्रालयबाट अमूल्य सुझाव प्रदान गर्नुहुने माननीय मन्त्रीज्यूहरू, निर्माण कार्यका लागि खटिने विषयगत मन्त्रालयहरु एवं निकायका प्रदेश सचिव र अन्य कर्मचारीहरु, सुझाव र सल्लाह प्रदान गर्नुहुने प्रदेशसभाका माननीय सदस्यज्यूहरू, मुख्य न्यायाधिवक्ताज्यू, स्थानीय तहका पदाधिकारीज्यूहरु, विकास साझेदारहरू, नागरिक समाज, निजी क्षेत्र, बुद्धिजीवी, विज्ञ वर्ग र सञ्चारकर्मी साथीहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस कार्ययोजनाको तर्जुमा प्रक्रियामा निरन्तर अभिभावकत्व र राजनीतिक-रणनीतिक मार्गदर्शन प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री एवम् आयोगका अध्यक्ष **यामलाल कँडेलज्यू** प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। अब हाम्रो मुख्य परीक्षा यसको सफल कार्यान्वयनमा छ। यो कार्ययोजनाले निर्दिष्ट गरेको बाटोमा हिँड्दै समृद्ध कर्णाली निर्माणको महाअभियानमा सबै क्षेत्र र सरोकारवालाहरूबाट पूर्ण सहयोग, सहकार्य र प्रतिबद्धता प्राप्त हुनेछ भन्ने दृढ विश्वास लिएको छु।

**सूर्यनाथ योगी**
**उपाध्यक्ष**



## मेरो भन्नु

कर्णाली प्रदेशको सर्वाङ्गीण, द्रुत र दिगो विकासको नयाँ मार्गचित्रका रूपमा तयार पारिएको दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२–२०८५/८६) लाई मूर्त रूप दिन यो 'कार्यान्वयन कार्ययोजना पुस्तक' सम्बद्ध सबै सरोकारवालाहरूका सामु ल्याउन पाउँदा कर्णाली प्रदेश योजना आयोग परिवार अत्यन्त हर्षित छ।

कुनै पनि आवधिक योजना आफैँमा समृद्धिको परिकल्पना र दिशाबोध मात्र हो; यसलाई परिणाममा बदल्न पारदर्शी, उत्तरदायी र वस्तुनिष्ठ कार्यढाँचा (Implementation Framework) अनिवार्य हुन्छ। पहिलो पञ्चवर्षीय योजना कार्यान्वयनका अनुभव, सिकाइ तथा हासिल भएका उपलब्धिको वस्तुनिष्ठ समीक्षा गर्दै दोस्रो आवधिक योजनाले अघि सारेका सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्रादेशिक प्राथमिकताहरूलाई तोकिएको समय सीमाभित्र सफलतापूर्वक हासिल गर्न यो कार्ययोजना पुस्तक तयार पारिएको हो।

यस कार्ययोजना पुस्तकमा क्षेत्रगत लक्ष्य, वार्षिक प्रगति सूचक, नतिजा ढाँचा (Result Framework), सम्भावित स्रोत व्यवस्थापन तथा अन्तर-सम्बन्धित निकायहरूको प्रष्ट जिम्मेवारीसहितको खाका प्रस्तुत गरिएको छ। योजना तर्जुमा गर्नु जति महत्त्वपूर्ण छ, त्यसको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा वस्तुनिष्ठ मूल्यांकन गर्नु अझ बढी चुनौतीपूर्ण र संवेदनशील हुन्छ। प्रस्तुत कार्यान्वयन कार्ययोजनाले प्रदेशका विषयगत मन्त्रालयहरू, स्थानीय तहहरू, विकास साझेदारहरू, निजी क्षेत्र तथा नागरिक समाजका लागि एउटा मार्गदर्शन (Roadmap) को रूपमा काम गर्नेछ।

यो विस्तृत कार्यान्वयन कार्ययोजना तर्जुमा गर्ने क्रममा मार्गदर्शन एवं दिशानिर्देश प्रदान गर्नुहुने कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय सदस्यज्यूहरू तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सम्पूर्ण विषयगत मन्त्रालयहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै, यस पुस्तकलाई अन्तिम रूप दिन अहोरात्र खटिनुहुने आयोगका कर्मचारी साथीहरू र विशेष गरी कम्प्युटर अधिकृत श्री भुवन कँडेलसमेतलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

अन्तमा, समृद्ध कर्णाली, सुखारी कर्णालीबासी' को साझा संकल्पलाई साकार पार्न प्रस्तुत कार्यान्वयन कार्ययोजनालाई सबै सरोकारवाला निकायहरूले प्रतिबद्धताका साथ लागू गर्नुहुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

**गोपाल के. सी.**
**प्रशासकीय प्रमुख (उप-सचिव)**
**कर्णाली प्रदेश योजना आयोग**

# विषयसूची

**विषयवस्तु** **पृष्ठ सङ्ख्या**


**परिच्छेद-एकः परिचय** ....... **१**

१.१ पृष्ठभूमि ....... १

१.२ चालु आवधिक योजना र कार्यान्वयन कार्ययोजनाको सन्दर्भ ....... १

१.३ कार्ययोजनाको उद्देश्य र आवश्यकता ....... २

१.४ दोस्रो पञ्चवर्षीय योजनाको सार सङ्क्षेप ....... ३

१.५ लगानीको क्षेत्रगत स्रोत अनुमान ....... ६

१.६ कार्यान्वयन कार्ययोजना तर्जुमा विधि ....... ७

**परिच्छेद-दुईः आर्थिक वृद्धि र लगानी** ....... **८**

२.१ आन्तरिक राजस्व परिचालन ....... ८

२.२ राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण ....... १२

२.३ समुदाय बचत तथा निजी लगानी ....... १५

२.४ सार्वजनिक खर्चको दक्षता वृद्धि ....... १७

२.५ आन्तरिक ऋण ....... २०

२.६ वैदेशिक सहायता ....... २२

**परिच्छेद-तीनः कृषि, भूमि व्यवस्था र सहकारी** ....... **२४**

३.१ कृषि ....... २४

३.२ पशुपन्छी तथा मत्स्य ....... ३०

३.३ खाद्य सुरक्षा तथा सम्प्रभुता ....... ३५

३.४ भू-उपयोग तथा भूमि व्यवस्था ....... ३८

३.५ सहकारी तथा वित्तीय सेवा ....... ४१

**परिच्छेद-चारः खनिज, उद्योग, वाणिज्य र पर्यटन** ....... **४४**

४.१ खानी तथा खनिज सम्पदा ....... ४४

४.२ उद्योग, वाणिज्य तथा आपूर्ति ....... ४७

४.३ पर्यटन विकास ....... ५१

**परिच्छेद-पाँचः श्रम ,सामाजिक सुरक्षा र गरिबी निवारण** ....... **५४**

५.१ श्रम तथा रोजगारी ....... ५४

५.२ सामाजिक सुरक्षा तथा संरक्षण ....... ५७

५.३ गरिबी निवारण तथा सामाजिक न्याय ....... ६०

**परिच्छेद-छः स्वास्थ्य, पोषण र जनसङ्ख्या** ....... **६३**

६.१ स्वास्थ्य ....... ६३

६.२ पोषण ....... ६९

६.३ जनसङ्ख्या तथा बसाइँसराइ ....... ७२

**परिच्छेद-सातः शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी** ....... **७४**

७.१ गुणस्तरीय शिक्षा ....... ७४

७.२ युवा, खेलकुद तथा सकारात्मक रूपान्तरण ....... ७९

७.३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन ....... ८३

७.४ कला, भाषा, साहित्य तथा सम्पदा ....... ८६

**परिच्छेद-आठः उत्थानशील पूर्वाधार र अन्तरआबद्धता** ........ **९१**
८.१ सडक तथा यातायात पूर्वाधार ........ ९१
८.२ यातायात व्यवस्थापन ........ ९६
८.३ भवन, बस्ती तथा सहरी विकास ........ ९९
८.४ सूचना तथा सञ्चार प्रविधि ........ १०३
**परिच्छेद-नौः जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी** ........ **१०६**
९.१ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा ........ १०६
९.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन ........ ११०
९.३ खानेपानी, सरसफाइ तथा स्वच्छता ........ ११४
**परिच्छेद-दशः वन, जैविक विविधता र जलाधार** ........ **११८**
१०.१ दिगो वन व्यवस्थापन ........ ११८
१०.२ सुगन्धित वनस्पति, जडीबुटी तथा जैविक विविधता व्यवस्थापन ........ १२२
१०.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ........ १२६
**परिच्छेद-एघारः वातावरण, विपद् र जलवायु उत्थानशीलता** ........ **१२९**
११.१ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ........ १२९
११.२ विपद् जोखिम व्यवस्थापन ........ १३२
११.३ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन ........ १३५
**परिच्छेद-बाह्रः महिला, लक्षित वर्ग र समावेशीकरण** ........ **१३९**
१२.१ महिला सशक्तीकरण तथा लैङ्गिक समानता ........ १३९
१२.२ बालबालिका ........ १४३
१२.३ दलित सशक्तीकरण ........ १४६
१२.४ सामाजिक समावेशीकरण तथा संरचनागत रूपान्तरण ........ १४९
**परिच्छेद-तेह्रः सुशासन, सेवा प्रवाह र अन्तर्सम्बन्ध** ........ **१५३**
१३.१ शासकीय सुधार र मानवअधिकार ........ १५३
१३.२ सुशासन र सेवा प्रवाह ........ १५६
१३.३ समन्वय, सहकार्य र अन्तर्सम्बन्ध ........ १५९
१३.४ प्रदेशको आन्तरिक राजस्व परिचालन ........ १६१
**परिच्छेद-चौधः नीति, योजना र विकास व्यवस्थापन** ........ **१६४**
१४.१ प्रदेश तथ्याङ्क व्यवस्थापन ........ १६४
१४.२ प्रदेश नीति तथा योजना ........ १६६
१४.३ आयोजना व्यवस्थापन ........ १६८
१४.४ सार्वजनिक वित्तीय व्यवस्थापन तथा पुँजीगत खर्चको प्रभावकारिता ........ १७०
१४.५ अनुगमन, मूल्याङ्कन र सिकाइ ........ १७३
अनुसूची-१ ........ १७७
अनुसूची-२ ........ १७८
अनुसूचि ३ ........ १७९
अनुसूचि ४ ........ १८०
अनुसूचि ५ ........ १८२

# परिच्छेद-एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको योजनाबद्ध विकासको सात दशकभन्दा लामो यात्रामा हाल १६औँ आवधिक योजनामार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्यपूर्तिका लागि अगाडि बढिरहेको छ। अति कम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति हुने र सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय गन्तव्यहरू हुन्। यसै राष्ट्रिय मूल प्रवाह र "समृद्ध नेपालः सुखी नेपाली" को सोचलाई सफल बनाउन मुलुक उद्यत भइरहँदा कर्णालीको भूगोलबाट प्रदेश सरकारले कर्णाली सोच २१०० को मार्गचित्र अनुरूप "**दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६)**" कार्यान्वयनमा ल्याएको छ। प्रथम योजनाको जग र सिकाइका आधारमा तर्जुमा गरिएको यो योजना कर्णालीको मौलिकता, विशिष्ट सामर्थ्य र समृद्धिको सुन्दर आधारशिला हो।

यस दोस्रो योजनाले "**समृद्ध कर्णाली: सुखारी कर्णालीवासी**" को दीर्घकालीन सोच र परिकल्पनालाई दृढताका साथ आत्मसात् गरेको छ। यसको मुख्य उद्देश्य तुलनात्मक लाभका प्राकृतिक स्रोतहरूको महत्तम सदुपयोग, पर्या-पर्यटनको दिगो विस्तार, तथा कर्णालीको अद्वितीय भाषा, कला र संस्कृतिको प्रवर्धन गर्दै फराकिलो र तीव्र आर्थिक विकास हासिल गर्नु हो। योजनाले उत्पादन र उत्पादकत्व वृद्धि, मर्यादित रोजगारी सिर्जना, हरित एवं उत्थानशील भौतिक पूर्वाधारको निर्माण र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खाद्य सुरक्षामा सर्वसुलभ पहुँच पुऱ्याउने स्पष्ट प्राथमिकता तय गरेको छ। कर्णालीको अद्वितीय माटो र संस्कृतिलाई नै विकासको मुख्य संवाहक बनाउँदै नागरिकको जीवनस्तरमा रूपान्तरण ल्याउनु यस योजनाको मूल ध्येय हो।

यो योजना मूलतः नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, प्रदेशका एकल तथा साझा अधिकार र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको बलियो जगमा उभिएको छ। यसबाट तय गरिएका लक्ष्यहरू हासिल गर्न संरचनागत रूपान्तरण, सुशासनको सबलीकरण र नवीन प्रविधिको उपयोग जस्ता रूपान्तरणकारी रणनीतिहरू अङ्गीकार गरिएका छन्। दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्दै उत्पादन, रोजगारी र आय वृद्धिमा सार्थक योगदान पुऱ्याउन यो कार्यान्वयन कार्ययोजना एउटा गतिशील र परिणाममुखी माध्यम बन्नेछ। यसले स्रोत र साधनको कुशल परिचालन सुनिश्चित गर्दै समग्र कर्णाली प्रदेशलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा समुन्नत बनाउन सहयोग पुऱ्याउनेछ।

## १.२ चालु आवधिक योजना र कार्यान्वयन कार्ययोजनाको सन्दर्भ

### (क) सन्दर्भ

कर्णाली प्रदेश सरकारले हाल **दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६)** कार्यान्वयन गरिरहेको छ। यस चालु योजनाले "**समृद्ध कर्णाली: सुखारी कर्णालीवासी**" को दीर्घकालीन सोच (वि.सं. २१००) लाई मार्गदर्शन गरेको छ। कर्णालीको अमूल्य जल, जमिन, जडीबुटी, पर्या-पर्यटन, र अद्वितीय सांस्कृतिक सम्पदा जस्ता तुलनात्मक लाभका क्षेत्रहरूको महत्तम सदुपयोग गर्दै उत्पादन, उत्पादकत्व र मर्यादित रोजगारी वृद्धि गर्नु यसको मुख्य ध्येय हो। उत्थानशील तथा समावेशी आर्थिक वृद्धि मार्फत प्रदेशको समृद्धि र रूपान्तरण गर्नु नै यो आवधिक योजनाको मूल ध्येय हो।

आवधिक योजनाले मार्गनिर्देश गरेका नीति, रणनीतिक उद्देश्य र क्षेत्रगत प्राथमिकताहरूलाई भुइँतहमा नतिजामुखी ढङ्गले उतार्न यो **कार्यान्वयन कार्ययोजना** एक अपरिहार्य र गतिशील औजारको रूपमा तयार पारिएको छ। यस कार्ययोजनाले पञ्चवर्षीय योजनाका रणनीतिक लक्ष्यहरूलाई वार्षिक तथा आवधिक क्रियाकलाप, स्पष्ट समयसीमा, तोकिएको जिम्मेवारी, आवश्यक स्रोत-साधनको प्रक्षेपण र मापनयोग्य सूचकहरूमा ढालेको छ। रणनीतिक योजना र कार्यान्वयन तहबिचको दूरीलाई मेटाउँदै यसले स्रोतको कुशल परिचालन, अन्तर-निकाय समन्वय र सुशासन सुनिश्चित गर्न व्यावहारिक रोडम्याप प्रदान गर्दछ। निर्धारित लक्ष्यहरू समयमै, उच्च गुणस्तरका साथ र पारदर्शी रूपमा हासिल गरी कर्णालीवासीको विकास र समुन्नतिको तीव्र आकांक्षालाई मूर्त रूप दिनु नै यस कार्यान्वयन कार्ययोजनाको मुख्य लक्ष्य हो।

### (ख) पञ्चवर्षीय योजना र कार्यान्वयन कार्ययोजनाबिचको अन्तर्सम्बन्ध

निश्चित समयावधिको विकासको मार्गचित्र उल्लिखित दस्तावेज आवधिक योजना हो भने उक्त योजनाको कार्यान्वयनका लागि कार्यक्रमहरू र क्रियाकलापको माग अनुसारको कार्यान्वयन योग्य दस्तावेज नै कार्यान्वयन कार्ययोजना हो। आवधिक योजना र कार्यान्वयन कार्ययोजनाबिच परिपूरक सम्बन्ध रहन्छ। योजनाको सफल कार्यान्वयनबाट मात्रै यसले सार्थकता पाउँछ भने आवधिक योजनाको सफल कार्यान्वयनका लागि व्यावहारिक कार्ययोजनाको खाँचो पर्दछ। कार्ययोजनाको उपयोग र सोबमोजिमको कार्यबाट नै योजनाले पूर्णता पाउने हुँदा यी दुई परिपूरक सम्बन्धमा बाँधिन्छन्। कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले "समृद्ध कर्णाली: सुखारी कर्णालीवासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न नीतिगत मार्गचित्र, बृहत् लक्ष्य र रणनीतिक दिशानिर्देश गर्दछ भने ती नीति र लक्ष्यहरूलाई भुइँतहमा वास्तविक रूपान्तरण गर्न स्पष्ट कार्यक्रम, क्रियाकलाप, समयसीमा, र स्रोत-साधनको व्यावहारिक बाँडफाँटसहित कार्यान्वयन योग्य दस्तावेज नै यो कार्यान्वयन कार्ययोजना हो। तसर्थ, आवधिक योजनाको सङ्कल्पहरूलाई कार्यरूपमा उतारेर नतिजा निकाल्ने र योजनालाई पूर्णता दिने आधार स्तम्भ नै यो कार्ययोजना हो; जस बिना आवधिक योजना केवल एक नीतिगत परिकल्पनामा मात्र सीमित रहन पुग्छ।

## १.३ कार्ययोजनाको उद्देश्य र आवश्यकता

### (क) कार्ययोजनाको उद्देश्य

दोस्रो पञ्चवर्षीय योजनाले अङ्गीकार गरेका दीर्घकालीन सोच, प्रादेशिक लक्ष्य र क्षेत्रगत रणनीतिहरूलाई परिणाममुखी कार्यदिशा प्रदान गर्नु यस कार्यान्वयन कार्ययोजनाको मूल ध्येय हो। समयबद्ध र नतिजामुखी कार्यप्रणाली मार्फत नीति र व्यवहारबिचको दूरीलाई मेटाउँदै कर्णाली प्रदेशको समग्र विकास प्रक्रियालाई गति दिनु यसको अभिप्रेरणा हो। यस कार्ययोजनाका मुख्य उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

- **लक्ष्यको व्यावहारिक रूपान्तरण:** दोस्रो पञ्चवर्षीय योजनाका बृहत् नीति, रणनीति र प्रादेशिक लक्ष्यहरूलाई स्पष्ट कार्यक्रम र मापनयोग्य क्रियाकलापमा रूपान्तरण गर्नु।
- **समयबद्ध कार्यप्रणाली स्थापना:** प्रत्येक विकास कार्यक्रम र आयोजनालाई निश्चित समयसीमा भित्र बाँधेर समयमै कार्य सम्पन्न गर्ने परिपाटीको विकास गर्नु।
- **जिम्मेवारी र जवाफदेहिता निर्धारण:** आयोजना कार्यान्वयनका लागि सम्बन्धित निकाय, पदाधिकारी र सरोकारवालाहरूको भूमिका र उत्तरदायित्व स्पष्ट रूपमा किटानी गर्नु।
- **स्रोतको कुशल परिचालन:** सीमित प्रादेशिक स्रोत, साधन, बजेट र जनशक्तिलाई उच्च प्रतिफल दिने प्राथमिकताका क्षेत्रहरूमा न्यायोचित र कुशल परिचालन गर्नु।
- **नतिजामुखी अनुगमन र मूल्याङ्कन:** योजना कार्यान्वयनको प्रगतिको नियमित मापन गर्न, देखा परेका अवरोधहरू पन्छाउन र वस्तुनिष्ठ अनुगमनका लागि स्पष्ट सूचकहरू प्रदान गर्नु।

### (ख) कार्ययोजनाको आवश्यकता

आवधिक योजना आफैँमा समृद्धिको एउटा मार्गचित्र मात्र हो, जसलाई वास्तविक धरातलमा उतार्न र नागरिकले अनुभूत गर्ने गरी प्रतिफल दिलाउन कार्ययोजना एक अनिवार्य साधन हो। कर्णालीको विशिष्ट भूगोल, स्रोतको सीमितता र विकासको तीव्र आकांक्षाबिच सन्तुलन कायम गर्दै योजनाबद्ध विकासलाई सुनिश्चित गर्न यो कार्ययोजना आवश्यक भएको हो। यसको विस्तृत आवश्यकतालाई निम्न बुँदाहरूमा प्रष्ट्याउन सकिन्छ:

- **आवधिक योजनाको सफल कार्यान्वयन गर्न:** कार्यान्वयन योग्य कार्यक्रम तथा क्रियाकलापहरूको निर्माण र कार्यान्वयनबाट आवधिक योजनालाई सफल बनाउन।
- **नीतिगत अस्पष्टता हटाउन:** आवधिक योजनाका सैद्धान्तिक बुँदाहरूलाई कर्मचारीतन्त्र र कार्यान्वयन तहले सजिलै बुझ्ने र लागु गर्ने गरी सरलीकृत गर्न।
- **स्रोतको समुचित उपयोग गर्न:** बजेट, प्रविधि र जनशक्तिको दोहोरोपन वा छरबाट बचाई उच्च प्रतिफल दिने रूपान्तरणकारी आयोजनामा केन्द्रित गर्न।
- **अन्तर-निकाय समन्वय सुदृढ गर्न:** प्रदेशका विभिन्न मन्त्रालय, विभाग, स्थानीय तह र निजी क्षेत्रबिच कार्यगत एकता र बलियो समन्वय स्थापना गर्न।
- **जवाफदेही सुशासन प्रवर्धन गर्न:** कुन काम, कहिलेसम्म र कसले गर्ने भन्ने स्पष्ट खाका हुने भएकाले प्रशासनिक ढिलासुस्ती र उत्तरदायित्व पन्छाउने प्रवृत्तिलाई निरुत्साहित गर्न।
- **सङ्घीयताको जग बलियो बनाउन:** नेपालको १६ औँ योजना र दिगो विकास लक्ष्य (SDGs) का राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कर्णालीको माटोमा स्थानीयकरण गर्न।
- **विगतका कमजोरी सच्याउन:** विगतका योजनाहरू तर्जुमा हुने तर कार्यान्वयन फितलो हुने "कार्यान्वयन ग्याप" (Implementation Gap) को तीतो यथार्थलाई सच्याउन।
- **बजेट र योजनाबिच तादात्म्य मिलाउन:** प्रदेशको मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक बजेट तथा कार्यक्रमलाई आवधिक योजनाको लक्ष्यसँग प्रत्यक्ष जोड्न।
- **स्थानीय सम्भावनाको प्रवर्धन गर्न:** कर्णालीको अर्गानिक कृषि, जडीबुटी, पर्या-पर्यटन र जलस्रोत जस्ता तुलनात्मक लाभका क्षेत्रको तीव्र विकासका लागि मार्गप्रशस्त गर्न।
- **जोखिम र अवरोध व्यवस्थापन गर्न:** आयोजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित व्यवधान र अवरोधहरूलाई पूर्वअनुमान गरी न्यूनीकरणका उपायहरू बेलैमा अपनाउन।
- **नागरिकको भरोसा कायम राख्न:** विकासका प्रतिफलहरू तोकिएकै समयमा जनताको दैलोसम्म पुर्‍याई प्रदेश सरकार र योजनाबद्ध विकास प्रणालीप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न।

## १.४ दोस्रो पञ्चवर्षीय योजनाको सार सङ्क्षेप

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) का देहायका विषयवस्तुहरूलाई यस कार्यान्वयन कार्ययोजनामा संक्षेपमा उल्लेख गरिएको छ।

### १.४.१ कर्णाली सोच-२१००

"कर्णाली सोच-२१००" को सफल कार्यान्वयनको प्रतिबद्धता र निरन्तरता प्रदान गर्दै प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरेको छ। "कर्णाली सोच-२१००" मा प्रस्तुत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहायअनुसार रहेका छन्:

**(क) दीर्घकालीन सोच :**

"समृद्ध कर्णाली: सुखारी कर्णालीवासी"

कर्णाली प्रदेशलाई वि.सं. २१०० सम्म उच्च आर्थिक वृद्धिसहितको आधारभूत भौतिक सुविधा भएको, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी नागरिकको प्रदेशका रूपमा विकास गर्ने सोच रहेको छ।

**(ख) दीर्घकालीन लक्ष्य**

सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धिदर हासिल गरी समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने दीर्घकालीन लक्ष्य रहेको छ। यसका लागि समृद्धि र सुखारीका देहायबमोजिमका लक्ष्यहरू निर्धारण गरिएको छ।

**तालिका: दीर्घकालीन लक्ष्य**

| समृद्धि | सुखारी |
|---|---|
| १. संभाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन | १. आधारभूत आवश्यकता परिपूर्तिका लागि न्यायपूर्ण वितरण |
| २. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | २. परिष्कृत तथा मर्यादित जीवन |
| ३. मानव पुँजी निर्माण तथा संभावनाको पूर्ण उपयोग | ३. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ४. हरित अर्थतन्त्रमा आधारित उच्च तथा दिगो उत्पादन र उत्पादकत्व | ४. स्वस्थ र सन्तुलित पर्यावरण |
| ५. उच्च र समतामूलक प्रदेश आय | ५. सुशासन |
| | ६. सबल लोकतन्त्र |
| | ७. एकता, राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

**(ग) दीर्घकालीन उद्देश्य**

आधारभूत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा विशेष उपलब्धि हासिल गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्ने।

**(घ) दीर्घकालीन रणनीति**

नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्णाली प्रदेशका आफ्नै मौलिक विशेषतासहित समृद्ध कर्णाली: सुखारी कर्णालीवासी बनाउने सोचलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र तथा विकास साझेदारसँग लगानी र सहकार्य बढाएर पूरा गर्ने रणनीति अपनाइएको छ। यस दीर्घकालीन रणनीतिलाई देहायबमोजिम तीन चरणमा पाँचवटा पञ्चवर्षीय योजना मार्फत् २५ वर्षमा पूरा गर्ने योजना रहेको छ।

**तालिका: प्रदेशको दीर्घकालीन रणनीति**

| चरण | योजना | अवधि | प्रदेश गन्तव्य | राष्ट्रिय गन्तव्य |
|---|---|---|---|---|
| पहिलो | प्रथम पञ्चवर्षीय योजना: २०७६/७७-२०८०/८१ | ५ वर्ष | शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारका लागि पूर्वाधार | समृद्धि र सुखको सिर्जना |
| दोस्रो | दोस्रो पञ्चवर्षीय योजना: २०८१/८२-२०८५/८६<br>तेस्रो पञ्चवर्षीय योजना: २०८६/८७ -२०९०/९१ | १० वर्ष | विकासमा तीव्रता, समृद्धिमा अग्रता | समृद्धि र सुखको तीव्रता |
| तेस्रो | चौथो पञ्चवर्षीय योजना: २०९१/९२-२०९५/९६<br>पाँचौ पञ्चवर्षीय योजना: २०९६/९७-२१००/०१ | १० वर्ष | समृद्ध कर्णाली, सुखारी कर्णालीवासी | समृद्धि र दिगोपना |

### १.४.२ सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता र रणनीति

**(क) सोच**

नेपालको दीर्घकालीन सोच "समृद्ध नेपाल:सुखी नेपाली", प्रदेशको दीर्घकालीन सोच "समृद्ध कर्णाली:सुखारी कर्णालीवासी" र सोह्रौँ योजनाको सोचलाई समेत दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय आवधिक योजनाको सोच देहायअनुसारको तय गरिएको छ :

**सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली**

**(ख) लक्ष्य**

नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी प्रवर्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सामाजिक न्याय र सुशासन मार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने।

**(ग) उद्देश्य**

यस योजनाबाट देहायअनुसारका उद्देश्य हासिल हुने अपेक्षा रहेको छः-

१. उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण गर्नु,
२. सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्नु,
३. सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रवर्धन गर्नु,
४. सुशासन प्रवर्धन तथा विकासको प्रतिफल जनतासामु पुऱ्याउनु।

यस दोस्रो पञ्चवर्षीय योजनामा समावेश भएका प्रदेश विकास तथा संरचनागत रूपान्तरणका क्षेत्रका उद्देश्य सम्बन्धित परिच्छेदमा उल्लेख गरीएका छन्।

**(घ) प्रदेश विकासका प्राथमिकता**

समृद्ध प्रदेश निर्माणका लागि योजनाको सोच उन्मुख समष्टिगत लक्ष्य तथा उद्देश्य, प्रदेश विकास तथा संरचनागत रूपान्तरणका क्षेत्र पहिचान गरी सोको विद्यमान अवस्था, सवाल तथा चुनौती, रूपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम तथा परिमाणात्मक लक्ष्य प्रस्तुत गरीएको छ। प्रदेश विकास तथा संरचनागत रूपान्तरणका लागि प्रदेशको संभावना तथा अवसर, अधिकार क्षेत्र, सामर्थ्य, सवाल तथा चुनौतीसमेतका आधारमा योजनाका प्राथमिकता देहायअनुसार रहेका छन्:

१. पूर्वाधार तथा अन्तर-आबद्धता,
२. नवप्रवर्तन, उत्पादन र रोजगारी,
३. उद्योग, पर्यटन, वन तथा वातावरण,
४. मानव पुँजी तथा सामाजिक विकास,
५. डिजिटल कर्णाली तथा सुशासन ।

**(ङ) समष्टिगत रणनीति**

यस योजनाले नेपालको सोह्रौँ योजनाको अपेक्षा र संरचनात्मक रूपान्तरणको उद्देश्यलाई सघाउ पुऱ्याउन तथा प्रदेशका तुलनात्मक लाभ र विशिष्ट सवाल पहिचान सहित संरचनात्मक रूपान्तरण तथा विकासको मार्गचित्र तयार गरेको छ। प्रदेश अर्थतन्त्रको सुदृढीकरण, वित्तीय सुशासन, राजस्व तथा स्रोत परिचालनमा सुधार र लगानी प्रवर्धन, सहज पहुँच तथा पूर्वाधार विकास र अन्तर-आबद्धता, गरिबी न्यूनीकरण र सामाजिक न्याय, शैक्षिक तथा स्वास्थ्य सेवामा सुधार, उत्पादन उत्पादकत्व र रोजगारी प्रवर्धन, वातावरणीय सन्तुलन, विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता, सुशासन र सेवा प्रवाह लगायत प्रदेश विकास तथा संरचनात्मक रूपान्तरण गर्ने यस योजनाको मुख्य रणनीति रहेको छ। यस योजनाको विशिष्ट रणनीतिहरू देहायअनुसार रहेका छन्:

१. प्रदेशका तुलानात्मक तथा प्रतिष्पर्धी लाभका जल, जङ्गल, जमीन र जडीबुटीको व्यावसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा लगानी वृद्धि गर्ने,
२. धार्मिक तथा पर्यापर्यटन, प्राङ्गारिक र रैथाने तथा उच्च मूल्यका कृषिजन्यबाली, पशुपन्छी तथा मत्स्य, खनिज तथा उद्योग, पूर्वाधार तथा अन्तर-आबद्धता लगायत प्रदेश विकास रणनीतिक महत्त्वका क्षेत्र एवम् सडक करिडोर, विमानस्थल, ऊर्जा, रत्न पत्थर, खनिज र खानी उद्योगसम्बन्धी आयोजनामा लगानी र कार्यान्वयनको वातावरण निर्माण गर्ने,
३. धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटनको अवधारणा अनुरूप कर्णाली प्रदेशको अथाह पर्यटकीय संभावनालाई उपयोग गर्ने,
४. भूकम्प प्रतिरोधी घर तथा सार्वजनिक संरचना निर्माण, एकीकृत बस्ती विकास, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जनाको शीघ्र प्रक्रियाद्वारा जाजरकोट र रुकुम पश्चिम जिल्लामा भूकम्प पश्चातको पुन:निर्माण, पुनर्स्थापना र पुनर्लाभ प्राप्त गर्ने,
५. प्रदेश तथा स्थानीय तहको आन्तरिक राजस्व वृद्धिका लागि प्राकृतिक स्रोतसाधनको परिचालन, उत्पादन तथा रोजगारमूलक व्यावसायिक क्षेत्रको प्रर्बद्धन गर्ने,
६. डिजिटल कर्णालीको अभियानलाई सकारात्मक रूपान्तरण, उत्पादन वृद्धि र सुशासन, शिक्षा र स्वास्थ्य लगायत सेवा प्रवाहसँग आबद्ध गर्ने,
७. सामाजिक, राजनीतिक, प्रशासनिक र न्याय सम्पादनका साथै आर्थिक गतिविधिमा हुने भ्रष्टचारमा शून्य सहनशीलता, सार्वजनिक जवाफदेहिता, पारदर्शीता र सुशासन्लाई अभियानका रूपमा अघि बढाउने,
८. नीति निर्माण, योजना तर्जुमा, सेवा प्रवाह तथा विकास प्रक्रियामा महिला, बालबालिका, किशोर किशोरी, युवा युवती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख समुदाय, धार्मिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक लगायत सीमान्तकृत वर्ग, जाति तथा समुदायको सहभागिता र अपनत्व सुनिश्चित गर्ने,
९. प्रदेशको समग्र विकासका लागि तहगत सरकार, विकास साझेदार, सहकारी, निजी क्षेत्र, समुदायबिच समन्वय, साझेदारी तथा सहकार्य सुदृढ बनाउने।

रूपान्तरणका विषय क्षेत्रगत रणनीतिहरू सम्बन्धित परिच्छेदमा नैं उल्लेख गरिएका छन्।

### १.४.३ रूपान्तरणका क्षेत्र र क्षेत्रगत लक्ष्य

**(क) प्रदेश विकास तथा संरचनागत रूपान्तरणका क्षेत्र तथा लक्ष्य**

दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा समष्टिगत रणनीति अनुसार प्रदेश विकास तथा संरचनागत विषय क्षेत्र तथा तदनुरूप क्षेत्रगत लक्ष्य देहायअनुसार तयार पारीएका छन् :

| विषय क्षेत्र | क्षेत्रगत लक्ष्य |
|---|---|
| कृषि, भूमि व्यवस्था तथा सहकारी | जलवायुमैत्री, व्यावसायिक तथा प्राङ्गारिक कृषि प्रवर्धन गर्ने |
| खनिज, उद्योग वाणिज्य र पर्यटन | बजारमुखी तथा स्वच्छ उत्पादन र दिगो पर्यटन प्रवर्धन गर्ने |
| श्रम, सामाजिक सुरक्षा र गरिबी निवारण | मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा मानवीय क्षमता अभिवृद्धि गर्ने |
| स्वास्थ्य, पोषण र जनसङ्ख्या | सर्वसुलभ स्वास्थ्य र पोषण सेवा तथा जनसाङ्खिक लाभको उपयोग गर्ने |
| शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी | शिक्षित, सिर्जनशील एवम् सुसंस्कृत मानव पुँजी निर्माण गर्ने |
| उत्थानशील पूर्वाधार र अन्तर-आबद्धता | उत्थानशील तथा दिगो पूर्वाधार र अन्तर-आबद्धता अभिवृद्धि गर्ने |
| जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी | जलस्रोत, स्वच्छ ऊर्जा, खानेपानी तथा सरसफाइ सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| वन, जैविक विविधता र जलाधार | वन तथा संरक्षित जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन गर्ने |
| वातावरण, विपद् र जलवायु उत्थानशीलता | सन्तुलित वातावरण र विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने |
| महिला, लक्षित वर्ग र समावेशीकरण | महिला तथा लक्षित वर्ग सशक्तीकरण, संरचनागत रूपान्तरण र समानता अभिवृद्धि गर्ने |
| सुशासन, सेवा प्रवाह र अन्तर्सम्बन्ध | सुशासन, सेवा प्रवाह तथा अन्तर्सम्बन्ध सुदृढ बनाउने |
| नीति, योजना र विकास व्यवस्थापन | प्रदेश नीति, योजना र विकास व्यवस्थापनलाई तथ्यमा आधारित बनाउने |

**१.४.४ प्रदेशको समष्टिगत परिमाणात्मक लक्ष्य**

दोस्रो पञ्चवर्षीय योजना देहायको तालिकामा उल्लेख गरीएका सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीका समष्टिगत परिमाणात्मक लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन हुने अपेक्षा गरिएको छ। प्रदेशले हासिल गर्ने यी लक्ष्यले सोह्रौं योजनाका परिमाणात्मक लक्ष्य प्राप्त गर्न समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

**तालिका: योजनाका परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| १ | सुशासन | | | | |
| १ | अनलाइन प्रणालीबाट सेवा प्रवाह गर्ने सार्वजनिक निकाय | प्रतिशत | १३ | ३० | - |
| २ | विद्युतीय माध्यमबाट सूचना र सेवा प्रवाह गर्ने निकाय | सङ्ख्या | १८ | ४० | - |
| ३ | प्रदेशको कुल लेखापरीक्षण अङ्कको बेरुजुको अनुपात | प्रतिशत | २.५९ | १.५० | - |
| ४ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ६५.७५ | ८५.०० | ९०.०० |
| ५ | मानवअधिकार उलंघनका घटना | सङ्ख्या | २८८ | १०० | - |
| २ | सामाजिक न्याय | | | | |
| १ | लैङ्गिक विकास सूचकाङ्क | मानक | ०.९०२ | ०.९३० | ०.९६७ |
| २ | उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | ०.४२ | ०.३५ | ०.३३ |
| ३ | उपभोगमा आधारित गिनी गुणक | गुणक | ०.२९ | ०.२८ | ०.२८ |
| ४ | आधारभूत खानेपानीमा पहुँच पुगेको परिवार | प्रतिशत | ८८ | ९८ | ९९ |
| ५ | शौचालयको सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९७.०२ | १०० | |
| ६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१ | ७५ | ९९ |
| ७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४ | ९६ | - |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ६२ | ६० |
| ९ | जीवनकालमा शारीरिक हिंसापीडित महिला | प्रतिशत | १५ | १२ | २० |
| १० | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३९.०० | ४३.८ | - |
| ११ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७.० | ५.० | १ |
| ३ | कर्णाली समृद्धि | | | | |
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | २.३४ | ९.९ | ७.६ |
| | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.६० | ६.० | ४.३ |
| | उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.३ | ११.४ | १२.४ |
| | सेवा क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ४.५ | ७.८ | ७.२ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| २ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | | | | |
| | कृषि | प्रतिशत | २९.४ | २६.२ | २१.४ |
| | उद्योग | प्रतिशत | १०.१ | १६.२ | १५.२ |
| | सेवा | प्रतिशत | ६०.५ | ५७.६ | ६३.४ |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०३१ | १,६५७ | २,३५१ |
| ४ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.६९ | १३.२ | १२ |
| ५ | बहुआयामिक गरीबिमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | २२.५ | - |
| ६ | विद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १६ | २०० | ११,७६९ |
| ७ | वर्षैभरी सिँचाइ सुविधा पुगेको कुल खेतीयोग्य जमिन | प्रतिशत | २७ | ४५ | ५० |
| ८ | मानव विकास सूचकाङ्क (आधार वर्षः सन् २०२१) | मानक | ०.५३८ | ०.६०० | ०.६२५ |
| ९ | श्रम उत्पादकत्व | रु. हजार | ८४ | १२० | ४०० |
| १० | बेरोजगारी दर | प्रतिशत | ७.५ | ५.० | ५.० |
| ११ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ७६ | ७९ | ७५३ |
| १२ | औषत सडक घनत्व (प्रतिवर्ग कि.मि.) | कि.मि. | ०.३० | ०.४० | ०.७७ |
| १३ | प्रादेशिक र स्थानीय सडक सञ्जाल विस्तार | कि.मि. | ३६३८ | ५००० | ४०६०० |
| १४ | विद्युत्मा पहुँच पुगेको परिवार | प्रतिशत | ७१ | ९५ | १०० |
| १५ | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ७४ | ८५ | ९० |
| १६ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएको परिवार | प्रतिशत | ७६.२ | ९० | - |
| १७ | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच प्राप्त परिवार | प्रतिशत | ४३.१ | ७५ | ८६ |
| १८ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ४.० | ३० | ४५ |
| १९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५.५ | ४८ | ५० |
| २० | खाना पकाउन दाउराको प्रयोग गर्ने परिवार | प्रतिशत | ८२.२ | ६० | - |
| २१ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५६.२ | ६५ | - |
| २२ | जन्म हुँदाको अपेक्षित आयु | वर्ष | ७२.५ | ७३ | ७३ |
| २३ | ५ वर्षमनिका बालबालिकाको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ४६ | २० | २२ |
| २४ | पाँच वर्षमनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८ | १० | - |
| २५ | पाँच वर्षमनिका ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ४ | २ | - |
| २६ | पाँच वर्षमनिका पुडकोपनको बालबालिका | प्रतिशत | ३६ | १८ | १७ |
| २७ | पाँच वर्षमनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ४० | १२ | - |
| २८ | प्रजनन् उमेरका महिलाहरूमा रक्तअल्पता | प्रतिशत | २१.२ | १० | - |
| २९ | स्वास्थ्य विमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ८० | ७० |
| ३० | साक्षरतादर  (पाँच वर्ष र सोभन्दा माथि) | प्रतिशत | ७६.१ | ९५ | ९५ |
| ३१ | युवा साक्षरतादर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९६ | - |
| ३२ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९५.५ | ९९ | १०० |
| ३३ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५६.२ | ८० | ९५ |
| ३४ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १८.१ | २५ | २५ |
| ३५ | मातृ मृत्युदर (प्रतिलाखमा) | सङ्ख्या | १७२ | ७० | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, स्वास्थ्य विमा बोर्ड, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, कर्णाली प्रदेश आर्थिक सर्वेक्षण २०८०।८१ लगायतका प्रकाशन तथा प्रतिवेदन।

## १.५ लगानीको क्षेत्रगत स्रोत अनुमान

नेपालको संविधानले अङ्गीकार गरेको सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीन खम्बे अर्थनीति अनुरूप कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनका लागि आवश्यक कुल लगानीको प्रक्षेपण गरिएको छ। खुला बजार अर्थतन्त्रको मर्म अनुसार निजी क्षेत्रलाई आर्थिक वृद्धिको मुख्य संवाहक मान्दै यस योजना अवधिमा सबैभन्दा बढी अर्थात् **६२.२ प्रतिशत** लगानी निजी क्षेत्रबाट परिचालन हुने अपेक्षा गरिएको छ। यसैगरी, तिनै तहका सरकारको पुँजीगत खर्चलाई समेट्दै प्रदेशको राजस्व क्षमता र लगानीमैत्री नीति अनुरूप सार्वजनिक क्षेत्रबाट **३३.५ प्रतिशत** लगानी हुने अनुमान छ। प्राङ्गारिक कृषि, स्थानीय उत्पादन, प्रशोधन र बजारीकरणमा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने सुधारात्मक रणनीतिका साथ यस क्षेत्रबाट **४.३ प्रतिशत**

लगानी परिचालन हुने प्रक्षेपण गरिएको छ । समग्रमा, यो त्रिपक्षीय लगानी साझेदारी नै दोस्रो योजनाका प्रादेशिक लक्ष्यहरू हासिल गर्ने मुख्य आर्थिक मियो हो।

**तालिका: बृहत् आर्थिक क्षेत्रगत रूपमा लगानीको स्रोत प्रक्षेपण (रु. दश लाखमा)**

| बृहत् आर्थिक क्षेत्र | सार्वजनिक लगानी | | निजी लगानी | | सहकारी लगानी | | जम्मा लगानी | |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिक (कृषि) | २४९१२ | २२.९५ | ७९२२७ | ७२.९८ | ४४२८ | ४.१ | १०८५६७ | २०.८७ |
| द्वितीय (उद्योग) | ५१२६६ | ३०.१३ | ११३१६७ | ६६.५२ | ५७०४ | ३.४ | १७०१३७ | ३२.७० |
| तृतीय (सेवा) | ९८३७८ | ४०.७२ | १३११३१ | ५४.२८ | १२०७९ | ५.० | २४१५८८ | ४६.४३ |
| कुल लगानी | १७४५५६ | ३३.५ | ३२३५२५ | ६२.२ | २२२११ | ४.३ | ५२०२९३ | १०० |

## १.६ कार्यान्वयन कार्ययोजना तर्जुमा विधि

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना निर्माणका सन्दर्भमा लिइएको कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ लाई नै यो कार्ययोजना निर्माणका लागि पनि कानुनी आधार बनाइएको छ । यसका लागि कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको समितिको निर्णयानुसार प्रत्येक मन्त्रालयहरूमा सम्बन्धित प्रदेश सचिवको संयोजकत्वमा विषयगत 'मन्त्रालयस्तरीय कार्यदल' गठन गरिएको थियो । सोही कार्यदलले दोस्रो पञ्चवर्षीय योजनाले समेटेका सम्बन्धित परिच्छेद अन्तर्गतका विषयक्षेत्रमा आ-आफ्नो मन्त्रालयको कार्यक्षेत्र, विषयगत प्राथमिकता, उपलब्ध जनशक्ति, मध्यमकालीन खर्च संरचना र स्रोत-साधनको प्राविधिक विश्लेषण गरी समयबद्ध र क्रियाकलापगत मस्यौदा कार्ययोजना निर्माण गरेर पेस गरेका थिए । यसरी प्राप्त मन्त्रालयगत कार्ययोजनाहरूलाई प्रदेश योजना आयोगले प्रादेशिक सोच र अन्तर्निकाय समन्वयबाट सघन रूपमा पुनरावलोकन, परिमार्जन, परिष्कृत र प्राथमिकीकरण गर्दै समष्टीगत रूपमा एकीकृत गरी यो व्यावहारिक, वस्तुनिष्ठ र कार्यान्वयन योग्य मूल दस्तावेज तयार पारेको हो।

यो कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा उच्च स्तरीय राजनीतिक एवं प्रशासनिक नेतृत्व, बहु-सरोकारवालाहरूसँगको व्यापक परामर्श र सहभागितामूलक पद्धति अवलम्बन गरिएको छ । यो तयारीका क्रममा आवश्यकतानुसार निजी क्षेत्र, सहकारी क्षेत्र, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सङ्घ संस्था, विकास साझेदार लगायतसँग छलफल तथा अन्तर्क्रिया गरिएको थियो । यो कार्ययोजना निर्माणमा राजनीतिक दल, नागरिक समाज, आम सञ्चार जगत, सरोकारवाला र नागरिकहरूको अमूल्य सुझाव र सल्लाह प्राप्त भइ कर्णाली प्रदेश योजना आयोगबाट यो स्वरूपमा तयार गरिएको हो।

# परिच्छेद-दुई: आर्थिक वृद्धि र लगानी

## २.१ आन्तरिक राजस्व परिचालन

**१. पृष्ठभूमि**

नेपालको सङ्घीय संरचनाबमोजिम प्रदेश सरकारको आर्थिक आत्मनिर्भरता र दिगो विकासका लागि आन्तरिक राजस्व परिचालन एक प्रमुख मेरुदण्ड हो । संवैधानिक व्यवस्था अनुसार प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने कर तथा गैरकर राजस्वका स्रोतहरूको विस्तृत अध्ययन गरी कुल सम्भाव्यता पहिचान गर्ने, विद्यमान राजस्व अन्तर (Revenue Gap) कम गर्ने र राजस्वको दायरा विस्तार गर्नु आजको आवश्यकता हो । यसका लागि कृषि आय, घरजग्गा रजिस्ट्रेसन, सवारी साधन, मनोरञ्जन, विज्ञापन कर जस्ता क्षेत्रहरूको उत्पादकत्व बढाउँदै ढुङ्गा, गिट्टी, बालुवा लगायतका साझा अधिकारका क्षेत्रबाट सङ्कलन हुने राजस्वमा स्थानीय तहसँग प्रभावकारी समन्वय गर्नुपर्ने देखिन्छ । राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर अनुपालनाको संस्कृति प्रवर्धन गर्न, चुहावट नियन्त्रण गर्न तथा तथ्यमा आधारित नीति निर्माणका लागि निजी क्षेत्र, स्थानीय तह र प्राज्ञिक निकायसँगको त्रिपक्षीय सहकार्य एवं साझेदारीलाई सुदृढ बनाउँदै लैजानु यस योजनाको मुख्य अभिप्राय हो ।

**२. उद्देश्य**

१. राजस्वको सम्भाव्यता पहिचान र कानुनी सुधार गरी करको दायरा विस्तार गर्ने ।
२. राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित, पारदर्शी र चुहावटमुक्त बनाउने ।
३. राजस्व परिचालनका लागि स्थानीय तह, निजी र प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्ने ।

**३. रूपान्तरणकारी रणनीति**

१. राजस्वको सम्भाव्यता पहिचान र कानुनी आधार विकास गर्ने
२. राजस्व प्रशासन सुदृढीकरण गर्ने
३. निजी क्षेत्र, स्थानीय तह तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य विस्तार गर्ने

**४. कार्यनीति**

१. प्रदेशको कर तथा गैरकर राजस्वको सम्भाव्यता अध्ययन गरी सो सम्बन्धी नीति, ऐन, नियम र कार्यविधिलाई समयानुकूल परिमार्जन गर्ने ।
२. कराधार संरक्षण, चुहावट नियन्त्रण, करको दर पुनरावलोकन र गैरकरलाई लागत प्रभावी बनाउन नियमन तथा अनुगमन संयन्त्र सुदृढ गर्ने ।
३. सम्भाव्य राजस्वका स्रोत र आर्थिक क्रियाकलापलाई दायरामा ल्याउन नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा साझेदारी गर्ने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | राजस्व सम्भाव्यता अध्ययन तथा नीतिगत, कानुनी र संस्थागत विकास | आन्तरिक राजस्वको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरी प्रतिवेदन पेस गर्ने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मालपोत कार्यालय/यातायात कार्यालय/स्थानीय तह/उद्योग वाणिज्य महासङ्घ | सम्पन्न भईसकेको | प्रतिवेदन कार्यान्वयन | प्रतिवेदन कार्यान्वयन | प्रतिवेदन कार्यान्वयन | प्रतिवेदन कार्यान्वयन | |
| | | प्रदेश सरकरको राजस्व सुधार कार्ययोजना तयार गर्ने | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/कर्णाली प्रदेश योजना आयोग | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | कार्यान्वयन | निरन्तर | |
| | | राजस्वसँग सम्बन्धित कानुनहरूलाई परिमार्जन गरी समयसापेक्ष बनाउने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कर्णाली प्रदेश कर तथा गैर कर सम्बन्धि ऐन, २०७५ संशोधन गर्ने | आवश्यकता अनुसार अन्य कानुन संशोधन गर्ने | आवश्यकता अनुसार अन्य कानुन संशोधन गर्ने | |
| | | प्रदेशको आन्तरिक राजस्वको दायरा विस्तार गर्न आवश्यक कानुन तर्जुमा गर्ने | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | मनोरञ्जन कर तथा विज्ञापन कर सम्बन्धी नियमावली तर्जुमा गर्ने | कृषि आयमा कर सम्बन्धी ऐन तर्जुमा गर्ने | आवश्यकता अनुसार अन्य कानुन तर्जुमा | |
| २ | राजस्व प्रशासन सुदृढीकरण | राजस्व सङ्कलनमा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि गर्ने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सम्बन्धित मन्त्रालय/निकाय/स्थानीय तह/मालपोत कार्यालयहरू | आवश्यकता पहिचान | स्थानीय तहका राजस्व शाखाका कर्मचारी तथा प्रदेश भित्रका मालपोत कार्यालय प्रमुखहरूलाई अभिमुखीकरण प्रदान | जिल्ला स्थित प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहमा आन्तरिक राजस्व परिचालन सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने | कार्यान्वयन | निरन्तर | |
| | | आन्तरिक राजस्व परिचालनका लागि संस्थागत एवम् संरचनात्मक प्रबन्ध मिलाउने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अध्ययन, पूर्वतयारी र छलफल | कार्यान्वयन | निरन्तर | |
| | | करदाता शिक्षा कार्यक्रम लागु गर्ने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रारम्भिक छलफल | १० जिल्लामा कार्यक्रम सञ्चालन भएको | कार्यान्वयन | निरन्तर | निरन्तर | |
| ३ | जनसमुदाय, निजी क्षेत्र, | स्थानीय तहसँग राजस्व परिचालन सम्बन्धी | ३ | ३ | आर्थिक मामिला तथा योजना | नेपाल सरकार/निजि क्षेत्र/विकास साझेदार | प्रारम्भिक छलफल | दैलेख, सल्यान, सुर्खेत र रुकुम पश्चिम | ७९ वटै स्थानीय तहका प्रमुख प्रशासकीय | प्रदेश तथा स्थानीय तहका नवनिर्वाचित | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | स्थानीय तह तथा प्राज्ञिक क्षेत्र परिचालन | अन्तरक्रिया कार्यक्रम सञ्चालन | | | मन्त्रालय/कर्णाली प्रदेश योजना आयोग/स्थानीय तह | | | जिल्लाका स्थानीय तहका लेखाका कर्मचारीसँग अन्तरक्रिया सञ्चालन भएको | अधिकृतसँग अन्तरक्रिया गर्ने | जनप्रतिनिधिसँग अन्तरक्रिया गर्ने | | |
| | | राजस्वको संभाव्य स्रोत पहिचान गर्न निजी क्षेत्र र सरोकारवालासँग अन्तरक्रिया गर्ने। | ३ | ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | निजि क्षेत्रसँग आर्थिक मामिला तथा योजना मन्त्री कार्यक्रम | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | |
| | | राजस्व स्रोतको पहिचान, विविधीकरण तथा करका दर समयानुकूल बनाउन विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग अन्तक्रिया गर्ने | | | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | सुर्खेत स्थित विश्वविद्यालय/क्याम्पसमा व्यवस्थापन तथा अर्थशास्त्र सङ्कायका प्राध्यापकहरूसँग अन्तक्रिया गर्ने | सुर्खेत स्थित विश्वविद्यालय/क्याम्पसमा व्यवस्थापन तथा अर्थशास्त्र सङ्कायका विद्यार्थिहरूसँग अन्तक्रिया गर्ने | निरन्तर | |
| | | सबै आयमूलक क्रियाकलापलाई राजस्वको दायरामा ल्याउन निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने। | ३ | ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय/ निजि क्षेत्र | प्रारम्भिक छलफल | निजी क्षेत्र तथा सरोकारवालाहरू सङ्घ राजस्व परामर्शका लागि सुझाव सङ्कलन गोष्टी सञ्चालन | निजि क्षेत्रसँग आर्थिक मामिला तथा योजना मन्त्री कार्यक्रम सञ्चालन गर्ने | कार्यान्वयन | निरन्तर | |

### ६. नतिजा खाका

| शिर्षक | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | आन्तरिक स्रोत | ८६८.८१ | ११०९.५५ | १४५१.५७ | १९७७.८९ | २८७०.७८ |
| १.१ | कर राजस्व | ८३९.७८ | १०४१.३३ | १२९१.२५ | १६०१.१४ | १९८५.४२ |
| १.२ | गैरकर राजस्व | २९.०३ | ६८.२२ | १६०.३२ | ३७६.७५ | ८८५.३६ |
| २. | मौज्दात | ५३१७.९८ | ५०१३.२ | ४५३४.८ | ३५६६.८३ | १६११.८७ |
| ३. | राजस्व बाँडफाँट | ९३८५.२६ | १०५११.४९ | ११७७२.८७ | १३१८५.६१ | १४७६७.८९ |
| ४. | वित्तीय हस्तान्तरण | १५८३८.२२ | १८५३०.७२ | २१६८०.९४ | २५३६६.७ | २९६७९.०४ |
| ४.१ | समानीकरण अनुदान | १०५३७. | १२३२८.२९ | १४४२४.१० | १६८७६.२ | १९७४५.१५ |
| ४.२ | ससर्त अनुदान | ३५४४.५ | ४१४७.०७ | ४८५२.०७ | ५६७६.९२ | ६६४१.९९ |
| ४.३ | विशेष अनुदान | १२५८.७४ | १४७२.७३ | १७२३.०९ | २०१६.०१ | २३५८.७४ |
| ४.४ | अन्य पुँजीगत अनुदान | ४९८. | ५८२.६४ | ६८१.६८ | ७९७.५७ | ९३३.१६ |
| जम्मा | | ३१४१०.२७ | ३५१६४.९६ | ३९४४०.१७ | ४४०९७.०४ | ४८९२९.५७ |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

### ७. जोखिम पक्ष र अनुमान

प्रस्तावित राजस्व नीतिको सफल कार्यान्वयनका लागि तीनै तहका सरकारबिच क्षेत्राधिकारमा दोहोरोपन नहुनु, कर प्रशासन प्रविधिमैत्री बन्नु र समयमै कानुनी परिमार्जन हुनुलाई मुख्य अनुमान गरिएको छ। यद्यपि सङ्घीय, प्रदेश र स्थानीय तहबिच समन्वयको अभाव हुनु, प्रविधिको सीमित उपयोगका कारण राजस्व चुहावट रोक्न नसकिनु र करदातामा चेतनाको कमीले गर्दा स्वेच्छिक कर अनुपालना कमजोर हुनु यस योजनाका प्रमुख जोखिम पक्ष हुन्।

## २.२ राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण

### १. पृष्ठभूमि

नेपालको वित्तीय सङ्घीयतालाई सुदृढ बनाउन खर्चको जिम्मेवारी, राजस्व बाँडफाँट र अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीलाई व्यवस्थित र समन्यायिक बनाउनु आवश्यक छ । प्रदेश सरकारले प्राप्त गर्ने राजस्व, रोयल्टी र वैदेशिक अनुदानलाई पारदर्शी बनाउन नेपाल सरकार तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग निरन्तर समन्वय र पैरवी गर्नुपर्ने देखिन्छ । यस अन्तर्गत छिटो प्रतिफल दिने, विशिष्ट प्रकृतिका र जलवायु परिवर्तन अनुकूलन एवं हरित अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाहरूलाई प्राथमिकता दिँदै आयोजना बैङ्कमार्फत वित्तीय स्रोत परिचालन गर्नु आवश्यक छ। साथै अन्तरप्रदेश र स्थानीय तहबिच साझेदारी बलियो बनाउँदै ससर्त, समपूरक र विशेष अनुदानलाई प्राथमिकताका क्षेत्रमा न्यायोचित ढङ्गले प्रवाह गर्नु यस योजनाको मुख्य प्रशासनिक तथा आर्थिक कार्यदिशा हो।

### २. उद्देश्य

१. वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट प्रणालीलाई समन्यायिक एवं पारदर्शी बनाउने।
२. हरित वित्त र छिटो प्रतिफल दिने प्रादेशिक प्राथमिकताका आयोजनाहरू परिचालन गर्ने।
३. सङ्घ, छिमेकी प्रदेश र स्थानीय तहबिच वित्तीय समन्वय तथा सहलगानी सुदृढ गर्ने।

### ३. रूपान्तरणकारी रणनीति

१. न्यायोचित बाँडफाँट र हस्तान्तरणका लागि समन्वय, सहकार्य र पैरवी गर्ने।
२. छिटो प्रतिफल दिने र हरित वित्त प्राप्त हुने आयोजनालाई प्राथमिकता दिने।
३. अन्तरप्रदेश र अन्तरस्थानीय तह सम्बन्ध सुदृढ बनाउने।

### ४. कार्यनीति

१. राजस्व बाँडफाँट, विशेष र ससर्त अनुदानलाई न्यायोचित बनाउन सङ्घीय सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग नियमित पैरवी र समन्वय गर्ने।
२. हरित वित्त र विकास साझेदारको अनुदान आकर्षित गर्न विपद् उत्थानशीलता र खुद शून्य कार्बन उत्सर्जनमा योगदान पुऱ्याउने आयोजनाहरूको सूची अद्यावधिक गरी आयोजना बैङ्कमार्फत परिचालन गर्ने।
३. छिमेकी प्रदेश र स्थानीय तहसँग प्राकृतिक स्रोत परिचालन तथा सहलगानीका क्षेत्र पहिचान गरी वित्तीय हस्तान्तरण र अनुदानलाई प्राथमिकताका क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाउने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, समन्वय, सहकार्य र साझेदारी विकास तथा प्रवर्धन कार्यक्रम | विद्यमान वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाउन नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गर्ने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | स्थानीय तहसँग वित्तीय हस्तान्तरण सम्बन्धमा आवधिक छलफल तथा अन्तरक्रिया गर्ने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | स्थानीय तहहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | हरित वित्त परिचालन कार्यक्रम | जलवायू उत्तरदायी बजेटको हिस्सा बढाउँदै लैजाने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कार्बन उत्सर्जन न्यूनीकरण गर्न नवीकरणीय ऊर्जामा लगानी गर्ने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | नवीकरणीय ऊर्जामा आधारित सवारी साधनलाई प्रवर्धन गर्न सहुलियत प्रदान गर्ने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नेपाल सरकार/उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय/भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय/स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | दीगो वन विकास जस्ता कार्यक्रममा लगानी बढाउने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नेपाल सरकार/उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय/स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | अन्तरप्रदेश र स्थानीय तह साझेदारी विकास कार्यक्रम | स्थानीय तहसँग सहलगानी तथा साझेदारीमा आयोजना सञ्चालन गर्ने। | ३ | ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | स्थानीय तह/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | कार्यान्वयन | निरन्तर | |
| | | सीमा जोडिएका प्रदेशहरूसँग सहलगानी र साझेदारीका क्षेत्र पहिचान गर्न छलफल र अन्तरक्रिया गर्ने। | ३ | ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | लुम्बिनी प्रदेश/सुदूरपश्चिम प्रदेश/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | कार्यान्वयन | निरन्तर | |

### ६. नतिजा खाका

| आर्थिक वर्ष | आन्तरिक स्रोत | | राजस्व बाँडफाँट | | वित्तीय हस्तान्तरण | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| २०८१/८२ | ५९६४.०० | १८.९९ | ९३८५.२६ | २९.८८ | १६०६१.०० | ५१.१३ | ३१४१०.२६ |
| २०८२/८३ | ६६७९.६८ | १९.०० | ९८५४.५२ | २८.०२ | १८६३०.७६ | ५२.९८ | ३५१६४.९६ |
| २०८३/८४ | ७४८१.२४ | १८.९७ | १०३४७.२५ | २६.२४ | २१६११.६८ | ५४.८० | ३९४४०.१७ |
| २०८४/८५ | ८३७८.९९ | १९.०० | १०८६४.६१ | २४.६४ | २४८५३.४३ | ५६.३६ | ४४०९७.०४ |
| २०८५/८६ | ९३८४.४७ | १९.१८ | ११४०७.८४ | २३.३१ | २८१३७.२६ | ५७.५१ | ४८९२९.५७ |
| कुल | ३७८८८.३८ | १९.०४ | ५१८५९.४९ | २६.०५ | १०९२९४.१४ | ५४.९१ | १९९०४२.०० |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

### ७. जोखिम पक्ष र अनुमान

यस योजनाको सफल कार्यान्वयनका लागि सङ्घीय सरकारबाट समन्यायिक राजस्व बाँडफाँट हुनु, विकास साझेदार र हरित वित्तको समयमै प्राप्ति हुनु र स्थानीय तहले अनुदानको सही उपयोग गर्नुलाई मुख्य अनुमान गरिएको छ। यद्यपि सङ्घीय तहबाट अनुदान र रोयल्टी वितरण पारदर्शी नहुनु, हरित तथा चक्रीय अर्थतन्त्रका लागि प्राविधिक क्षमता र पूर्वाधारको अभाव हुनु, र छिमेकी प्रदेश तथा स्थानीय तहबिच स्रोत परिचालनमा आपसी समन्वय नजुट्नु यसका मुख्य जोखिम पक्ष हुन्।

## २.३ समुदाय बचत तथा निजी लगानी

### १. पृष्ठभूमि

प्रदेशको समृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि समुदायस्तरमा छरिएर रहेको बचत परिचालन र निजी क्षेत्रको लगानी आकर्षण गर्नु अपरिहार्य छ। वित्तीय साक्षरता र पहुँच विस्तार मार्फत ससाना पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगाउन बैङ्क, वित्तीय संस्था र सहकारीलाई परिचालन गर्नु आवश्यक छ। प्रदेशमा ठूला निजी तथा वैदेशिक लगानी आकर्षित गर्न भौतिक पूर्वाधारको विकास, सार्वजनिक-निजी साझेदारी (PPP) को प्रवर्धन, र लगानी सम्मेलन जस्ता प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। नीतिगत सुधार, सुशासन र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै दिगो विकास लक्ष्यसँग तादात्म्यता मिलाएर उच्च प्रतिफल दिने क्षेत्रमा लगानी केन्द्रित गर्नु यस योजनाको मूल आधार हो।

### २. उद्देश्य

१. वित्तीय साक्षरता र पहुँच बढाएर समुदायको बचतलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने।

२. व्यावसायिक वातावरणमा सुधार गरी निजी, गैर-आवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्ने।

३. लगानीका प्राथमिकताका क्षेत्र पहिचान गरी आत्मनिर्भर र रोजगारमूलक अर्थतन्त्रको विकास गर्ने।

### ३. रूपान्तरणकारी रणनीति

१. समुदायको बचत परिचालन गर्ने।
२. व्यावसायिक वातावरण सुधार गरी ठूला लगानी आकर्षित गर्ने।
३. सुशासन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।
४. लगानी प्राथमिकताका क्षेत्र पहिचान गर्ने।

### ४. कार्यनीति

१. शैक्षिक र वित्तीय संस्थाहरूसँगको सहकार्यमा वित्तीय साक्षरता बढाई समुदायको बचतलाई बैङ्क तथा सहकारीमार्फत उद्यमशीलतामा परिचालन गर्ने।

२. सार्वजनिक-निजी-साझेदारी (PPP) मोडेललाई प्रवर्धन गर्दै ठूला लगानी आकर्षित गर्न लगानी सम्मेलन र सहुलियतपूर्ण कार्यक्रमहरू आयोजना गर्ने।

३. दिगो लगानी अनुकूल वातावरणका लागि नीतिगत, कानुनी र संस्थागत क्षमता सुदृढ गरी उद्यमी एवं लगानीकर्तालाई सम्मान गर्ने परिपाटी बसाल्ने।

४. विकास साझेदारहरूसँगको समन्वयमा उच्च प्रतिफल दिने नवप्रवर्तनात्मक क्षेत्रहरू पहिचान गरी तुलनात्मक लाभका वस्तुहरूको उत्पादनमा लगानी केन्द्रित गर्ने।

### ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | वित्तीय साक्षरता कार्यक्रम | वित्तीय साक्षरता अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने । | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय/भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | वित्तीय सेवामा पहुँच विस्तार गर्न आवश्यक प्रबन्ध मिलाउने । | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | बैङ्क, बिमा लगायतका वित्तीय संस्था तथा उद्यमीहरूसँग अन्तरक्रिया कार्यक्रम | आवश्यक समन्वय र सहकार्य | आवश्यक समन्वय र सहकार्य | |
| २ | नवउद्यम र उत्पादनशील उद्यमशीलता विकास कार्यक्रम | सूचना प्रविधिमा आधारित नवउद्यम र उत्पादनशील क्षेत्रमा लागत साझेदारी, सहुलियत, अनुदान, वस्तुगत टेवा लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने । | २ | २ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | आवश्यक समन्वय र सहजीकरण | आवश्यक समन्वय र सहजीकरण | आवश्यक समन्वय र सहजीकरण | |

### ६. जोखिम पक्ष र अनुमान

यस योजनाको सफल कार्यान्वयनका लागि लगानीमैत्री कानुनी वातावरण तयार हुने, बैङ्क तथा वित्तीय संस्थाहरू उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्सुक रहने र निजी क्षेत्रको आत्मविश्वास बढ्ने अनुमान गरिएको छ । यद्यपि नीतिगत अस्थिरताका कारण ठूला लगानीकर्ता आकर्षित हुन नसक्नु, समुदायमा वित्तीय साक्षरताको कमीले बचत परिचालन सुस्त हुनु, र कमजोर पूर्वाधार तथा बजारको अनिश्चितताका कारण वैदेशिक एवं निजी लगानी भित्र्याउन चुनौतीपूर्ण हुनु यसका मुख्य जोखिम पक्ष हुन् ।

## २.४ सार्वजनिक खर्चको दक्षता वृद्धि

### १. पृष्ठभूमि

प्रादेशिक विकास र वित्तीय सुशासनका लागि सार्वजनिक खर्चको विनियोजन कुशलता र कार्यान्वयन दक्षताबिच तादात्म्य कायम गर्नु आवश्यक छ। पञ्चवर्षीय योजनाका प्राथमिकताका आधारमा मध्यकालीन खर्च संरचना र आयोजना बैङ्क जस्ता औजारहरू प्रयोग गरी बजेट प्रणालीलाई व्यवस्थित गर्ने। बजेटलाई लैङ्गिक उत्तरदायी, जलवायुमैत्री र दिगो विकास लक्ष्यमैत्री बनाउँदै रणनीतिक र बढी प्रतिफल दिने आयोजनाहरूमा स्रोत सुनिश्चित गर्ने। संस्थागत सुदृढीकरण, चुस्त सङ्गठन संरचना र तहगत सरकारहरूबिच योजना तथा बजेटमा अन्तर-आबद्धता कायम गर्दै समग्र सार्वजनिक खर्चको उत्पादकत्व र सुशासन अभिवृद्धि गर्नु यस योजनाको मुख्य प्रशासनिक लक्ष्य हो।

### २. उद्देश्य

१. पञ्चवर्षीय योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने।

२. रणनीतिक आयोजनाको छनोट र प्रभावकारी खरिद व्यवस्थापनबाट खर्च क्षमता बढाउने।

३. चुस्त सङ्गठन संरचना र अन्तरसरकारी सहकार्यमार्फत खर्चको दक्षता बढाउने।

### ३. रूपान्तरणकारी रणनीति

१. पञ्चवर्षीय योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने।

२. नतिजाका आधारमा आयोजना प्राथमिकीकरण र बजेट विनियोजन गर्ने।

३. अन्तरसरकारी सहकार्यमा खर्चको दक्षता अभिवृद्धि गर्ने।

### ४. कार्यनीति

१. बजेट तर्जुमामा आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनालाई अनिवार्य गरी जलवायु तथा दिगो विकास लक्ष्यमैत्री बजेट बनाउने।

२. खरिद योजना र कार्यसम्पादन सम्झौतामार्फत रणनीतिक आयोजनाहरू समयमै सम्पन्न गरी ठेक्का व्यवस्थापन सुदृढ गर्ने।

३. चुस्त सङ्गठन संरचना तयार गरी आयोजना कार्यान्वयनको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने।

४. तीनै तहका सरकारले तर्जुमा गर्ने नीति, बजेट र वार्षिक कार्यक्रमहरूबिच बलियो अन्तर-आबद्धता कायम गर्ने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | बजेट तर्जुमा प्रक्रिया तथा प्रणाली संस्थागत सुदृढीकरण तथा क्षमता विकास कार्यक्रम | आयोजना बैङ्क प्रणालीको सुदृढीकरण | १ | १ | कर्णाली प्रदेश योजना आयोग | आर्थिक मामिला तथा योजना मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | MTEF MIS अद्यावधिक | १ | १ | कर्णाली प्रदेश योजना आयोग | आर्थिक मामिला तथा योजना मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | बजेट तर्जुमा प्रणालीलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउन क्षमता विकास कार्यक्रम गर्ने । | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय र कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | PLMBIS सम्बन्धी तालिम सञ्चालन | बजेट तर्जुमाका लागि सुझाव सङ्कलन | बजेट तर्जुका लागि सुझाव सङ्कलन गोष्ठी सञ्चालन/PLMBIS सम्बन्धी तालिम सञ्चालन | आवश्यकताका आधारमा क्षमता विकास तालिम सञ्चालन | आवश्यकताका आधारमा क्षमता विकास तालिम सञ्चालन | |
| २ | आयोजना व्यवस्थापन सुधार तथा सुशासन कार्यक्रम | सबै निकायमा खरिद योजना तर्जुमा अनिवार्य गर्ने । | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | |
| | | ठेक्का व्यवस्थापनसँग सम्बन्धित कर्मचारीको क्षमता विकासका लागि Contract Management तालिम सञ्चालन | २ | २ | सम्बन्धित मन्त्रालय/निकाय/ KPTA | आर्थिक मामिला तथा योजना मन्त्रालय र कर्णाली प्रदेश योजना आयोग | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | आयोजना प्रमुखसँग कार्य सम्पादन सम्झौतालाई अनिवार्य गर्ने । | २ | २ | सम्बन्धित मन्त्रालय/निकाय | आर्थिक मामिला तथा योजना मन्त्रालय / मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | बजेट कार्यान्वयन मार्गदर्शन प्रदान | |

**६. नतिजा खाका**

| खर्च शिर्षक | प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| चालु बजेट | १२४०८ | १३१५३ | १३९४२ | १४७७९ | १५६६५ | ६९९४७ |
| पुँजीगत बजेट | १८७५२ | २१५६५ | २४९०७ | २८७६८ | ३३५१५ | १२७५०७ |
| वित्तीय व्यवस्था | २५० | २८० | ३१४ | ३५१ | ३९३ | १५८८ |
| कुल बजेट | ३१४१० | ३४९९८ | ३९१६३ | ४३८९८ | ४९५७३ | १९९०४२ |
| पुंजीगत बजेट प्रतिशत | ५९.७ | ६२.० | ६४.० | ६६.० | ६८.० | ६४.१ (औसत) |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

**७. जोखिम पक्ष र अनुमान**

यस योजनाको सफल कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचनाको पालना हुने, निर्माण व्यवसायीबाट समयमै काम हुने र दक्ष जनशक्ति उपलब्ध हुने अनुमान गरिएको छ। यद्यपि योजना बाहिरका टुक्रे आयोजनामा बजेट छरिने, खरिद र ठेक्का व्यवस्थापन झन्झटिलो हुँदा पुँजीगत खर्च कमजोर रहने र तहगत सरकारहरूबिच बजेट तर्जुमामा समन्वय नमिल्नु यसका मुख्य जोखिम पक्ष हुन्।

## २.५ आन्तरिक ऋण

**१. पृष्ठभूमि**

प्रदेशको पूर्वाधार विकास र वित्तीय साधनको परिपूर्तिका लागि आन्तरिक ऋण परिचालन एक महत्त्वपूर्ण स्रोत हो । प्रचलित कानुनी सीमाभित्र रहेर नीतिगत, कानुनी तथा संस्थागत मापदण्डहरू तयार गरी आन्तरिक ऋणको व्यवस्थापन गर्नुका साथै सम्भाव्यता अध्ययनका आधारमा उच्च र दिगो प्रतिफल दिने रणनीतिक आयोजनाहरू पहिचान गरी आयोजना बैङ्क र सूचना प्रणालीमार्फत ऋण परिचालनलाई व्यवस्थित र उत्पादनमूलक बनाउनु यस योजनाको मुख्य लक्ष्य हो ।

**२. उद्देश्य**

१. आन्तरिक ऋण परिचालनका लागि आवश्यक नीति, कानुन र संस्थागत मापदण्ड तयार गर्ने ।

२. प्रचलित कानुनी सीमाभित्र रही उच्च र दिगो प्रतिफल दिने आयोजनामा मात्र ऋण परिचालन गर्ने ।

**३. रूपान्तरणकारी रणनीति**

१. आन्तरिक ऋण परिचालनका लागि नीतिगत तथा कानुनी व्यवस्था गर्ने ।

२. उच्च र दिगो प्रतिफल दिने आयोजनामा आन्तरिक ऋण परिचालन गर्ने ।

**४. कार्यनीति**

१. ऋण परिचालनलाई व्यवस्थित गर्न आवश्यक कानुनी मापदण्ड र संस्थागत संरचनाको सुदृढीकरण गर्ने ।

३. आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली (MIS) तयार गरी सम्भाव्य आयोजनामा ऋण लगानी गर्ने ।

**५. कार्ययोजना**

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड र संस्थागत संयन्त्र विकास तथा परिचालन | आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गर्ने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अध्ययन र छलफल | तर्जुमा | कार्यान्वयन | |
| २ | उच्च र दिगो प्रतिफल दिने आयोजना पहिचान, सम्भाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली तर्जुमा तथा सञ्चालन | उच्च र दीगो प्रतिफल दिन सक्ने आयोजनाको पहिचान तथा सम्भाव्यता अध्ययन गर्ने। | २ | २ | कर्णाली प्रदेश योजना आयोग/सम्बन्धित मन्त्रालय/निकाय | आर्थिक मामिला तथा योजना मन्त्रालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | आवश्यक समन्वय र सहजीकरण | आवश्यक समन्वय र सहजीकरण | आवश्यक समन्वय र सहजीकरण | |

**६. जोखिम पक्ष र अनुमान**

यस योजनाका लागि ऋण परिचालन सम्बन्धी सङ्घीय मापदण्ड अनुकूल कानुन बन्ने र उच्च प्रतिफल दिने आयोजना समयमै छनोट हुने अनुमान गरिएको छ। यद्यपि कानुनी सीमा र ऋण भुक्तानीको भार बढ्नु, आयोजनाको सम्भाव्यता अध्ययन कमजोर हुँदा प्रतिफल प्राप्त नहुनु र ऋण व्यवस्थापनका लागि दक्ष संस्थागत क्षमताको अभाव हुनु यसका मुख्य जोखिम हुन्।

## २.६ वैदेशिक सहायता

### १. पृष्ठभूमि

प्रदेशका ठूला तथा रणनीतिक पूर्वाधारको विकास र वातावरणीय दिगोपनका लागि वैदेशिक सहायता र जलवायु वित्तको परिचालन महत्त्वपूर्ण छ । आयोजना बैङ्कमा प्रविष्ट भएका उच्च प्रतिफलयुक्त प्राथमिकताका क्षेत्रहरू पहिचान गरी वैदेशिक सहयोग प्राप्त गर्न नेपाल सरकारसँग आवश्यक समन्वय र पैरवी गर्ने । कृषि, पर्यटन, जलस्रोत र ऊर्जा जस्ता क्षेत्रहरूमा जलवायु वित्त (Climate Finance) र कार्बन व्यापारबाट प्राप्त हुने वित्तीय स्रोत हासिल गर्न आवश्यक नीतिगत र कानुनी व्यवस्था मिलाउनु यस योजनाको मुख्य अभिप्राय हो ।

### २. उद्देश्य

१. प्रदेशका प्राथमिकता प्राप्त र उच्च प्रतिफलयुक्त आयोजनाहरूमा वैदेशिक सहायता परिचालन गर्ने ।
२. कृषि, पर्यटन र ऊर्जा जस्ता सम्भाव्य क्षेत्रहरूमा जलवायु वित्त र कार्बन व्यापारको पहुँच बढाउने ।

### ३. रूपान्तरणकारी रणनीति

१. प्रदेश प्राथमिकताका आयोजनामा वैदेशिक सहायता परिचालन गर्ने ।
२. जलवायु वित्तमा पहुँच बढाउने ।

### ४. कार्यनीति

१. आयोजना बैङ्कमा रहेका सम्भावित योजनाहरूको प्रतिफल विश्लेषण गरी वैदेशिक सहयोगका लागि नेपाल सरकारसँग पैरवी गर्ने ।
२. कार्बन व्यापार र जलवायु वित्त परिचालन गर्न सङ्घीय सरकारसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी आधार तयार गर्ने ।

### ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रदेश प्राथमिकताका आयोजना अध्ययन, विश्लेषण तथा विकास | प्रदेश प्राथमिकता तथा उच्च प्रतिफलयुक्त आयोजनालाई वैदेशिक सहयोग तथा लगानी परिचालन गर्न अर्थ मन्त्रालय तथा लगानी बोर्डसँग छलफल तथा अन्तरक्रिया गर्ने | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | आवश्यक छलफल र अन्तर्क्रिया | कार्यान्वयन | |
| २ | कार्बन व्यापार आयोजना विकास तथा वित्तीय स्रोत परिचालन | कार्बन व्यापारका लागि अवधारणा पत्र तयार गर्न आवश्यक छलफल तथा अन्तरक्रिया र अध्ययन गर्ने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय/कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | आवश्यक छलफल र अन्तर्क्रिया | कार्यान्वयन | |

### ६. जोखिम पक्ष र अनुमान

यस योजनाका लागि नेपाल सरकारले प्रदेशका आयोजनाहरूलाई वैदेशिक सहायता प्राप्तिका लागि प्राथमिकता दिने र अन्तर्राष्ट्रिय जलवायु वित्तको पहुँच सहज हुने अनुमान गरिएको छ। यद्यपि सङ्घीय सरकारबाट समयमै समन्वय र स्वीकृति नजुट्नु, जटिल वैदेशिक सहायता नीतिका कारण स्रोत प्राप्तिमा ढिलाइ हुनु र जलवायु वित्तका लागि आवश्यक प्राविधिक प्रस्ताव तयार गर्ने क्षमताको अभाव हुनु यसका मुख्य जोखिम हुन्।

# परिच्छेद-तीनः कृषि, भूमि व्यवस्था र सहकारी

## ३.१ कृषि

### १. पृष्ठभूमि

कृषि क्षेत्र देशको कुल गार्हस्थ्य उत्पादनमा २३.९ प्रतिशत र रोजगारीमा ६२ प्रतिशत योगदान पुऱ्याउने आर्थिक विकासको मेरुदण्ड हो। राष्ट्रिय रूपमा २० वर्षे कृषि विकास रणनीति (२०१५-२०३५) कार्यान्वयनमा रहेको सन्दर्भमा कर्णाली प्रदेशले प्राङ्गारिक (Organic) कृषिलाई आफ्नो रूपान्तरणकारी क्षेत्रका रूपमा पहिचान गरेको छ। भुटान र भारतको सिक्किम राज्यले प्राङ्गारिक कृषिलाई पर्यटनसँग जोडेर आर्थिक समृद्धि हासिल गरेझैं, कर्णालीमा पनि कृषि पर्यटन (Agro-tourism) को प्रचुर सम्भावना छ। विश्व बजारमा प्राङ्गारिक उपजको बढ्दो माग, तीनै तहका सरकारको सहुलियत तथा ब्याज अनुदान र कृषि पकेट क्षेत्रहरू सडक सञ्जालसँग जोडिनुले यस अभियानलाई ठूलो अवसर प्रदान गरेको छ। अब भूगोल र जलवायुका आधारमा क्षेत्रगत वर्गीकरण गरी अनुसन्धान, बाली विविधीकरण, र व्यवसायीकरणमार्फत कृषकको आत्मसम्मान र जीवनस्तर उकास्नु प्रदेशको मुख्य आवश्यकता हो।

### २. उद्देश्य

१. प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,
२. कृषिमा आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरण मार्फत प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु,
३. कृषि उपजको सङ्कलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्धन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. रैथाने बाली तथा कृषि ज्ञान तथा प्रविधिको संरक्षण र प्रवर्धन गर्ने
२. स्थानीय उत्पादनको ग्रेडिङ, प्याकेजिङ, ब्राण्डिङ र गुणस्तर कायम गर्ने
३. जमिनको चक्लाबन्दी गरी सामूहिक खेती प्रणाली विकास गर्ने
४. उच्च मूल्य कृषि उत्पादन मूल्य श्रृङ्खला सुदृढीकरण गर्ने
५. विशेष कृषि उत्पादन पकेट क्षेत्र विकास गर्ने
६. प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्तरोन्नति गर्ने
७. प्राङ्गारिक कृषि पर्यटन प्रवर्धन गर्ने
८. कृषि बाली संरक्षणलाई व्यवस्थित गर्ने
९. कर्णालीका विशिष्ट कृषि उत्पादनको बजार तथा निर्यात प्रवर्धन गर्ने
१०. महिला कृषकको क्षमता विकास गर्ने।

### ४. कार्यनीति

१. खेतीयोग्य बाँझो जग्गाको समुचित उपयोग गर्न सामूहिक, सहकारी तथा करार खेती प्रणालीलाई प्रवर्धन गरिने र कर्णालीको भूगोल सुहाउँदो महिलामैत्री कृषि यान्त्रिकीकरणमार्फत उत्पादन तथा आम्दानीमा वृद्धि गरिने।
२. रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उपज, फलफूल तथा नगदेबालीको बजार विस्तारका लागि आधुनिक डिजिटल बजार र मोबाइल एपको विकास एवं सञ्चालन गरिने।
३. विद्यमान कृषि स्रोतकेन्द्रहरूको सुदृढीकरण गर्दै नयाँ स्रोतकेन्द्र, प्रयोगशाला, सङ्कलन तथा चिस्यान केन्द्रहरू थप गरिने, भौचर प्रणालीमार्फत प्राविधिक सेवा प्रवाह गरिने र प्रमुख नाकाहरूमा विषादी परीक्षण तथा नियमनलाई प्रभावकारी बनाइने।
४. स्थानीय तह, गैरसरकारी संस्था र समुदायसँगको सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाइ आयोजनाहरू सञ्चालन गरिने।
५. कृषि क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको लगानी वृद्धि गरिने र प्राकृतिक प्रकोप, रोग-किरा एवं बजारको उतारचढावबाट हुने जोखिम न्यूनीकरणका लागि बाली बिमा, राहत कार्यक्रम र न्यूनतम समर्थन मूल्यको प्रत्याभूति गरिने।
६. सामूहिक, सहकारी र करार खेती गर्ने कृषक एवं उद्यमीहरूलाई प्रोत्साहन गर्दै लागत साझेदारीमा जैविक विषादी, प्राङ्गारिक मल र बिउ प्रशोधन जस्ता कृषिमा आधारित उद्योगहरूको व्यावसायिक उत्पादन वृद्धि गरिने।
७. प्राङ्गारिक कृषि अनुसन्धान केन्द्रको स्थापना गरिने, प्राङ्गारिक क्षेत्रको वर्गीकरण र नमुना प्राङ्गारिक गाउँ प्रमाणीकरण सहित उत्पादित उपजको बजारीकरण गरिने।
८. कृषि पेसालाई मर्यादित र सम्मानित बनाउन उत्कृष्ट कृषकहरूलाई पुरस्कृत गरिने र निश्चित मापदण्डका आधारमा दिगो कृषि अपनाउने कृषकका लागि 'नमुना कृषक पेन्सन कार्यक्रम' को सुरुवात गरिने।

९. सम्भाव्य स्थानहरूमा पकेट, ब्लक, जोन तथा सुपर जोनको विकास गरी सहकारी तथा निजी क्षेत्रमार्फत अदुवा, बेसार, सिमी, स्याउ, सुन्तला, आँप, मह र ओखर जस्ता वस्तुहरूको मिसन कार्यक्रम सञ्चालन गरी प्रशोधन, ब्रान्डिङ र प्याकेजिङसहित बजारीकरण सुनिश्चित गरिने।

१०. प्रदेशका सम्भाव्य स्थानहरूमा प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन केन्द्र स्थापना गरिने र निजी क्षेत्रको सहकार्यमा ग्रेडिङ, प्रशोधन, लेबलिङ र प्याकेजिङ सुविधायुक्त 'कृषि पार्क' निर्माण बनाइने।

११. कृषि विषय अध्ययन गरेका प्राविधिकहरूलाई कृषि व्यवसायमार्फत स्वरोजगार बन्न प्रोत्साहन गरिने र तरकारी तथा खाद्यान्न बालीको बिउ उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाइने।

१२. स्याउ, ओखर, किवी, सुन्तला, अमिलो जातका फलफूल, आँप र लिची जस्ता उच्च मूल्यका फलफूलहरूको उत्पादन वृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्धन गरिने।

१३. बिमा प्रक्रियालाई समसामयिक, व्यावहारिक र सहज बनाई कृषि बिमातर्फ कृषक तथा कृषि व्यवसायीहरूलाई आकर्षित एवं लाभान्वित गरिने।

१४. स्थानीय तह, विकास साझेदार र सहकारीहरूसँगको समन्वयमा महिला कृषकहरूको क्षमता विकास कार्यक्रम नियमित सञ्चालन गरिने र महिलामैत्री कृषि प्रविधि एवं औजारहरू सहज रूपमा उपलब्ध गराइने।

१५. रैथाने बाली सङ्कलन र प्रशोधन गरी कर्णालीको पहिचान झल्काउने "मूल्यवान कर्णाली किसानको सम्पदा" लोगोमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री सुनिश्चित गर्दै कृषकको आयआर्जन बढाइने।

१६. दिगो कृषि विकास र जैविक विविधता संरक्षणका लागि परागसेचन र सोसम्बन्धी विभिन्न चेतनामूलक तथा अनुसन्धानमूलक कार्यक्रमहरू सञ्चालन गरिने।

## ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | भूमि बैङ्क तथा कृषिमा यान्त्रिकीकरण कार्यक्रम | बाँझो जमिनको नक्साङ्कन, डिजिटल अभिलेखीकरण र वर्गीकरण गर्ने, | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | आन्तरिक तयारी | कार्यान्वयन | |
| | | कृषकहरूलाई कृषि यन्त्रहरूको (ट्रयाक्टर, मिनी टिलर, थ्रेसर आदि) प्रयोगमा सहुलियत उपलब्ध गराउने | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | डिजिटल कृषि बजार सूचना प्रणाली | कृषि उपजको बजार मूल्य सम्बन्धि सूचना सङ्कलन र प्रसार गर्ने। | २ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | कृषि स्रोतकेन्द्र, प्रयोगशाला सङ्कलन तथा चिस्यानकेन्द्र स्थापना र सुदृढीकरण | फलफूल, तरकारी तथा नगदेबाली विरुवा नर्सरि/स्रोत केन्द्र स्थापना गर्ने | ३ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | सुर्खेतको हर्रे र सल्यानको कपुरकोटमा RBPR प्रयोगशाला सञ्चालन गर्ने | ४ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | स्थापना तथा सञ्चालन सम्बन्धी छलफल | स्थापना तथा सञ्चालन | निरन्तर | |
| | | कृषि वस्तु सङ्कलन केन्द्र | ४ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | साना तथा मझौला सिँचाइ कार्यक्रम | मागमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गर्ने। | ५ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | मागबमोजिम निरन्तर | मागबमोजिम निरन्तर | मागबमोजिम निरन्तर | मागबमोजिम निरन्तर | मागबमोजि म निरन्तर | |
| ५ | व्यावसायिक कृषिमा लगानी प्रवर्धन र जोखिम न्यूनीकरण | कृषि ऋणको व्याजमा सहुलियत सहयोग कार्यक्रम सञ्चालन गर्ने। | ५ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | जग्गा भाडामा लिई व्यवसायिक खेती गर्ने कृषकका लागि जग्गा भाडामा सहयोग उपलब्ध गराउने। | ५ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | माग तथा व्यवसायिक परियोजनामा आधारित युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने। | ५ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | खाद्यान्न बाली उत्पादन प्रोत्साहन र कृषि उद्योग प्रवर्धन कार्यक्रम | खाद्यान्न, दलहन, तेलहन बाली प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। | ५ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मिसन कार्यक्रम (कोदो/प्याज/लसुन/अकबरे खुर्सानी/अदुवा/बेसार) कार्यान्वयन गर्ने। | ६ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | कार्यन्वयन | निरन्तर | निरन्तर | |
| | | संरक्षित संरचना भित्र (बेमौसमी तरकारी, च्याउ खेती) प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। | ७ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | प्राङ्गारिक कृषि उत्पादन केन्द्रित विशेष कार्यक्रम | रैथाने तथा स्थानिय बालीको जर्मप्लाज्म संरक्षण तथा सम्बर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | ७ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित निकायसँग समन्वय र | सम्बन्धित निकायसँग समन्वय र | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | | | | | | सहकार्य | सहकार्य | | | | |
| | | प्राङ्गारिक मल (हरियो मल, जैविक मल, भर्मिकम्पोष्ट) प्रयोग गरी माटोको उर्वराशक्ति सुधार कार्यक्रम सञ्चालन गर्ने । | ७ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | एक पालिका, एक प्राङ्गारिक कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्ने । | ८ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | किसान सम्मान कार्यक्रम | जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गर्ने । | ८ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | उत्पादनमा आधारित विभिन्न बालीको प्रोत्साहन कार्यक्रम (रैथाने/स्थानीय बाली, तरकारी, मौरी, फलफूल) सञ्चालन गर्ने । | ९ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | अगुवा कृषक तालिम भ्रमण कार्यक्रम सञ्चालन गर्ने । | ९ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | विशेष कृषि पकेट क्षेत्र र मूल्य शृङ्खला सबलीकरण तथा निर्यात प्रवर्धन कार्यक्रम | बाली विशेष नमुना फार्म विकास कार्यक्रम (तरकारी/फलफूल/मसलाबाली/नगदेबाली/मौरी/च्याउ) सञ्चालन गर्ने । | ९ | ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | मध्य पहाडी लोकमार्गमा बागवानी तथा पशुपन्छी विकास अभियान सञ्चालन गर्ने । | ९ | ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रारम्भिक छलफल | छलफल | प्रारम्भ | सञ्चालन/कार्यान्वयन | सञ्चालन/कार्यान्वयन | |
| | | फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | ९ | ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | रैथाने प्रजातिका कृषि बाली, मौरीपालन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन तथा बजारीकरण कार्यक्रम | रैथाने तथा स्थानिय बाली प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने । | ९ | १० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | जैविक मल तथा जैविक विषादीमा सहयोग कार्यक्रम सञ्चालन गर्ने । | ९ | १० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मूल्यवान लोगो प्रयोगकर्तालाई प्याकेजिङ तथा बजारीकरण सहयोग कार्यक्रम सञ्चालन गर्ने । | ९ | १० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ११ | कृषि प्राविधिक लक्षित बीउ उत्पादन र व्यवसाय प्रवर्धन कार्यक्रम | बीउ उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने । | ९ | ११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | बीउ प्रमाणीकरण कार्यक्रम (बीउ बाली खेत निरीक्षण, नमुना सङ्कलन तथा परीक्षण) सञ्चालन गर्ने । | ९ | ११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | बीउ उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण | ९ | १२ | भूमि व्यवस्था, कृषि | सम्बन्धित | कार्यक्रम | कार्यक्रम | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | सम्बन्धी तालिम प्रदान गर्ने। | | | तथा सहकारी मन्त्रालय | मन्त्रालय/निकाय | सञ्चालन | सञ्चालन | | | | |
| १२ | फलफूल विकास कार्यक्रम | फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रम सञ्चालन गर्ने। | ९ | १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रम सञ्चालन गर्ने। | ९ | १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | फलफूल बगैँचामा Harvest festival कार्यक्रम (जुम्ला, दैलेख, सल्यान) आयोजना गर्ने। | ९ | १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | कृषि विमा कार्यक्रम | कृषि तथा पशुपन्छी बिमा सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया गोष्ठी सञ्चालन गर्ने। | ९ | १३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | आकस्मिक क्षति न्यूनीकरण तथा सुधार कार्यक्रम सञ्चालन गर्ने। | ९ | १३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १४ | महिला कृषक क्षमता विकास कार्यक्रम | महिला कृषकहरूलाई व्यावसायिक खेती तथा उद्यमशीलता तालिम प्रदान गर्ने। | १० | १४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | |
| | | फार्म स्टे व्यवसाय प्रवर्धन सम्बन्धी तालिम सञ्चालन गर्ने। | १० | १४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | छलफल | कार्यान्वयन | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | |
| | | विदेशबाट फर्किएका युवाहरूलाई कृषि व्यवसाय प्रवर्धन सम्बन्धी तालिम प्रदान गर्ने। | १० | १४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | माग र आवश्यकता अनुसार निरन्तर | |
| १५ | रैथाने बाली प्रशोधन केन्द्र | रैथाने बाली प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन गर्ने। | १० | **१५** | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | छलफल तथा अध्ययन | छलफल तथा अध्ययन | छलफल र पूर्वतयारी | छलफल र पूर्वतयारी | स्थापना र सञ्चालन | |
| | | कोशेली घर स्थापना तथा स्थानीय कृषि उत्पादन प्रवर्धन गर्ने। | १० | **१५** | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कृषि उत्पादनको मूल्य अभिवृद्धि तथा प्याकेजिङ सहयोग गर्ने। | १० | १५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १६ | दिगो कृषिका लागि परागसेचन | मौरीपालन व्यवसाय विकास तथा परागसेचन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। | १० | १६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | छलफल तथा अध्ययन | छलफल तथा अध्ययन | आन्तरिक तयारी | कार्यान्वयन | कार्यान्वयन | |

### ६. नतिजा खाका

| क्रं. सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल | हेक्टर | २८११६४ | २८३९७६ | २९८१७४ | ३२७९९२ |
| २ | अन्न बालीको उत्पादन (धान, मकै, गहुँ, जौ, कोदो र फापर) | मे.टन | ६३५६०० | ६४१९५६ | ६७४०५४ | ७४१४५९ |
| ३ | नगदे बाली उत्पादन (तेलहन, आलु र उखु) | मे.टन | १८३८६० | १८५६९९ | १९४९८४ | २१४४८२ |
| ४ | तरकारी उत्पादन | मे.टन | १९४३३५ | १९६२७८ | २०६०९२ | २२६७०१ |
| ५ | दलहन उत्पादन (भटमास समेत) | मे.टन | २४९४२ | २५१९१ | २६४५१ | २९०९६ |
| ६ | फलफूल उत्पादन (सुन्तला, आँप, केरा, स्याउ र अन्य) | मे.टन | १२३३६३ | १२४५९७ | १३०८२६ | १४३९०९ |
| ७ | मसला बाली उत्पादन (लसुन, प्याज, अदुवा, अलैची, बेसार आदि) | मे.टन | ६४२५४ | ६४८९७ | ६८१४१ | ७४९५६ |
| ८ | मह उत्पादन | मे.टन | ३८८.४४ | ३९२ | ४१२ | ४५३ |
| ९ | शीत भण्डार (१०० टन क्षमताभन्दा बढी) | सङ्ख्या | ५ | ६ | ६ | ८ |
| १० | बर्षैभरी सिँचाइ उपलब्धता | प्रतिशत | १९ | १९ | २१ | २४.८ |
| ११ | कृषि मजदुरको उत्पादकत्व रु | प्रतिव्यक्ति/बर्ष | १६१४०० | १६१४०० | १६५५०० | १७७५४० |
| १२ | खाद्य उपलब्धता (केजी) | प्रतिव्यक्ति/बर्ष | १८७ | १८८ | १९० | २०६ |
| १३ | प्रमुख अन्नबाली | मे.ट./हे. | २.४० | २.१३ | २.१५ | २.६४ |
| १४ | प्रमुख दलहन बाली | मे.ट./हे. | १.२८ | १.२८ | १.३० | १.४१ |
| १५ | प्रमुख तरकारी बाली | मे.ट./हे. | ११.२९ | ११.५० | ११.७० | १२.४२ |
| १६ | हिउँदे फलफूल | मे.ट./हे. | ७.९ | ७.९१ | ८.१० | ८.६९ |
| १७ | सुन्तला जातका फलफूल | मे.ट./हे. | १०.५२ | १०.५२ | १०.८० | ११.५७ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

### ७. जोखिम पक्ष र अनुमान

परम्परागत खेती प्रणालीबाट व्यावसायिक र प्राङ्गारिक प्रणालीमा रूपान्तरण हुँदा सुरुवाती वर्षहरूमा उत्पादनमा केही ह्रास आउन सक्ने प्राविधिक जोखिम रहन्छ। रासायनिक मल र विषादीको अनियन्त्रित क्रस-बन्डर आयात, बजार श्रृङ्खला (Market Chain) को अभाव र जलवायु परिवर्तनका कारण निम्तिने रोगव्याधि यस क्षेत्रका मुख्य चुनौती हुन्। यद्यपि कर्णालीको उपजलाई 'ओर्गानिक ब्रान्ड' का रूपमा देश-विदेशमा स्थापित गर्न सकेमा कृषि उपजको उच्च मूल्य प्राप्त भई ग्रामीण गरिबी द्रुत गतिमा घट्ने अनुमान गरिएको छ। कृषि र पर्यटनको एकीकृत विकासले युवाहरूलाई वैदेशिक रोजगारीबाट रोकी स्थानीय स्तरमै दिगो र आत्मसम्मानयुक्त रोजगारीका अवसरहरू सिर्जना गर्ने अपेक्षा गर्न सकिन्छ।

## ३.२ पशुपन्छी तथा मत्स्य

### १. पृष्ठभूमि

कर्णाली प्रदेशमा पशुपन्छी पालनको विशिष्ट पहिचान र ठूलो योगदान रही आएको छ । हाल यस क्षेत्रमा निजी क्षेत्रबाट ठूला लगानी भित्रिन थालेकाले व्यावसायिक सम्भावना उच्च देखिएको छ । पशुपन्छी तथा मत्स्य क्षेत्रको प्रवर्धनमार्फत प्रदेशलाई दूध, दही, घिउ, माछा, मासु र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ । प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागमा भेडा, बाख्रा, च्याङ्ग्रा पालनलाई व्यावसायिक बनाई ऊन र छालाजन्य उत्पादनबाट लाभ लिने तथा पहाडी क्षेत्रमा ट्राउट माछा र कर्णालीका सहायक नदीहरूमा पाइने रैथाने माछाहरूको व्यावसायिक उत्पादन, ब्रान्डिङ र पर्यटन उद्योगसँग आबद्धता गरी बजार विस्तार गर्ने प्रचुर सम्भावना छ ।

### २. उद्देश्य

१. पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
२. रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्धन र बजारीकरण प्रवर्धन गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. पशु नश्ल सुधार, गुणस्तरीय आहार तथा स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।
२. रैथाने जात संरक्षण र प्राङ्गारिक अभ्यास प्रवर्धन गर्ने ।
३. पशुपन्छी र मत्स्यपालन व्यावसायिक आयोजनाको विकास र सञ्चालन गर्ने ।
४. सामुदायिक पशुपालन व्यवसाय प्रवर्धन तथा सामूहिक उत्पादन प्रणालीको विकास गर्ने ।

### ४. कार्यनीति

१. जिल्लास्तरमा सहकारी, निजी र स्थानीय तहसँगको साझेदारीमा स्रोतकेन्द्र स्थापना गरी सेवा प्रवाह सहज बनाइने ।
२. सरकारी तथा निजी प्राविधिक सेवा प्रदायकको क्षमता अभिवृद्धि गरी भौचर प्रणालीमार्फत साना तथा विपन्न वर्गका कृषकलाई पशुजन्य उत्पादन सामग्री, प्राविधिक सेवा र पशुपन्छी बिमा सुविधा उपलब्ध गराइने ।
३. सुर्खेतमा स्थापित तरल नाइट्रोजन प्लान्टको उपयोग गरी जिल्लास्थित कार्यालय, स्थानीय तह र निजी पाराभेटमार्फत कृत्रिम गर्भाधान सेवा सञ्चालन गरी पशु नश्ल सुधार कार्यक्रम विस्तार गरिने ।
४. पशुपन्छी तथा मत्स्यपालनमा मध्यम तथा ठूला फार्मलाई प्रवर्धन गर्न निजी क्षेत्र र बैङ्क तथा वित्तीय संस्थाको लगानी (सहुलियत ऋण र ब्याज अनुदान समेत) वृद्धि गरिने ।
५. प्रदेशस्तरीय रिफरल पशुस्वास्थ्य अस्पताल स्थापना तथा सञ्चालन, जिल्लामा पशुपन्छी उपचार तथा आधारभूत प्रयोगशाला सेवा, स्थानीय तहसँगको समन्वयमा खोप सेवा, महामारी रोकथाम, नियन्त्रण, उपचार र जुनोटिक रोग सचेतना कार्यक्रम सञ्चालन गरिने ।
६. पशुपन्छी, मत्स्य तथा मौरीपालक किसानको सम्मान, मर्यादा, विपद् राहत र बिमामा आधारित जोखिम न्यूनीकरण तथा प्रोत्साहन उपलब्ध गराइने ।
७. सम्भाव्य स्थानहरूमा प्राङ्गारिक पशुपन्छीजन्य तथा मत्स्य उत्पादन वृद्धि गरिने ।
८. निजी क्षेत्रको साझेदारी र लगानीमा दुग्ध पदार्थ तथा मासु उत्पादन, सङ्कलन, चिस्यान र प्रशोधन उद्योग स्थापना गरी पशुपन्छीजन्य उत्पादन वृद्धि गरिने ।
९. उत्पादन, उत्पादित वस्तुको सङ्कलन र भण्डारणका लागि व्यवस्थित बधशाला तथा चिस्यान केन्द्र आदिको विकास गरी व्यावसायिक उत्पादनमा वृद्धि गरिने ।
१०. पशुपन्छीजन्य उत्पादनमा एन्टीबायोटिक्सको प्रयोग (अवशेष) न्यूनीकरण गरी प्राङ्गारिक गुणस्तरमा सुधार ल्याइने ।
११. नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान केन्द्र स्थापना र सञ्चालन गरिने ।
१२. आन्तरिक पशु क्वारेन्टाइन स्थापना र सञ्चालनबाट पशुपन्छीको रोग नियन्त्रणमा टेवा पुऱ्याइने ।
१३. पशुपन्छीको व्यवस्थित पालनबाट उत्पादकत्व वृद्धि गरिने तथा पशु मूत्र र मलबाट प्राङ्गारिक खेतीको खाद्य तत्व व्यवस्थापनमा सहयोग पुऱ्याइने ।
१४. पशुपन्छी जैविक विविधता विस्तार गरी पोषणयुक्त रैथाने आहारको उपलब्धतामार्फत स्थानीय पशुपन्छीको उत्पादकत्व बढाइने ।
१५. ठूला नदी कोरिडोर र पानीको प्राकृतिक बहाव क्षेत्रमा माछापालनमा निजी क्षेत्रको व्यावसायिक लगानी वृद्धि गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने ।
१६. भेडा, बाख्रा, च्याङ्ग्रा, गाई, भैँसी लगायतका पशुवस्तुको समूहगत एवं सामुदायिक पालन व्यवसायको संङ्ख्यात्मक वृद्धि गरी उत्पादनमा गुणात्मक सुधार ल्याइने ।

५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | पशुपन्छी तथा मत्स्य विकास स्रोतकेन्द्र स्थापना र सञ्चालन | बाख्रा/च्याङ्ग्रा/भेडा लगायत अन्यको स्रोत केन्द्र स्थापना तथा विकास गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | पशुपन्छी स्रोत केन्द्रबाट उन्नत नस्लका पशुपन्छी वितरण गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | प्राविधिक सेवा तथा क्षमता विकास कार्यक्रम | पशुपन्छी तथा कृषि प्रसार सेवाकर्मीहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने। | १ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | |
| | | असल पशुपालन अभ्यास तालिम (६ कार्यदिन) सञ्चालन गर्ने। | १ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | भेटेरिनरी इपिडिमियोलोजी तथा रोग रिपोर्टिङ सम्बन्धी तालिम प्रदान गर्ने। | १ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | पशु नश्ल सुधार कार्यक्रम | कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्ने। | १ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | पाराभेटहरूलाई पशुपन्छी प्रजनन तथा कृत्रिम गर्भाधान तालिम प्रदान गर्ने। | १ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | उन्नत नस्लका पशुपन्छी वितरण तथा पालनपोषण प्रवर्धन गर्ने। | १ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | पशुपन्छी र मत्स्यपालन व्यवसाय विकास र लगानी परिचालन | दुध उत्पादन गर्ने दुग्ध व्यवसायी कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | २ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | व्यावसायिक योजना निर्माण तथा लाभ-लागत विश्लेषण तालिम सञ्चालन गर्ने। | २ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | पशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | पशु स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम सञ्चालन गर्ने। | २ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने। | २ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| | | डिस्पेन्सरी सञ्चालनका लागि औषधि खरिद तथा वितरण गर्ने। | २ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ६ | कृषक सम्मान, व्यवसाय विकास तथा जोखिम न्यूनीकरण कार्यक्रम | पशुपन्छी तथा कृषि बिमा सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया गोष्ठी सञ्चालन गर्ने। | २ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | |
| | | कृषि पशुपन्छी जडीबुटी बिमा क्षति मूल्याङ्कन तालिम प्रदान गर्ने। | २ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | प्राङ्गारिक पशुपन्छी तथा मत्स्य उत्पादन कार्यक्रम | प्राङ्गारिक विधिबाट पशुपन्छी पालन प्रवर्धन तथा प्राकृतिक चरन व्यवस्थापन गर्ने। | २ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | जैविक औषधी तथा जडीबुटीमा आधारित पशु उपचार पद्धति प्रवर्धन गर्ने। | २ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | दुग्धपदार्थ, मासु तथा अन्य पशुपन्छीजन्य उत्पादन प्रर्वद्धन | दुध तथा दुधजन्य पदार्थको प्रशोधन/विविधीकरण सम्बन्धी तालिम सञ्चालन गर्ने। | ३ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | आवश्यकता र माग अनुसार निरन्तर | |
| | | पशु आहारा व्यवस्थापन (हिउँदे र वर्षे) कार्यक्रम सञ्चालन गर्ने। | ३ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | व्यावसायिक बङ्गुरपालन तालिम प्रदान गर्ने। | ३ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | आधारभूत पूर्वाधार विकास कार्यक्रम | पशुपन्छी तथा मत्स्य उत्पादन केन्द्रसम्म पहुँच पूर्वाधार निर्माण गर्ने। | ३ | ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | पशुपन्छी बजार पूर्वाधार विकास तथा सुदृढीकरण गर्ने। | ३ | ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान तथा विकासकेन्द्र | पशुपन्छी तथा मत्स्य क्षेत्रमा उपयुक्त प्रविधि अनुसन्धान र विस्तार गर्ने। | ३ | १० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | अध्ययन र आन्तरिक तयारी | कार्यान्वयन | |
| | | फिड फर्मुलेशन तालिम सञ्चालन गर्ने। | ३ | १० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | पशु क्वारेन्टाइन स्थापना तथा सञ्चालन | प्रदेशका प्रमुख नाकाहरूमा पशु क्वारेन्टाइन चौकी स्थापना र सञ्चालन गर्ने। | ३ | ११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अन्तरतह समन्वय र सहकार्य | अन्तरतह समन्वय र सहकार्य | अन्तरतह समन्वय र सहकार्य | अन्तरतह समन्वय र सहकार्य | अन्तरतह समन्वय र सहकार्य | |
| | | पशुपन्छी आयात-निर्यातमा स्वास्थ्य प्रमाणीकरण प्रक्रिया व्यवस्थापन गर्ने। | ३ | ११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | सीमापार पशु रोग नियन्त्रणका लागि निगरानी प्रणाली स्थापना गर्ने। | ३ | ११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | आन्तरिक तयारी | कार्यान्वयन | |
| १२ | गोठ व्यवस्थापन तथा पशुपन्छी मल-मूत्र व्यवस्थापन कार्यक्रम | गोठ सुधार तथा आधुनिकीकरण कार्यक्रम सञ्चालन गर्ने। | ३ | १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | पशुपन्छी मल-मूत्र व्यवस्थापन तथा जैविक मल उत्पादन प्रवर्धन गर्ने। | ३ | १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | रैथाने पशुपन्छी संरक्षण, प्रवर्धन र आहार व्यवस्थापन कार्यक्रम | रैथाने नस्लका पशुपन्छी संरक्षण तथा जर्मप्लाज्म बैङ्क स्थापना गर्ने। | ३ | १३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | रैथाने पशुपन्छी पालन प्रवर्धन गर्न कृषकहरूलाई प्रोत्साहन सहयोग प्रदान गर्ने। | ३ | १३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | मत्स्य विकास कार्यक्रम | प्राकृतिक जलाशयमा माछाको भुरा वितरण गर्ने। | ३ | १३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | माछापालक कृषकहरूलाई पानीको गुणस्तर सुधारका लागि चुना वितरण कार्यक्रम सञ्चालन गर्ने। | ३ | १४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | मत्स्यपालक कृषकहरूलाई साझेदारीमा मत्स्य सम्बन्धी यन्त्रहरू वितरण कार्यक्रम सञ्चालन गर्ने। | ३ | १४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | सामुदायिक पशुपन्छी पालन कार्यक्रम | सामुदायिक पशुपन्छी पालन समूह गठन तथा सुदृढीकरण गर्ने। | ४ | १५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्राकृतिक जलाशयमा निर्भर समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | ४ | १५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | दुध उत्पादन (वार्षिक) | मे टनमा | ११८७४२ | ११८७४२ | १२०५००० | १३०६१६ |
| २ | मासु उत्पादन (वार्षिक कुल) | मे.टन. | २४७९२ | २४७९२ | २५५०० | २६७०० |
| २.१ | राँगा/भैँसी | मे.टन. | ११८८० | ११८८० | १८५०० | २७२७१ |
| २.२ | खसी/बोका/भेडा | मे.टन. | १४६०३ | १४६०३ | १५६०० | १६५०० |
| २.३ | सुंगुर/बङ्गुर | मे.टन. | २८९२ | २८९२ | २९३०० | २९७०० |
| २.४ | कुखुरा/हाँस | मे.टन. | ४२३० | ४२३० | ४३२०० | ४३५०० |
| ३ | अण्डा उत्पादन (वार्षिक) | गोटा (हजारमा) | ७७७३१ | ७७७३१ | ७९००० | ८५२०० |
| ४ | माछा उत्पादन (वार्षिक) | मे.टन. | २९१ | २९१ | ३०२ | ३९० |
| ५ | दुध उपलब्धता (लिटर) | प्रति व्यक्ति/वर्ष | ६९ | ६९ | ७१ | ७६ |
| ६ | मासु उपलब्धता (केजी) | प्रति व्यक्ति/वर्ष | १४ | १४ | १५ | १६ |
| ७ | अण्डाको उपलब्धता (गोटा) | प्रति व्यक्ति/वर्ष | १८ | १८ | १९ | २० |
| ८ | पशुपन्छी स्रोतकेन्द्र स्थापना | सङ्ख्या | १० | १२ | १५ | २० |
| ९ | दुग्ध प्रशोधनकेन्द्र | सङ्ख्या | १ | १ | २ | ५ |
| १० | डेरी तथा दुग्ध सङ्कलनकेन्द्र | सङ्ख्या | १२ | १२ | २५ | ५० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

### ७. जोखिम पक्ष र अनुमान

पशुपन्छीमा लाग्ने आकस्मिक महामारी (जस्तैः खोरेत, पिपिआर, बर्ड फ्लू) र रैथाने माछाका लागि नदीजन्य पर्यावरणमा आउने ह्रास यस क्षेत्रका मुख्य जोखिम हुन्। साथै उन्नत जातका दाना र औषधिमा बाह्य निर्भरता र आधुनिक वधशाला (Slaughterhouse) को अभाव अर्को चुनौती हो। यद्यपि योजनाबद्ध रूपमा पशुपन्छी तथा मत्स्य व्यवसायको व्यावसायिक विस्तार गरिएमा ग्रामीण क्षेत्रमा थप रोजगारी सिर्जना हुने, पोषण सुरक्षामा सुधार आउने र पशुजन्य उपजहरूको छिमेकी प्रदेशहरूमा निर्यात बढेर कृषकहरूको जीवनस्तरमा युगान्कारी परिवर्तन आउने अनुमान गरिएको छ।

## ३.३ खाद्य सुरक्षा तथा सम्प्रभुता

### १. पृष्ठभूमि

खाद्य सुरक्षा तथा सम्प्रभुताका दृष्टिले कर्णाली प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०७८ अनुसार यस प्रदेशका २८ प्रतिशत घरपरिवारले पर्याप्त आहार उपभोग गर्न पाएका छैनन् भने ३२ प्रतिशत घरपरिवार अझै पनि खाद्य असुरक्षाको चपेटामा छन् । खाद्य सम्प्रभुताको सुनिश्चितता र खाद्य सुरक्षामा गरिने लगानीले मानवीय विकास र आर्थिक-सामाजिक उत्थानमा उत्साहप्रद प्रतिफल दिने देखिन्छ । यसका लागि प्रदेशमा प्राङ्गारिक कृषि, स्थानीय रैथाने बाली र पशुपन्छीजन्य उत्पादन एवं उपभोगमा जोड दिँदै रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनमार्फत खाद्य तथा पोषणको अवस्थामा सुधार ल्याउनु आवश्यक छ ।

### २. उद्देश्य

१. गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तुको आपूर्ति व्यवस्थापन सर्वसुलभ बनाउनु,

२. जोखिममा रहेका क्षेत्र र समूहमा खाद्य अधिकार प्रत्याभूत गर्नु,

३. खाद्य उत्पादन तथा आयमा आधारित खाद्य सुरक्षा सुनिश्चित गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितता ।
२. खाद्य तथा पोषण असुरक्षित घरपरिवारलाई आवश्यक खाद्यको व्यवस्था मिलाउने ।
३. स्थानीय स्रोतसाधनको संरक्षण, प्रवर्धन र उत्पादकत्व वृद्धि गर्ने ।
४. सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता तथा पहुँच सुनिश्चित गर्ने ।
५. कृषिको विविधीकरण, आधुनिकीकरण र व्यवसायीकरण मार्फत खाद्य असुरक्षाको जोखिम न्यूनीकरण गर्ने ।

### ४. कार्यनीति

१. प्रदेश स्तरीय खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गरी प्रदेशका सबै स्थानीय तहमा कृषि उत्पादनको सङ्कलन, भण्डारण र आपतकालीन वितरण गर्ने व्यवस्था मिलाइने ।
२. स्थानीय तहसँग समन्वय गरी खाद्य तथा पोषण असुरक्षित घरपरिवारको पहिचानसहित परिचयपत्र जारी गरी खाद्य व्यवस्थापन गरिने ।
३. पोषणयुक्त स्थानीय खाद्यवस्तुको पहिचान र सोको उत्पादनमा वृद्धि गरी कर्णाली ब्रान्डिङ (मूल्यवान) सहित बजारीकरण गरिने तथा वन मौरीको संरक्षण र घर मौरीपालनमार्फत मह उत्पादनको व्यवसायीकरण एवम् बजारीकरण गरिने ।
४. सङ्घ र स्थानीय तहसँगको समन्वयमा कानुन प्रदत्त खाद्य अधिकार र खाद्य सम्प्रभुता प्रत्याभूत गराइने तथा दिवा खाजा कार्यक्रमका लागि सबै विद्यालयमा स्थानीय रैथाने खाद्यको उपलब्धता सुनिश्चित गरिने ।
५. खाद्य असुरक्षा रहेका स्थानमा खाद्य उत्पादन वृद्धि तथा भण्डारणको व्यवस्था गरी खाद्य सुरक्षाका सूचकमा सुधार ल्याइने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | आपतकालीन खाद्य सुरक्षाका लागि खाद्यान्न भण्डारण | विपद् जोखिमको आधारमा खाद्यान्न मौज्दात व्यवस्थापन, अद्यावधिक र आपतकालीन खाद्य आपूर्ति शृङ्खला व्यवस्थापन प्रणाली विकास गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | आवश्यकता पहिचान | सरोकारवालासँग समन्वय र सहकार्य | नीतिगत र संस्थागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| २ | खाद्य तथा पोषण असुरक्षित घर-परिवारका लागि खाद्य व्यवस्थापन | खाद्य तथा पोषण असुरक्षित घरपरिवारको पहिचान तथा वर्गीकरण गर्ने। | २ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | आवश्यकता पहिचान | सरोकारवालासँग समन्वय र सहकार्य | नीतिगत र संस्थागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| | | लक्षित समूहका लागि पोषणसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने। | २ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | आपतकालीन खाद्य राहत वितरण प्रणाली व्यवस्थापन गर्ने। | २ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | पोषणयुक्त स्थानीय खाद्य वस्तुको पहिचान र उत्पादनमा प्रोत्साहन | पोषणयुक्त स्थानीय खाद्य वस्तुको पहिचान, दस्तावेजीकरण र उत्पादन प्रवर्धन गर्ने। | ३ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | आवश्यकता पहिचान | सरोकारवालासँग समन्वय र सहकार्य | नीतिगत र संस्थागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| | | स्थानीय खाद्य विविधता अभिवृद्धि र पोषण शिक्षा प्रदान गर्ने। | ३ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | खाद्य अधिकार, खाद्य सम्प्रभुता सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | ४ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | खाद्य तथा पोषण सुरक्षा सम्बन्धी नीति कार्यान्वयन अनुगमन गर्ने। | ४ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | स्थानीय तहसँग समन्वय गरी खाद्य सुरक्षा तथ्याङ्क अद्यावधिक गर्ने। | ४ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | आवश्यकता पहिचान | सरोकारवालासँग समन्वय र सहकार्य | नीतिगत र संस्थागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| ५ | खाद्य असुरक्षा जोखिम न्यूनीकरण कार्यक्रम | खाद्य असुरक्षा जोखिम मानचित्रण तथा प्रारम्भिक चेतावनी प्रणाली विकास गर्ने। | ५ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | आवश्यकता पहिचान | सरोकारवालासँग समन्वय र सहकार्य | नीतिगत र संस्थागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| | | आकस्मिक बाली संरक्षण सेवा तथा प्राकृतिक प्रकोप राहत कार्यक्रम सञ्चालन गर्ने। | ५ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | खाद्य असुरक्षित परिवारका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने। | ५ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र अन्तरतह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | **सूचक** | **एकाइ** | **२०७९/८० सम्मको स्थिति** | **२०८०/८१ सम्मको यथार्थ** | **२०८३/८४ सम्मको लक्ष्य** | **२०८५/८६ सम्मको लक्ष्य** |
|---|---|---|---|---|---|---|
| १ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७.० | ७.० | ६.० | ५.० |
| २ | आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएका स्थानीय तह | प्रतिशत | - | - | १३ | ४० |
| ३ | पोषणयुक्त स्थानीय खाद्य वस्तु उत्पादन गर्ने किसान/समूह | किसान समूह | - | - | ५० | २०० |
| ४ | पोषणयुक्त स्थानीय खाद्यवस्तु जनचेतना कार्यक्रमबाट लाभान्वित | सङ्ख्या | ० | ० | ५० | २०० |
| ५ | खाद्य सम्प्रभूता तथा खाद्य सुरक्षा कार्यक्रम समावेश गरी वार्षिक योजना बनाउने स्थानीय तह | प्रतिशत | २४ | ३० | ४५ | ७९ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

### ७. जोखिम पक्ष र अनुमान

जलवायु परिवर्तनका कारण रैथाने उत्पादन चक्रमा पर्ने असर, बाह्य आयातित खाद्यान्नमा बढ्दो निर्भरता र भौगोलिक विकटताका कारण आपूर्ति प्रणाली अवरुद्ध हुन सक्ने यस क्षेत्रका मुख्य जोखिम हुन्। यद्यपि प्राङ्गारिक कृषि र रैथाने बालीको प्रवर्धन गर्ने रणनीति प्रभावकारी रूपमा कार्यान्वयन भएमा खाद्य असुरक्षामा रहेका ३२ प्रतिशत घरपरिवारको सङ्ख्यामा उल्लेखनीय गिरावट आउने, प्रदेश खाद्य सम्प्रभुतातर्फ अग्रसर हुने र मानव विकास सूचकाङ्कमा गुणात्मक परिवर्तन आउने अनुमान गरिएको छ।

## ३.४ भू-उपयोग तथा भूमि व्यवस्था

### १. पृष्ठभूमि

देशको सबैभन्दा ठूलो ३०,२११ वर्ग कि.मी. क्षेत्रफल ओगटेको कर्णाली प्रदेशको भूबनोट विशिष्ट छ, जहाँ प्रतिघरपरिवार औसत ८.२५ हेक्टर भूमि पर्दछ । कुल भूमिको करिब ९.५२ प्रतिशत (२,८७,७६१ हेक्टर) भूमि खेतीयोग्य रहेकोमा हाल २,००,६०२ हेक्टरमा मात्र खेती भइरहेको छ भने प्रतिघरपरिवार कृषियोग्य भूमि औसत ०.८२ हेक्टर छ । खेतीयोग्य भूमिको करिब ३०.२९ प्रतिशत जमिन बाँझो रहेकाले यसलाई भू-उपयोग नीति अनुसार वर्गीकरण गरी उत्पादनमूलक क्षेत्रमा लगाउने र डाँडाकाँडा, खर्क एवं हिमाली पाटन जस्ता बाँझो भूमिलाई जडीबुटी र पशुपालनमा कुशल उपयोग गरी भूगोललाई समृद्धिको आधार बनाउने प्रवल सम्भावना छ ।

### २. उद्देश्य

१. कृषियोग्य भूमिको दिगो व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्नु,
२. जोखिम संवेदनशील र भू-उपयोग योजना कार्यान्वयन तथा नियमन गर्नु,
३. भू–स्वामित्वमा रहेका जटिलताको समाधान र अतिक्रमण नियन्त्रण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. वैज्ञानिक भू–उपयोग योजना लागु गर्ने ।
२. भूमि अतिक्रमण नियन्त्रण तथा जोखिम न्यूनीकरण गर्ने ।
३. भू–स्वामित्वमा रहेका जटिलताको निराकरण गर्ने ।
४. भूमिको उत्पादनशील उपयोगलाई प्रोत्साहन गर्ने ।

### ४. कार्यनीति

१. वैज्ञानिक भू-उपयोग गुरुयोजना कार्यान्वयन गरी कृषियोग्य भूमिको गैर-कृषि प्रयोग निरुत्साहित गरिने ।
२. सङ्घ तथा स्थानीय सरकारको समन्वयमा भूमिहीन, सुकुम्वासी र विपन्न परिवारलाई खेतीयोग्य जग्गा उपलब्ध गराइने ।
३. भूमि बैङ्कमार्फत खेतीयोग्य जमिनको व्यवसायीकरण, बाँझो जग्गाको उपयोग र सार्वजनिक जमिनको लगत अद्यावधिक गरिने ।
४. भूमिहीन, सुकुम्वासी र सीमान्तकृत समुदायको पहिचान गरी बगर खेती, कृषि वन, कबुलियती वन र करार खेती जस्ता कार्यक्रम सञ्चालन गरिने ।
५. खाली भूमिलाई अतिक्रमणमुक्त गराई तथा दुरूपयोग हुनबाट रोकी कृषिजन्य उत्पादन वृद्धि गरिने ।
६. उत्पादन बढाउन कृषि यान्त्रीकरणका लागि गह्रा सुधार तथा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिने ।
७. साना र मझौला किसानलाई एकीकृत गरी कृषि सहकारी वा समूह स्थापनामार्फत उत्पादन कार्य प्रारम्भ गराइने ।

### ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रदेश भू-उपयोग नीति तथा गुरुयोजना कार्यान्वयन तथा नियमन | कर्णाली प्रदेश भू-उपयोग नीति तर्जुमा तथा कार्यान्वयन गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन तथा छलफल | अध्ययन तथा छलफल | तर्जुमा र प्रमाणीकरण | कार्यान्वयन | कार्यान्वयन | |
| | | GIS and Remote Sensing सम्बन्धी तालिम सञ्चालन गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कर्णाली प्रदेश भित्रका सरकारी जग्गाको तथ्याङ्क सङ्कलन, प्रोफाइल तयारी तथा प्रकाशन गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | भूमिहीन दलित, सुकुम्वासी, विपन्न परिवारका लागि जग्गा व्यवस्थापन | भूमिहीन दलित, सुकुम्वासी तथा विपन्न परिवारको पहिचान तथा वर्गीकरण गर्ने। | १ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अन्तरतह समन्वय र सहकार्य | आवश्यकता पहिचान | नीतिगत र संरचनागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| | | लक्षित समूहका लागि आवास जग्गा वितरण तथा जग्गा दर्ता प्रक्रिया सहजीकरण गर्ने। | १ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अन्तरतह समन्वय र सहकार्य | आवश्यकता पहिचान | नीतिगत र संरचनागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| ३ | प्रदेश भूमि बैङ्कको स्थापना र सञ्चालन | प्रदेश भूमि बैङ्कको संस्थागत संरचना विकास तथा सञ्चालन गर्ने। | २ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अन्तरतह समन्वय र सहकार्य | आवश्यकता पहिचान | नीतिगत र संरचनागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| | | बाँझो जमिनको नक्साङ्कन, डिजिटल अभिलेखीकरण र वर्गीकरण गर्ने। | २ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अन्तरतह समन्वय र सहकार्य | आवश्यकता पहिचान | नीतिगत र संरचनागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| | | गुठी जग्गाको तथ्याङ्क अद्यावधिक तथा प्रकाशन गर्ने। | २ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | अन्तरतह समन्वय र सहकार्य | आवश्यकता पहिचान | नीतिगत र संरचनागत प्रबन्ध | कार्यान्वयन | निरन्तर | |
| ४ | भूमिहीन, सुकुम्वासी र सीमान्तकृत वर्ग लक्षित आयआर्जन कार्यक्रम | लक्षित वर्गका लागि सिपमूलक तालिम तथा आय आर्जन कार्यक्रम सञ्चालन गर्ने। | २ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | खाली जमिन, पाटन तथा खर्क संरक्षण र समुचित उपयोग | खाली जमिन, पाटन तथा खर्क क्षेत्रको सीमाङ्कन र अभिलेखीकरण गर्ने। | ३ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | तथ्याङ्क सङ्कलन | आन्तरिक तयारी र समन्वय | कार्यान्वयन | |
| | | पाटन तथा खर्क क्षेत्रमा दिगो चरन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने। | ३ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | अध्ययन तथा प्रतिवेदन तयारी | कार्यान्वयन | कार्यान्वयन | |
| | | सार्वजनिक जमिनको अवैध कब्जा नियन्त्रण तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने। | ३ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | कृषि यान्त्रिकीकरणका लागि गरा सुधार तथा चक्लाबन्दी कार्यक्रम | कृषि यान्त्रिकीकरण योग्य जमिनको पहिचान र चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने। | ४ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कृषि मेशीनरी औजार मर्मत सम्भार तथा व्यवस्थापन तालिम सञ्चालन गर्ने। | ४ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ७ | सार्वजनिक तथा प्रति जमिनमा सामूहिक व्यावसायिक कृषि प्रवर्धन | सार्वजनिक तथा प्रति जमिनमा सामूहिक व्यावसायिक कृषि प्रवर्धन गर्ने। | ४ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सामूहिक कृषि समूह गठन तथा व्यावसायिक योजना निर्माण सहयोग गर्ने। | ४ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सार्वजनिक जमिन उपयोग सम्बन्धी नीति कार्यान्वयन अनुगमन गर्ने। | ४ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | कृषि कार्यमा प्रयोग भएको खेतीयोग्य भूमि | प्रतिशत | ६९.७१ | ६९.७१ | ७२ | ७५ |
| २ | कृषियोग्य जमिनको चक्लावन्दी | हे. | ० | १० | ४० | १०० |
| ३ | कृषियोग्य जग्गामध्ये बाँझो जग्गा | प्रतिशत | ३०.२८ | ३०.१० | २८ | २४ |
| ४ | भूमिको प्रतिहेक्टर उत्पादकत्व | रु | ४६८३३६ | ४६८३३६ | ४७५०० | ५१५१७० |
| ५ | महिला वा महिला र पुरुषको संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा | प्रतिशत | १२.६ | १२.६ | १३.५ | १६.३ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

## ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटता, भूमिको खण्डीकरण र परम्परागत भू-स्वामित्वका कारण भू-उपयोग नीतिको स्थानीय स्तरमा व्यावहारिक कार्यान्वयन हुनु यस क्षेत्रको मुख्य जोखिम हो। यद्यपि उपलब्ध बाँझो जमिन, खर्क र पाटनहरूलाई नीतिगत रूपमै जडीबुटी, पशुपालन र उत्पादनमूलक क्षेत्रमा व्यवस्थित रूपमा परिचालन गर्न सकिएमा कृषि र आर्थिक क्षेत्रमा ठूलो गुणात्मक फड्को मार्न सकिने अनुमान गरिएको छ।

## ३.५ सहकारी तथा वित्तीय सेवा

### १. पृष्ठभूमि

बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति तुलनात्मक रूपमा न्यून भएको यस प्रदेशमा हाल प्रदेश मातहत ३२१ र स्थानीय तह मातहत २,१०० गरी कुल २,४०० भन्दा बढी सहकारी संस्थाहरू सक्रिय छन्, जसले छरिएर रहेको श्रम, सिप, प्रविधि र पुँजीलाई एकत्रित गरी उद्यमशीलता विकासमा योगदान पुऱ्याउँदै आएका छन्। पछिल्लो समय प्रदेश राजधानी र प्रमुख आर्थिक केन्द्रहरूमा व्यावसायिक गतिविधि, पर्यटन र विप्रेषण (Remittance) मा भएको विस्तारका कारण बैङ्क, वित्तीय संस्था, बिमा कम्पनी र सेयर ब्रोकरका शाखाहरू बढ्दै गएकाले प्रदेश अर्थतन्त्र थप चलायमान हुने उच्च सम्भावना छ।

### २. उद्देश्य

१. सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सिप, स्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,
२. सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. सहकारीको संस्थागत क्षमता विकास र प्रभावकारी नियमन गर्ने।
२. वित्तीय साक्षरता विस्तार गर्ने।
३. लघु घरेलु तथा साना व्यवसायीको क्षमता विकास गर्ने।
४. स्थानीय सरकार, बैङ्क तथा निजी क्षेत्रसँग सहकार्य गर्ने।

### ४. कार्यनीति

१. प्रदेश र सबै स्थानीय तहमा सहकारी सूचना प्रणालीको स्थापना गरी विद्यालय पाठ्यक्रम, आमसञ्चारका माध्यम र सहकारी सञ्चालकका लागि व्यवस्थापन तालिम सञ्चालन गरिने।
२. लक्षित वर्गका लागि व्यावसायिक तालिम, लेखा तथा कोष व्यवस्थापन लगायतका तालिम उपलब्ध गराई सहज वित्तीय सेवामा उनीहरूको पहुँच पुऱ्याइने।
३. 'एक सहकारी-एक नमुना उत्पादन' को ब्रान्डिङ गरी बजारीकरण गर्न तथा विशिष्टीकृत सहकारीमार्फत आर्थिक रूपान्तरणका क्रियाकलाप सञ्चालन गरिने।
४. व्यवसाय सुरु गर्न, उत्पादन बढाउन र बजारीकरणका लागि सहकारी, निजी र सार्वजनिक साझेदारीमा व्यवसाय विकासका नमुना कार्यक्रम सञ्चालन गरिने।
५. शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, प्राकृतिक स्रोतमा आधारित उद्यम, आधारभूत उपभोग एवं व्यावसायिक कृषिको क्षेत्रमा नयाँ सहकारी व्यवसाय स्थापना र सञ्चालन गरिने।
६. सहकारी क्षेत्रमार्फत कर्णालीको मौलिक कला, संस्कृति र उत्पादनको संरक्षण, प्रशोधन तथा बजारीकरण गरिने।
७. सहकारीको माध्यमबाट नवीन उद्यम व्यवसायको सिर्जना, विकास तथा प्रवर्धन गरिने।
८. सहकारीका सदस्यहरूलाई सहुलियत ब्याज अनुदान उपलब्ध गराई पेसा व्यवसाय सञ्चालनमा प्रोत्साहन दिइने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | सहकारी सूचना प्रणाली स्थापना, सहकारी शिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रम | सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) तालिम सञ्चालन गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | राष्ट्रिय सहकारी दिवस सञ्चालन गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सहकारी संस्थाका प्रशिक्षक प्रशिक्षण (TOT) तालिम सञ्चालन गर्ने। | १ | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न लगायतका लक्षित वर्गमा वित्तीय पहुँच विस्तार कार्यक्रम | महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | २ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | लक्षित वर्गका लागि सहकारी सदस्यता विस्तार तथा बचत/ऋण सेवा पहुँच अभिवृद्धि गर्ने। | २ | २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | विशिष्टीकृत उत्पादन, प्रशोधन र बजारीकरणमा सहजीकरण | विशिष्टीकृत उत्पादन तथा प्रशोधनमा सहकारी संस्थाहरूको सहभागिता वृद्धि गर्ने। | ३ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | उद्यमशीलता तथा व्यावसायिक योजना निर्माण तालिम सञ्चालन गर्ने। | ३ | ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | सहकारी, निजी र सार्वजनिक साझेदारी उद्यमशीलता विकास कार्यक्रम | सहकारी, निजी र सार्वजनिक साझेदारी (PPP) मोडलमा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने। | ३ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण तथा सुशासन प्रवर्धन गर्ने। | ३ | ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | प्रदेशको तुलनात्मक लाभ र सार्वनजिक क्षेत्रमा सहकारी तथा बैङ्क वित्तीय संस्थाको लगानी विस्तार | प्रदेशको तुलनात्मक लाभका क्षेत्रमा सहकारी तथा बैङ्क/वित्तीय संस्थाको लगानी परिचालन गर्ने। | ३ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सहकारी तथा निजी क्षेत्रको लगानी अनुगमन तथा मूल्याङ्कन गर्ने। | ३ | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | बहुउद्देशीय सहकारी प्रवर्धन कार्यक्रम | बहुउद्देशीय सहकारी संस्थाहरू स्थापना तथा सुदृढीकरण गर्ने। | ४ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | बहुउद्देशीय सहकारी कार्यक्रम सञ्चालन तथा अनुगमन गर्ने। | ४ | ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | सहकारी उद्यम प्रवर्धन | सहकारी उद्यम स्थापना तथा व्यावसायीकरण | ४ | ७ | भूमि व्यवस्था, कृषि तथा | सम्बन्धित | कार्यक्रम | कार्यक्रम | निरन्तर | समीक्षा र | निरन्तर | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | कार्यक्रम | सहयोग गर्ने। | | | सहकारी मन्त्रालय | मन्त्रालय/निकाय | सञ्चालन | सञ्चालन | | सुधार | | |
| | | सहकारी उद्यमका लागि बजार सम्पर्क र व्यावसायिक नेटवर्क विस्तार गर्ने। | ४ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सहकारी उद्यम सञ्चालन सम्बन्धी अनुगमन तथा मूल्याङ्कन गर्ने। | ४ | ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | सहुलियत व्याज अनुदान सहयोग कार्यक्रम | कृषि ऋणको व्याजमा सहुलियत सहयोग कार्यक्रम सञ्चालन गर्ने। | ४ | ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा बैङ्क तथा वित्तीय क्षेत्रको कुल कर्जा लगानी | रु.अर्ब | ५७.६५ | ६०.०० | ७५.०० | १००.०० |
| २ | सूचकमा आधारित अनुगमन भएका संस्था | प्रतिशत | १० | १२ | २५ | ३५ |
| ३ | सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध सहकारी संस्था | प्रतिशत | ४० | ४५ | ६० | ७० |
| ४ | प्रदेशमा प्रवाहित सहुलीयतपूर्ण कर्जा | रु. करोड | १.५ | १.५ | ३ | ५ |
| ५ | ब्याज अनुदान कार्यक्रमबाट लाभान्वित सहकारी सदस्य | सङ्ख्या | ९६० | ९६० | १५०० | ५००० |
| ६ | बैङ्क तथा वित्तीय संस्थाको शाखा | सङ्ख्या | ४६६ | ५०० | ५५० | ६०० |
| ७ | बैङ्क/ वित्तीय संस्थाका प्रति शाखा ग्राहक | सङ्ख्या | ३४०० | ३३१७ | ३००० | २५०० |

स्रोतः नेपाल राष्ट्र बैङ्क।

### ७. जोखिम पक्ष र अनुमान

सहकारी संस्थाहरूमा संस्थागत सुशासनको कमी, प्रभावकारी नियमनको अभाव र ग्रामीण क्षेत्रमा डिजिटल तथा वित्तीय साक्षरता कमजोर हुनु यस क्षेत्रका मुख्य जोखिम हुन्। यद्यपि प्रदेशमा वित्तीय संस्थाहरूको बढ्दो उपस्थितिसँगै स्थानीय पुँजी र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न सकिएमा आन्तरिक रोजगारीमा वृद्धि भई प्रादेशिक अर्थतन्त्र सुदृढ र आत्मनिर्भर बन्ने अनुमान गरिएको छ।

# परिच्छेद-चारः खनिज, उद्योग, वाणिज्य र पर्यटन

## ४.१ खानी तथा खनिज सम्पदा

### १. पृष्ठभूमि

यस प्रदेशमा विभिन्न प्रकारका खानी तथा खनिज पदार्थको संभावना रहेको छ । दैलेखका विभिन्न स्थानमा पेट्रोलियम पदार्थको ठूलो भण्डार रहेको विस्तृत अध्ययनबाट पुष्टि भईसकेको छ । जाजरकोट लगायतका अन्य क्षेत्रमा पनि बहुमूल्य धातु लगायतका विभिन्न खनिज तथा खानीको व्यावसायिक सम्भाव्यता रहेको छ । दैलेखको जौंचौर र मुगुको डोन्फोमा तामाखानीको संभावना रहेको आँकलन गरिएको छ भने सुर्खेतको भेरी नदी र रुकुमको वार्गेमा सुनखानीको संभावना रहेको अनुमान गरिएको छ । यस्तै जाजरकोटमा प्रशस्त मात्रामा टुर्मालिन र अन्य बहुमूल्य रत्न पत्थरका अवशेष फेला परेको खानी तथा भूगर्भ विभागको अध्ययनले देखाएको छ । प्रदेशमा परम्परागत रूपमा तामा तथा फलाम उत्खनन् हुने गरेको संकेत भएका स्थानहरू प्रशस्त छन् ।

हुम्ला र दैलेखमा ग्रेनाइटको खानी रहेको अनुमान गरिएको छ । सिमेन्ट उद्योगका लागि चाहिने चुनढुङ्गाका खानीहरू प्रशस्त रहेका छन् । यसका अतिरिक्त कालिकोट, जाजरकोट तथा दैलेखका विभिन्न स्थानमा काइनाईट पत्थरको संभावना तथा मुगुको दोल्फुमा तामा खानी देखिएको छ । जुम्ला र हुम्लाको प्राकृतिक रूपमा तातोपानी पाइने क्षेत्रमा गन्धक खानी रहेको अनुमान गरिएको छ । यसका अतिरिक्त कर्णाली लगायतका ठूला नदी तथा सहायक नदी र खोलानालाबाट निर्माण सामग्रीको उत्खनन तथा व्यवस्थापन हुँदै आएको छ । पहाडी जिल्लाका विभिन्न स्थानमा छाना छाउन प्रयोग हुने ढुङ्गा तथा स्लेटको प्राकृतिक भण्डारण रहेका छन् ।

### २. उद्देश्य

१. संभाव्य खानी तथा खनिज पदार्थको भौगर्भिक अन्वेषण र भौगोलिक नक्साङ्कन गर्नु,
२. खानी तथा खनिज क्षेत्रको विकास र समोचित उपयोगको वातावरण निर्माण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. नीतिगत, कानुनी तथा संरचनागत प्रबन्ध गर्ने ।
२. लगानीयोग्य परियोजनाहरूको तयारी तथा लगानी आकर्षण गर्ने ।
३. अन्तरसरकार, निजी क्षेत्र तथा सरोकारवालासँग साझेदारी र सहकार्य गर्ने ।

### ४. कार्यनीति

१. खानी तथा खनिजको अन्वेषण सम्बन्धी कार्यका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्ने ।
२. संभाव्य क्षेत्रमा भौगोलिक सर्वेक्षण तथा भौगर्भिक अन्वेषण कार्यको सुरूवात गर्ने ।
३. सम्भाव्यता अध्ययनको आधारमा निजी क्षेत्रलाई प्रोत्साहन गरी जाजरकोट लगायत संभाव्य क्षेत्रमा रत्न पत्थर जस्ता बहुमूल्य पत्थर प्रशोधन उद्योग स्थापना गर्ने ।
४. प्राकृतिक स्रोतसाधन, मानवबस्ती, पर्यावरण र पारिस्थितिकीय प्रणाली संरक्षण हुने गरी ढुङ्गा गिट्टी तथा बालुवाको उत्खनन् तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने ।
५. सम्भावना भएका जिल्लाहरू (जाजरकोट, दैलेख, मुगु, कालिकोट, रुकुम, सल्यान र जुम्ला ) मा ढुङ्गा तथा स्लेट उत्खननको विस्तृत सम्भाव्यता अध्ययन गर्ने ।
६. खानी तथा खनिजको विस्तृत अध्ययन, परम्परागत प्रविधिको प्रवर्धन,नयाँ प्रविधि प्राप्ति/सिकाइ तथा प्राविधिकको क्षमता विकास सम्बन्धी कार्यक्रम नियमित सञ्चालन गर्ने ।

## ५. कार्ययोजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | खानी तथा खनिज पदार्थ सम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था | खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धी ऐन/नियमावली तर्जुमा गर्ने | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल सरकार सङ्घीय मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | ऐन/नियमावली तर्जुमा गर्ने | कार्यान्वयन | कार्यान्वयन | |
| | | खानी तथा खनिज पदार्थ सम्बन्धी संरचनागत/संस्थागत व्यवस्था गर्ने | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | संरचनागत/संस्थागत व्यवस्था गर्ने | कार्यक्रम सञ्चालन | |
| २ | भौगर्भिक सर्वेक्षण तथा अन्वेषण र नक्साङ्कन कार्यक्रम | भौगर्भिक सर्वेक्षण तथा अन्वेषण र नक्साङ्कन कार्यक्रम | २ | २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | निजि क्षेत्र, स्थानीय तह, | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | नक्साङ्कन कार्यक्रम | कार्यक्रम सञ्चालन | |
| ३ | बहुमूल्य रत्न पत्थरको अनुसन्धान, पहिचान, सङ्कलन तथा प्रशोधन | बहुमूल्य रत्न पत्थरको अनुसन्धान, पहिचान, सङ्कलन तथा प्रशोधन सम्बन्धी कार्य | ३ | ३ | सङ्घीय सरकार | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पहिचान सम्बन्धी कार्य, | सङ्कलन सम्बन्धी कार्य | प्रशोधन सम्बन्धी कार्य | |
| ४ | नदीजन्य पदार्थ उत्खनन र प्रशोधन नियमन तथा बिक्री वितरण र व्यवस्थापन कार्यक्रम | नदीजन्य पदार्थ उत्खनन र प्रशोधन नियमन तथा बिक्री वितरण र व्यवस्थापन कार्यक्रम | १ | ४ | स्थानीय तह | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सङ्घीय सरकार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | नदीनालामा ढुङ्गा, बालुवा लगायतका वस्तु थेग्रिने संरचना (सेडिमेन्टेसन् ड्याम) निर्माण | नदीनालामा ढुङ्गा, बालुवा लगायतका वस्तु थेग्रिने संरचना (सेडिमेन्टेसन् ड्याम) निर्माण | ३ | ४ | सङ्घीय सरकार | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अन्तर तह समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| ६ | ढुङ्गा तथा स्लेट उद्योग स्थापना तथा प्रवर्धन कार्यक्रम | ढुङ्गा तथा स्लेट उद्योगको सम्भाव्यता अध्ययन | ३ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अन्तर तह समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| | | ढुङ्गा तथा स्लेट उद्योग स्थापना तथा प्रवर्धन कार्यक्रम | २ | ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अन्तर तह समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| ७ | प्रविधि हस्तान्तरण तथा क्षमता विकास कार्यक्रम | प्रविधि हस्तान्तरण | ३ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अन्तर तह समन्वय र सहकार्य | छलफल एवं पूर्वतयारी | कार्यान्वयन | |
| | | क्षमता विकास कार्यक्रम | ३ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अन्तर तह समन्वय र सहकार्य | छलफल एवं पूर्वतयारी | कार्यान्वयन | |

**६. नतिजा खाका**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | खानी तथा उत्खनन क्षेत्रको वृद्धिदर | प्रतिशत | ०.५६ | २.७३ | ८.० | १०.० |
| २ | नयाँ खानीहरूको अन्वेषण | सङ्ख्या | १ | २ | ५ | ७ |
| ३ | उत्खनन सुरु भएका खानी | सङ्ख्या | ९ | १० | ११ | १५ |
| ४ | पहिचान भएका रत्नपत्थर | सङ्ख्या | ७ | १० | ११ | १५ |
| ५ | रत्न पत्थर प्रशोधन उद्योग | सङ्ख्या | २ | २ | ३ | ३ |
| ६ | चुनढुङ्गा उद्योग | सङ्ख्या | १ | १ | १ | २ |
| ७ | प्रदेश जिडिपिमा खानी र उत्खनन क्षेत्रको योगदान | प्रतिशत | ०.२ | ०.२ | १.५ | ३.० |
| ८ | प्रदेशमा दर्ता खनिज प्रशोधन उद्योग (कुल) | सङ्ख्या | २९ | ५० | ६४ | ६६ |
| ९ | उत्पादित रत्नपत्थर (वार्षिक) | मे टन | ५ | ७ | १० | १२ |
| १० | उत्पादित चुन ढुङ्गा (वार्षिक) | मे टन | ० | ० | ५०० | १५०० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश

**७. जोखिम पक्ष र अनुमान**

योजनाले अङ्गीकार गरेका लक्ष्य तथा उद्देश्यहरूको सफल प्राप्तिका लागि सम्बद्ध निकायहरूबिच प्रभावकारी समन्वय र सहकार्य सुनिश्चित गर्ने । यस प्रक्रियामा सम्बन्धित सबै पक्षहरूबिच सक्रिय समन्वय हुनु अपरिहार्य छ, अन्यथा यी कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन नसकेमा योजनाले राखेका नतिजाहरू हासिल नहुने र अपेक्षित उपलब्धि प्राप्त गर्न नसकिने जोखिम रहन्छ

## ४.२ उद्योग, वाणिज्य तथा आपूर्ति

### १. पृष्ठभूमि

प्रदेशको आर्थिक समृद्धिका लागि उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रलाई प्रमुख संवाहकको रूपमा लिँदै उद्यमशीलता विकास र स्वरोजगारीमार्फत गरिबी न्यूनीकरण गर्ने लक्ष्य राखिएको छ । स्थानीय कच्चा पदार्थ र सिपमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्धन, औद्योगिक पूर्वाधारको विकास र वैदेशिक लगानी आकर्षण गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्धनमा जोड दिनु आवश्यक छ । विशेष गरी दोस्रो पञ्चवर्षीय योजनाले प्राथमिक उत्पादनमा आधारित अर्थतन्त्रलाई औद्योगिकीकरणतर्फ लैजाँदै कृषि र पर्यटनलाई मूल्य श्रृङ्खलामा आबद्ध गरी दिगो र समावेशी आर्थिक विकास हासिल गर्ने मार्गचित्र तय गरेको छ ।

### २. उद्देश्य

१. उत्पादन तथा प्रशोधन उद्योगको विकास तथा विस्तार गर्नु,
२. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज, नियमित र भरपर्दो बनाउनु,
३. बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार बनाउनु ।

### ३. रूपान्तरणकारी रणनीति

१. औद्योगिक नक्साङ्कन गर्ने ।
२. औद्योगिक पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्ने ।
३. तुलनात्मक लाभका औद्योगिक वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
४. आपूर्ति श्रृङ्खला सबलीकरण गर्ने ।
५. बजार अनुगमन तथा नियमन प्रभावकारी बनाउने ।

### ४. कार्यनीति

१. औद्योगिक संभावना भएका तुलनात्मक लाभका क्षेत्रको पहिचान र नक्शाकन गर्ने ।
२. स्टार्टअप कर्जा मार्फत नव प्रवर्धन उद्यमीलाई प्रोत्साहान गर्ने ।
३. कर्णालीको ब्रान्डिङ्ग गरी स्थानीय कच्चा पदार्थमा आधारित उद्यमको विकास भई निर्यात प्रवर्धन गर्ने ।
४. रेशाजन्य वस्तु, खानी तथा खनिज, कृषि र वनमा आधारित उत्पादन र प्रशोधन उद्योगको स्थापना तथा विस्तार गर्ने ।
५. उद्योग स्थापना र सञ्चालनका लागि आधारभूत औद्योगिक पूर्वाधार निर्माण गर्ने ।
६. अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्ति श्रृङ्खला सहज, नियमित र भरपर्दो बनाइनेछ ।
७. विजनेस ईन्क्युवेसन् सेन्टर स्थापना गर्ने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | औद्योगिक सम्भाव्यताको अध्ययन तथा नक्साङ्कन र औद्योगिक विकास गुरुयोजना तर्जुमा | औद्योगिक सम्भाव्यताको अध्ययन | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | पूर्वतयारी | सम्भाव्यता अध्ययन | गुरुयोजना तयारी | कार्यान्वयन | कार्यान्वयन | |
| | | नक्साङ्कन र औद्योगिक विकास गुरुयोजना तर्जुमा | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय र कर्णाली प्रदेश योजना आयोग | पूर्वतयारी | सम्भाव्यता अध्ययन | आन्तरिक तयारी | गुरुयोजना तर्जुमा | कार्यान्वयन | |
| २ | प्रदेश औद्योगिक विकास प्रतिष्ठान तथा नवप्रवर्तन कोषको स्थापना | प्रदेश औद्योगिक विकास प्रतिष्ठान स्थापना | २ | २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | पूर्वतयारी | सम्भाव्यता अध्ययन | आन्तरिक तयारी | अध्ययन तथा छलफल | कार्यान्वयन | Start up fund स्थापनामा सहमति प्राप्त हुन नसकेको |
| | | नवप्रवर्तन कोषको स्थापना गर्ने | २ | ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | पूर्वतयारी | सम्भाव्यता अध्ययन | आन्तरिक तयारी | अध्ययन तथा छलफल | कार्यान्वयन | |
| ३ | उद्योग प्रवर्धन र कर्णाली ब्रान्डिङ तथा निर्यात प्रवर्धन कार्यक्रम | कर्णाली ब्रान्डिङ तथा निर्यात प्रवर्धन कार्यक्रम सञ्चालन | ३ | ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | प्रदेश औद्योगिक क्षेत्र र औद्योगिक ग्रामको स्थापना | प्रदेश औद्योगिक क्षेत्र र औद्योगिक ग्रामको स्थापना गर्ने। | ३ | ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | स्थापना | सञ्चालन | थप विस्तारका लागि अध्ययन | थप विस्तार | थप विस्तार | |
| ५ | लघु, घरेलु तथा साना उद्योगको संरक्षण र सम्बर्धन कार्यक्रम | लघु, घरेलु तथा साना उद्योगको संरक्षण र सम्बर्धन कार्यक्रम सञ्चालन गर्ने। | ३ | ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | संभाव्य उद्योग स्थापना र सञ्चालनका लागि आधारभूत औद्योगिक पूर्वाधार निर्माण | आधारभूत औद्योगिक पूर्वाधार निर्माण गर्ने। | ३ | ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | निजी, सहकारी सामुदायिक क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम | सिप विकास तथा प्रविधि हस्तान्तरण, बजारीकरण | ३ | ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ८ | शीत भण्डारण तथा गोदाम घर निर्माण तथा स्तरोन्नति कार्यक्रम | शीत भण्डारण तथा गोदाम घर निर्माण तथा स्तरोन्नति कार्यक्रम सञ्चालन गर्ने। | २ | ५ | भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | आपूर्ति श्रृङ्खला सुदृढीकरण कार्यक्रम | अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्ति श्रृङ्खला सहजीकरण कार्यक्रम | ४ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | विजनेस ईन्क्युवेसन् सेन्टर स्थापना | विजनेस ईन्क्युवेसन् सेन्टर स्थापना गर्ने। | २ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | पूर्वतयारी | छलफल तथा कार्यविधि तर्जुमा | स्थापना | सञ्चालन | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन (औद्योगिक) क्षेत्रको वृद्धिदर | प्रतिशत | ०.३ | ०.३ | ७.० | १०.० |
| २ | प्रादेशिक जिडिपिमा द्वितीय (उद्योग) क्षेत्रको योगदान | प्रतिशत | १०.१ | ९.५ | १३.१ | १६.२ |
| ३ | उद्योगहरूको औसत क्षमता उपयोग | प्रतिशत | ५२.१६ | ५३.२६ | ५५.७५ | ७३.० |
| ४ | मझौला उद्योगहरू | सङ्ख्या | २ | ३ | ७ | १५ |
| ५ | साना तथा घरेलु उद्योगहरू | सङ्ख्या | ३६१६८ | ३८००० | ४३००० | ५१००० |
| ६ | आपत्कालीन खाद्य सञ्चय डिपो (सहकार्यमा) | सङ्ख्या | ० | ३ | ५ | १० |
| ७ | तोकिएका दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे टन | १०००० | ५००० | ५००० | १०००० |
| ८ | औद्योगिक क्षेत्र | सङ्ख्या | १ | १ | २ | २ |
| ९ | औद्योगिक ग्राम | सङ्ख्या | १ | १७ | २५ | ३० |
| १० | घरेलु तथा लघु उद्यमी | सङ्ख्या | ९५८३ | १०६४७ | ११००० | २०००० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।

### ७. जोखिम पक्ष र अनुमान

सीमित औद्योगिक पूर्वाधार, लगानीकर्तामा रहेको नीतिगत अन्योल र स्थानीय उत्पादनले बजारमा प्रतिस्पर्धा गर्न नसक्दा औद्योगिक वृद्धि सुस्त हुने जोखिम देखिन्छ। यद्यपि स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा साना उद्योगलाई मूल्य श्रृङ्खलामा आबद्ध गर्दा ग्रामीण क्षेत्रमा स्वरोजगारीका अवसर सिर्जना भई गरिबी न्यूनीकरण हुने अनुमान गरिएको छ। दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य अनुसार निजी क्षेत्रसँगको साझेदारी र औद्योगिकीकरणमा जोड दिएमा प्राथमिक उत्पादनमा आधारित अर्थतन्त्रमा रूपान्तरण भई समावेशी आर्थिक विकास हासिल हुने अपेक्षा गर्न सकिन्छ।

## ४.३ पर्यटन विकास

### १. पृष्ठभूमि

प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पन्नताको अनुपम सङ्गम रहेको कर्णाली प्रदेश 'लुकेको भू-स्वर्ग' का रूपमा विश्वमै पर्यटकीय आकर्षणको केन्द्र बन्न सक्ने असीमित सम्भावना बोकेको क्षेत्र हो। भौगोलिक विविधता, दुर्लभ वन्यजन्तु र बहुमूल्य जडीबुटीदेखि लिमी उपत्यकाको पृथक बौद्ध संस्कृति र सिञ्जाको ऐतिहासिक गौरवसम्मले यस प्रदेशको विशिष्टता झल्काउँछन्। यहाँका प्रसिद्ध धार्मिक स्थलहरूलाई कैलाश मानसरोवर र अयोध्या जस्ता अन्तर्राष्ट्रिय तीर्थस्थलसँग आबद्ध गर्दै धार्मिक, सांस्कृतिक, साहसिक र अनुसन्धानात्मक पर्यटनको प्रवर्धन गर्न सकिन्छ। समग्रमा, पर्यापर्यटन र कृषि पर्यटनलाई व्यवस्थित गर्दै कर्णालीको पर्यटन क्षेत्रलाई प्रदेशको आर्थिक समृद्धि र रूपान्तरणको मुख्य संवाहक बनाउन सकिने बलियो आधार देखिन्छ।

### २. उद्देश्य

१. कर्णालीको पर्यटनलाई विश्व पर्यटन बजारको मूल्य शृङ्खलासँग आबद्ध गर्नु,
२. कर्णालीमा पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा सुविधा विस्तार गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. प्रदेश पर्यटन गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्ने।
२. कर्णालीको पर्यटनलाई विश्व पर्यटनको धार्मिक पर्यटकीय गन्तव्यमा जोड्दै कनेक्टिभिटिको अवधारणामा अन्तराष्ट्रिय मूल्य शृङ्खलासँग आबद्धता।
३. पर्यटक सुरक्षा प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने।
४. पर्यटकीय सेवा तथा सुविधालाई आकर्षक र गुणस्तरीय बनाउने।
५. पर्यटकीय गन्तव्यको पहिचान, वर्गीकरण र विकास गर्ने।
६. पर्यटकीय पूर्वाधार तथा सेवा सुविधाको विकास, विस्तार र विविधीकरण गर्ने।

### ४. कार्यनीति

१. पर्यटनबोर्ड गठन र सूचना केन्द्र स्थापना भई सञ्चालन गर्ने।
२. संभाव्य पर्यटकीय क्षेत्रमा सम्भाव्यता अध्ययन भई हिल स्टेसन विकास गर्ने।
३. सम्भाव्यताका आधारमा प्रमुख गन्तव्यस्थलमा आधारभूत पर्यटकीय पूर्वाधार निर्माण गर्ने।
४. जग्गा पहिचान, पूर्व सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भई विमानस्थल निर्माण प्रक्रिया सुरु गर्ने।
५. पुरातात्विक अध्ययनका आधारमा छानिएका संरचनाको संरक्षण र संवर्धन गर्ने।
६. आधारभूत पूर्वाधारको निर्माण भई रारा भ्रमण गर्ने पर्यटकको सङ्ख्या बढाइने।
७. स्वीकृत पर्यटन गुरुयोजनाको कार्यान्वयन भई नतिजा देखिने गरी कार्य गर्ने।
८. कर्णालीका मौलिकता चिनाउने गरी वृत्तचित्र निर्माण र प्रचार प्रसार गर्ने।
९. साहसिक पर्यटकीय गतिविधिहरूको संभाव्य स्थान पहिचान, आधारभूत पूर्वाधार विकास र आइटिनरी सञ्चालन गर्ने।
१०. आतिथ्य सेवाको क्षमता विस्तार गर्ने।

## ५. कार्ययोजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रदेश पर्यटन वोर्ड गठन तथा पर्यापर्यटन अध्ययन केन्द्रको स्थापना | प्रदेश पर्यटन प्रवर्धन समिति गठन तथा सञ्चालन | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निका | गठन | सञ्चालन | सञ्चालन | सञ्चालन | सञ्चालन | |
| | | प्रदेश पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | स्थापना | सञ्चालन तथा व्यवस्थापन | सञ्चालन तथा व्यवस्थापन | सञ्चालन तथा व्यवस्थापन | सञ्चालन तथा व्यवस्थापन | |
| २ | प्रदेशका संभाव्य पर्यटकीय क्षेत्रमा हिल स्टेसनको विकास | हिल स्टेसनको स्थापना र विकास गर्ने | ६ | २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय, सङ्घीय सरकार र पर्यटन बोर्ड | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | सञ्चालन | कार्यान्वयन | निरन्तर | |
| ३ | उच्च पहाडी तथा हिमाली क्षेत्रमा विशेष पर्यटकीय पूर्वाधार र घरबास (होमस्टे) प्रवर्धन कार्यक्रम | पर्यटन सर्किट निर्माण | ६ | २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | घरबास अतिथि तथा हस्पिटालिटी सम्बन्धी तालिम | ४ | १० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | प्रदेशका पर्यटकीय स्थललाई पायक पर्ने स्थानमा मझौला विमान अवतरण र उडान गर्न सक्ने विमानस्थल निर्माण | सुर्खेत विमानस्थल विस्तार | २ | ४ | सङ्घीय सरकार | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आवश्यकता पहिचान | समन्वय र सहकार्य | समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| | | दुर्गम जिल्लाहरूमा हवाई उडान सहुलियत | २ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नागरिक उड्डयन प्राधिकरण, अन्य कार्यालय/निकाय | आवश्यकता पहिचान | समन्वय र सहकार्य | समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| ५ | गढी, देवल,  ढुङ्गेधारा, स्मारक जस्ता प्राचीन स्थलको संरक्षण र प्रचार प्रसार | धार्मिक तथा पर्यटन संरचना संरक्षण तथा प्रवर्धन कार्यक्रम | २ | ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | पुरातत्त्व विभाग, स्थानीय तहहरू र सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | रारामा पर्यटकीय गुरुयोजना अनुसार आधारभूत पूर्वाधार विकास र व्यवस्थापन | रारा पर्यटकीय पूर्वाधार निर्माण | २ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | प्रदेश पर्यटन गुरुयोजना समीक्षा कार्यान्वयन | प्रदेश पर्यटन गुरुयोजना समीक्षा गर्ने | १ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कर्णाली प्रदेश योजना आयोग, सम्बन्धित मन्त्रालय/निकाय | गुरुयोजना कार्यान्वयन | गुरुयोजना कार्यान्वयन | गुरुयोजना कार्यान्वयन | गुरुयोजना कार्यान्वयन | समीक्षा | |
| ८ | कर्णाली पर्यटकीय गन्तव्यको प्रचार प्रसार | पर्यटन दशक कार्यक्रम | ५ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, अन्तरतह र पर्यटन प्रवर्धन समिति | आवश्यकता पहिचान | समन्वय र सहकार्य | समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| | | सेलीब्रेटीसँग पर्यटन | ५ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, अन्तरतह र पर्यटन प्रवर्धन समिति | आवश्यकता पहिचान | समन्वय र सहकार्य | समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| | | फिल्म फेस्टिबल | ५ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, अन्तरतह र पर्यटन प्रवर्धन समिति | आवश्यकता पहिचान | समन्वय र सहकार्य | समन्वय र सहकार्य | कार्यान्वयन | निरन्तर | |
| ९ | साहसिक पर्यटन प्रवर्धन कार्यक्रम | साहसिक पर्यटन प्रवर्धन कार्यक्रम | ५ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, अन्तरतह र पर्यटन प्रवर्धन समिति | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | रारा अल्ट्रा म्याराथुन | ५ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, स्थानीय तहहरू, निजी क्षेत्र | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | ऱ्याफ्टिङ | ५ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, स्थानीय तहहरू, निजी क्षेत्र | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | आतिथ्य सेवाको क्षमता विस्तार | हस्पिटालिटी सम्बन्धी तालिम | ४ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, स्थानीय तहहरू, निजी क्षेत्र | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आवास तथा भोजन सेवा क्षेत्रको वृद्दिदर | प्रतिशत | १८.२९ | २२.५२ | २४.५ | २५ |
| २ | विकसित पर्यटकीय उपज | सङ्ख्या | २४ | ३० | ३५ | ४० |
| ३ | पर्यटकीय पदमार्ग | कि.मि | १८० | २०० | २५० | ३०० |
| ४ | पर्यटक स्तरका होटल | सङ्ख्या | १०० | १२५ | १५० | १७५ |
| ५ | सुचारु होमस्टे | सङ्ख्या | ३० | ३५ | ४० | ४५ |
| ६ | वार्षिक आन्तरिक पर्यटक आगमन (लाखमा) | सङ्ख्या | ४.५ | ५ | ६ | ७ |
| ७ | वार्षिक विदेशी पर्यटक आगमन (हजारमा) | सङ्ख्या | ६ | १२ | १८ | ३० |
| ८ | मानसरोवर लक्षित विदेशी पर्यटक (वार्षिक हजारमा) | सङ्ख्या | १५ | ३० | ४० | ५० |
| ९ | ३ तारे भन्दा माथिका होटल तथा रिसोर्ट | सङ्ख्या | ३ | ३ | ५ | ७ |
| १० | प्रादेशिक जिडिपिमा पर्यटन र आतिथ्य क्षेत्रको योगदान | प्रतिशत | ५.६ | ५.९ | ७.० | १० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश ।

### ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटता र पर्याप्त भौतिक पूर्वाधारको अभावले गर्दा पर्यटकीय गन्तव्यसम्मको पहुँच महँगो र चुनौतीपूर्ण हुनुका साथै जलवायु परिवर्तनका कारण प्राकृतिक सम्पदा र जैविक विविधतामा ह्रास आउन सक्ने मुख्य जोखिम देखिन्छ । यद्यपि ऐतिहासिक सिन्जा सभ्यता, लिमी उपत्यका र धार्मिक स्थलहरूको अन्तर्राष्ट्रिय तीर्थस्थलहरूसँगको आबद्धताले उच्च खर्च गर्ने पर्यटक र अनुसन्धानकर्ताहरूको आगमन बढ्ने अनुमान गरिएको छ । यदि पर्यापर्यटन र साहसिक पर्यटनलाई स्थानीय संस्कृति र कृषि श्रृङ्खलासँग जोडेर प्रचार-प्रसार गरिएमा पर्यटन क्षेत्र कर्णालीको आर्थिक रूपान्तरणको दिगो आधार बन्ने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद-पाँचः श्रम ,सामाजिक सुरक्षा र गरिबी निवारण

## ५.१ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

श्रम र रोजगारी आर्थिक विकासका मेरुदण्ड हुन्। बजारको माग अनुरूपको सिपमूलक मानव संसाधन विकास गर्न सकेमा मात्र मर्यादित रोजगारी र उच्च उत्पादकत्व सुनिश्चित गर्न सकिन्छ । कर्णाली प्रदेशको जनसाङ्ख्यिक लाभ (Demographic Dividend) लाई सदुपयोग गर्न युवाहरूलाई व्यावसायिक र उत्पादनशील तालिम प्रदान गरी दक्ष बनाउनु आवश्यक छ । यसले गरिबी निवारणमा टेवा पुऱ्याउनुका साथै मौसमी रोजगारीका लागि छिमेकी मुलुक जानुपर्ने बाध्यतालाई न्यूनीकरण गर्नेछ । प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम जस्ता प्रयासहरू भए तापनि आन्तरिक रोजगारीका अवसरहरू अझै अपर्याप्त रहेकाले यस क्षेत्रमा थप योजनाबद्ध र विशिष्टीकृत पहलको आवश्यकता देखिन्छ।

### २. उद्देश्य

१. मर्यादित र उत्पादनशील रोजगारीका अवसर सिर्जना गर्नु,
२. मर्यादित र उत्पादनशील रोजगारीका लागि नागरिकलाई सक्षम र सिपयुक्त बनाउनु,
३. आन्तरिक रोजगारी र श्रम बजारलाई सम्मानित तथा व्यवस्थित बनाउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. रोजगार प्रवर्धन नीति, कानुन, संरचना निर्माण तथा आन्तरिक श्रम बजार व्यवस्थापन गर्ने।
२. बजारको माग अनुसारका सिप विकास गर्ने।
३. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको सिप, दक्षता तथा सामर्थ्य सुदृढीकरण गर्ने।
४. परम्परागत पेसा व्यवसायको आधुनिकीकरण र व्यवसायीकरण गर्ने।
५. आन्तरिक रोजगारीका अवसरको सिर्जना गर्ने।
६. वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउने।
७. श्रम शोषणको अन्त्य गर्ने।

### ४. कार्यनीति

१. रोजगार प्रवर्धनका लागि आवश्यक नीतिगत, कानुनी र संरचनागत व्यवस्था गरी सम्बन्धित मापदण्ड तथा योजनाहरू लागु गरिने।
२. सबै स्थानीय तहमा न्यूनतम रोजगारी प्रत्याभूति कार्यक्रम सञ्चालन गरी लक्षित र सीमान्तकृत वर्गका लागि रोजगारीमा आरक्षणको व्यवस्था गरिने।
३. आन्तरिक तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरूप दक्ष जनशक्ति विकास गर्दै विपन्न वर्गका लागि सिप र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने।
४. मौसमी प्रवासन रोक्न प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउँदै निजी एवं सहकारी क्षेत्रलाई विशेष प्रोत्साहन प्रदान गरिने।
५. वैदेशिक रोजगारीमा जानेहरूलाई तालिम प्रदान गरिने र फर्केका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूको सिप अनुसार व्यवसाय सञ्चालनमा वित्तीय पहुँच पुऱ्याइने।

५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | रोजगार प्रवर्धन नीति, कानुन, संरचना निर्माण र आन्तरिक श्रम बजार व्यवस्थापन | कर्णाली प्रदेश अनुकूल रोजगार प्रवर्धन नीति तर्जुमा गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ आर्थिक मामिला तथा योजना मन्त्रालय | श्रम नीति २०७६ | रोजगार प्रवर्धन नीतिको आवश्यकता पहिचान | मस्यौदा तर्जुमा र स्वीकृति | कार्यान्वयन | निरन्तर | |
| | | श्रम कानुनको तर्जुमा र कार्यान्वयन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ आर्थिक मामिला तथा योजना मन्त्रालय/ स्थानीय तह र विकास साझेदार | श्रम नीति २०७६ | श्रम कानुनको आवश्यकता पहिचान | मस्यौदा तर्जुमा र स्वीकृति | कार्यान्वयन | निरन्तर | |
| | | डिजिटल रोजगार सूचना प्रणाली (Job Portal) को विकास गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | अध्ययन र छलफल | आवश्यकता पहिचान | प्रणाली निर्माण | निरन्तर सुधार | निरन्तर सुधार | |
| | | स्थानीय श्रम बजारको एकीकृत तथ्याङ्क व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | अध्ययन र छलफल | आवश्यकता पहिचान | प्रणाली निर्माण | तथ्याङ्क सङ्कलन | निरन्तर | |
| २. | न्यूनतम रोजगारी प्रत्याभूति | स्थानीय तहसँगको साझेदारीमा "मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम" मार्फत लक्षित विपन्न वर्गलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने कार्यक्रम सञ्चालन गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/स्थानीय तह/विकास साझेदार | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | कार्यान्वयन भएको | कार्यविधि संशोधन र कार्यान्वयन | निरन्तर | निरन्तर | |
| ३. | रोजगारीका लागि क्षमता अभिवृद्धि | कर्णालीको मौलिक उत्पादन (जस्तैः स्याउ, जडीबुटी, पर्या-पर्यटन) सम्बन्धी सिप विकास तालिम सञ्चालन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार/कर्णाली कर्मचारी प्रशिक्षण प्रतिष्ठान | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | बजार मागमा आधारित व्यावसायिक तथा प्राविधिक सिप विकास तालिम सञ्चालन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार/कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान/निजी क्षेत्र | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | आन्तरिक रोजगारी सिर्जना र व्यवस्थापन | आन्तरिक उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने | ४ | ४ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार/कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | स्वरोजगारका अवसर सिर्जनामूलक कार्यक्रम सञ्चालन गर्ने | ४ | ४ | सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान /स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ५. | वैदेशिक रोजगारी प्रवर्धन | वैदेशिक रोजगारीलाई सुरक्षित र सूचनामूलक बनाउन परामर्श केन्द्र सञ्चालन गर्ने | ६ | ५ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | अध्ययन र छलफल | परामर्श केन्द्रको स्थापना र सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | फर्केका जनशक्तिको सिप र रेमिट्यान्सलाई प्रदेशको विकासमा एकीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | ६ | ६ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | अध्ययन र छलफल | पूर्व तयारी | तथ्याङ्क सङ्कलन र कार्यक्रमको आवश्यकता पहिचान | कार्यान्वयन | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा श्रमशक्ति सहभागिता दर | प्रतिशत | २७.५ | २७.७ | ३२ | ३५ |
| २ | बेरोजगारी दर | प्रतिशत | ७.५ | ७.५ | ६ | ५ |
| ३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५.५ | ४६ | ५० | ५५ |
| ४ | रोजगारी र जनसङ्ख्या अनुपात | अंक | २४.८ | २५ | २८ | ३० |
| ५ | व्यवसाय विकास र रोजगारमूलक तालिम लाभग्राही | सङ्ख्या | ८२९५ | ८३०० | ९००० | १०००० |
| ६ | सूचीकृत रोजगारदाता | सङ्ख्या | २०८८३ | २१००० | २५००० | ३०००० |
| ७ | सूचीकृत योगदानकर्ता | सङ्ख्या | १५५३ | १६०० | २००० | ३००० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय। सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश।

### ७. जोखिम पक्ष र अनुमान

सिपमूलक तालिम र बजारको मागबिच तादात्म्यता नहुँदा उत्पादित जनशक्ति पुनः बेरोजगार हुने र तालिम प्राप्त युवाहरू पर्याप्त पुँजी र सहुलियतको अभावमा पुनः वैदेशिक रोजगारीमै आकर्षित हुने जोखिम देखिन्छ। यद्यपि मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन र निजी क्षेत्रलाई दिइने प्रोत्साहनले गर्दा मौसमी प्रवासनमा उल्लेख्य कमी आउने र स्थानीय तहमा न्यूनतम रोजगारीको सुनिश्चितता हुने अनुमान गरिएको छ। यदि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सिपलाई वित्तीय पहुँचसँग जोडेर उद्यमशीलतामा परिचालन गरिएमा प्रदेशको आन्तरिक अर्थतन्त्र बलियो हुनुका साथै गरिबी निवारणमा ठोस योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।

## ५.२ सामाजिक सुरक्षा तथा संरक्षण

### १. पृष्ठभूमि

समतामूलक समाज निर्माण र नागरिकको मौलिक हक सुनिश्चित गर्न सामाजिक सुरक्षा तथा संरक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । विपन्न, सीमान्तकृत, अशक्त र आर्थिक उपार्जन गर्न नसक्ने नागरिकको जीवनलाई मर्यादित र जोखिममुक्त बनाउन संविधान र प्रचलित कानुनको परिधिमा रही तीनै तहका सरकारबिचको समन्वय र सहकार्य आवश्यक छ । दिगो विकास लक्ष्य प्राप्ति र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न समेत यस्ता कार्यक्रमलाई समयसापेक्ष परिमार्जन गर्दै लैजानुपर्दछ । कर्णाली प्रदेशको विशिष्ट आवश्यकता र क्षमतालाई मध्यनजर गरी सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई थप प्रभावकारी र परिष्कृत बनाउनु आजको प्रमुख दायित्व हो ।

### २. उद्देश्य

१. सामाजिक सुरक्षा र संरक्षणको पहुँच एवम् दायरा वृद्धि गर्नु,
२. असमानता न्यूनीकरण र सामाजिक सुरक्षा तथा संरक्षण सुनिश्चित गर्नु,
३. विपन्न, सीमान्तकृत र जोखिममा रहेका नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. सामाजिक सुरक्षा र संरक्षणको प्रावधानलाई परिस्कृत गर्ने ।
२. सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत, प्रभावकारी तथा दिगो व्यवस्थापन गर्ने ।
३. आर्थिक तथा सामाजिक रूपमा पछाडि रहेको वर्गको सिप, दक्षता तथा सामर्थ्य सुदृढीकरण गर्ने ।
४. असमानता न्यूनीकरण र विपन्न नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार ।

### ४. कार्यनीति

१. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला र लोपोन्मुख समुदायलाई दिइने सामाजिक सुरक्षा भत्तालाई विद्युतीय सूचना प्रणाली (E-Governance) मा आबद्ध गरी व्यवस्थित गरिने ।
२. शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सुरक्षा जस्ता आधारभूत सेवाहरूमा सबै नागरिकको समान र सहज पहुँच स्थापित गरिने ।
३. महिला, बालबालिका, दलित र ज्येष्ठ नागरिक लगायतका आरक्षित समूहका लागि सामाजिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय तहको सेवा प्रवाहलाई थप जनउत्तरदायी र पारदर्शी बनाइने ।
४. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिने ।
५. सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण (Feedback) प्रणाली स्थापना गरिने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | सामाजिक संरक्षण एकीकृत विद्युतीय सूचना प्रणाली स्थापना | सामाजिक सुरक्षा लाभार्थीको डिजिटल अभिलेख व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | सरोकारवालासँग छलफल | पूर्व तयारी | प्रणालीको स्थापना र सञ्चालन | निरन्तर | |
| | | सङ्घीय र स्थानीय प्रणालीसँग एकीकृत सूचना प्रणाली विकास गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | सरोकारवालासँग छलफल | पूर्व तयारी | प्रणालीको स्थापना र सञ्चालन | निरन्तर | |
| २. | आधारभूत सेवामा पहुँच विस्तार | शिक्षा, स्वास्थ्य र सामाजिक सेवामा विपन्न तथा लक्षित वर्गको समतामूलक पहुँच विस्तार कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३. | जनउत्तरदायी सामाजिक सुरक्षा र संरक्षण सेवा | सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सामाजिक सुरक्षा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४. | अनौपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | अनौपचारिक क्षेत्रका श्रमिकको दर्ता कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सामाजिक सुरक्षा कोषमा आबद्धता तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५. | सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | सामाजिक सुरक्षा कार्यक्रमको तेस्रो पक्षीय नियमित अनुगमन, प्रभावकारी समीक्षा र नतिजामूलक मूल्याङ्कन प्रणाली विकास गर्ने | ४ | ५ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | सरोकारवालासँग छलफल | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण र अनुगमन | निरन्तर | निरन्तर | |

**६. नतिजा खाका**

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ६०.८ | ६१ | ६२ |
| २ | स्वास्थ्य विमा कार्यक्रम आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ३५ | ५० | ८० |
| ३ | सामाजिक सुरक्षा कोषमा आबद्ध रोजगारदाता | सङ्ख्या | १५५३ | १६०० | २००० | ३००० |
| ४ | सामाजिक सुरक्षा तथा संरक्षणमा प्रदेश सरकारको लगानी | प्रतिशत | ०.००३ | ०.००५ | ०.०५ | ०.०१ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।

**७. जोखिम पक्ष र अनुमान**

सीमित वित्तीय स्रोत र लक्षित वर्गको सही पहिचान हुन नसक्दा सामाजिक सुरक्षाको लाभ वास्तविक पीडितसम्म पुग्न नसक्ने र दोहोरोपना बढ्ने जोखिम देखिन्छ। यद्यपि तीनै तहका सरकारको एकीकृत प्रयास र डिजिटल तथ्याङ्क प्रणालीको प्रयोगबाट सामाजिक सुरक्षाका कार्यक्रमहरू पारदर्शी र प्रभावकारी हुने अनुमान गरिएको छ। यदि सामाजिक सुरक्षालाई केवल वितरणमुखी मात्र नबनाई सिप र उत्पादनसँग जोडिएमा विपन्न वर्गको परनिर्भरता घट्नुका साथै उनीहरूको सामाजिक-आर्थिक उत्थानमा दीर्घकालीन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

## ५.३ गरिबी निवारण तथा सामाजिक न्याय

### १. पृष्ठभूमि

कर्णाली प्रदेश नेपालकै सबैभन्दा बढी बहुआयामिक गरिबी भएको प्रदेशको रूपमा रहेको छ, जहाँको ठूलो जनसङ्ख्या अझै पनि निर्वाहमुखी कृषिमा आश्रित छ। उद्योग, निर्माण र सेवा क्षेत्रको न्यून विकास, आर्थिक अवसरहरूमा असमान पहुँच र सामाजिक विभेद गरिबीका मुख्य कारण हुन्। दीर्घकालीन सोच २१०० को राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न बहुआयामिक गरिबीलाई ३ प्रतिशतमा सीमित गर्ने ठूलो चुनौती छ। निरपेक्ष गरिबी उन्मूलनका लागि तीनै तहका सरकार, निजी क्षेत्र र विकास साझेदारहरूको साझा र समन्वयात्मक प्रयासबाट अति विपन्न एवं सीमान्तकृत समूह केन्द्रित रणनीतिक कार्यक्रमहरू सञ्चालन गर्नु अपरिहार्य देखिन्छ।

### २. उद्देश्य

१. राष्ट्रिय लक्ष्य हासिल अनुकूलन निरपेक्ष तथा बहुआयामिक गरिबीको न्यूनीकरण गर्नु,
२. सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा लक्षित वर्गको पहुँच वृद्धि गर्नु,
३. विपन्न लक्षित आयमूलक व्यवसाय र रोजगारीका अवसर सिर्जना गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. आधारभूत तहको सेवा तथा सुविधामा गरिब तथा विपन्न नागरिकको पहुँच सुनिश्चित गर्ने।
२. गरिब घर परिवारको पहिचान र लक्षित कार्यक्रम सञ्चालन गर्ने।
३. सामाजिक सुरक्षा र संरक्षणका विशेष व्यवस्था गर्ने।
४. विकासको प्रतिफलमा विपन्न वर्गको समन्यायिक पहुँच सुनिश्चित गर्ने।
५. निष्क्रिय जीवनशैली र अनुत्पादनशील लगानीको प्रवृत्तिमा सुधार गर्ने।

### ४. कार्यनीति

१. सङ्घ र स्थानीय तहसँगको समन्वयमा गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण गरिने र प्रदेशको गरिबी निवारण रणनीति कार्यान्वयनमा ल्याइने।
२. परिचयपत्र प्राप्त गरिब परिवारलाई शिक्षा र स्वास्थ्य लगायतका सार्वजनिक सेवा एवं आधारभूत तथा अत्यावश्यक वस्तुहरू सहुलियत दरमा उपलब्ध गराइने।
३. गरिब घरपरिवारलाई लक्षित गरी बजारको माग र आवश्यकताका आधारमा विशेष सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिने।
४. लक्षित वर्गका युवाहरूका लागि आयमूलक स्वरोजगार र परम्परागत श्रम एवं सिपमा आधारित विशेष रोजगार कार्यक्रमहरू प्रवर्धन गरिने।
५. सङ्घ र स्थानीय तहसँगको सहकार्यमा विपन्न घरपरिवारका लागि 'खाना, नाना, छाना' कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने।
६. एकीकृत अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रममार्फत गरिब परिवारको आय वृद्धि गरी उनीहरूलाई निरपेक्ष गरिबीको रेखाबाट माथि उठाइने।
७. अति विपन्न र असहाय नागरिकको संरक्षणका लागि सङ्घ र स्थानीय तहको समन्वयमा विशेष सामाजिक सुरक्षा एवं संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिने।

५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | |
| १. | प्रदेश गरिबी निवारण रणनीति तर्जुमा | गरिबी निवारण रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार र स्थानीय तह | आवश्यकता पहिचान | अध्ययन र छलफल | मस्यौदा तर्जुमा एवम् पारित | कार्यान्वयन | कार्यान्वयन निरन्तर्ता | |
| | | गरिब घरपरिवार पहिचान तथा तथ्याङ्क अद्यावधिक सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २. | विपन्न घरपरिवार लक्षित विशेष सहुलियत तथा सुविधा विस्तार कार्यक्रम | विपन्न परिवार पहिचान कार्यक्रम सञ्चालन गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | शिक्षा, स्वास्थ्य, तथा आधारभूत सेवामा विशेष सहुलियत र लक्षित कार्ड प्रणालीको विकास गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार र स्थानीय तह | आवश्यकता पहिचान | अध्ययन र छलफल | प्रणालीको विकास | सञ्चालन | निरन्तर | |
| ३. | रोजगारीका लागि सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | बजारको माग र स्थानीय सम्भाव्यताका आधारमा विपन्न तथा बेरोजगार नागरिकलाई सिपमूलक तालिम र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४. | लक्षित वर्गका उद्यमशील युवा आयमूलक स्वरोजगार कार्यक्रम | उद्यमशील युवाहरूका लागि बिना धितो वा सहुलियतपूर्ण कर्जा, लघुउद्यम तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५. | खाना, नाना र छाना कार्यक्रम | खाद्य सुरक्षा जोखिममा परेका विपन्न नागरिकका लागि खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गर्ने | ४ | ५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय सरकार, सम्बन्धित मन्त्रालय/निकाय, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | आवासविहीनका लागि सुरक्षित आवास तथा आधारभूत जीवनयापनमा सहयोग कार्यक्रम सञ्चालन गर्ने | ४ | ५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय सरकार, सम्बन्धित मन्त्रालय/निकाय, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६. | एकीकृत अनिवार्य न्यूनतम आय आर्जन कार्यक्रम सञ्चालन | गरिब परिवारको दिगो आयवृद्धिका लागि आयआर्जन गतिविधि सञ्चालन कार्यक्रम | ४ | ६ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७. | विशेष सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | विपन्न, असहाय, अनाथ तथा सीमान्तकृत वर्गका लागि प्रदेश सरकारद्धारा विशेष संरक्षण र पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने | ५ | ७ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.६९ | २२.३ | १५.३ | १३.२ |
| २ | बहुआयामिक गरीबिमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | ३९.५ | ३०.६ | २२.५ |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०३१ | १०६६ | १४५० | १६५७ |
| ४ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५३८ | ०.५३८ | ०.६०० | ०.६२५ |
| ५ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.५५८ | ०.५५८ | ०.६७५ | ०.७९० |
| ६ | गिनी गुणक | सूचकाङ्क | ०.२९ | ०.२९ | ०.२८ | ०.२७ |
| ७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४.० | ९४.५ | ९६.० | ९८.० |
| ८ | खर/माटोको छानो भएमा घरमा बसोबास घरपरिवार | प्रतिशत | ६.५ | ६.० | ४.० | ०.० |
| ९ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१.० | ३४.५ | ४५.० | ६०.० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८*

## ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटता र उत्पादनका साधनहरूमा पहुँचको अभावले गर्दा गरिबी निवारणका कार्यक्रमहरूको लाभ वास्तविक विपन्न परिवारसम्म पुग्न कठिन हुने र वैदेशिक रोजगारीप्रतिको अत्यधिक निर्भरताले आन्तरिक उत्पादनमा ह्रास आउने जोखिम देखिन्छ। यद्यपि तीनै तहका सरकारको साझा लगानी र सीमान्तकृत समुदाय लक्षित सिपमूलक कार्यक्रमहरू सञ्चालन गरिएमा बहुआयामिक गरिबीको दरमा उल्लेख्य गिरावट आउने अनुमान गरिएको छ। यदि स्थानीय स्रोत र साधनमा आधारित साना तथा मझौला उद्योगहरूको प्रवर्धन गरी बजारसँग जोडिएमा प्रदेशको गरिबी अन्त्य भई समतामूलक समाज निर्माणमा ठोस प्रगति हुने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-छः स्वास्थ्य, पोषण र जनसङ्ख्या

## ६.१ स्वास्थ्य

### १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। यसलाई कार्यान्वयन गर्न कर्णाली प्रदेशले 'प्रदेश स्वास्थ्य नीति, २०७६' र 'स्वास्थ्य सेवा ऐन, २०७८' लागु गरेको छ। साथै 'प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक कार्ययोजना २०८०–८७' ले स्वास्थ्य प्रणाली सुदृढीकरणका लागि मार्गनिर्देश गरेको छ। विगतका प्रयासहरूबाट मातृ मृत्युदर र बाल मृत्युदरमा कमी आउनुका साथै औसत आयुमा वृद्धि र सङ्क्रामक रोगको नियन्त्रणमा प्रगति देखिएको छ। यद्यपि स्वास्थ्य सेवालाई अझ बढी सर्वसुलभ, गुणस्तरीय र सबैको पहुँचयोग्य बनाउन सुदृढ योजना र थप लगानीको आवश्यकता रहेको छ।

### २. उद्देश्य

१. स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्नु,
२. स्वास्थ्य प्रणाली सुदृढीकरण तथा पूर्वाधारको विकास गर्नु,
३. मातृशिशु मृत्यु तथा सर्ने र नसर्ने रोगका कारण हुने मृत्युदरमा कमी ल्याउनु,
४. आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवाको विस्तार तथा सुदृढीकरण गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच विस्तार गर्ने।
२. गुणस्तरीय स्वास्थ्य पूर्वाधारको सुदृढीकरण गर्ने।
३. स्वास्थ्य क्षेत्रको संस्थागत संरचना सुधार गर्ने।
४. स्वास्थ्य वित्त मार्फत विमाको पहुँच विस्तार गर्ने।
५. बहुक्षेत्रीय र बहुपक्षीय समन्वय र सहकार्य गर्ने।
६. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गर्ने।

### ४. कार्यनीति

१. स्थानीय तहसँगको समन्वय तथा सहकार्यमार्फत स्वास्थ्य संस्थाको क्षमता विकास गरी सबै नागरिकमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाइने।
२. विशेषज्ञ स्वास्थ्य सेवाको विस्तार गरी नागरिकको सर्वसुलभ पहुँचमा वृद्धि गरिने।
३. जिल्ला अस्पतालहरूको स्तरोन्नति गरी चिकित्सा सेवालाई सहज बनाइने र ट्रमा सेन्टर स्थापना गरी आपतकालीन स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने।
४. प्रदेश अस्पतालको स्तरवृद्धि गरी आधुनिक चिकित्सा प्रविधि, विशिष्टीकृत स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षासहितको प्रेषण/शिक्षण अस्पतालका रूपमा सञ्चालन गरिने।
५. शारीरिक तथा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको पुनःस्थापनाका लागि आवश्यक व्यवस्था मिलाइने।
६. आयुर्वेद अस्पताल, अनुसन्धान केन्द्र र औषधालयहरूको विकास, विस्तार तथा स्तरोन्नति गर्दै परम्परागत वैद्य, आम्ची र होमियोप्याथी जस्ता वैकल्पिक उपचार विधिको संरक्षण गरिने।
७. निजी क्षेत्रको सहभागितामा स्थानीय औषधीजन्य जडीबुटीको पहिचान, उत्पादन र प्रशोधन गरी औषधि उत्पादनमा जोड दिइने।
८. सबै नागरिकमा स्वास्थ्य बिमाको पहुँच पुऱ्याइने र लक्षित वर्गका लागि विशेष स्वास्थ्य बिमा कार्यक्रम लागु गरिने।
९. प्रदेश मातहतका अस्पतालहरूमा मानसिक स्वास्थ्य तथा परामर्श सेवालाई प्रभावकारी रूपमा सञ्चालन गरिने।
१०. सबै स्थानीय तहका बालबालिकाहरूले राष्ट्रिय खोप तालिका अनुरूप पूर्ण खोप पाएको सुनिश्चित गरिने।
११. विद्युतीय स्वास्थ्य प्रणाली (e-Health System) सम्बन्धी कानुन तर्जुमा गरी सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गरिने।
१२. सर्ने, नसर्ने र उपेक्षीत रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि महामारी निगरानी प्रणाली स्थापित गरी सडक दुर्घटनाबाट हुने क्षति न्यूनीकरण गरिने।
१३. नागरिकका लागि सुरक्षित खानेपानीको उपलब्धता सुनिश्चित गर्न नियमित गुणस्तर मापन सेवा प्रदान गरिने।
१४. स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक र प्रतिकारात्मक कार्यक्रमहरू सञ्चालन गरी नागरिकको समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याइने।
१५. उच्च पहाडी तथा हिमाली क्षेत्रमा मोबाइल क्लिनिक, टेलिमेडिसिन र स्वास्थ्य सचेतनाका माध्यमबाट स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिने।
१६. अस्पतालजन्य फोहोर र म्याद गुज्रेका औषधिको व्यवस्थापनका लागि प्रदेश कानुन तर्जुमा गरी स्वास्थ्य जोखिम कम गरिने।
१७. स्वास्थ्य संस्थाहरूमा रहेका उपकरणहरूको नियमित मर्मत सम्भार र अवस्था अद्यावधिक गर्ने प्रणालीको विकास गरिने।

## ५. कार्ययोजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | आधारभूत स्वास्थ्य सेवाको सबलीकरण कार्यक्रम | निशुल्क औषधी वितरण कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य केन्द्रहरू | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | मानसिक स्वास्थ्य तालिम कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्थानीय तह, विकास साझेदार | मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक र कार्ययोजना (२०७९-२०८७) | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | स्वास्थ्य व्यवस्था सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान,स्थानीय तह, विकास साझेदार | स्वास्थ्य नीति २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | आधारभूत अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय सरकार,स्थानीय तह | नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका २०७१बमोजिम चिकित्सक परिचालन गरिएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २. | विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम | PEN+ (Package On Essential Non-communicable disease) किल्निक कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय सरकार र विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | PEN तालिम एवम् PEN Plus किल्निक कार्यक्रम सञ्चालन गरिएको | निरन्तर | निरन्तर | निरन्तर | |
| | | डायलायसिस सेवा कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय सरकार , मातहतका निकायमविकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | थप एक जिल्लामा सञ्चालन गरिने | निरन्तर | निरन्तर | |
| | | विशेषज्ञ जनशक्ति व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय सरकार र विकास साझेदार | प्राविधिक जनशक्ति सेवा करारमा छनोट गर्ने सम्बन्धी कार्यविधि२०७६बमोजिम कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | विशेषज्ञ शिविर सञ्चालन कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | मातहतका कार्यालय,विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | जिल्ला अस्पताल स्तरोन्नति | स्वास्थ्य उपकरण तथा मेसिनरी औजार व्यवस्थापन | २ | ३ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | वार्षिक विकास कार्यक्रम अन्तर्गत बजेट व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | कार्यक्रम | | | | | | भएको | | | | | |
| | | अस्पतालको शैया निर्धारणका लागि अध्ययन | २ | ३ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | आवश्यकता पहिचान | अध्ययन र छलफल | अध्ययन टोली गठन,प्रतिवेदन र स्वीकृति | कार्यान्वयन | निरन्तर | |
| ४. | प्रदेश अस्पतालको स्तरोन्नति कार्यक्रम | विशेषज्ञ सेवा सञ्चालन कार्यक्रम | २ | ४ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय | प्राविधिक जनशक्ति सेवा करारमा छनोट गर्ने सम्बन्धी कार्यविधि२०७६बमोजिम कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५. | स्वास्थ्य पुनर्स्थापना सेवा सुदृढीकरण कार्यक्रम | फिजियोथेरापी सेवा सञ्चालन कार्यक्रम गर्ने | ३ | ५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्थानीय तह, विकास साझेदार | स्वास्थ्य पुनर्स्थापना रणनीतिक कार्ययोजना (२०८०-२०८७) | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | पी एण्ड ओ युनिट स्थापना र सञ्चालन गर्ने | ३ | ५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्थानीय तह, विकास साझेदार | स्वास्थ्य पुनर्स्थापना रणनीतिक कार्ययोजना (२०८०-२०८७) | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार | भौतिक संरचना निर्माण र सञ्चालन गर्ने | ३ | ६ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्थानीय तह, विकास साझेदार | भवन निर्माणकोआवश्यकता पहिचान गरियो | बजेट विनियोजन | संरचना निर्माण र सञ्चालन | निरन्तर | निरन्तर | |
| | | जनशक्ति क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी प्रादेशिक रणनीति तर्जुमा कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्थानीय तह, विकास साझेदार | अध्ययन र छलफल | आवश्यकता पहिचान | रणनीति मस्यौदा तर्जुमा | स्वीकृति र कार्यान्वयन | निरन्तर | |
| ७. | औषधीजन्य जडीबुटीको पहिचान, उत्पादन, सङ्कलन, प्रशोधन र उत्पादन कार्यक्रम | आयुर्वेद औषधी उत्पादन तथा वितरण कार्यक्रम सञ्चालन गर्ने | ३ | ७ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | शिलाजित तथा शुगन्धित तेलको प्रशोधन तथा उत्पादन कर्यक्रम सञ्चालन गर्ने | ३ | ७ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्रत्येक जिल्लामा आयुर्वेद जडीबुटी पहिचान सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | ३ | ७ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ८. | स्वास्थ्य विमा कार्यक्रम | हरेक जिल्लामा चार वर्गका लागि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्ने | ३ | ८ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | स्वास्थ्य बिमा बोर्ड,स्थानीय तह, विकास साझेदार | विपन्न नागरिक स्वास्थ्य बिमा तथा स्वास्थ्य उपचार सहयोग कार्यविधि २०८० | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ९. | मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रम | मानसिक स्वास्थ्य मड्युल टु-ए, टु-बी,फाइभ,सिक्स कार्यक्रम सञ्चालन गर्ने | ३ | ९ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०७९-२०८७) | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | पूर्णखोप सुनिश्चितता कार्यकम | दशै जिल्लामा पूर्णखोप सुनिश्चितता कार्यकम सञ्चालन गर्ने | ३ | १० | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,मातहतका निकाय,स्थानीय तह, विकास साझेदार | पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ | कार्यक्रम सञचालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | स्वास्थ्य संस्था र अस्पताल व्यवस्थापन प्रणाली सुदृढीकरण कार्यक्रम | ई.एच.आर. कार्यक्रम सञ्चालन गर्ने | ३ | ११ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | टेलिमेडिसिन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने | ३ | ११ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | दुर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०८० | कार्यक्रम सञचालन | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | रोगहरूको निगरानी कार्यक्रम (सर्ने तथा नसर्ने रोगको रोकथाम, नियन्त्रण, निवारण र व्यवस्थापन) तथा सडक दुर्घटना न्यूनीकरण कार्यक्रम | SORMAS(Surveillance Outbreak Response Management and Analysis System) तलिम सञ्चालन र कार्यान्वयन कार्यक्रम सञ्चालन गर्न | ३ | १२ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | आवश्यकता पहिचान | समुदायमा आधारित रोग निगरानी निर्देशिका २०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | EWARS(Early Warning, Alert and Response System)पूर्व चेतावनी कार्यक्रम सञ्चालन गर्ने | ३ | १२ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | आवश्यकता पहिचान | National Standard Operating Procedure(SOP) for Early Warning Alert and Response System(EWARS) 2025 | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| १३ | खानेपानीको गुणस्तर निगरानी | Drinking Water Safety Plan and Drinking Water | ३ | १३ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,जिल्ला स्थित कार्यालय,स्थानीय तह, विकास | आवश्यकता पहिचान | राष्ट्रिय खानेपाने गुणस्तर निगरानी | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | Quality Surveillance Program तथा सङ्क्रामक रोग निगरानी कार्यक्रम सञ्चालन गर्ने | | | | साझेदार | | निर्देशिका २०८२ | | | | |
| १४ | स्वास्थ्य प्रर्बद्धनात्मक तथा प्रतिकारात्मक कार्यक्रम | पोषण प्रवर्धन तथा बिषादी न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने | ४ | १४ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | आरोग्यता प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | ४ | १४ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | आरोग्य पर्यटन सम्बन्धी रणनीति २०८२-८७ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | नसर्ने रोगको सिस्क्रिनिङ्ग कार्यक्रम सञ्चालन गर्ने | ४ | १४ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | उच्च हिमाली क्षेत्रमा समग्र स्वास्थ्य सेवा पहुँच कार्यक्रम | संस्थागत सुत्केरीका लागि ON SITE COACHING कार्यक्रम सञ्चालन गर्ने | ५ | १५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | सबै जिल्लामा पूर्ण खोप कार्यक्रम सञ्चालन गर्ने | ५ | १५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ | कार्यक्रम सञचालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | Growth monitoring कार्यक्रम सञ्चालन गर्ने | ५ | १५ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | राष्ट्रिय पोषण रणनीति २०७७ | कार्यक्रम सञ्चालन | निरन्तर् | निरन्तर | निरन्तर | |
| १६ | अस्पतालजन्य फोहोर र म्याद गुज्रेका औषधी व्यवस्थापन कार्यक्रम | अस्पतालजन्य फोहोर वर्गीकरण कार्यक्रम सञ्चालन गर्ने | ५ | १६ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | स्वास्थ्य आपूर्ति श्रृङ्खला व्यवस्थापन निर्देशिका २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | म्याद गुज्रेका औषधी नष्ट तथा फिर्ता कार्यक्रम सञ्चालन गर्ने | ५ | १६ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घीय निकाय,स्थानीय तह, विकास साझेदार | स्वास्थ्य आपूर्ति श्रृङ्खला व्यवस्थापन निर्देशिका २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | अस्पताल उपकरण व्यवस्थापन कार्यक्रम | Bio Medical Engineer तथा Bio Medical Technician व्यवस्थापन गर्ने | ६ | १७ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र,स्थानीय तह, विकास साझेदार | प्राविधिक जनशक्ति सेवा करारमा छनोट गर्ने सम्बन्धी कार्यविधि २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | अस्पताल उपकरण खरिद तथा मर्मत कार्यक्रमको प्रभावकारी सञ्चालन गर्ने | ६ | १७ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र,स्थानीय तह, विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | जन्मदाको अपेक्षित आयु | वर्ष | ७२.५ | ७२.५ | ७२.८ | ७३.० |
| २ | बाल मृत्युदर (प्रति हजार) | जना | ४६ | ३५ | २७ | २० |
| ३ | मातृ मृत्युदर (प्रति लाख) | जना | १७२ | १६१ | १०० | ७० |
| ४ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | २६ | १९ | १३ | १२ |
| ५ | पूर्णखोप उपलब्ध बालबालिका | प्रतिशत | ८४.३ | ९५ | ९६ | ९६ |
| ६ | ३० मिनेटको दुरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच भएको परिवार | प्रतिशत | ४३.१ | ४८ | ६० | ७५ |
| ७ | स्वास्थ्य विमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ३५ | ५० | ८० |
| ८ | स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात | प्रतिशत | ५७ | ५१ | ४६ | ३५ |
| ९ | कुल प्रजननदर | प्रति महिला | २.६ | २.५ | २.३ | २.१ |
| १० | किशोरी अवस्थाको प्रजननदर | प्रतिशत | २०.६ | १९.५ | १५ | १० |
| ११ | स्वास्थ्य संस्था मार्फत प्रसुति सेवा लिने महिला | प्रतिशत | ७२.५ | ७५ | ९० | १०० |
| १२ | दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी हुने महिला | प्रतिशत | ७२.३ | ७५ | ८२ | ९० |
| १३ | प्रोटोकल अनुसार ८ पटकसम्म गर्भवती जाँच गराउने महिला | प्रतिशत | ३१.४ | ४७.३ | ७० | ८५ |
| १४ | प्रोटोकल अनुसार बच्चाको जन्मपछि ४ पटक सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ४१.३ | ४५.५ | ६० | ८० |
| १५ | भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ८८ | ९० | ९५ | १०० |
| १६ | प्रतिलाख जनसङ्ख्यामा चिकित्सक | सङ्ख्या | १२ | १६ | २७ | ३० |
| १७ | विशेषज्ञ स्वास्थ्य सेवा पूर्वाधार (अस्पताल) | सङ्ख्या | २ | ३ | ६ | १० |
| १८ | स्वास्थ्यकर्मी घनत्व (प्रतिहजार जनसङ्ख्यामा) | जना | १.७ | १.८ | २.० | ३.० |
| १९ | आत्महत्याबाट हुने मृत्युदर (प्रतिलाख जनसङ्ख्यामा) | जना | १९ | १५ | १० | ४.७ |
| २० | सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प्रतिलाखमा) | जना | - | १४ | १० | ४.९६ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, NDHS 2022*

### ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटता र विशेषज्ञ जनशक्तिको अभावका कारण दूरदराजका बस्तीहरूमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन चुनौतीपूर्ण हुने र बढ्दो नसर्ने रोगहरूको प्रकोपले स्वास्थ्य क्षेत्रमा व्ययभार बढ्ने जोखिम देखिन्छ । यद्यपि रणनीतिक कार्ययोजनाको सफल कार्यान्वयन र स्थानीय तहसँगको समन्वयले स्वास्थ्य सूचकहरूमा थप सुधार आउने र नागरिकको औसत आयु बढ्ने अनुमान गरिएको छ । यदि टेलिमेडिसिन र आधारभूत स्वास्थ्य सेवालाई गाउँ-गाउँसम्म विस्तार गरिएमा कर्णालीका दुर्गम क्षेत्रका नागरिकहरूले पनि समयमै उपचार पाउने र अकाल मृत्युको दरमा उल्लेख्य कमी आउने अपेक्षा गरिएको छ।

## ६.२ पोषण

### १. पृष्ठभूमि

मानवपुँजी विकासमा अवरोधको रूपमा रहेको कुपोषणलाई हटाउन नेपालले बहुक्षेत्रीय समन्वयमार्फत पोषण सुधारका प्रयासहरू गर्दै आएको छ। कर्णाली प्रदेशको दुर्गम भूगोल, विपन्नता र खाद्यान्नमा पहुँचको अभावले गर्दा यहाँ कुपोषणको अवस्था अन्य प्रदेशको तुलनामा गम्भीर छ, जसले समग्र सामाजिक-आर्थिक विकासमा बाधा पुऱ्याएको छ। विशेषगरी 'सुनौला १००० दिन' का बालबालिका र मातृ पोषणलाई प्राथमिकता दिँदै सङ्घ, प्रदेश, स्थानीय तह र विकास साझेदारहरूको साझा लगानीमा विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। पोषणसँग सम्बन्धित यस्ता बहुक्षेत्रीय प्रयासले जनस्वास्थ्यको क्षेत्रमा दीर्घकालीन सुधार ल्याउने अपेक्षा गरिएको छ।

### २. उद्देश्य

१. खाद्य सुरक्षा तथा पोषण सेवामा पहुँच वृद्धि गर्नु,
२. एकीकृत कार्यक्रममार्फत पोषणको अवस्थामा सुधार गर्नु,
३. असल खानपान तथा स्वास्थ्य व्यवहार अबलम्बन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. खाद्य उत्पादन तथा पहुँचमा सुधार गर्ने।
२. सामाजिक व्यवहार परिवर्तन र स्वास्थ्य सुधार गर्ने।
३. नीति तथा संरचनागत सुधार गरी पोषणसम्बन्धी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने।
४. असल खानपान र रैथाने पौष्टिक बालीको प्रर्वद्धन गर्ने।

### ४. कार्यनीति

१. प्रदेशका सबै स्वास्थ्य संस्था र स्थानीय तहहरूलाई क्रमशः पोषणमैत्री घोषणा गर्दै वि. सं. २०८६ सम्म कर्णाली प्रदेशलाई पोषणयुक्त उन्मुख प्रदेश बनाइने।
२. सङ्घ र स्थानीय तहको समन्वयमा खाद्य सुरक्षाको जोखिममा रहेका वर्गको पहिचान गरी परिचय-पत्र जारी गरिने र सुरक्षित खाद्य भण्डारणको व्यवस्था मिलाइने।
३. स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा पोषिलो एवं स्थानीय खाद्यका बारेमा व्यापक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने।
४. प्रदेश र स्थानीय तहबिच पोषणसम्बन्धी क्षमता विकासका लागि सहकार्य गर्दै स्थानीयस्तरमा पोषण विशेष कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिने।
५. लोपोन्मुख जाति र सीमान्तकृत समुदायका बालबालिका तथा महिलाहरूलाई केन्द्रित गरी पोषण विशेष कार्यक्रमहरू सञ्चालन गरिने।
६. बहुक्षेत्रीय पोषण योजना तेस्रोको सफल कार्यान्वयन मार्फत प्रदेशको समग्र स्वास्थ्य र पोषण प्रणालीमा सुधार ल्याइने।
७. बालबालिकामा हुने मध्यम शीघ्र कुपोषण र कडा शीघ्र कुपोषणको दरमा उल्लेख्य सुधार ल्याउन आवश्यक उपचारात्मक र प्रतिरोधात्मक सेवा विस्तार गरिने।

## ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | पोषणयुक्त प्रदेश कार्यक्रम | 'पोषणमैत्री स्वास्थ्य संस्था' र 'पोषणमैत्री स्थानीय तह' घोषणा अभियान सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ र पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २. | बहुक्षेत्रीय पोषण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | बहुक्षेत्रीय पोषण योजना III को प्रभावकारी कार्यान्वयन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | बहुक्षेत्रीय पोषण योजना (iii) २०८०-२०८७ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३. | जनस्तरमा पोषणयुक्त खानपान प्रवर्धन सचेतनामूलक कार्यक्रम | रैथाने र स्थानीय खाद्यबाली (मार्सी, कोदो, फापर आदि) को उपभोग बढाउन र स्वस्थ खानपान सम्बन्धी व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | नेपालीका लागि असल खानपान सम्बन्धी मार्गदर्शन २०७३ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४. | पोषणसम्बन्धी संस्थागत क्षमता विकास कार्यक्रम | स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका र स्थानीय तहका जनप्रतिनिधिहरूको पोषण व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५. | लोपोन्मुख जाति र सीमान्तकृत समुदाय पोषण कार्यक्रम | लक्षित सीमान्तकृत समुदायका गर्भवती, सुत्केरी महिला र ५ वर्ष मुनिका बालबालिकाका लागि विशेष पोषण तथा खाद्यान्न सहयोग कार्यक्रम सञ्चालन गर्ने | २ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घ, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ र पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६. | जिल्ला र स्थानीय तह बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम | जिल्लास्तरीय पोषण कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | सामाजिक विकास मन्त्रालय | सङ्घ, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | स्थानीयस्तरीय पोषण कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७. | शीघ्र कुपोषण एकीकृत व्यवस्थापन | कडा कुपोषित बालबालिकाको प्रारम्भिक पहिचान, बहिरङ्ग उपचार र पोषण पुनःस्थापना गृहको सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने | ४ | ७ | सामाजिक विकास मन्त्रालय | सङ्घ, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन मार्ग दर्शन २०८१ | सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | ह | प्रतिशत | १८ | १७ | १३ | १० |
| २ | पाँच बर्षमुनिका पुड्कोपना भएका बालबालिका | प्रतिशत | ३६ | ३५ | २५ | १८ |
| ३ | पाँच बर्षमुनिका ख्याउटेपना भएका बालबालिका | प्रतिशत | ४ | ४ | ३ | २ |
| ४ | पाँच बर्षमुनिका बालबालिकामा रहेको रक्त अल्पता | प्रतिशत | ४० | ३५ | २५ | १२ |
| ५ | प्रजनन उमेर समूहका महिलामा रहेको रक्तअल्पता | प्रतिशत | २१.२ | २० | १४ | १० |
| ६ | भिटामिन ए प्राप्त गर्ने सुत्केरी महिला | प्रतिशत | ८८ | ९० | ९५ | १०० |
| ७ | पाँच बर्ष मुनिका बालबिकाको बाल मृत्युदर (प्रति हजार) | सङ्ख्या | ४६ | ३५ | ३० | २० |
| ८ | पोषणमैत्री स्वास्थ्य संस्था | सङ्ख्या | १५ | २० | १७५ | ४२५ |
| ९ | पोषण पुनर्स्थापना केन्द्र | सङ्ख्या | ३ | ४ | ७ | १० |
| १० | बहुक्षेत्रीय पोषण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम समावेश गरी वार्षिक योजना बनाउने स्थानीय तह | सङ्ख्या | - | ५ | २० | ५५ |
| ११ | खाद्य भण्डारणको व्यवस्था भएका स्थानीय तह | सङ्ख्या | - | ५ | २० | ५५ |
| १२ | पोषणमैत्री घोषणा भएका स्थानीय तह | सङ्ख्या | - | ५ | २० | ५५ |

*स्रोतः NDHS 2022, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

## ७. जोखिम पक्ष र अनुमान

खाद्य सुरक्षाको अभाव, परम्परागत खानपानको शैली र भौगोलिक विकटताका कारण पोषण कार्यक्रमहरूको प्रभावकारितामा कमी आउने र लक्षित वर्गसम्म सेवा पुग्न ढिलाइ हुने जोखिम देखिन्छ। यद्यपि बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यान्वयनले बालबालिकाको पुड्कोपन, ख्याउटेपन र कम तौल हुने समस्यामा उल्लेख्य कमी आउने अनुमान गरिएको छ। यदि स्थानीय कृषि उत्पादनलाई पोषणसँग जोडेर सचेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरिएमा आगामी केही वर्षभित्रै कर्णालीको मानव विकास सूचकाङ्कमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ।

## ६.३ जनसङ्ख्या तथा बसाइँसराइ

**१. पृष्ठभूमि**

नेपालको संविधानले जनसङ्ख्या व्यवस्थापनलाई तीनै तहका सरकारको साझा अधिकारको रूपमा स्थापित गरेको छ। जनसाङ्ख्यिक लाभलाई विकासको मूल प्रवाहमा जोड्न 'राष्ट्रिय जनसङ्ख्या नीति, २०७१' र जनसङ्ख्या सम्बन्धी 'दीर्घकालीन योजना (२०६७–२०८७)' कार्यान्वयनमा रहेका छन् । विकासको केन्द्रबिन्दु र प्रतिफलको उपभोक्ता जनता नै भएकाले उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार गर्नु आवश्यक छ । जनसङ्ख्याको बनावट, संरचना र वितरणलाई उपलब्ध प्राकृतिक तथा आर्थिक स्रोतसँग सन्तुलन मिलाउँदै बसाइँसराइको उचित व्यवस्थापन गर्नु नै दिगो विकास र समृद्धिको मुख्य आधार हो।

**२. उद्देश्य**

१. स्थानीय आर्थिक विकास तथा रोजगारीका अवसर सिर्जना गर्नु,
२. सामाजिक सेवा र पूर्वाधारको विकास र विस्तार गर्नु,
३. जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थित गर्नु।

**३. रूपान्तरणकारी रणनीति**

१. सन्तुलित विकास मार्फत आन्तरिक बसाइँसराइलाई सुरक्षित र व्यवस्थित गर्ने।
२. जनसाङ्ख्यिक वितरणलाई सन्तुलित बनाउन रोजगारका अवसरहरू सिर्जना गर्ने।
३. विदेश गएको जनशक्तिलाई आकर्षण गर्न उपयुक्त नीति सहित वातावरण सिर्जना गर्ने।
४. पहुँच बाहिर रहेका, सीमान्तकृत र फरक क्षमता भएका व्यक्तिहरूका लागि आर्थिक सशक्तीकरण सहित सम्मानजनक वातावरण सिर्जना गर्ने।

**४. कार्यनीति**

१. युवा, महिला, सीमान्तकृत समुदाय र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई सिप, क्षमता र आर्थिक अवसर प्रदान गरी समावेशी विकास र उद्यमशीलतामार्फत आत्मनिर्भर बनाइने।
२. आन्तरिक र बाह्य बसाइँसराइको प्रभावकारी सूचना व्यवस्थापन प्रणाली विकास गरी स्थानीय तहसम्म यथार्थपरक तथ्याङ्क उपलब्ध गराइने।
३. ग्रामीण तथा सहरी क्षेत्रमा योजनाबद्ध बसोबास सुनिश्चित गर्न सरकारी निकाय, दातृ निकाय र गैरसरकारी सङ्घसंस्थाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरिने।
४. "गाउँमा बसौँ, स्वस्थ बनौँ" भन्ने अभियानमार्फत ग्रामीण क्षेत्रमै शिक्षा, स्वास्थ्य, बिमा, कृषि र रोजगारीका अवसरहरू सिर्जना गरी बसाइँसराइको दर न्यूनीकरण गरिने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | जनसाङ्ख्यिक लाभ, उद्यमशीलता र समावेशी विकास कार्यक्रम | युवा जनशक्ति (Demographic Dividend) लाई रोक्न, महिला, सीमान्तकृत तथा फर्किएका वैदेशिक श्रमिकका लागि सिप र स्टार्टअप उद्यम प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने | ३,४ | १ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २. | जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली | जनसङ्ख्या व्यवस्थापन सम्बन्धी वास्तविक समयको डिजिटल तथ्याङ्क प्रणाली विकास कार्यक्रम सञ्चालन गर्ने | १,३ | २ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३. | योजनाबद्ध बसोबास प्रवर्धन कार्यक्रम | व्यवस्थित सहरी विकास कार्यक्रम लागु गर्ने | १ | ३ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सङ्घ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४. | "गाउँमा बसौं, स्वस्थ बनौं" कार्यक्रम | ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षा, आधुनिक स्वास्थ्य, र स्वरोजगारका अवसर विस्तार गरी बसाइँसराइ निरुत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने | १ | ४ | सामाजिक विकास मन्त्रालय मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विदेशबाट फर्किएर सिप, क्षमता र आर्थिक अवसर प्राप्त भई जीविकोपार्जन र उद्यमशीलतामा संलग्न भएका युवा | सङ्ख्या | - | १० | १०० | १५० |
| २ | जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली स्थपना भई बसाइँसराइको तथ्याङ्क समेत सङ्कलन गर्ने स्थानीय तह | सङ्ख्या | - | ५ | २५ | ५० |
| ३ | योजनाबद्ध बसोबास प्रवर्धनका लागि सरकारी, दातृ निकाय तथा गैरसरकारी संस्थासँग सहकार्य तथा समन्वय भएका परियोजना | सङ्ख्या | - | २ | ५ | ५ |
| ४ | वैदेशिक रोजगारीमा भारत जाने व्यक्ति | सङ्ख्या | ६६३५७ | ६०५०० | ५८००० | ५०००० |
| ५ | भारत बाहेक अन्य मुलुक रोजगारीमा जाने व्यक्ति | सङ्ख्या | २७९६३ | २७००० | २६००० | २५००० |

*स्रोतःराष्ट्रिय तथ्याङ्क कार्यालय।*

## ७. जोखिम पक्ष र अनुमान

पहाडी तथा हिमाली क्षेत्रबाट हुने तीव्र बसाइँसराइ र युवा जनशक्ति पलायनका कारण ग्रामीण भेगमा उत्पादनशील जनशक्तिको अभाव हुने र सहरी क्षेत्रमा चाप बढ्ने जोखिम देखिन्छ। यद्यपि जनसङ्ख्या नीति र दीर्घकालीन योजनाको प्रभावकारी कार्यान्वयनले जनसाङ्ख्यिक संरचनामा सन्तुलन ल्याउने र विकासका प्रतिफलहरूको समान वितरण हुने अनुमान गरिएको छ। यदि स्थानीय तहमा आधारभूत सेवा र रोजगारीका अवसरहरू विस्तार गरिएमा बसाइँसराइ कम भई दिगो र सन्तुलित प्रादेशिक विकासको लक्ष्य हासिल हुने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-सातः शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी

## ७.१ गुणस्तरीय शिक्षा

### १. पृष्ठभूमि

शिक्षा विकासको मूल आधार र दक्ष मानव संसाधन तयार गर्ने प्रमुख माध्यम हो। नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको सुनिश्चितता गरेको छ। कर्णाली प्रदेशको समग्र विकासका लागि गुणस्तरीय, व्यावसायिक र प्राविधिक शिक्षा अपरिहार्य छ। प्रदेशको विशिष्ट आवश्यकता, संविधान प्रदत्त अधिकार र राष्ट्रिय शिक्षा नीति, २०७६ लाई मध्यनजर गर्दै शिक्षित, सिर्जनशील र सुसंस्कृत मानव पुँजी निर्माणका लागि वस्तुनिष्ठ रणनीति र कार्यक्रममार्फत कर्णालीलाई शैक्षिक केन्द्रका रूपमा विकास गर्नु आजको आवश्यकता हो।

### २. उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. शैक्षिक गुणस्तरमा सुधार गर्नु,
३. सिपयुक्त, प्रतिस्पर्धी एवम् सुसंस्कृत मानव पुँजीको विकास गर्नु,
४. शैक्षिक क्षेत्रमा उत्थानशीलता तथा सुशासन प्रवर्धन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. नीतिगत, कानुनी एवम् संरचनागत सुधारलाई निरन्तरता दिने।
२. शैक्षिक पहुँच विस्तार तथा गुणस्तरमा सुधार ल्याउने।
३. शिक्षालाई बढी व्यावहारिक तथा जीवनोपयोगी बनाउने।
४. शैक्षिक सुशासन कायम गर्ने।
५. विश्वविद्यालयलाई विशिष्ट शैक्षिक, अनुसन्धान, प्रसार तथा नीति विज्ञान प्रयोगशालाको रूपमा विकास गर्ने।

### ४. कार्यनीति

१. सङ्घीय कानुनसँग तादात्म्यता हुने गरी नयाँ प्रादेशिक शिक्षा नीति तथा कानुन निर्माण गरिने र मौजुदा निर्देशिका एवं मापदण्डहरूलाई समयसापेक्ष परिमार्जन गरिने।
२. सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर सुधार गरी आकर्षण बढाइने तथा अति विपन्न, पिछडिएका र अपाङ्गता भएका बालबालिकाका लागि उच्च शिक्षासम्म निःशुल्क अध्ययनको विशेष प्याकेज व्यवस्था गरिने।
३. संस्थागत विद्यालयमा विपन्न एवं जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति कोटा निर्धारण र नियमन गरिने तथा द्वन्द्व प्रभावित, सहिद परिवार र सीमान्तकृत छात्राका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिने।
४. विद्यालय छाड्ने (Dropout) दर कम गर्न विपन्न वर्गका बालबालिकाहरूलाई लक्षित गरी 'पढ्दै कमाउँदै' शैक्षिक कार्यक्रमलाई विस्तार गरिने।
५. मुगु, हुम्ला, जुम्ला, डोल्पा र कालिकोट जस्ता कमजोर मानव विकास सूचकाङ्क भएका जिल्लाका स्थानीय तहहरूमा आवासीय विद्यालय स्थापना र सञ्चालन गरिने।
६. सबै जिल्लामा प्राविधिक विद्यालयहरूको स्तरवृद्धि गरिने र सम्भाव्यताका आधारमा सुव्यवस्थित व्यावसायिक तालिम केन्द्रहरू स्थापना गरिने।
७. 'एक विद्यालय एक स्वास्थ्यकर्मी' कार्यक्रम विस्तार गरिने तथा सिकाइमा कमजोर विद्यार्थीका लागि मनोसामाजिक परामर्श र विशेष कक्षाको व्यवस्था मिलाइने।
८. प्रदेश र स्थानीय तहमा ई-पुस्तकालय (E-library) तथा ई-लर्निङ सेन्टरहरूको स्थापना गरी सार्वजनिक पुस्तकालय प्रणालीलाई सुदृढ गरिने।
९. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि प्रदेशस्तरमा तालिम केन्द्र स्थापना गरिने र बहिरा शैक्षिक केन्द्रहरूलाई क्रमशः आवासीय ज्ञान केन्द्रका रूपमा विकास गरिने।
१०. प्रविधिमैत्री शैक्षिक सूचना केन्द्रको स्थापना गरी शैक्षिक तथ्याङ्क र सेवा प्रवाहलाई डिजिटल माध्यमबाट सुचारु गरिने।
११. गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्कृष्ट सामुदायिक विद्यालयहरूलाई थप प्रोत्साहन र पुरस्कृत गर्ने व्यवस्था मिलाइने।
१२. प्रदेशमा रहेका विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान र अनुसन्धान केन्द्रहरूसँग अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन (Innovation) का लागि समन्वय र साझेदारी गरिने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | शैक्षिक नीति, कानुन तर्जुमा तथा संस्थागत सुधार कार्यक्रम | शिक्षासँग सम्बन्धित कार्यविधिहरूको आवश्यकता अनुसार संशोधन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ आर्थिक मामिला तथा योजना आयोग/स्थानीय तह/विकास साझेदार | संशोधन मस्यौदा तयारी,स्वीकृति र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | कर्णाली प्रदेशको शिक्षा नीति तर्जुमा र कार्यान्वयन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/आर्थिक मामिला तथा योजना आयोग/ स्थानीय तह/ विकास साझेदार | अध्ययन र छलफल | मस्यौदा तयारी | स्वीकृति | कार्यान्वयन | निरन्तर | |
| | | मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ सहयोग कार्यक्रम कार्यान्वयन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ आर्थिक मामिला तथा योजना आयोग/स्थानीय तह, विकास साझेदार | अध्ययन र छलफल | आन्तरिक तयारी | मस्यौदा तयारी र स्वीकृति | कार्यान्वयन | निरन्तर | |
| २. | शिक्षामा पहुँच अभिवृद्धि कार्यक्रम | सार्वजनिक शिक्षा सुधार कार्यक्रम सञ्चालन गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय | विश्वविद्यालयहरू/ सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | अध्ययन र छलफल | कार्यक्रम तयारी | कार्यक्रम सञ्चालन | निरन्तर | सञ्चालन/निरन्तरता | |
| | | शिक्षक तालिम कार्यक्रम | २ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | शिक्षालय सुधार कार्यक्रम सञ्चालन गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३. | जेहेन्दार तथा विशेष छात्रवृत्ति कार्यक्रम | उच्च शिक्षा प्राविधिक छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | विश्वविद्यालयहरू/ सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार / विश्वविद्यालयहरू | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | उच्च शिक्षा दलित छात्रवृत्ति कार्यक्रम तथा उच्च शिक्षा अपाङ्गता छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | लोपोउन्मुख तथा सीमान्तकृत छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | पढ्दै कमाउदै शैक्षिक कार्यक्रम | पढ्दै कमाउदै शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी कानुन निर्माण तथा कार्यान्वयन गर्ने | ४ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | कार्यान्वयन | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ५ | आवासीय विद्यालय स्थापना र सञ्चालन | आवासीय विद्यालय भवन निर्माण | ५ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | प्राविधिक विद्यालय तथा व्यावसायिक तालिम केन्द्रको विस्तार र संस्थागत सुधार | प्राविधिक विद्यालय सुधार कार्यक्रम सञ्चालन गर्ने नमुना प्राविधिक शिक्षालय विकास कार्यक्रम सञ्चालन गर्ने | ६ | ६ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्राविधिक शिक्षालय प्रत्यायन निर्धारण कार्यक्रम सञ्चालन गर्ने | ६ | ६ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | अध्ययन र पूर्वतयारी | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | |
| | | औधोगिक प्रशिक्षार्थी तालिम सञ्चालन गर्ने | ६ | ६ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | एक विद्यालय एक स्वास्थ्यकर्मी र मनोसामाजिक परामर्शदाता तथा स्वास्थ्य क्लिनिक कार्यक्रम | एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन कार्यविधिको कार्यान्वयन गर्ने | ७ | ७ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | सञ्चालन | निरन्तर | |
| | | वृति मार्गनिर्देशन परामर्श सेवा सञ्चालन गर्ने | ७ | ७ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | सार्वजनिक पुस्तकालय प्रणाली विकास, ई-पुस्तकालय र लर्निङ सेन्टर | बाल पुस्तकालय निर्माण तथा सञ्चालन गर्ने | ८ | ८ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | सञ्चालन | निरन्तर | |
| | | पुस्तकालय सुधार कार्यक्रम सञ्चालन गर्ने | ८ | ८ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | सञ्चालन | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | व्यवस्थापन | पुस्तकालय सामग्री खरिद अनुदान कार्यक्रम सञ्चालन गर्ने | ८ | ८ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | सञ्चालन | निरन्तर | |
| ९ | शिक्षण सिकाइमा गुणस्तरीयता प्रवर्धन कार्यक्रम | प्राविधिक शिक्षालय प्रत्यायन कार्यक्रम कार्यान्वयन गर्ने | ९ | ९ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | शिक्षक पेसागत विकास तालिम सञ्चालन गर्ने | ९ | ९ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | प्रविधिमैत्री शैक्षिक सूचना केन्द्र स्थापना | प्रविधिमैत्री शैक्षिक सूचना केन्द्र स्थापना र सञ्चालनमा सहजीकरण गर्ने | १० | १० | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | सञ्चालन | निरन्तर | |
| ११ | उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | ११ | ११ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम | स्नातकोत्तर र विद्यावारिधी अध्ययनरत विद्यार्थीलाई अध्ययन अनुसन्धानमा सहयोग गर्ने | १२ | १२ | सामाजिक विकास मन्त्रालय | विश्वविद्यालयहरू/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | सरकारी निकायले निर्धारण गरेको अनुसन्धानको क्षेत्रमा अनुसन्धान गर्न प्रेरित गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने | १२ | १२ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकताको पहिचान | अध्ययन र पूर्वतयारी | कार्यक्रम तर्जुमा | सञ्चालन | निरन्तर | |

**६. नतिजा खाका**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | साक्षरतादर | प्रतिशत | ७६.१ | ७७ | ८५ | ९५ |
| २ | युवा साक्षरतादर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९४ | ९५ | ९६ |
| ३ | बाल विकास कक्षा भर्नादर | प्रतिशत | ८७.९ | ८८.० | ९४ | ९८ |
| ४ | आधारभूत तह (१-८) खुद भर्नादर | प्रतिशत | ९५.५ | ९५.६ | ९७.२ | ९९.० |
| ५ | माध्यमिक (९-१२) खुद भर्नादर | प्रतिशत | ५६.२ | ६१.० | ७०.० | ८०.० |
| ६ | आधारभूत तह (१-८) विद्यालय छाड्नेदर | प्रतिशत | २.९ | २.५ | २.० | १.५ |
| ७ | माध्यमिक तह (९-१२) विद्यालय छाड्नेदर | प्रतिशत | १.९ | १.८ | १.५ | १.० |
| ८ | विद्यालय अध्ययन औसत अवधि | वर्ष | ८.७ | ८.८ | ९.० | १०.० |
| ९ | बाल विकासकेन्द्र | सङ्ख्या | ३३७० | ३९२३ | ४१०० | ४२०० |
| १० | आधारभूत विद्यालय | सङ्ख्या | २५०६ | २४८३ | २४९० | २५०० |
| ११ | माध्यमिक विद्यालय | सङ्ख्या | ७४५ | ७४५ | ७४५ | ७४५ |
| १२ | क्याम्पस | सङ्ख्या | ६० | ६० | ६५ | ७० |
| १३ | विश्वविद्यालय | सङ्ख्या | १ | १ | २ | २ |
| १४ | शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (८-१) | अनुपात | ३९ | ३९ | ३५ | ३० |
| १५ | शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह (१२-९) | अनुपात | ६५ | ६५ | ४८ | ४० |
| १६ | माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी | सङ्ख्या | २३९ | २३९ | ३०० | ४०० |
| १७ | उच्च शिक्षामा छात्रवृत्ति पाउने विद्यार्थी | सङ्ख्या | २२५ | २५५ | ३०० | ४०० |
| १८ | इण्टरनेट सुविधा पुगेका विद्यालय | सङ्ख्या | ५६२ | ५६२ | ८०० | ११०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

**७. जोखिम पक्ष र अनुमान**

भौगोलिक विकटता र दक्ष शिक्षक एवं आधुनिक शैक्षिक पूर्वाधारको अभावले गर्दा दुर्गम क्षेत्रका बालबालिकाहरू गुणस्तरीय शिक्षाबाट वञ्चित हुने र प्राविधिक शिक्षा खर्चिलो हुँदा विपन्न वर्गको पहुँच बाहिर रहने जोखिम देखिन्छ। यद्यपि प्रदेश सरकारको लगानी र डिजिटल सिकाइ प्रणालीको प्रवर्धनले शैक्षिक गुणस्तरमा सुधार आउने र विद्यालय छाड्ने (Dropout) दरमा कमी आउने अनुमान गरिएको छ। यदि विद्यालयहरूलाई सिप र उत्पादनसँग जोडेर व्यावसायिक शिक्षामा जोड दिएमा शिक्षित बेरोजगारी घट्नुका साथै प्रदेशको आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ।

## ७.२ युवा, खेलकुद तथा सकारात्मक रूपान्तरण

### १. पृष्ठभूमि

युवाहरू आर्थिक र सामाजिक परिवर्तनका संवाहक हुन् । उनीहरूमा ज्ञान, सिप, सिर्जनशीलता र उद्यमशीलताको विकास गरी पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्नु आजको प्रमुख आवश्यकता हो । खेलकुदले युवाको शारीरिक र मानसिक स्वास्थ्य सुधार गर्नुका साथै व्यक्तित्व विकासमा योगदान पुऱ्याउँछ । कर्णाली प्रदेशको भौगोलिक विशिष्टतालाई उपयोग गर्दै उच्च हिमाली क्षेत्रलाई साहसिक र पर्यटकीय खेलकुदको 'हब' (Hub) का रूपमा विकास गर्ने पर्याप्त सम्भावना छ । युवाहरूलाई विकासको अभियानमा सरिक गराउँदै सकारात्मक रूपान्तरणका लागि नीतिगत र संस्थागत सुदृढीकरण आवश्यक देखिन्छ ।

### २. उद्देश्य

१. युवालाई ज्ञान, सिप र प्रविधियुक्त बनाउनु,
२. युवालाई उद्यमशील, स्वावलम्बी र विकासको सम्वाहक शक्तिको रूपमा रूपान्तरण गर्नु,
३. खेलकुदमा नागरिकको स्वास्थ्य सरोकार, सहभागिता र पहुँच वृद्धि गर्नु,
४. स्तरीय पूर्वाधार, प्रशिक्षण र व्यावसायिक खेलकुद्को विकास गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. व्यावसायिक सिप एवम् उद्यमशीलता विकास, रोजगारी एवम् स्वरोजगारीका अवसर सिर्जना गरी युवामा सकारात्मक रूपान्तरण ल्याउने ।
२. युवालाई कुलतबाट जोगाउन सचेतना अभिवृद्धि र पुनर्स्थापना कार्यक्रमको विस्तार गर्ने ।
३. खेलकुद पूर्वाधारको निर्माणका साथै व्यावसायिक खेलकुद्को विकास गर्ने ।
४. माथिल्लो कर्णालीलाई साहसिक खेलको हबको रूपमा विकास गर्ने ।
५. खेलाडी तथा खेलकुदसँग सम्बन्धित सङ्घसंस्थाको क्षमता विकास र खेल क्षेत्रमा सुशासन कायम गर्ने ।

### ४. कार्यनीति

१. संस्थागत सुदृढीकरणका लागि प्रदेश युवा परिषद् र स्थानीय तहमा युवा सञ्जाल गठन गरिनुका साथै खेलकुद विकास गुरुयोजना कार्यान्वयन गरिने ।
२. युवालाई सामाजिक रूपान्तरणको संवाहक बनाउन युवा क्लबमार्फत निरक्षरता उन्मूलन, वातावरण संरक्षण र सामाजिक विकृति विरुद्ध परिचालन गरिने ।
३. युवा स्वरोजगारका लागि क्षमता विकास, प्राविधिक सहयोग र सहुलियतपूर्ण कर्जा एवं बिमाको व्यवस्था गरी कृषि, वन तथा पर्यटन उद्यममा आकर्षित गरिने ।
४. युवा वैज्ञानिक सम्मेलन, समावेशी सशक्तीकरण र स्वयंसेवक परिचालनमार्फत युवा नेतृत्व विकास गरी उत्कृष्ट युवालाई शैक्षिक एवं उद्यमी भ्रमणको अवसर दिइने ।
५. राजधानीमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला, हिमाली क्षेत्रमा पर्वतीय रङ्गशाला र सबै स्थानीय तहमा खेलमैदान लगायतका पूर्वाधार निर्माण गरिने ।
६. कर्णालीको भौगोलिक विशिष्टता अनुसार साहसिक तथा मौलिक खेलहरूको पहिचान, अध्ययन र प्रवर्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिने ।
७. विद्यालय तहदेखि नै योग, ध्यान र खेलकुद शिक्षाका माध्यमबाट युवा तथा विद्यार्थीमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिने ।
८. खेल प्रतिभाको पहिचान गरी विशेष प्रशिक्षण, प्रोत्साहन र खेलाडीको वृत्ति विकासका लागि व्यावसायिक खेल प्रशिक्षकको व्यवस्था गरिने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | नीति, कानुन तथा संरचनागत विकास सम्बन्धी कार्यक्रम | नीति तथा कानुनको निर्माण र आवश्यक संशोधन गर्ने | ५ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना आयोग, स्थानीय तह, विकास साझेदार | विभिन्न नीति, ऐन,नियमावली तथा निर्देशिका तयार एवम् संशोधन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | संरचनागत विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | विभिन्न संरचना निर्माण | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| २. | युवा विकास तथा सकारात्मक रूपान्तरणका लागि अध्ययन, अनुसन्धान र सिर्जनशीलता कार्यक्रम | सकारात्मक रूपान्तरणका लागि युवा प्रोत्साहन तथा पुरस्कार कार्यक्रम सञ्चालन गर्ने | ४ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | नवीन खोज, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | युवा रोजगार तथा स्वरोजगार कार्यक्रम | युवा रोजगार तथा स्वरोजगारका लागि युवा स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने | १ | ३ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना आयोग, स्थानीय तह, विकास साझेदार | अध्ययन तथा छलफल | आवश्यकता पहिचान | आवश्यक कार्यविधि तयार गर्ने | कार्यान्वयन | निरन्तर | |
| ४. | युवा क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम | युवा क्षमता विकास तथा प्रोत्साहनका लागि युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | युवा नवप्रवर्धन कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | युवा व्यवसायी सम्मान कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | खेलकुद पूर्वाधार | खेलकूद पूर्वाधार निर्माण गर्ने | ४ | ५ | सामाजिक विकास | सङ्घीय सरकार/सामाजिक विकास | कर्णाली प्रदेश खेलकुद | पूर्वाधार निर्माण | निरन्तर | निरन्तरस | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | निर्माण कार्यक्रम | | | | मन्त्रालय | कार्यालय/स्थानीय सरकार/विकास साझेदार | विकास ऐन २०७६ | | | | | |
| | | विद्यालय खेलकुद पूर्वाधार निर्माण गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | पूर्वाधार निर्माण | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | साहसिक तथा मौलिक खेलको अध्ययन, अनुसन्धान र प्रर्बद्धन कार्यक्रम | साहसिक तथा मौलिक खेलको प्रवर्धन गर्ने | ४ | ६ | सामाजिक विकास मन्त्रालय | प्रदेश खेलकुद विकास परिषद्, स्थानीय तह/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | प्रवर्धन कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | |
| | | अध्ययन तथा अनुसन्धान कार्यक्रम गर्ने | | | सामाजिक विकास मन्त्रालय | प्रदेश खेलकुद विकास परिषद्, स्थानीय तह/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | जनस्वास्थ्यका लागि खेलकुद, व्यायाम र स्वास्थ्य सचेतना कार्यक्रम | राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम आयोजना गर्ने | २ | ७ | सामाजिक विकास मन्त्रालय | प्रदेश खेलकुद विकास परिषद्, स्थानीय तह/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | मुख्यमन्त्री रनिङ्ग शिल्ड कार्यक्रम आयोजना गर्ने | | | सामाजिक विकास मन्त्रालय | प्रदेश खेलकुद विकास परिषद्, स्थानीय तह/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | विद्यालय स्तरीय रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | कार्यक्रम सञ्चाल | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | खेलाडी क्षमता विकास तथा व्यावसायिक प्रशिक्षण कार्यक्रम | खेलाडीको क्षमता विकास तथा व्यावसायिक प्रशिक्षणका लागि प्रशिक्षक प्रशिक्षण(TOT) कार्यक्रम सञ्चालन गर्ने | ३ | ८ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्रशिक्षक बिमा कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय सरकार/विकास साझेदार | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | युवा बेरोजगारीदर | प्रतिशत | ७.५ | ७.५ | ६ | ५ |
| २ | युवा साक्षरतादर | प्रतिशत | ९३.८ | ९४ | ९५ | ९६ |
| ३ | प्रदेशस्तरीय खेल प्रतियोगिता (वार्षिक) | सङ्ख्या | २५ | ३० | ३६ | ४० |
| ४ | राष्ट्रिय अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागिता | सङ्ख्या | ७ | १५ | २५ | ३५ |
| ५ | स्टेडियम/रङ्गशाला | सङ्ख्या | २ | ३ | ४ | ५ |
| ६ | स्तरीय खेलमैदान भएका स्थानीय तह | सङ्ख्या | १२ | १५ | ४० | ७९ |
| ७ | राष्ट्रिय/अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा हासिल पदक | सङ्ख्या | १० | १५ | २० | २५ |
| ८ | खेल प्रशिक्षक | सङ्ख्या | ८ | १० | १५ | २० |
| ९ | खेलकुद क्षेत्रमा आबद्ध सङ्घसंस्था | सङ्ख्या | १२ | १५ | २० | २५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश*

**७. जोखिम पक्ष र अनुमान**

युवा जनशक्तिको बढ्दो वैदेशिक पलायन र खेलकुद पूर्वाधारका लागि आवश्यक पर्ने ठूलो लगानीको अभावले यस क्षेत्रका लक्ष्यहरू प्राप्तिमा चुनौती खडा हुने जोखिम देखिन्छ। यद्यपि युवा लक्षित सिपमूलक तालिम र साहसिक खेलकुदमा गरिने लगानीले आन्तरिक पर्यटन बढ्ने र युवाहरूमा स्वरोजगारीका अवसरहरू सिर्जना हुने अनुमान गरिएको छ। यदि कर्णालीलाई 'हाइ अल्टिच्युड' खेलकुद केन्द्रका रूपमा विकास गर्न सकिएमा यसले विश्वभरका खेलाडी र पर्यटकलाई आकर्षित गरी प्रदेशको छुट्टै पहिचान बनाउने अपेक्षा गर्न सकिन्छ।

## ७.३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन

### १. पृष्ठभूमि

दिगो विकासको वैज्ञानिक आधार तयार गर्न वस्तुगत खोज, अध्ययन र अनुसन्धानको भूमिका निर्णायक हुन्छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने नवप्रवर्तनले उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नुका साथै सेवा प्रवाहमा सुधार ल्याउन मद्दत गर्दछ । तथ्यमा आधारित योजना तर्जुमा, स्रोतको न्यायोचित वितरण र सामाजिक-आर्थिक जोखिमहरूको सामना गर्न वैज्ञानिक अनुसन्धानले ठोस आधार प्रदान गर्दछ । कर्णाली प्रदेशको समग्र विकासका लागि नयाँ प्रविधि, वस्तु र सेवाको विकास गर्दै सार्वजनिक सेवालाई प्रभावकारी बनाउन यस क्षेत्रमा लगानी र प्रोत्साहन आवश्यक छ ।

### २. उद्देश्य

१. विज्ञान, प्रविधि तथा नवप्रवर्तनको प्रवर्धन र विकास गर्नु,
२. विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई प्रदेशको समृद्धिका लागि उच्चतम उपयोग गर्नु,
३. सिपयुक्त तथा दक्ष मानव संशाधनको विकास र मानव पुँजी निर्माण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. अध्ययन, अनुसन्धान, विज्ञान तथा प्रविधि र नवप्रवर्तनले दिशानिर्देश गरेको विकास निर्माण कार्यलाई प्राथमिकता दिने ।
२. सार्वजनिक सेवा प्रवाह तथा शिक्षणसिकाइका कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने र शैक्षिक प्रणालीलाई अनुसन्धानमूलक बनाउने ।
३. विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासका लागि निजी क्षेत्र तथा विकास साझेदारहरूसँगको सहकार्य र साझेदारी बढाउने ।
४. नवीन खोज, अनुसन्धान तथा विकासलाई अभिलेखीकरण र संरक्षण गर्ने ।
५. सिप तथा मानव संशाधन विकास र मानव पुँजी निर्माण गर्ने ।

### ४. कार्यनीति

१. विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि संस्थागत संरचना निर्माण गरी विभिन्न शिक्षण तथा अनुसन्धान संस्थाहरूसँग सहकार्य गरिने ।
२. सबै सरोकारवाला निकायहरूसँगको साझेदारीमा अनुसन्धान प्रयोगशालाहरू स्थापना गरी वैज्ञानिक खोजका कार्यहरू सञ्चालन गरिने ।
३. प्रदेशमा सम्पन्न भएका महत्त्वपूर्ण वैज्ञानिक अनुसन्धानहरूको अभिलेखीकरण र प्राप्त नतिजाहरूको उचित संरक्षण गरिने ।
४. वार्षिक रूपमा युवा वैज्ञानिक सम्मेलन र वैज्ञानिक जर्नल प्रकाशन गरी तथ्यमा आधारित नीति तथा कार्यक्रम तर्जुमा गर्ने पद्धति बसालिने ।
५. प्रदेशको दीर्घकालीन विकासका लागि आवश्यक पर्ने मानव संसाधनको प्रक्षेपण गरी योजनाबद्ध रूपमा जनशक्ति विकास गरिने ।
६. विभिन्न प्राविधिक तथा शैक्षिक प्रतिष्ठानहरूसँगको समन्वयमा युवा र लक्षित वर्गलाई सिपयुक्त एवं दक्ष मानव संसाधनका रूपमा विकास गरिने ।

**५. कार्ययोजना**

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रको संरचनागत विकास र सहकार्य कार्यक्रम | युवा वैज्ञानिक सम्मेलन गर्ने | ३ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | विज्ञान प्रविधिको विकासका लागि विद्यालयमा संरचनागत विकास र सहकार्य कार्यक्रम सञ्चालन गर्ने | ३ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २. | अध्ययन तथा अनुसन्धानमा आधारित विकास साझेदारी कार्यक्रम | आविष्कार केन्द्रसँग सहकार्य र समन्वय गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | खोज अनुसन्धान अनुदान कार्यक्रम सञ्चालन गर्ने | १ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३. | वैज्ञानिक अध्ययन र अनुसन्धान अभिलेखीकरण र संरक्षण कार्यक्रम | वैज्ञानिक सूचना प्रणालीको विकास गर्ने | १ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४. | विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रका उपलब्धिलाई दस्तावेजीकरण, संरक्षण, प्रचार प्रसार र प्रदेश विकासमा उपयोग गर्ने कार्यक्रम | विज्ञान प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा उपयोग गर्न श्रव्य दृष्य सामग्री प्रकाशन गर्ने | ४ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | वार्षिक वैज्ञानिक खोज, अध्ययन, अनुसन्धानको विवरण संलग्न गरी जर्नल प्रकाशन | ४ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५. | मानव संशाधन विकास योजना | मानव संशाधन विकास योजना तर्जुमा गर्ने | ५ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मानव सशाधन विकास योजनालाई सूचना प्रविधिमा आधारित बनाउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने | ५ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | सिप तथा मानव संशाधन विकास विकास कार्यक्रम | सिप तथा मानव संशाधन विकासका लागि सिप नक्साङ्कन कार्यक्रम सञ्चालन गर्ने | ५ | ६ | सामाजिक विकास मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा प्रवर्धन भएका नयाँ र परिमार्जित प्रविधि | सङ्ख्या | ४१ | ४२ | ६० | ७५ |
| २ | प्रदेशको विज्ञ समूहमा आबद्ध व्यक्ति | सङ्ख्या | - | - | १० | २५ |
| ३ | वार्षिक अध्ययन तथा अनुसन्धान | सङ्ख्या | - | - | ८ | १२ |
| ४ | सहकार्य तथा समन्वय गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानमूलक संस्था | सङ्ख्या | ४२ | ४२ | ४५ | ५० |
| ५ | व्यावहारिक अनुसन्धानमा संलग्न जनशक्ति | सङ्ख्या | ५८ | ६० | ७० | ८० |
| ६ | प्रदेशस्तरीय युवा वैज्ञानिक सम्मेलन | सङ्ख्या | - | - | २ | ३ |
| ७ | प्रदेशको विज्ञान तथा प्रविधि सम्बन्धी प्रकाशीत राष्ट्रिय र अन्तर्राष्ट्रिय लेख तथा जर्नल | सङ्ख्या | - | - | ६ | १० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश*

### ७. जोखिम पक्ष र अनुमान

अनुसन्धानका लागि आवश्यक बजेटको कमी, प्राविधिक जनशक्तिको अभाव र अनुसन्धानका निष्कर्षहरूलाई नीति निर्माणमा जोड्ने संयन्त्रको कमजोरीले गर्दा यो क्षेत्र ओझेलमा पर्ने जोखिम देखिन्छ। यद्यपि विज्ञान र प्रविधिलाई विकासका हरेक आयाममा एकीकृत गरिएमा विकासको लागत घट्ने र समयको बचत हुने अनुमान गरिएको छ। यदि प्रदेशले प्रविधि र नवप्रवर्तनमा आधारित 'स्टार्टअप' र अनुसन्धान केन्द्रहरूलाई सहयोग गरेमा कर्णालीमा आधुनिक र दिगो आर्थिक रूपान्तरणको नयाँ युग सुरु हुने अपेक्षा गर्न सकिन्छ।

## ७.४ कला, भाषा, साहित्य तथा सम्पदा

### १. पृष्ठभूमि

कर्णाली प्रदेश नेपाली भाषा, खस सभ्यता र वोन संस्कृतिको उद्गमस्थलका रूपमा रहेको ऐतिहासिक र पुरातात्त्विक सम्पदाले सम्पन्न प्रदेश हो। यहाँको मौलिक पहिचान, कला र साहित्यले मानव चेतना अभिवृद्धि गर्नुका साथै समृद्ध कर्णालीको सपना साकार पार्न महत्त्वपूर्ण भूमिका खेल्दछन्। यस प्रदेशको ऐतिहासिक विश्लेषणले भाषा र संस्कृतिको संरक्षण नै समृद्धिको आधार भएको देखाउँछ। अतः कर्णालीको विशिष्ट पहिचानलाई जोगाउँदै यसको विकास र प्रवर्धनका लागि यो योजना एक महत्त्वपूर्ण मार्गचित्रका रूपमा प्रस्तुत गरिएको छ।

### २. उद्देश्य

१. मौलिक कला, सम्पदा, भाषा र साहित्यको दिगो संरक्षण, प्रवर्धन र सम्बर्धन गर्नु,
२. पुरातात्विक महत्त्व तथा ऐतिहासिक सम्पदाको दिगो उपयोग र पुस्तान्तरण सुनिश्चित गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. प्राचीन कला, सम्पदा, भाषा र साहित्यको थप अध्ययन अनुसन्धान गरी दिगो संरक्षण, सम्बर्धन र प्रवर्धन गर्ने।
२. लोपोन्मूख भाषा तथा लोप हुने अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक, तथा सांस्कृतिक महत्त्वका सम्पदाको खोज, अनुसन्धान, पहिचान गरी जिर्णोद्धार, दिगो संरक्षण र विकास गर्ने।
३. मूर्त तथा अमूर्त सम्पदाको अभिलेखीकरण, संरक्षण, सम्बर्धन, दिगो उपयोग र पुस्तान्तरण गर्ने।
४. संस्कृति र परम्पराको पुस्तान्तरणका लागि विद्यालयको पाठ्यक्रममा समावेश गरी स्थानीय तहको समन्वयमा लागु गर्ने।

### ४. कार्यनीति

१. प्रदेशका प्राचीन कला, सम्पदा र भाषाको संरक्षणका लागि गुरुयोजना निर्माण गरी 'कर्णाली प्रज्ञा प्रतिष्ठान' मार्फत प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने।
२. प्रदेश राजधानीमा सङ्ग्रहालय र देउडा डबलीघर तथा जुम्लाको सिंजा र दैलेखको दुल्लुमा ऐतिहासिक एवं सांस्कृतिक सङ्ग्रहालयको स्थापना तथा स्तरोन्नति गरिने।
३. लोपोन्मुख भाषा र संस्कृतिको अध्ययन, अनुसन्धान र सांस्कृतिक नक्साङ्कन गरी मूर्त तथा अमूर्त सम्पदाहरूको अभिलेखीकरण एवं पुस्तान्तरण गरिने।
४. कर्णालीका प्राचीन कला र सम्पदाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गरी धार्मिक एवं सांस्कृतिक पर्यटनको प्रवर्धन गरिने।
५. मौलिक कला र परम्परालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न स्थानीय आवश्यकताका आधारमा सांस्कृतिक पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने।
६. विभिन्न जातजातिहरूको पहिचान र आदिभूमिलाई सम्मान गर्दै जातीय स्मारक तथा पर्यटकीय पार्कहरूको निर्माण गरिने।
७. स्थानीय लोक साहित्यको जगेर्ना र विकासका लागि स्रष्टाहरूलाई प्रोत्साहित गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | नीति, कानुन तथा संस्थागत विकास कार्यक्रम | आवश्यक ऐन, नियमावली तर्जुमा सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह, विकास साझेदार | आवश्यक ऐनको तर्जुमा तथा कार्यान्वयन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह, विकास साझेदार | आवश्यकता पहिचान | कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन २०८२ तर्जुमा | नियमावली तर्जुमा एवम् प्रतिष्ठान स्थापना र सञ्चालन | निरन्तर | निरन्तर | |
| २. | पूर्वाधार तथा संरचना निर्माण कार्यक्रम | जुम्लाको सिंजामा खस सङ्ग्रहालय स्थापना गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | डि.पि.आर. निर्माण | स्थापना र सञ्चालन | निरन्तर | |
| | | दैलेखको दुल्लुमा साँस्कृतिक सङ्ग्रहालयको स्थापना गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | डि.पि.आर. निर्माण | स्थापना र सञ्चालन | निरन्तर | |
| | | प्रदेश सङ्ग्रहालय तथा अभिलेखालयलाई आधुनिक र प्रविधिमैत्री अभिलेखालयका रूपमा विकास गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | गुरुयोजना निर्माण | कार्यान्वयन | निरन्तर | |
| ३. | खोजमूलक अध्ययन, अनुसन्धान तथा संरक्षण कार्यक्रम | विश्व सम्पदा सूचीमा दैलेखको ज्वाला र जुम्लाको सिंजा उपत्यकालाई समावेश गराउन आवश्यक समन्वय तथा पहल कार्यक्रम सञ्चालन गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घ, स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | खस सभ्यताको खोज अध्ययन अनुसन्धान तथा अभिलेखीकरण गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | खस भाषा शब्दको शब्दकोष प्रकाशन | अध्ययन र छलफल | विज्ञ अध्ययन टोली निर्माण | अध्ययन अनुसन्धान | अध्ययन अनुसन्धान र अभिलेखीकरण | |
| ४. | धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रवर्धन कार्यक्रम | महत्त्वपूर्ण मठ, मन्दिर, गुम्बा, मस्जिद, दरबार, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, पुनर्स्थापना र सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | सम्पदा व्यवस्थापनको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | गुरुयोजना निर्माण | कार्यान्वयन | निरन्तर | |
| | | प्रमुख धार्मिक तथा सांस्कृतिक गन्तव्यसम्म पहुँच मार्ग, सूचना केन्द्र, विश्रामस्थल, शौचालय तथा सुविधाको विकास गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | डि.पि.आर. निर्माण | निरन्तर | निरन्तर | |
| | | धार्मिक गन्तव्यहरूलाई एकीकृत धार्मिक सर्किटमा आबद्ध गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | डि.पि.आर. निर्माण | निरन्तर | निरन्तर | |
| | | सांस्कृतिक उत्सव तथा धार्मिक समारोहहरूको संरक्षण र ब्रान्डिङ गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | धार्मिक एवं सांस्कृतिक गन्तव्यहरूको डिजिटल सामग्री, वृत्तचित्र, वेबसाइट तथा मोबाइल एप विकास कार्यक्रम सञ्चालन गर्ने | २ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ५. | संस्कृति र परम्पराको पुस्तान्तरणका लागि स्थानीय पाठ्यक्रम निर्माण | संस्कृति र परम्पराको पुस्तान्तरणका लागि स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय तहसँग समन्वय तथा सहजीकरण कार्यक्रम सञ्चालन गर्ने | ४ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ६ | विभिन्न जातजातिको आदिभूमिमा जातीय स्मारक तथा पर्यटन पार्क निर्माण कार्यक्रम | जातीय स्मारक तथा पर्यटन पार्क निर्माण गर्ने | २ | ६ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ७ | स्थानीय लोकसाहित्य प्रवर्धन कार्यक्रम | लोककथा, लोकगीत, लोकगाथा, उखान–टुक्का, किंवदन्ती, देउडा, मागल, भजन तथा अन्य मौखिक साहित्यको सङ्कलन, दस्तावेजीकरण र डिजिटल अभिलेखीकरण गर्ने | १ | ७ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | स्थानीय भाषा र लोकसाहित्य सम्बन्धी पुस्तक, अनुसन्धान प्रतिवेदन, श्रव्य-दृश्य सामग्री तथा डिजिटल सामग्री उत्पादन र प्रकाशन गर्ने | १ | ७ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | रेडियो, टेलिभिजन तथा डिजिटल माध्यममार्फत प्रसारण कार्यक्रम सञ्चालन गर्ने | १ | ७ | सामाजिक विकास मन्त्रालय | रेडियो नेपाल, नेपाल टेलिभजनस्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | खस भाषामा कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | उत्कृष्ट स्रष्टा तथा सर्जकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | १ | ७ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | |
| | | विश्वविद्यालय, अनुसन्धान संस्था तथा साहित्यिक सङ्घसंस्थासँग सहकार्य गरी लोकसाहित्यसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रकाशनमा सहयोग कार्यक्रम सञ्चालन गर्ने | १ | ७ | सामाजिक विकास मन्त्रालय | विश्वविद्यालयहरू/सङ्घीय सरकार/ स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | आवश्यकता पहिचान | कार्यविधि निर्माण गर्ने | कार्यक्रम सञ्चालन | निरन्तर | |

**६. नतिजा खाका**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८३/८४ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | संरक्षण गरीएका लोपोन्मुख भाषा तथा अभिलेख | सङ्ख्या | ३ | ३ | ६ | ९ |
| २ | संरक्षण गरीएका लोपोन्मुख कला, सम्पदा र लोक साहित्य | सङ्ख्या | ३ | ४ | ७ | १० |
| ३ | भाषा, कला, साहित्य र संस्कृति प्रवर्धन कार्यक्रम | सङ्ख्या | २ | २ | ३ | ५ |
| ४ | सांस्कृतिक सङ्ग्रहालय | सङ्ख्या | १ | १ | ३ | ५ |
| ५ | संरक्षण गरिएका प्रादेशिक सम्पदा | सङ्ख्या | २० | २२ | ३५ | ५४ |
| ६ | भाषा, कला, साहित्य र संस्कृति क्षेत्रमा विनियोजित बजेट | रु. करोडमा | २.२ | २.५ | ३.५ | ४.५ |

स्रोतः सामाजिक विकास मन्त्रालय,कर्णाली प्रदेश।

**७. जोखिम पक्ष र अनुमान**

आधुनिकीकरण र पश्चिमा संस्कृतिको बढ्दो प्रभावका कारण पुर्ख्यौली सिप, भाषा र मौलिक संस्कृति हराउँदै जाने जोखिम देखिन्छ। साथै पुरातात्त्विक सम्पदाहरूको संरक्षणमा पर्याप्त बजेट र दक्ष जनशक्तिको अभाव हुन सक्छ। यद्यपि खस सभ्यताको संरक्षण र प्रचार-प्रसार गर्न सकेमा यसले विश्वभरका शोधकर्ता र पर्यटकलाई आकर्षित गर्ने अनुमान गरिएको छ। यदि स्थानीय पाठ्यक्रममा मौलिक संस्कृतिलाई समावेश गरिएमा नयाँ पुस्तामा आफ्नो पहिचानप्रति गौरवबोध बढ्ने र कर्णालीको सांस्कृतिक गरिमा अक्षुण्ण रहने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-आठः उत्थानशील पूर्वाधार र अन्तरआबद्धता

## ८.१ सडक तथा यातायात पूर्वाधार

### १. पृष्ठभूमि

सडक तथा यातायात पूर्वाधारलाई कर्णाली प्रदेशको विकासको पूर्वसर्त र मुख्य प्रवेशबिन्दु मानिएको छ । भौगोलिक रूपमा देशकै ठूलो र विकट हिमाली/पहाडी भूभाग भएको यस प्रदेशमा सडक सञ्जालको विस्तारले कृषि, जलविद्युत्, उद्योग र पर्यटनको ढोका खोल्नेछ । सङ्घीय सरकारसँगको समन्वयमा कर्णाली, भेरी र राप्ती करिडोरको स्तरोन्नति तथा उत्तर-दक्षिण जोड्ने द्रुतमार्ग निर्माण प्रदेशको प्राथमिकतामा छ । सडक नपुगेका हिमाली जिल्लाहरू र बाह्य पहुँचका लागि हवाई यातायातको सुदृढीकरण, सुर्खेत विमानस्थलको स्तरोन्नति र हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको परिकल्पनालाई मूर्तरूप दिनु आवश्यक छ । साथै भेरी र कर्णाली नदीमा जल यातायात तथा सन् २०४५ सम्मको शून्य कार्बन उत्सर्जनको लक्ष्य भेट्न केवलकार, रज्जुमार्ग र विद्युतीय यातायातजस्ता हरित पूर्वाधारको विकास अपरिहार्य देखिएको छ ।

### २. उद्देश्य

१. दिगो र गुणस्तरीय सडक सञ्जाल विकास र विस्तार गर्नु,
२. प्रदेशभित्र र अन्तरप्रदेश सुरक्षित, सहज र सुलभ हवाई सेवा उपलब्ध गराउनु,
३. जल तथा वैकल्पिक यातायात प्रणालीको आधार तयार तथा विकास गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. प्रादेशिक सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने ।
२. हरित तथा उत्थानशील सडक र यातायात संरचना ।
३. सडकको दिगो व्यवस्थापन, सञ्चालन र मर्मतसम्भारका लागि नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने ।
४. आधुनिक तथा नवीन प्रविधि प्रयोग सहित यातायात पूर्वाधारको विकास गर्ने ।
५. सुरक्षित, भरपर्दो र विश्वसनीय एव सुलभ हवाईसेवा तथा सुविधाको विकास र विस्तार गर्ने ।
६. जल यातायात विकास र विस्तारका लागि आवश्यक कानुनी, संरचनागत तथा भौतिक पूर्वाधार विकास गर्ने ।
७. विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालनका लागि सम्भाव्यता अध्ययन, आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था र गुरुयोजना तयार गर्ने ।

### ४. कार्यनीति

१. कर्णाली प्रदेशका सबै क्षेत्रलाई यातायात सञ्जालमा जोडेर सबैको यातायात पहुँच कायम गर्ने ।
२. विमानस्थल विस्तार, स्तरोन्नति गरी अत्याधुनिक बनाउने र सङ्घ र स्थानीय तहसँगको समन्वयमा हेलिप्याड निर्माण गर्ने ।
३. संभाव्य क्षेत्रमा जल यातायात निर्माण र सञ्चालन गरिने ।
४. विद्युतीय रेल तथा वैकल्पिक यातायातको व्यवस्था गरिने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | सडक यातायात | प्रादेशिक सडक सञ्जाल गुरुयोजना अद्यावधिक गर्ने । | १, ३ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरू | स्थानीय तह, विकास साझेदार र अन्य सरोकारवाला निकाय | अध्ययन र छलफल | आन्तरिक तयारी | गुरुयोजना अध्यावधिक गर्ने | कार्यान्वयन | कार्यान्वयन | |
| | | प्रदेश आर्थिक केन्द्र जोड्ने सडक निर्माण | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरू | स्थानीय तह, विकास साझेदार र अन्य सरोकारवाला निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | कर्णाली, भेरी, सडक तथा लोकमार्ग स्तरोन्नति आयोजना | १ | १ | पूर्वाधार विकास मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरू | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | |
| | | प्रदेशमा पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माण | १ | १ | पूर्वाधार विकास मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरू, सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | |
| | | प्रदेशमा पर्ने मदन भण्डारी लोकमार्गको खण्ड निर्माण | १ | १ | पूर्वाधार विकास मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरू, सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | |
| | | स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय /PLRIP | सम्बन्धित पूर्वाधार विकास कार्यालय र स्थानीय तह | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | |
| | | स्थानीय तहको वडा केन्द्र जोडने सडक | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय /PLRIP | सम्बन्धित पूर्वाधार विकास कार्यालय र स्थानीय तह | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | |
| | | प्रदेशलाई सुदूर पश्चिम, लुम्बीनी तथा गण्डकी प्रदेशसँग जोडने सडक | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र मातहतका निकायहरू | नेपाल सरकार र स्थानीय तह | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | |
| | | चालु सडकको स्तरोन्नति र मर्मत सम्भार | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, पूर्वाधार विकास कार्यालयहरू र PLRIP | स्थानीय तह, विकास साझेदार र अन्य सरोकारवाला निकाय | कालोपत्र/पक्कि= ७२.८३ कि.मि, ग्राभेल/खण्डस्मिथ= ९३.५९२ कि.मि, माटे= ३१७.९ कि.मि, अन्य (सडक | चैत्र मसान्त सम्म: कालोपत्र/पक्कि = ५२.७१ कि.मि, ग्राभेल/खण्डस्मिथ= ६०.२६ | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | | | | | | स्तरोन्नति, नाला निर्माण आदि= १८५.८२ कि.मि) | कि.मि, माटे= १५२.४४ कि.मि, अन्य (सडक स्तरोन्नति, नाला निर्माण आदि= ७२.६७ कि.मि) | | | | |
| | | प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय / पूर्वाधार विकास निर्देशनालय | सम्बन्धित नगरपालिका र अन्य सरोकारवाला निकाय | आवश्यक पूर्वाधार निर्माण र विकास | आवश्यक पूर्वाधार निर्माण र विकास | आवश्यक पूर्वाधार निर्माण र विकास | आवश्यक पूर्वाधार निर्माण र विकास | आवश्यक पूर्वाधार निर्माण र विकास | |
| | | सडक पुल निर्माण विशेष कार्यक्रम | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | सम्बन्धित स्थानीय तह | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | झोलुङ्गे पुल निर्माण | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | सम्बन्धित स्थानीय तह विकास साझेदार र अन्य सरोकारवाला निकाय | ३४ वटा | चैत्र मसान्त सम्म: २६ वटा | माग र स्रोत सुनिश्चितता भएका झोलुङ्गे पुल निर्माण | माग र स्रोत सुनिश्चितता भएका झोलुङ्गे पुल निर्माण | माग र स्रोत सुनिश्चितता भएका झोलुङ्गे पुल निर्माण | |
| | | सुरुङमार्ग सम्भाव्यता अध्ययन | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, मातहातका सम्बन्धित पूर्वाधार विकास कार्यालय र सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | सङ्घीय सरकारसँग समन्वय र सहजीकरण | |
| | | प्रदेशको उत्तरी नाका जोड्ने कार्यक्रम | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, पूर्वाधार विकास कार्यालय | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकाय | सङ्घीय सरकारको समन्वयमा कार्यान्वयन | सङ्घीय सरकारको समन्वयमा कार्यान्वयन | सङ्घीय सरकारको समन्वयमा कार्यान्वयन | सङ्घीय सरकारको समन्वयमा कार्यान्वयन | सङ्घीय सरकारको समन्वयमा कार्यान्वयन | |
| २ | हवाइ यातायात | सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नति | ५ | २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| | | प्रदेशका सबै विमानस्थलको जीर्णोद्धार, स्तरोन्नति  गर्ने तथा अत्याधुनिक उड्ड्यन प्रविधि र दक्ष जनशक्ति व्यवस्थापन | ५ | २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वयमा वडामा हेलिप्याडको निर्माण र सञ्चालन | ५ | २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| ३ | जल यातायात | कर्णाली तथा भेरी लगायतका नदीमा जल यातायात सञ्चालनका लागि सम्भाव्यता अध्ययन र सम्भाव्यताका भएका क्षेत्रमा जल यातायात र जल विहार सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास कार्यक्रम | ६ | ३ | पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| | | रारा तथा प्रदेशका अन्य संभाव्य ताल तलैयामा नौका/जल विहारका लागि आवश्यक पूर्वाधारको विकास | ६ | ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र सम्बन्धित स्थानीय तह | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| ४ | विद्युतीय र वैकल्पिक यातायात | विद्युतीय रेल, मोनोरेल, मोनोऱ्याक, केबलकार र रज्जुमार्ग सञ्चालन गर्न आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था | ७ | ४ | पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह, निजि क्षेत्र, विकास साझेदार र अन्य सरोकारवाला निकाय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| | | सबै खाले विद्युतीय यातायात प्रणालीको विकासका लागि सम्भाव्यता अध्ययन | ७ | ४ | पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह, निजि क्षेत्र, विकास साझेदार र अन्य सम्बन्धित सरोकारवाला निकाय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| | | विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालन गुरुयोजना तर्जुमा | ७ | ४ | पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह, निजि क्षेत्र, विकास साझेदार र अन्य सम्बन्धित सरोकारवाला निकाय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| | | केवलकार निर्माण तथा सञ्चालन | ७ | ४ | पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह, विकास साझेदार र निजी क्षेत्र | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |
| | | विद्युतीय रेल, मोनोरेल, मोनोऱ्याक, केबलकार र रज्जुमार्ग सञ्चालन गर्न आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था | ७ | ४ | पूर्वाधार विकास मन्त्रलाय | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, स्थानीय तह, विकास साझेदार र निजी क्षेत्र | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | सङ्घीय सरकारसँग समन्वय | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | ३० मिनेटको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | ७६.२ | ७८.० | ८५.० | ९०.० |
| २ | औसत सडक घनत्व (प्रति व.कि.मि.) | कि.मि. | ०.३० | ०.३२ | ०.३५ | ०.४० |
| ३ | स्थानीय उत्पादनको निर्यात वृद्धि | प्रतिशत | ४.१ | ५.३ | ६.० | ७.० |
| ४ | हवाई यातायातको प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ८.७ | ८.६** | १२ | २० |
| ५ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ६९ | ७६ | ७९ | ७९ |
| ६ | प्रदेशको कुल सडक सञ्जाल | कि.मि. | ८९८६ | ९६८७ | १०५०० | १२००० |
| ७ | प्रदेशको कुल कालोपत्रे सडक | कि.मि. | १०७० | १२६५ | १८६५ | २५०० |
| ८ | प्रदेशको कुल ग्राभेल सडक | कि.मि. | ८३५ | १०२१ | २००० | ३००० |
| ९ | सडक पुल निर्माण* | सङ्ख्या | ३० | ३२ | ७५ | १०० |
| १० | प्रदेश राजधानी सडक विस्तार | कि.मि. | १० | १२ | १७ | २५ |
| ११ | स्तरोन्नति भएका विमानस्थल | सङ्ख्या | २ | ३ | ५ | ८ |
| १३ | झोलुङ्गे पुल | सङ्ख्या | १३०४ | १३४० | १६०० | १८०० |

* प्रदेश सरकारबाट निर्माण भएकोलाई गणना गरिएको ।

** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश ।

## ७. जोखिम पक्ष र अनुमान

कर्णालीको कठिन भूबनोट, बाढी-पहिरो जस्ता प्राकृतिक विपत्ति र ठूला आयोजनाहरूका लागि आवश्यक पर्ने उच्च पुँजीगत खर्चको अभाव मुख्य जोखिमका रूपमा रहेका छन् । साथै बजेट कार्यान्वयनको कमजोर क्षमताले पूर्वाधार निर्माणमा ढिलासुस्ती हुने चुनौती छ । यद्यपि रणनीतिक करिडोरहरूको स्तरोन्नति भएमा ढुवानी लागत घट्ने, कृषि तथा जडीबुटीले बजार पाउने र पर्यटकीय गन्तव्यहरूमा पहुँच सहज भई प्रदेशको आन्तरिक आयमा गुणात्मक वृद्धि हुने अनुमान गरिएको छ । यदि हरित र नवीकरणीय ऊर्जामा आधारित यातायात प्रणालीलाई जोड दिएमा कर्णालीको पर्यावरणीय सन्तुलन कायम रहँदै दिगो विकासको लक्ष्य हासिल हुने अपेक्षा गर्न सकिन्छ ।

## ८.२ यातायात व्यवस्थापन

### १. पृष्ठभूमि

आम नागरिकका लागि सहज, सुरक्षित र भरपर्दो यातायात सेवा उपलब्ध गराउनु प्रदेश सरकारको प्रमुख दायित्व हो। सवारी साधनको दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र (DL) वितरण, रुट पर्मिट व्यवस्थापन, नियमित प्राविधिक जाँचपास र ट्राफिक नियमन सुरक्षित यात्राका अनिवार्य सर्त हुन्। कर्णाली प्रदेशको भौगोलिक संवेदनशीलतालाई मध्यनजर गर्दै विद्यमान यातायात प्रणालीलाई योजनाबद्ध रूपमा सुधार गरी प्रविधिमैत्री, समावेशी र अपाङ्गतामैत्री बनाउनु आजको मुख्य आवश्यकता देखिएको छ।

### २. उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र सुरक्षित यातायात सेवाको विस्तार गर्नु,
२. सार्वजनिक यातायातलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु,
३. दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा वृद्धि गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. यातायात सेवालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने।
२. सवारी साधन नियमन तथा ट्राफिक व्यवस्थापनमा सुधार गर्ने।
३. यातायात सुरक्षा, सञ्चालन र ट्राफिक व्यवस्थापनमा आधुनिक तथा नयाँ प्रविधिको उपयोग गर्ने।
४. दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने।

### ४. कार्यनीति

१. कर्णाली प्रदेशको भौगोलिक विशिष्टता अनुकूल हुने गरी यातायात व्यवस्थापनसम्बन्धी आवश्यक नीति, कानुन, कार्यविधि तथा मापदण्डहरूको तर्जुमा एवं परिमार्जन गरिने।
२. सडक दुर्घटना न्यूनीकरण गर्न र सडक अनुशासन कायम गर्न सरोकारवालाहरूका लागि नियमित रूपमा यातायात सुरक्षा तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरिने।
३. सार्वजनिक यातायात सेवालाई सुरक्षित, व्यवस्थित, भरपर्दो र अपाङ्गतामैत्री बनाउन आधुनिक सार्वजनिक यातायात सञ्चालन तथा व्यवस्थापन प्रणाली लागु गरिने।
४. हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न र वातावरणमैत्री यातायात प्रवर्धनका लागि प्रदेशका रणनीतिक स्थानहरूमा विद्युतीय सवारी साधन चार्जिङ स्टेसनहरू स्थापना गरिने।
५. सवारी चालक अनुमति-पत्र (Driving License) वितरण प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन आफ्नै स्वामित्वका आधुनिक सवारी चालक अनुमति-पत्र जाँचपास (ट्रायल) स्थलहरूको निर्माण गरिने।
६. सवारी साधनहरूको यान्त्रिक अवस्था दुरुस्त राख्न र प्रदुषण नियन्त्रणका लागि आधुनिक सवारी साधन परीक्षण तथा मर्मतसम्भार कार्यशाला (Vehicle Test & Maintenance Workshop) को स्थापना र सञ्चालन गरिने।
७. सडक सुरक्षा र यातायात प्रणालीमा सुधार ल्याउन इन्जिनियरिङ (Engineering), जनचेतनामूलक शिक्षण (Education) र कानुनी परिपालना (Enforcement) प्रवर्धन सम्बन्धी एकीकृत कार्यक्रमहरू सञ्चालन गरिने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | यातायात व्यवस्थापनसम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा र परिमार्जन | यातायात व्यवस्थापन सम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा र परिमार्जन गरी लागु गर्ने । | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी | यातायात व्यवस्था तथा सेवा कार्यालयहरू र सम्बन्धित सरोकारवालानिकायहरू | सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ | सवारी तथा यातायात व्यवस्था नियमावली, २०८३ | कानुन परिमार्जन र कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | |
| २ | यातायात सुरक्षा तथा सचेतना कार्यक्रम | प्रदेशभर यातायात सुरक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने । | २,३ | २ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | यातायात व्यवस्था तथा सेवा कार्यालयहरू, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित सरोकारवाला निकायहरू | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | |
| ३ | सार्वजनिक यातायात सञ्चालन तथा व्यवस्थापन | अन्तर तह समन्वय तथा साझेदारीमा सार्वजनिक यातायात व्यवस्थित तथा सुरक्षित रूपमा सञ्चालन गर्ने । | २,४ | ३ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सम्बन्धित सङ्घीय कार्यालयहरू, सम्बन्धित स्थानीय तह, यातायात व्यवस्था तथा सेवा कार्यालयहरू र ट्राफिक प्रहरी कार्यालय | पूर्वतयारी एवं आन्तरिक छलफल | पूर्वतयारी एवं आन्तरिक छलफल | पूर्वतयारी एवं आन्तरिक छलफल | अन्तरतह समन्वय र छलफल र स्रोत सुनिश्चितता | सार्वजनिक यातायात सञ्चालन | |
| ४ | विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन स्थापना | निजी क्षेत्रको साझेदारीमा विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन स्थापना र सेवा सञ्चालन सम्बन्धी कार्य गर्ने । | ३ | ४ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय नीज क्षेत्र र विकास साझेदार | सरोकारवाला निकाय र तहसँग समन्वय र सहजीकरण | सरोकारवाला निकाय र तहसँग समन्वय र सहजीकरण | सरोकारवाला निकाय र तहसँग समन्वय र सहजीकरण | सरोकारवाला निकाय र तहसँग समन्वय र सहजीकरण | सरोकारवाला निकाय र तहसँग समन्वय र सहजीकरण | |
| ५ | सवारी चालक अनुमति-पत्र जाँचपास ट्रायल स्थलको निर्माण | सवारी चालक अनुमति-पत्र जाँचपास ट्रायल स्थलको निर्माण गरी कार्य सञ्चालन गर्ने । | २ | ५ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | पूर्वाधार विकास कार्यालय, यातायात व्यवस्था तथा सेवा कार्यालयहरू र ट्राफिक प्रहरी कार्यालय | निर्माणधीन चरणमा | निर्माणधीन चरणमा | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | |
| ६ | सवारी साधन परीक्षण तथा मर्मतसम्भार कार्यशाला | स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा सवारी साधन परीक्षण तथा मर्मतसम्भार कार्यशाला सञ्चालन गर्ने । | ३ | ६ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सम्बन्धित स्थानीय तह र नीजी क्षेत्र, यातायात व्यवस्था तथा सेवा कार्यालयहरू । | मागमा आधारित र बजेट सुनिश्चित भएका कार्यक्रम सञ्चालन | मागमा आधारित र बजेट सुनिश्चित भएका कार्यक्रम सञ्चालन | मागमा आधारित र बजेट सुनिश्चित भएका कार्यक्रम सञ्चालन | मागमा आधारित र बजेट सुनिश्चित भएका कार्यक्रम सञ्चालन | मागमा आधारित र बजेट सुनिश्चित भएका कार्यक्रम सञ्चालन | |
| ७ | इञ्जिनियरिङ्ग, शिक्षण र कानुन परिपालना प्रवर्धन कार्यक्रम | सडक सुरक्षाका लागि इञ्जिनियरिङ्ग, शिक्षण र कानुन परिपालना प्रवर्धन कार्यलाई एकीकृत रूपमा सञ्चालन गर्ने । | १,२,३ | ७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सडक निर्माणसँग सम्बन्धित कार्यालयहरू, यातायात यातायात व्यवस्था तथा सेवा कार्यालयहरू र ट्राफिक प्रहरी कार्यालय | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | स्मार्ट सवारी चालक अनुमतिपत्र वितरण | सङ्ख्या | १७५०० | २०००० | २५००० | ४०००० |
| २ | विद्युतीय सवारी साधन | सङ्ख्या | ४९२ | ६५६ | १२०० | २००० |
| ३ | ४ पाङ्ग्रे सवारी साधन उपलब्ध घरपरिवार | सङ्ख्या | ३०३९ | ६६८७ | १०६९९ | १३३७८ |
| ४ | दर्ता भएका सवारी साधन (चार पाङ्ग्रे) | सङ्ख्या | ३०४७ | ३५५६ | ५००० | ८००० |
| ५ | दर्ता भएका सवारी साधन (दुई पाङ्ग्रे) | सङ्ख्या | २२०२४ | २४९८९ | २८००० | ३०००० |
| ६ | वितरण भएका इम्बोस्ड नम्बर प्लेट | सङ्ख्या | ८७७५ | ९९९० | १५००० | २०००० |
| ७ | सवारी करबाट सङ्कलित राजस्व (वार्षिक) | रु. लाख | २७६१ | ३१३९ | ३५०० | ४००० |

*स्रोतः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश*

## ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटता, कमजोर सडक पूर्वाधार, दक्ष प्राविधिक जनशक्तिको कमी र परम्परागत यातायात व्यवस्थापन शैलीका कारण सुरक्षित यातायात प्रणाली स्थापित गर्न चुनौतीपूर्ण हुने जोखिम देखिन्छ। यद्यपि यातायात प्रशासनलाई डिजिटल र स्वचालित बनाउँदा सेवा प्रवाहमा हुने ढिलासुस्ती र अनियमितता घट्ने तथा सडक नियमन बलियो हुँदा दुर्घटनामा कमी आउने अनुमान गरिएको छ। यदि सडक सुरक्षा अडिट (Road Safety Audit) र कडा नियमनलाईसँगसँगै लैजान सकिएमा कर्णालीमा सहज र विश्वसनीय यातायात सेवा सुनिश्चित हुने अपेक्षा गर्न सकिन्छ।

## ८.३ भवन, बस्ती तथा सहरी विकास

### १. पृष्ठभूमि

कर्णाली प्रदेशमा परम्परागत रूपमा निर्मित र छरिएर रहेका ग्रामीण बस्तीहरूको बाहुल्यता रहेको छ । यी बस्तीहरूलाई वातावरणमैत्री, प्रकोप प्रतिरोधी (विपद उत्थानशील) र आधुनिक सुविधायुक्त बनाउनु प्रदेशको आवश्यकता हो । भौगोलिक र भौगर्भिक अध्ययनका आधारमा रणनीतिक स्थानहरू, विशेष गरी नदी तथा सडक करिडोरहरूमा एकीकृत र सहभागितामूलक बस्ती विकासको नयाँ ढाँचा (Model) अवलम्वन गर्न जरुरी छ । जनता आवास, विपन्नका घर र एकीकृत बस्ती जस्ता कार्यक्रमहरूलाई वस्तुपरक र व्यवस्थित बनाउन स्पष्ट मापदण्ड आवश्यक छ । यसका लागि स्थानीय संस्कृति र मौलिकतालाई कायम राख्दै सङ्घ, प्रदेश र स्थानीय सरकारबिचको प्रभावकारी समन्वय र बहु-निकायको साझेदारी अपरिहार्य देखिएको छ ।

### २. उद्देश्य

१. मौलिक विशेषता र आधुनिक सुविधायुक्त दिगो, व्यवस्थित र एकीकृत आवास, बस्ती र सहरको विकास गर्नु,
२. भौगोलिक रूपमा विकट र उच्च जोखिम युक्त स्थानमा रहेका बस्तीलाई सुरक्षित स्थानमा व्यवस्थित गर्नु,
३. सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवम् समावेशी भवन तथा सार्वजनिक पूर्वाधारको निर्माण तथा विकास गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. संभावित स्थानमा मौलिक विशेषता र आधुनिक सेवा सुविधा सहितको दिगो, व्यवस्थित र एकीकृत बस्ती तथा सहरको विकास र विस्तार गर्ने ।
२. विकट र विपद्को उच्च जोखिम युक्त स्थानमा रहेका बस्तीलाई एकीकृत र व्यवस्थित गर्ने ।
३. विपदको उच्च जोखिममा रहेका परिवार, अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति र भूमिहीनका लागि सुरक्षित र किफायती आवास उपलब्ध गराउने ।
४. गाउँ तथा बस्तीको व्यवस्थित विकासका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।
५. वातावरणमैत्री एवम् समावेशी एकीकृत प्रशासकीय भवन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण गर्ने ।

### ४. कार्यनीति

१. प्रदेशको सहरीकरणलाई व्यवस्थित र योजनाबद्ध बनाउन आधुनिक सहर तथा एकीकृत बस्ती विकास सम्बन्धी प्रादेशिक मापदण्ड निर्माण गरी लागु गरिने ।
२. सङ्घीय सरकारसँगको समन्वयमा जग्गा प्राप्ति गरी प्रदेश सरकारका सबै मन्त्रालयहरू एकै स्थानमा रहने गरी एकीकृत भवन सहितको 'प्रदेश प्रशासनिक परिसर' निर्माण तथा सञ्चालन गरिने ।
३. नेपाल सरकारको समन्वय र स्थानीय सरकारको साझेदारीमा जोखिमयुक्त क्षेत्रका बस्तीहरू पहिचान गरी एकीकृत र सुविधायुक्त स्थानमा स्थानान्तरण गरिने तथा ग्रामीण पर्यटनलाई केन्द्रमा राखी 'स्मार्ट भिलेज' (Smart Village) हरूको विकास गरिने ।
४. सङ्घीय सरकारसँगको सहकार्य र साझेदारीमा प्रदेश राजधानी (वीरेन्द्रनगर) लाई आधुनिक र प्रविधिमैत्री 'स्मार्ट सहर' (Smart City) का रूपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइने ।
५. नेपाल सरकारसँगको समन्वयमा कर्णालीको ऐतिहासिक खस आर्य सांस्कृतिक पहिचान झल्किने गरी जुम्लाको सिंजा र दैलेखको दुल्लुलाई 'सांस्कृतिक स्मार्ट सहर' का रूपमा विकास गर्ने कार्य प्रारम्भ गरिने ।
६. पुष्पलाल मध्यपहाडी राजमार्ग अन्तर्गत सङ्घीय सरकारले घोषणा गरेका नयाँ सहरहरू रुकुम पश्चिमको चौरजहारी, सुर्खेतको मेहेलकुना र दैलेखको राकम कर्णालीमा आधुनिक सहर विकासका लागि आवश्यक समन्वय र सहजीकरण गरिने ।
७. प्रदेशका सबै जिल्ला सदरमुकामहरू तथा प्रमुख आर्थिक-व्यापारिक केन्द्रहरूलाई सुविधायुक्त र गतिशील आधुनिक सहरका रूपमा स्तरोन्नति र विकास गरिने ।
८. नेपाल सरकारसँगको समन्वय र साझेदारीमा प्रदेशका विपन्न, सीमान्तकृत, घरवारविहीन, प्राकृतिक विपद्को जोखिममा रहेका र दलित समुदायका परिवारका लागि 'जनता आवास' मार्फत थप सुरक्षित आवास गृहहरू निर्माण गरिने ।
९. भूमिहीन तथा लोपोन्मुख समुदायको सुरक्षित बस्ती व्यवस्थापन गरिने र फिरन्ते जीवन बिताइरहेका राउटे समुदायको इच्छा र मौलिकता अनुकूल हुने गरी 'राउटे आवास संरचना' निर्माण गरिने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | व्यवस्थित भवन, सहर तथा बस्ती विकास मापदण्ड निर्माण | व्यवस्थित सहर तथा बस्ती विकास सम्बन्धी मापदण्ड निर्माण गर्ने । | १ | १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्य गर्ने कार्यालय र सम्बन्धित स्थानीय तह | समयसापेक्ष मापदण्डको मसौदा तयारी र प्रमाणीकरण | समयसापेक्ष मापदण्डको मसौदा तयारी र प्रमाणीकरण | समयसापेक्ष मापदण्डको मसौदा तयारी र प्रमाणीकरण | कार्यान्वयन | कार्यान्वयन | |
| २ | प्रदेश प्रशासनिक परिसर निर्माण | एकीकृत सेवा प्रवाह सहितको प्रदेश प्रशासनिक परिसर निर्माण गरी सञ्चालन गर्ने । | १,५ | २ | कर्णाली प्रदेश सरकार | प्रदेश स्थित सम्बन्धित मन्त्रालय/ पूर्वाधार विकास निर्देशनालाय | खरिद प्रक्रियाको चरणमा | खरिद प्रक्रियाको चरणमा | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सम्पन्न | |
| ३ | ग्रामीण सुरक्षित, एकीकृत तथा सुविधायुक्त बस्ती विकास तथा विस्तार कार्यक्रम | अन्तर तह समन्वय र साझेदारीमा उपयुक्त स्थान छनोट गर्ने । | २,३,४ | ३ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | सम्बन्धित स्थानीय तह र विकास साझेदार संस्थाहरू | आवश्यकता पहिचान एवं पूर्वतयारी | आवश्यकता पहिचान एवं पूर्वतयारी | आवश्यकता पहिचान एवं पूर्वतयारी | मागको आधारमा उपयुक्त स्थानको छनोट | कार्यान्वयन | |
| | | एकीकृत वस्ती विकास सम्बन्धी कार्य गर्ने । | २,३,४ | ३ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | सम्बन्धित स्थानीय तह र विकास साझेदार संस्थाहरू | स्थलगत अध्ययन र पहिचान | स्थलगत अध्ययन र पहिचान | स्थलगत अध्ययन र पहिचान | वस्ती विकास र विस्तार | वस्ती विकास र विस्तार | |
| ४ | प्रदेश राजधानी स्मार्ट सहर निर्माण | अन्तर तह सहकार्यमा प्रदेश राजधानी स्मार्ट सहर निर्माण कार्यलाई निरन्तरता दिने । | १,५ | ४ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय | सङ्घ र स्थानीय तह तथा अन्य सम्बन्धित सरोकारवाला निकाय | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | |
| ५ | खस सांस्कृतिक पहिचानको स्मार्ट सहर निर्माण | अन्तर तह समन्वयमा सिंजा र दुल्लु लगायतका स्थानमा खस सांस्कृतिक पहिचानको स्मार्ट सहर निर्माण कार्य प्रारम्भ गर्ने । | २,३ | ५ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | सङ्घ, स्थानीय तह, सरोकारवाला, विकास साझेदार | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | |
| ६ | मध्यपहाडी सहर विकास कार्यक्रम | अन्तर तह समन्वयमा चौरजहारी, मेहेलकुना र राकममा नयाँ सहरको विकासमा पहल गर्ने । | २,३,५ | ६ | नेपाल सरकारका सम्बन्धित मन्त्रालय | प्रदेश र स्थानीय तह, भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्य गर्ने कार्यालय | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | |
| ७ | आर्थिक केन्द्र सहर विकास कार्यक्रम | जिल्ला सदरमुकाम र आर्थिक व्यापारिक केन्द्रहरूलाई सहरका रूपमा विकास गर्ने । | २,३,४,५ | ७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | नेपाल सरकार, स्थानीय तह, भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्य गर्ने कार्यालय, विकास साझेदार | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | अन्तर तह समन्वय र सहकार्य | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ८ | जनता आवास कार्यक्रम | अन्तर तह समन्वयमा लक्षित समुदायको परिवारका लागि थप आवास गृह निर्माण गर्ने। | २,३ | ८ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | नेपाल सरकार, स्थानीय तह, भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्य गर्ने कार्यालय, विकास साझेदार | (संङ्ख्यामा) जनता आवास (सङ्घ): ३८०, जनता आवास (प्रदेश): ३८० र विपन्नको घर कार्यक्रम= २२३ | (संङ्ख्यामा) जनता आवास (सङ्घ): ३८, जनता आवास (प्रदेश): ३४ र विपन्नको घर कार्यक्रम= ३२ | बजेट सुनिश्चितताको बाधारमा निरन्तरता | बजेट सुनिश्चितताको बाधारमा निरन्तरता | बजेट सुनिश्चितताको बाधारमा निरन्तरता | |
| ९ | भूमिहीन र लोपोन्मुख समुदायको सुरक्षित आवास व्यवस्थापन कार्यक्रम | राउटे आवास संरचना निर्माण गर्ने। | १,२,३ | ९ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | नेपाल सरकार, स्थानीय तह, भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्य गर्ने कार्यालय, विकास साझेदार | आवश्यकता पहिचान एवं लक्षित वर्गसँग छलफल | आवश्यकता पहिचान एवं लक्षित वर्गसँग छलफल | आवश्यकता पहिचान एवं लक्षित वर्गसँग छलफल | संरचना निर्माण | संरचना निर्माण | |
| | | भूमिहीन र लोपोन्मुख समुदायको सुरक्षित आवास व्यवस्थापन गर्ने। | १,२,३ | ९ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र सम्बन्धित पूर्वाधार विकास कार्यालय | नेपाल सरकार, स्थानीय तह, भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्य गर्ने कार्यालय, विकास साझेदार | आवश्यकता पहिचान एवं लक्षित वर्गसँग छलफल | आवश्यकता पहिचान एवं लक्षित वर्गसँग छलफल | | लक्षित वर्गलाई आवास निर्माण | आवास निर्माण कार्य विस्तार | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आवास व्यवस्थापन | सङ्ख्या | १७५०० | २०००० | २५००० | ४०००० |
| २ | सहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ५२.१० | ५२.५० | ५३.०० | ५५.०० |
| ३ | एकीकृत बस्तीमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ०.८३ | ०.९० | १.०० | ३.०० |
| ४ | आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.०० | ९५.०० | ९६.०० | ९८.०० |
| ५ | खर/फुस/माटोको छाना भएको घरमा बसोबास गर्ने परिवार | प्रतिशत | १७.४६ | १७.०० | १५.०० | १२.०० |
| ६ | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ६९ | ७० | ७२ | ७५ |
| ७ | भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | १४.३३ | १५.०४ | २५.० | ३५.० |
| ८ | वातावरणमैत्री प्रविधिमा आधारित फोहोरमैला प्रशोधन र स्यानिटरी ल्याण्डफिल साइट निर्माण | सङ्ख्या | १ | १ | ४ | १० |
| ९ | एकीकृत प्रशासकीय भवन निर्माण | सङ्ख्या | ० | ० | १ | १ |
| १० | जग्गा विकास, बस्ती एकीकरण र सहरी पुनरोत्थान लगायत बस्ती विकास कार्यक्रम सञ्चालित स्थान | सङ्ख्या | ४ | ५ | ७ | १० |
| ११ | पूर्वाधार विकास भएका ग्रामीण बजारकेन्द्र | सङ्ख्या | २५ | २७ | ३५ | ४५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, विभिन्न प्रकाशन र प्रतिवेदनहरू*

## ७. जोखिम पक्ष र अनुमान

परम्परागत थातथलो छोड्न नागरिकहरूमा हुने अनिच्छा, भौगोलिक विकटता, उच्च पूर्वाधार लागत र भू-उपयोग नीतिको फितलो कार्यान्वयन यस क्षेत्रका मुख्य जोखिम हुन् । साथै बहु-निकायहरूबिच समन्वय अभाव हुँदा आयोजनाहरू सुस्त हुने चुनौती रहन्छ । यद्यपि एकीकृत बस्ती विकासले शिक्षा, स्वास्थ्य, र खानेपानी जस्ता सार्वजनिक सेवा प्रवाहको लागत घटाउने र नागरिकको जीवनस्तरमा द्रुत सुधार ल्याउने अनुमान गरिएको छ । यदि सडक र नदी करिडोरमा आधारित योजनाबद्ध सहरीकरण गर्न सकिएमा कर्णालीमा नयाँ आर्थिक केन्द्रहरूको विकास भई बसाइँसराइ रोक्न ठूलो मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## ८.४ सूचना तथा सञ्चार प्रविधि

### १. पृष्ठभूमि

सङ्घ सरकारको 'डिजिटल नेपाल फ्रेमवर्क' को नीतिलाई आत्मसात गर्दै कर्णाली प्रदेश सरकारले सूचना प्रविधिको विकास र उच्चतम प्रयोगका लागि 'डिजिटल कर्णाली' को अवधारणा अगाडि सारेको छ। विद्युतीय शासन (E-Governance) को माध्यमबाट सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र गुणस्तरीय बनाउने यसको मुख्य लक्ष्य हो। यस कार्यक्रमले सरकारी कामकारबाहीमा प्रशासनिक दक्षता बढाउनुका साथै आम नागरिकको सूचनामा सहज र सुरक्षित पहुँच सुनिश्चित गरी प्रादेशिक सुशासनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### २. उद्देश्य

१. सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयोग वृद्धि गर्नु,
२. सूचना तथा सञ्चार प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,
३. नागरिक सन्तुष्टि हासिल गरी सुशासन कायम गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. सूचना तथा सञ्चार क्षेत्रको विकासका लागि नीतिगत, कानूनी, संरचनागत र पूर्वाधार विकास र सुदृढीकरण गर्ने।
२. सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच सुनिश्चित गर्ने।
३. सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने।
४. डिजिटल इकोसिष्टम निर्माण गर्ने।

### ४. कार्यनीति

१. 'डिजिटल कर्णाली' को लक्ष्य प्राप्तिका लागि प्रदेश सूचना तथा सञ्चार नीति, आवश्यक कानुन, संस्थागत संरचना र आधुनिक पूर्वाधारको समुचित व्यवस्थापन गर्ने।
२. सूचना प्रविधिको सेवालाई कुना-कुनासम्म पुऱ्याउन डिजिटल कर्णाली निर्माणका लागि आवश्यक भौतिक पूर्वाधार (ब्रोडब्यान्ड इन्टरनेट र सञ्चार सञ्जाल) को यथेष्ट विकास तथा अत्याधुनिक प्रविधिको व्यवस्था गर्ने।
३. प्रविधि क्षेत्रको व्यवसाय र नवप्रवर्तनलाई प्रोत्साहन गर्न प्रदेशमा 'सूचना प्रविधि ग्राम' (IT Park/IT Village) स्थापनाका लागि नीतिगत, कानूनी, संरचनागत आधार र आधारभूत पूर्वाधारको विकास गर्ने।
४. आम नागरिकको सुसूचित हुने अधिकारको संरक्षण गर्दै सूचना तथा सञ्चार प्रविधि क्षेत्र एवं सञ्चार माध्यम र पत्रकारिताको व्यावसायिकता, स्वतन्त्रता र क्षमता प्रवर्धन गर्ने।
५. बढ्दो डिजिटल प्रयोगसँगै निम्तिन सक्ने प्राविधिक जोखिम न्यूनीकरणका लागि साइबर अपराध (Cyber Crime) सम्बन्धी व्यापक जनचेतना जगाइने र यसको नियमनका कानूनी एवं प्राविधिक उपायहरू अवलम्बन गर्ने।
६. सरकारी तथा सार्वजनिक निकायका संवेद्य डिजिटल तथ्याङ्कहरूको भण्डारण, गोपनीयता र साइबर सुरक्षा सुनिश्चित गर्न विद्युतीय तथ्याङ्क सुरक्षा (Data Security) को उचित प्रबन्ध मिलाइनेछ।
७. सूचना प्रविधिको क्षेत्रमा नवीन प्रविधि विकास र परीक्षण, तथ्याङ्क संरक्षण तथा प्रशोधन, अध्ययन-अनुसन्धान र सेवा प्रवाहमा विशिष्टीकृत सूचना प्रविधि सेवा विस्तार गर्ने र जनशक्तिको क्षमता विकास तथा सचेतना अभिवृद्धि गर्ने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रदेश सूचना तथा सञ्चार नीति, कानुन र संरचनागत तथा पूर्वाधार विकास | प्रदेश सूचना तथा सञ्चार नीति तर्जुमा गरी कार्यान्वयन गर्ने। | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | नीति तर्जुमा | कार्यान्वयन | निरन्तर | |
| | | कानुन र संरचनागत तथा पूर्वाधार विकास गर्ने। | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | डिजिटल कर्णाली निर्माणका लागि पूर्वाधार विकास र प्रविधि व्यवस्थापन | OSSD, GIOMS, E-attendance लगायत पूर्वाधार विकास कार्यका लागि प्राविधिक सहयोग | २ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | सूचना प्रविधि ग्रामको स्थापना | सूचना प्रविधि ग्रामको स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने | १ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | आन्तरिक तयारी | कार्यान्वयन | निरन्तर | |
| | | नीति, कानुन तथा संरचना विकास गर्ने | १ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | आन्तरिक तयारी | कार्यान्वयन | निरन्तर | |
| ४ | सूचना तथा सञ्चार प्रविधि क्षेत्र एवम् व्यावसायिक पत्रकारिता प्रवर्धन | सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | ४ | ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | प्रादेशिक पत्रकारिता पुरस्कार | ४ | ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | लोक कल्याणकारी विज्ञापन कार्यक्रम | ४ | ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | साइवर अपराध नियन्त्रण र जनचेतना कार्यक्रम | साइवर सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | २ | ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश प्रहरी कार्यालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | विद्युतीय तथ्याङ्क सुरक्षा कार्यक्रम | विद्युतीय तथ्याङ्क सुरक्षाका लागि जनचेतना कार्यक्रम | २ | ६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | विशिष्टीकृत सूचना प्रविधि सेवा, क्षमता विकास र डिजिटल साक्षरता कार्यक्रम | डिजिटल साक्षरता कार्यक्रम | ४ | ७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ७४ | ७४ | ८० | ८५ |
| २ | कुनै पनि टेलिफोन प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ८२.२३ | ८३.०६ | ८४.७२ | ८७.२६ |
| ३ | स्मार्ट मोबाइल फोन प्रयोग गर्ने परिवार | प्रतिशत | ५८.४ | ६०.० | ७०.० | ८०.० |
| ४ | सुचारु इन्टरनेट सेवा प्रदायक | सङ्ख्या | १२ | १२ | १२ | १८ |
| ५ | प्रदेशभित्र कायम रहेका अनलाइन मिडिया | सङ्ख्या | २६ | ४२ | ४८ | ६० |
| ६ | सूचना र सञ्चारका आधुनिक सुविधा उपलब्ध परिवार | प्रतिशत | ९२.८ | ९३.० | ९५.० | ९६.० |
| ७ | कुल गार्हस्थ्य उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान | प्रतिशत | १.३० | १.३० | १.४ | २.० |
| ८ | सूचना प्रविधि क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या | हजारमा | २८५ | ३१४ | ३८० | ४६० |
| ९ | सूचना प्रविधिमा आधारित कार्यालय व्यवस्थापन तथा सेवा प्रवाह भएका प्रदेश कार्यालय | सङ्ख्या | ८० | ९० | १२० | १५९ |
| १० | डिजिटल साक्षरतामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २५ | २५ | ४० | ५० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।

### ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटताका कारण डिजिटल पूर्वाधार (इन्टरनेट र विद्युत) को विस्तार सुस्त हुनु, उच्च प्राविधिक जनशक्तिको अभाव र आम नागरिकमा न्यून डिजिटल साक्षरता रहनु यस क्षेत्रका मुख्य जोखिम हुन्। साथै साइबर सुरक्षाका चुनौती र प्राविधिक प्रणालीको मर्मतसम्भारमा हुने ठूलो खर्च अर्को पक्ष हो। यद्यपि सेवा प्रवाहलाई डिजिटल माध्यममा रूपान्तरण गर्दा प्रशासनिक लागत घट्ने, भ्रष्टाचारजन्य गतिविधिमा कमी आउने र दूरदराजका नागरिकले घरदैलोमै सरकारी सेवा पाउने अनुमान गरिएको छ। यसले कर्णालीको समग्र विकास प्रक्रियालाई आधुनिक र गतिशिल बनाउने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-नौः जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी

## ९.१ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा

### १ पृष्ठभूमि

जलस्रोत र ऊर्जा कर्णाली प्रदेशको समृद्धिको सबैभन्दा प्रमुख आधार हुन् । विश्वव्यापी रूपमा हरित ऊर्जा उत्पादन र उपयोगलाई प्राथमिकता दिइरहेको सन्दर्भमा कर्णालीमा क्षमता अनुसारको जलविद्युत् उत्पादन गरी कृषि, उद्योग, पर्यटन र यातायात क्षेत्रको विकास गर्ने प्रचुर सम्भावना छ । "कर्णालीको पानी, जनताको लगानी" जस्ता कार्यक्रममार्फत जलविद्युतमा लगानी बढाउने र प्रदेशका शतप्रतिशत घरधुरीमा विद्युत् पहुँच पुऱ्याउने लक्ष्य राखिएको छ । साथै राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम र छरिएर रहेका ग्रामीण बस्तीहरूमा "कर्णाली उज्यालो कार्यक्रम" अन्तर्गत सौर्य ऊर्जा, लघु जलविद्युत्, वायु, जैविक तथा आधुनिक हाइड्रोजन ऊर्जा जस्ता वैकल्पिक एवं नवीकरणीय ऊर्जाको उपयोग गरी ग्रामीण विद्युतीकरणलाई तीव्रता दिनु आवश्यक देखिएको छ ।

### २. उद्देश्य

१. जलस्रोतको बहुउपयोगबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,

२. जलविद्युतको उत्पादन, उपभोग र निर्यात बढाउनु

३. वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार तथा उपयोग वृद्धि गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. जलस्रोतको एकीकृत तथा योजनाबद्ध विकास, वहुउपयोग र संरक्षण गर्ने ।

२. विद्युत् आयोजनाको शीघ्र विकास, सञ्चालन र उत्पादन गर्ने ।

३. जलविद्युत्को उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास र विस्तार गर्ने ।

४. जलविद्युत् प्रवर्धन गर्ने ।

५. वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रवर्धन तथा उपयोग विस्तार गर्ने ।

### ४. कार्यनीति

१. प्रदेशको समृद्धिका लागि जलस्रोत तथा ऊर्जा सम्बन्धी आवश्यक प्रादेशिक नीति, कानुन र संस्थागत संरचनाहरूको निर्माण गरी तिनको प्रभावकारी सञ्चालन गरिने ।

२. पानी र ऊर्जाको बहुआयामिक एवं दिगो उपयोग सुनिश्चित गर्न 'एकीकृत जलस्रोत र ऊर्जा विकास रणनीति तथा कार्ययोजना' तर्जुमा गरी कार्यान्वयनमा ल्याइने ।

३. कर्णाली प्रदेशका साना, मझौला र ठूला नदीहरूमा जलविद्युत् विकासको यथार्थपरक सम्भाव्यता अध्ययन र नक्साङ्कन (Mapping) गरिने ।

४. प्रदेशका सबै जिल्ला र बस्तीहरूमा विद्युतीकरण सुनिश्चित गर्न सङ्घीय सरकारसँगको समन्वय, सहकार्य र साझेदारीमा राष्ट्रिय प्रसारण लाइनको विस्तारलाई तीव्रता दिइने ।

५. सर्वसाधारण र वैदेशिक रोजगारीमा रहेका कर्णालीवासीको पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न 'कर्णालीको पानी-जनताको लगानी' कार्यक्रमलाई कानुनी र व्यावहारिक रूपमा अगाडि बढाइने ।

६. राष्ट्रिय प्रसारण लाइन नपुगेका छरिएर रहेका दुर्गम गाउँबस्तीहरूमा वैकल्पिक ऊर्जा, सोलार/वायु मिनी ग्रिड जडान गरी 'कर्णाली उज्यालो कार्यक्रम' लाई प्राथमिकताका साथ सञ्चालन गरिने ।

७. प्रदेशभित्र पहिचान भएका जलविद्युत् आयोजनाहरूको द्रुत विकास तथा सञ्चालनका लागि निजी क्षेत्र र विकास साझेदारहरूलाई आकर्षित गर्न आवश्यक सहयोग र सहजीकरण गरिने ।

८. ग्रामीण क्षेत्रमा स्वच्छ ऊर्जाको पहुँच बढाउन, एलपीजी (LPG) ग्याँसको निर्भरता घटाउन र प्राङ्गारिक मलको उत्पादन वृद्धि गर्न 'बायोग्याँस प्लान्ट जडान कार्यक्रम' लाई प्रोत्साहन गरिने ।

९. प्रदेश राजधानी (वीरेन्द्रनगर) लाई ऊर्जा सङ्कटमुक्त र वातावरणमैत्री बनाउन आधुनिक प्रविधियुक्त 'प्रदेश राजधानी वैकल्पिक ऊर्जा कार्यक्रम' सञ्चालन गरिने ।

१०. विश्वव्यापी रूपमा विकास भइरहेको भविष्यको स्वच्छ ऊर्जाको विकल्पलाई आत्मसात गर्दै प्रदेशमा 'हाइड्रोजन ऊर्जा' (Hydrogen Energy) को सम्भाव्यता र उपयोग सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गरिने ।

### ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | जलस्रोत तथा ऊर्जा सम्बन्धी नीति, कानुन, संरचना निर्माण र सञ्चालन | कर्णाली प्रदेश विद्युत नियमावली तर्जुमा गरी लागु गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सरोकारवाला निकायहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | नीति, कानुन, मापदण्ड तर्जुमा | स्वीकृति | कार्यान्वयन | |
| | | कानुन कार्यान्वयन सम्बन्धी अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | एकीकृत जलस्रोत र ऊर्जा विकास रणनीति तथा कार्ययोजना तर्जुमा | एकीकृत जलस्रोत रणनीति तर्जुमा गर्ने। | २ | २ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | विकास साझेदार र सरोकारवाला निकायहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | रणनीति तर्जुमा | रणनीति कार्यान्वयन | रणनीति कार्यान्वयन | |
| ३ | जलविद्युत् विकासको सम्भाव्यता अध्ययन | २० मेगावाट सम्मको जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी र समन्वय। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित कार्यालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | प्रतिवेदन तयारी र छलफल | अध्ययन प्रतिवेदन कार्यान्वयन | |
| ४ | राष्ट्रिय प्रसारण लाइन विस्तार समन्वय, सहकार्य र साझेदारी कार्यक्रम | राष्ट्रिय प्रसारण लाइन विस्तार समन्वय, सहकार्य र साझेदारी गरिने। | २,३ | ४ | नेपाल विद्युत प्राधिकरण वा सम्बन्धित निकाय | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | निरन्तर समन्वय, सहकार्य र साझेदारी | निरन्तर समन्वय, सहकार्य र साझेदारी | निरन्तर समन्वय, सहकार्य र साझेदारी | निरन्तर समन्वय, सहकार्य र साझेदारी | निरन्तर समन्वय, सहकार्य र साझेदारी | |
| ५ | कर्णालीको पानी-जनताको लगानी कार्यक्रम | जगदुल्ला हाइड्रोपावर र जगदुल्ला (ए) मा कर्णाली प्रदेशको शेयरको निरन्तरता र लाभांसको सुनिश्चितता गर्ने। | २ | ५ | कर्णाली प्रदेश सरकार/आर्थिक मामिला तथा योजना मन्त्रालय/जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | वैकल्पिक ऊर्जा, सोलार/वायु मिनि ग्रिड जडान, कर्णाली उज्यालो कार्यक्रम | राष्ट्रिय प्रसारण लाइन नपुगेको क्षेत्र पहिचान गर्ने। | ५ | ६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र कार्यालयहरू | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | लगानीको सुनिश्चितता | आयोजना कार्यान्वयन | |
| | | वैकल्पिक ऊर्जा, सोलार जडान तथा मर्मत गर्ने। | ५ | ६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र कार्यालयहरू | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | लघु तथा मिनि ग्रिड जडान, मर्मत सम्भार गर्ने। | ५ | ६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र कार्यालयहरू | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | जलविद्युत् आयोजना विकास तथा सञ्चालन, सहयोग र सहजीकरण | जलविद्युत् आयोजना विकासमा सहजीकरण गर्ने। | ५ | ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | वायोग्यास प्लान्ट जडान | निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। | ५ | ८ | जलस्रोत तथा ऊर्जा विकास | सम्बन्धित स्थानीय तह र | कार्यक्रम | कार्यक्रम | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | कार्यक्रम | | | | मन्त्रालय | सरोकारवाला निकायहरू | सञ्चालन | सञ्चालन | | | | |
| ९ | प्रदेश राजधानी वैकल्पिक ऊर्जा कार्यक्रम | प्रदेश राजधानी वैकल्पिक ऊर्जा कार्यक्रमको सुरुवात गर्ने । | ५ | ९ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित स्थानीय तह र सरोकारवाला नित्रकायहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | लगानीको सुनिश्चितता | आयोजना कार्यान्वयन | |
| १० | हाइड्रोजन ऊर्जा सम्बन्धी अध्ययन | हाइड्रोजन ऊर्जा सम्बन्धी अध्ययन कार्य गर्ने । | ५ | १० | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | लगानीको सुनिश्चितता | आयोजना कार्यान्वयन | |

### ६. नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ७१ | ७१ | ७३ | ७५ |
| २ | केन्द्रीय प्रसारण लाइनबाट विद्युत सुविधा प्राप्त परिवार | प्रतिशत | ४३.८७ | ५० | ६० | ७५ |
| ३ | जलविद्युत् उत्पादन | मे.वा. | १६ | १६ | ३० | २०० |
| ४ | खाना पकाउन काठ दाउराको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८२.२ | ८० | ७० | ६० |
| ५ | खाना पकाउन स्वच्छ इन्धनको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १९.५ | २३ | ३१ | ४० |
| ६ | खाना पकाउन एल.पि. ग्यासको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १८ | १६ | १२ | ८ |
| ७ | जलविद्युत्का ठूला आयोजना | सङ्ख्या | ० | १ | ३ | ५ |
| ८ | जलविद्युत्का मझौला आयोजना | सङ्ख्या | ९ | १० | १२ | १५ |
| ९ | जलविद्युत्का साना आयोजना | सङ्ख्या | १० | १३ | १५ | २० |
| १० | विद्युतीय चुल्होको प्रयोग गर्ने घर परिवार | सङ्ख्या | ५००० | १०००० | ३०००० | ६०००० |
| ११ | वायु ऊर्जा उत्पादन | मे.वा. | ० | ० | १ | १ |
| १२ | ठूलो वायोग्यास प्लान्टको स्थापना | सङ्ख्या | १ | २ | ३ | ५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८। जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय।*

### ७. जोखिम पक्ष र अनुमान

ठूला जलविद्युत् आयोजनाका लागि आवश्यक पर्ने पुँजीगत लगानीको अभाव, कठिन भौगोलिक बनोटका कारण प्रसारण लाइन विस्तारमा हुने ढिलाइ र वातावरणीय/भौगर्भिक जोखिमहरू यस क्षेत्रका मुख्य चुनौती हुन्। साथै सङ्घ र प्रदेशबिचको क्षेत्राधिकार सम्बन्धी कानुनी अस्पष्टताले आयोजनाहरू प्रभावित हुन सक्ने जोखिम रहन्छ। उच्च तहका प्राविधिक जनशक्तिको अभावले लक्ष्य अनुरूपका कार्यमा असर पर्ने देखिन्छ। यद्यपी, ग्रामीण क्षेत्रमा नवीकरणीय ऊर्जाको बिस्तारले खनिज इन्धन (मट्टितेल, ग्याँस) माथिको निर्भरता घट्ने, वन विनाश रोकिने र स्थानीय स्तरमा साना तथा घरेलु उद्योगहरूको विकास भई स्वरोजगारी सिर्जना हुने अनुमान गरिएको छ। स्वच्छ ऊर्जामा आत्मनिर्भर भई छिमेकी प्रदेश र राष्ट्रहरूमा विद्युत् निर्यात गर्न सकिएमा कर्णालीको अर्थतन्त्रमा युगान्तकारी परिवर्तन आउने अपेक्षा गर्न सकिन्छ।

## ९.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

### १. पृष्ठभूमि

सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन कर्णाली प्रदेशको कृषि उत्पादन, उत्पादकत्व वृद्धि र खाद्य सुरक्षाको प्रमुख आधार हो। प्रदेशको उर्वर खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याएर उच्च मूल्यका अन्नबाली र तरकारी उत्पादन बढाउने तथा खाद्यान्नमा आत्मनिर्भर बन्ने प्रचुर सम्भावना छ। जलस्रोतको बहुउपयोग गरी सिँचाइ, विद्युत्, खानेपानी र पर्यटनलाई एकीकृत रूपमा अगाडि बढाउन सकिन्छ। साथै नदी नियन्त्रण तथा तटबन्धनमार्फत बाढी-पहिरो जस्ता जलउत्पन्न प्रकोपको व्यवस्थापन गर्ने, खेतीयोग्य भूमिको संरक्षण गर्ने र बगरखेती प्रवर्धन गर्न आवश्यक छ। हिमाली क्षेत्रमा हिउँ सङ्कलन पोखरी र अन्य क्षेत्रमा वर्षातको पानी सङ्कलन पोखरी जस्ता वैकल्पिक सिँचाइ प्रणाली र ठूला बहुउद्देश्यीय जलाशययुक्त आयोजनाहरूको निर्माण एवं पुराना आयोजनाहरूको मर्मतसम्भार गर्नु आजको प्राथमिकता हो।

### २. उद्देश्य

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न खेतीयोग्य जमिनमा बाहै महिना सिँचाइ सुविधा उपलब्ध गराई वृद्धि गर्नु,
२. सिँचाइ सुविधाको विकास, विस्तार र सञ्चालन नयाँ प्रविधिमा आधारित, जलवायुमैत्री र दिगो बनाउनु,
३. जलउत्पन्न प्रकोप नियन्त्रण तथा असर न्यूनीकरण गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने।
२. सिँचाइ विकास, विस्तार र उपयोगमा नयाँ प्रविधिको प्रयोग गर्ने।
३. सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने।
४. जलउपयोगको आधारमा जलउत्पन्न प्रकोप व्यवस्थापन गर्ने।

### ४. कार्यनीति

१. प्रदेशभित्र सिँचाइ सुविधाको योजनाबद्ध विस्तार र कृषि उत्पादन वृद्धि गर्न 'प्रदेश सिँचाइ विकास गुरुयोजना' तर्जुमा गरी कार्यान्वयनमा ल्याइने।
२. पानीको किफायती एवं सन्तुलित प्रयोगमार्फत कृषि उत्पादकत्व बढाउन 'एकीकृत बाली तथा जल व्यवस्थापन मापदण्ड' तयार गरी लागु गरिने।
३. सतह तथा मझौला सिँचाइ आयोजनाहरूको निर्माण र स्तरोन्नतिमार्फत थप २५०० हेक्टर कृषियोग्य जमिनमा बाहै महिना सिँचाइ सुविधा उपलब्ध गराइने।
४. राष्ट्रिय प्रसारण लाइन नपुगेका सुख्खा टार र हिमाली क्षेत्रहरूमा आधुनिक प्रविधि (सोलार पम्प, लिफ्ट सिँचाइ, फोहरा सिँचाइ, थोपा सिँचाइ र पानी सङ्कलन पोखरी) को माध्यमबाट थप २००० हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याइने।
५. पुराना, परम्परागत तथा निर्माण सम्पन्न भई मर्मतसम्भार आवश्यक भएका सिँचाइ आयोजनाहरूको प्राविधिक पहिचान गरी उपभोक्ताहरूको प्रत्यक्ष सहभागितामा सिँचाइ प्रणालीको सुदृढीकरण र पुनर्स्थापना गरिने।
६. प्रदेशका ठूला फाँट, सेरा र जिउलाहरूमा कृषि र ऊर्जा दुवैलाई समेट्ने गरी 'बहु-उद्देश्यीय जलस्रोत आयोजना' हरूको सम्भाव्यता अध्ययन र निर्माण कार्य प्रारम्भ गरिने।
७. बाढी, पहिरो र नदी कटानको उच्च जोखिममा रहेका खेतीयोग्य खेतबारी र फाँटहरूको पहिचान गरी प्राथमिकताका आधारमा भूमि संरक्षण कार्यक्रम सञ्चालन गरिने।
८. हुम्ला कर्णाली, मुगु कर्णाली, सानीभेरी, ठूलीभेरी, तिला, हिमा, लोहरे र शारदा लगायतका प्रमुख नदीहरूमा ढुङ्गा-बालुवा नियन्त्रणका लागि सेडिमेन्टेशन ड्याम (Sedimentation Dam) र नदी कटान रोक्न व्यवस्थित तटबन्ध निर्माण गरिने।
९. सिँचाइ प्रणालीको दिगो सञ्चालन, मर्मतसम्भार र पानीको समन्यायिक वितरण सुनिश्चित गर्न जलउपभोक्ता समूहहरूको संस्थागत क्षमता विकास र क्रियाशीलता अभिवृद्धि गरिने।

५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | सिँचाइ विकास गुरुयोजना निर्माण र कार्यान्वयन | तथ्याङ्क सङ्कलन, सरोकारवालाहरूसँग छलफल गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | गुरुयोजना तयारी। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | नीति, कानुन, मापदण्ड तर्जुमा | स्वीकृति | कार्यान्वयन | |
| | | प्रमाणीकरण र कार्यान्वयनमा लैजाने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | नीति, कानुन, मापदण्ड तर्जुमा | स्वीकृति | कार्यान्वयन | |
| २ | एकीकृत बाली तथा जल व्यवस्थापन आयोजना | स्थान पहिचान। | २ | २ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | स्थान पहिचानको पूर्वतयारी | कार्यान्वयन | निरन्तर | |
| | | योजना तथा बजेट व्यवस्थापन गर्ने। | २ | २ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | स्थान पहिचानको पूर्वतयारी | योजना तथा बजेट व्यवस्थापन | निरन्तर | |
| | | कार्यान्वयन गर्ने। | २ | २ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | स्थान पहिचानको पूर्वतयारी | कार्यान्वयन | कार्यान्वयन | |
| ३ | सतह सिँचाइ आयोजना | तथ्याङ्क अद्यावधिक गर्ने। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | तथ्याङ्क संकल्न | तथ्याङ्क संकल्न | तथ्याङ्क अद्यावधिक | निरन्तर | निरन्तर | |
| | | स्रोत अनुमान तथा पहिचान गर्ने। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | स्रोत अनुमान र पहिचान | कार्यान्वयन | निरन्तर | |
| | | मर्मत तथा पुनःस्थापना कार्य गर्ने। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | निर्माण कार्यलाई तीव्रता दिई सम्पन्न गर्ने। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | नियमित निर्माण कार्य भएको | नियमित निर्माण कार्य भएको | निर्माण कार्यलाई तीव्रता दिने | निर्माण कार्यलाई तीव्रता दिने | निर्माण कार्यलाई तीव्रता दिने | |
| ४ | नवीनतम प्रविधिमा | स्रोत तथा स्थान पहिचान गर्ने। | ४ | ४ | जलस्रोत तथा | सम्बन्धित | आवश्यकता | प्रारम्भिक | पूर्वतयारी एवं | कार्यान्वयन | निरन्तर | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | आधारित सिँचाइ आयोजना | | | | ऊर्जा विकास मन्त्रालय | मन्त्रालय/निकाय | पहिचान | छलफल | छलफल | | | |
| | | आवश्यकतानुसार लिफ्ट प्रविधिमा आधारित र थोपा तथा Sprinkle सिंचाई आयोजना निर्माण गर्ने। | ४ | ४ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी एवं छलफल | स्रोत अनुमान र पहिचान | आयोजना कार्यान्वयन | |
| ५ | परम्परागत सिँचाइ प्रणाली, नहर, कुलो र बाँध लगायतका संरचना मर्मतसम्भार तथा पुर्नस्थापना कार्यक्रम | सञ्चालित आयोजनाको नियमित अनुगमन तथा मर्मतसम्भार कार्यक्रमलाई निरन्तरता दिने। | ५ | ५ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मर्मत सम्भार कार्यकर्ता तथा जल उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | ५ | ५ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | बहु-उद्देश्यीय जलस्रोत उपयोग आयोजना | बहु-उद्देश्यीय जलस्रोत उपयोग आयोजना सुर्खेतमा निर्माण सम्पन्न गरी अन्य क्षेत्रमा विस्तार गरिने। | ६ | ६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | निर्माण जारी | निर्मान जारी | सुर्खेतमा निर्माण सम्पन्न गर्ने | अन्य जिल्लामा विस्तार | अन्य जिल्लामा विस्तार | |
| ७ | जोखिम युक्त खेतवारी संरक्षण कार्यक्रम | जोखिम युक्त खेतबारी संरक्षण कार्यक्रम सञ्चालन गरिने। | ७ | ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | ठूला तथा मझौला नदीमा सेडिमेण्टेसन ड्याम र नदी नियन्त्रण कार्यक्रम | ठूला तथा मझौला नदीमा सेडिमेण्टेसन ड्याम र नदी नियन्त्रण सम्बन्धी पूर्वाधार निर्माण कार्यको सुरुवात गर्ने। | ८ | ८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | जलउपभोक्ता समूहको क्षमता विकास | जलउपभोक्ता समूहको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने। | ९ | ९ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | अवलोकन भ्रमण गर्ने। | ९ | १० | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | सिँचाइ सुविधा पुगेको खेती गरिएको जमिन | प्रतिशत | ३१ | ३१ | ४० | ५० |

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| २ | वर्षभरि सिँचाइ हुने खेती गरिएको जमिन | प्रतिशत | २७ | २७ | ३५ | ४५ |
| ३ | नयाँ प्रविधिको सिँचाइ सुविधा पुगेको क्षेत्रफल | हेक्टर | ५०० | ७५० | १२०० | २००० |
| ४ | ठूला सिँचाइ आयोजना निर्माण | सङ्ख्या | २५ | २५ | २८ | ३० |
| ५ | मझौला सिँचाइ आयोजना निर्माण | सङ्ख्या | २८० | २८० | ३६० | ४८० |
| ६ | साना सिँचाइ आयोजना निर्माण | सङ्ख्या | ८०० | ९०० | १२०० | १५०० |
| ७ | नयाँ प्रविधि सिँचाइ आयोजना | सङ्ख्या | २०० | २५० | ३२० | ४०० |
| ८ | जलाशय तथा पुनर्भरण पोखरी | सङ्ख्या | २ | ५ | १० | २० |
| ९ | सिँचाइ सेवा शुल्क प्राप्त हुने आयोजना | सङ्ख्या | ५ | १० | २० | ३० |
| १० | नदी नियन्त्रण संरचनाको लम्बाइ | कि.मि. | ३० | ३५ | ५० | ६० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश*

**७. जोखिम पक्ष र अनुमान**

कर्णालीको कमजोर भूबनोटका कारण पहिरो र बाढीले सिँचाइका नहर तथा संरचनाहरू बारम्बार बगाउने उच्च प्राकृतिक जोखिम रहेको छ। साना नदीहरूमा हिउँदमा पानीको बहाव घट्ने (जलवायु परिवर्तनको असर) र ठूला जलाशययुक्त आयोजनाका लागि आवश्यक पर्ने उच्च पुँजीगत खर्च जुट्न गाह्रो हुने चुनौती छ। यद्यपि योजनाबद्ध सिँचाइ विस्तार भएमा प्रदेशको कृषि उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि भई खाद्यान्न आयात घट्ने र खाद्य सुरक्षा सुनिश्चित हुने अनुमान गरिएको छ। नदी नियन्त्रण कार्य प्रभावकारी भएमा तटीय क्षेत्रका हजारौँ हेक्टर जमिन सुरक्षित भई स्थानीय स्तरमा कृषि रोजगारी र बगरखेतीमार्फत भूमिहीनहरूको जीविकोपार्जनमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

## ९.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ (४) ले स्वच्छ खानेपानी तथा सरसफाइलाई नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । कर्णाली प्रदेशमा पर्याप्त जलस्रोत र अनुकूल धरातलीय अवस्थिति रहेकाले स्वच्छ खानेपानी सेवा विस्तारका प्रचुर सम्भावनाहरू छन् । सङ्घीय सरकारको नीति र दिगो विकास लक्ष्य (SDG 6) हासिल गर्ने राष्ट्रिय प्रतिबद्धता अनुरूप प्रदेश सरकारले खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन (WASH) का कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राखेको छ । यसका लागि आवश्यक नीतिगत, कानुनी र संरचनागत सुदृढीकरण गर्दै आम नागरिकको घरदैलोमा सुरक्षित खानेपानी पुऱ्याउने लक्ष्य लिइएको छ ।

### २. उद्देश्य

१. आधारभूत तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,
२. उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा सुविधाको विकास र विस्तार गर्नु,
३. सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास तथा विस्तार गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. खानेपानी सुविधाको विकास, विस्तार र पहुँच वृद्धि गर्ने ।
२. खानेपानी सेवा तथा सुविधा विस्तार र गुणस्तर वृद्धिका लागि नयाँ प्रविधिको उपभोग गर्ने ।
३. मौजुदा खानेपानी सेवालाई स्तर वृद्धि गरी क्रमिक रूपमा मध्यम तथा उच्च स्तरको बनाउदै लैजाने ।
४. खानेपानीको मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधारको संरक्षण र पानी पुनर्भरणको प्रबन्ध गर्ने ।
५. सामुदायिक सहभागितामा सरसफाइलाई प्रविधिमैत्री अभियानको रूपमा सञ्चालन गर्ने ।
६. फोहोरमैला व्यवस्थापनमा स्थानीय तह, समुदाय तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने ।

### ४. कार्यनीति

१. 'एक घर एक धारा' कार्यक्रमलाई द्रुत गतिमा अगाडि बढाउँदै साना-ठूला खानेपानी आयोजनाहरूको निर्माण सम्पन्न गरी प्रदेशको ठूलो जनसङ्ख्यामा आधारभूत स्तरको सुरक्षित खानेपानी सेवाको पहुँच विस्तार गरिने ।
२. भौगोलिक विकटताका कारण परम्परागत प्राकृतिक बहाव (Gravity) प्रणाली सम्भव नभएका गाउँबस्तीहरूमा आकाशे पानी सञ्चय (Rainwater Harvesting), सौर्य ऊर्जामा आधारित लिफ्टिङ र पहाडी भूमिगत बोरिङ प्रविधिको उपयोग गरी खानेपानी सेवा उपलब्ध गराइने ।
३. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न र खानेपानीको दीर्घकालीन स्रोत सुनिश्चित गर्न प्रदेशका सबै गाउँबस्तीहरूमा मुहान संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने ।
४. 'खानेपानी सुरक्षा योजना' (Water Safety Plan) र सम्भाव्यता अध्ययनका आधारमा साना तथा ठूला सहरी खानेपानी आयोजनाहरूमा आधुनिक शुद्धीकरण प्रविधि जडान गरी खानेपानीको गुणस्तरमा सुधार ल्याइने ।
५. आम नागरिकलाई वितरण गरिने खानेपानीको नियमित जाँच र गुणस्तर प्रमाणीकरणका लागि प्रदेश राजधानीमा स्थापना भएको 'केन्द्रीय पानी परीक्षण प्रयोगशाला' लाई पूर्ण रूपमा सञ्चालनमा ल्याइने ।
६. प्रदेश राजधानी (वीरेन्द्रनगर) को बढ्दो जनसङ्ख्या र खानेपानीको चरम सङ्कटलाई समाधान गर्न भेरी नदी लिफ्टिङ लगायतका वैकल्पिक स्रोतहरूको विस्तृत अध्ययन गरी खानेपानीको दिगो आपूर्ति सुनिश्चित गरिने ।
७. बाढी-पहिरो वा अन्य कारणले क्षतिग्रस्त एवं मर्मतसम्भार आवश्यक भएका पुराना खानेपानी आयोजनाहरूको पहिचान गरी उपभोक्ताहरूको प्रत्यक्ष सहभागिता र मर्मत कोषमार्फत तिनलाई पुनः सुचारु गरिने ।
८. खुला दिसामुक्त अवस्थालाई दिगो बनाउन प्रदेश र स्थानीय तहमा खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी संयन्त्रहरूलाई क्रियाशील बनाई सबै स्थानीय तहमा 'पूर्ण सरसफाइ' (Total Sanitation) कार्यक्रम लागु गरिने ।
९. प्रदेशका प्रमुख सहर, राजमार्ग र बजार क्षेत्रहरूमा पार्किङ, स्वच्छ खानेपानी र यात्री प्रतीक्षालयसहितको आधुनिक, अपाङ्गतामैत्री एवं लैङ्गिकमैत्री सार्वजनिक शौचालयहरूको निर्माण, विस्तार र दिगो व्यवस्थापन गरिने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | एक घर एक धारा कार्यक्रम | तथ्याङ्क अद्यावधिक गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालय | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | तथ्याङ्क सङ्कलन | तथ्याङ्क सङ्कलन | तथ्याङ्क सङ्कलन | तथ्याङ्क अध्यावधिक | निरन्तर | |
| | | स्रोत अनुमान तथा पहिचान गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालय | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | स्रोत अनुमान र पहिचान | कार्यान्वयन | कार्यान्वयन | |
| | | मर्मत तथा पुनःस्थापना कार्य गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालय | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | मर्मत तथा पुनःस्थापना नियमित | मर्मत तथा पुनःस्थापना नियमित | मर्मत तथा पुनःस्थापना नियमित | मर्मत तथा पुनःस्थापना नियमित | मर्मत तथा पुनःस्थापना नियमित | |
| | | निर्माण कार्यलाई तीव्रता दिई सम्पन्न गर्ने। | १ | १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालय | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | |
| २ | नवीनतम प्रविधिमा आधारित खानेपानी कार्यक्रम | स्रोत तथा स्थान पहिचान गर्ने। | २ | २ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालय | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी एवं छलफल | स्वीकृति | कार्यान्वयन | |
| | | आवश्यकतानुसार लिफ्ट प्रविधिमा आधारित तथा वर्षात्को पानी सङ्कलन खानेपानी आयोजना निर्माण गर्ने। | २ | २ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालय | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | केहि आयोजना निर्माण | केहि आयोजना निर्माण | निर्माण कार्यलाई तीव्रता | निर्माण कार्यलाई तीव्रता | निर्माण कार्यलाई तीव्रता | |
| ३ | मुहानदेखि चुहानसम्म संरक्षण कार्यक्रम | Water safety plan कार्यक्रम सञ्चालन गर्ने। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालयहरू | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | खानेपानी मुहान संरक्षण कार्यक्रम सञ्चालन गर्ने। | ३ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालयहरू | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | खानेपानी सुरक्षा तथा गुणस्तर सुधार कार्यक्रम | खानेपानी शुद्धता परिक्षण कार्यक्रम गर्ने। | १,३ | ४ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालयहरू | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | १,३ | ५ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालयहरू | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | आवश्यकतानुसार खानेपानी आयोजनाहरूमा पानी शुद्धीकरण प्रणाली निर्माण गर्ने। | १,३ | ६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/कार्यालयहरू | विकास साझेदार, उपभोक्ता समिति र अन्य सरोकारवालाहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | प्रदेशस्तरीय पानी परीक्षण प्रयोगशालाको सञ्चालन | Chemist लगायत जनशक्तिको दरबन्दी सिर्जना र पदपूर्ति। | २ | ५ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित निर्देशनालाय/कार्यालयहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | O&M कार्य | पदपूर्ति एवं सेवाप्रवाह | सेवाप्रवाह | |
| | | प्रदेशस्तरीय पानी परीक्षण प्रयोगशालाको भौतिक संरचना व्यवस्थापन गर्ने। | २ | ६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित निर्देशनालाय/कार्यालयहरू | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | बजेटको सुनिश्चितता | भौतिक संरचना निर्माण र व्यवस्थापन | |
| | | क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | २ | ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | सम्बन्धित निर्देशनालाय/कार्यालयहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | प्रदेश राजधानी खानेपानी विशेष कार्यक्रम | खानेपानी क्षेत्रगत सुशासन कार्यक्रम अन्तर्गत भेरी पंम्पिङ खानेपानी आयोजना सञ्चालन गर्ने। | १,३ | ६ | खानेपानी तथा ढल व्यवस्थापन विभाग/जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/वीरेन्द्रनगर नगरपालिका | सुर्खेत उपत्यका खानेपानी तथा सरसफाइ संस्था | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | निर्माण कार्य सञ्चालन | |
| ७ | सञ्चालित आयोजनाको नियमित अनुगमन तथा मर्मतसम्भार कार्यक्रम | सञ्चालित आयोजनाको नियमित अनुगमन तथा मर्मतसम्भार कार्यक्रमलाई निरन्तरता दिने। | ४ | ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | जिल्लास्थित कार्यालय/ स्थानीय तह/उपभोक्ता समिति | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मर्मत सम्भार कार्यकर्ता तथा उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | ४ | ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | जिल्लास्थित कार्यालय/ स्थानीय तह/उपभोक्ता समिति | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | पूर्ण सरसफाइ कार्यक्रम | खुला दिसामुक्त कार्यक्रमको अवस्था अध्ययन | ६ | ८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/सम्बन्धित कार्यालय र सरोकारवालाहरू | विकास साझेदार, स्थानीय तह/उपभोक्ता समिति | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | पूर्ण सरसफाइ सम्बन्धी क्षमता तथा जनचेतना अभिवृद्धि गर्ने पूर्ण सरसफाइ अभियान सञ्चालन। | ६ | ८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/सम्बन्धित कार्यालय र सरोकारवालाहरू | विकास साझेदार, स्थानीय तह/उपभोक्ता समिति | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | प्रमुख सहर र बजारमा सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन | सार्वजनिक शौचालयहरूको अवस्थाको पहिचान गर्ने। | ६ | ९ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/स्थानीय तह | विकास साझेदार, स्थानीय तह/उपभोक्ता समिति | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी एवं छलफल | पहिचान कार्य | कार्यान्वयन | |
| | | सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा मर्मत सम्भार। | ६ | ९ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय/स्थानीय तह | विकास साझेदार, स्थानीय तह/उपभोक्ता समिति | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८८ | ९० | ९२ | ९८ |
| २ | सुरक्षित खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ४ | ४ | २० | ३० |
| ३ | सुधारिएको शौचालयको सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९७.४ | ९७.६ | ९८.५ | ९९.५ |
| ४ | सञ्चालित ग्राभिटी प्रणालीका खानेपानी आयोजना | सङ्ख्या | १४०० | १४२५ | १५०० | १६०० |
| ५ | लिफ्ट प्रणालीका खानेपानी आयोजना | सङ्ख्या | १४० | १६० | २३० | ३०० |
| ६ | सुधारिएको सार्वजनिक शौचालय | सङ्ख्या | ३५ | ३६ | ५० | ६० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### ७. जोखिम पक्ष र अनुमान

भौगोलिक विकटताका कारण छरिएर रहेका बस्तीहरूमा पाइपलाइन विस्तार गर्नु उच्च लागतको हुनु, जलवायु परिवर्तनका कारण पानीका परम्परागत मुहानहरू सुक्दै जानु र उपभोक्ता समितिहरूको प्राविधिक क्षमता कमजोर हुनु यस क्षेत्रका मुख्य जोखिम हुन्। यद्यपि योजनाबद्ध रूपमा खानेपानी पूर्वाधारको विकास र प्रविधि (जस्तै सोलार लिफ्टिङ) को प्रयोग गर्दा दूरदराजका महिला तथा बालबालिकाहरूको पानी भर्ने समय बचत हुने, पानीजन्य रोगहरूमा कमी आउने र नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार आउने अनुमान गरिएको छ। स्वच्छ खानेपानी र सरसफाइको सुनिश्चितताले कर्णालीको समृद्धिको आधारलाई थप बलियो बनाउने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-दश: वन, जैविक विविधता र जलाधार

## १०.१ दिगो वन व्यवस्थापन

### १. पृष्ठभूमि

कर्णाली प्रदेश उचाइ र धरातलीय विविधताका कारण जैविक विविधताको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण र धनी मानिन्छ, जहाँ हजारौँ प्रजातिका फूल फुल्ने वनस्पति, जडीबुटी, पन्छी र दुर्लभ वन्यजन्तुहरू पाइन्छन् । विश्वप्रसिद्ध रामसार क्षेत्रमा सूचीकृत शे-फोक्सुण्डो र रारा जस्ता राष्ट्रिय निकुञ्जहरूले यस प्रदेशको प्राकृतिक गरिमा बढाएका छन् । वन, वातावरण र जैविक विविधताको दिगो संरक्षण गर्दै यसलाई उद्योग र पर्यटनसँग आबद्ध गर्न सकेमा मात्र प्रादेशिक अर्थतन्त्र सबल हुने देखिन्छ । अतः दोस्रो पञ्चवर्षीय योजनाले यी प्राकृतिक सम्पदाको संरक्षणमार्फत दिगो विकास र समृद्धिको लक्ष्य हासिल गर्ने रणनीतिक मार्गचित्र तय गरेको छ ।

### २. उद्देश्य

१. वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, दिगो व्यवस्थापन र प्रवर्धन गर्नु,
२. वनक्षेत्रबाट सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु,
३. वन पैदावारमा आधारित उद्यम तथा व्यवसायको विकास र विस्तार गर्नु,
४. वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु,
५. सहरी हरियाली प्रवर्धन गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, दिगो व्वस्थापन र प्रवर्धन गर्ने ।
२. वन पैदावारमा आधारित उद्यम तथा व्यवसायको विकास र विस्तार गर्ने ।
३. दिगो वन व्यवस्थापनमार्फत वनक्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
४. वनपैदावारको सहज र सरल आपूर्ति तथा निर्यात प्रवर्धन गर्ने ।
५. सहरी हरियाली प्रवर्धन गर्ने ।

### ४. कार्यनीति

१. निजी जमिन, सार्वजनिक स्थल तथा वनक्षेत्रमा आयमूलक कार्यक्रम सञ्चालन गरी समुदायको आम्दानी वृद्धि गर्ने ।
२. प्रदेशको वनले ढाकेको क्षेत्र ४२ प्रतिशत पुऱ्याइने ।
३. हिमाल, महाभारत र चुरे बचाऔं अभियान मार्फत भू-परिधि क्षेत्रहरूको पहिचान, क्षेत्र निर्धारण र व्यवस्थापन गर्ने ।
४. सरोकारवालासँगको सहकार्यमा सामुदायिक, निजी तथा कृषि वनको विस्तारका साथै नगर र सहरी क्षेत्रमा हरियाली कायम गर्ने ।
५. प्रदेश वन ऐन कार्यान्वयन गरी उत्पादनशील वनमा दिगो वन व्यवस्थापन पद्धति अवलम्बन गर्ने ।
६. वनमा आधारित उद्यमका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत कर्जाको व्यवस्था गर्ने ।
७. सहभागितामूलक वन व्यवस्थापनमार्फत चरिचरन क्षेत्र तथा खर्कको निर्धारण र पाटन क्षेत्रको विशेष व्यवस्थापन गर्ने ।
८. उच्च व्यावसायिक सम्भावनायुक्त खेती विस्तारका लागि वनक्षेत्रको बहुउपयोगमा सङ्घ र स्थानीय तहसँग समन्वय गर्ने ।
९. नेपाल सरकारसँगको सहकार्यमा व्यावसायिक वन्यजन्तु पालनमा वृद्धि र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने ।
१०. सडक तथा नदी किनारमा वृक्षारोपण गरी प्राकृतिक सौन्दर्य, वातावरणीय सन्तुलन र भू-संरक्षणमा योगदान पुऱ्याइने ।
११. विषयगत क्षेत्रको क्षमता अभिवृद्धिका लागि आवश्यक ज्ञान र सिप उपलब्ध गराइने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कर्णाली हरित आयआर्जन कार्यक्रम | जडीबुटी खेती विस्तार कार्यक्रम | १ | १ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | वन संरक्षण र वृक्षारोपण कार्यक्रम | वृक्षारोपण कार्ययोजना कार्यान्वयन | १ | २ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | प्रदेश राजधानी हरियाली कार्यक्रम | १ | ४ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सङ्घीय सरकार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सगरमाथा वृक्षारोपण कार्यक्रम | १ | २ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सङ्घीय सरकार | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | भू-परिधि क्षेत्रको पहिचान, क्षेत्र निर्धारण र व्यवस्थापन | कर्णाली भू परिधि संरक्षण कार्यक्रम | १ | १० | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कुशे मुसे च्याखुरे भू परिधि संरक्षण कार्यक्रम | १ | ३ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | सामुदायिक, निजी तथा सहरी वन विकास कार्यक्रम | समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम | ३ | ७ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सामुदायिक वनको परिचालन (सब डिभिजनमार्फत) | ३ | ४ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सामुदायिक वनको वन कार्ययोजना नवीकरण | ३ | ५ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कबुलियती वनको परिचालन (सब डिभिजनमार्फत) | ३ | ६ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | वन सम्बर्द्धनमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम | दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन | ३ | ५ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | वन सम्वर्द्धन प्रणालीमा आधारित सामुदायिक वन व्यवस्थापन कार्यक्रम | ३ | ५ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | ढलापडा सङ्कलन तथा काठदाउरा विक्रिवितरण कार्यक्रम | ४ | ६ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | वनमा आधारित उद्यम विकास तथा प्रवर्धन कार्यक्रम | जडीबुटी प्रशोधन केन्द्र स्थापना | २ | ६ | डिभिजन वन कार्यालयहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सामुदायिक वनको स्याउला सोत्तरबाट | २ | ६ | डिभिजन वन कार्यालयहरू उद्योग, | उद्योग, पर्यटन, वन तथा | कार्यक्रम | कार्यक्रम | निरन्तर | समीक्षा र | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | प्राङ्गगारिक मल उत्पादन | | | पर्यटन, वन तथा वातावरण मन्त्रालय | वातावरण मन्त्रालय | सञ्चालन | सञ्चालन | | सुधार | | |
| ७ | चरन क्षेत्र तथा खर्क/पाटन व्यवस्थापन कार्यक्रम | पाटन खर्क तथा चरण क्षेत्र व्यवस्थापन | १ | ७ | डिभिजन वन कार्यालयहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | खर्क व्यवस्थापन रणनीति तथा कार्ययोजना कार्यान्वयन | १ | ७ | डिभिजन वन कार्यालयहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | रणनीति मस्यौदा तयार | रणनीति तर्जुमा तयार | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | |
| ८ | कृषि वन कार्यक्रम | कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम | १ | ४ | डिभिजन वन कार्यालयहरू | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | वन्यजन्तु पालन तथा प्रजनन कार्यक्रम | महत्त्वपूर्ण वन्यजन्तुहरूको वासस्थान संरक्षण कार्यक्रम | १ | ९ | डिभिजन वन कार्यालयहरू/ प्रदेश वन निर्देशनालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | नदी,  सडक तथा कोरिडोर क्षेत्रको हरियाली कार्यक्रम | नदि उकास क्षेत्रमा वृक्षारोपण कार्यक्रम | ५ | १० | डिभिजन वन कार्यालयहरू | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ११ | क्षमता अभिवृद्धि कार्यक्रम | वन सुरक्षा योजना कार्यान्वयन | १ | ११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ३८.५७ | ३९ | ४१ | ४२ |
| २ | वनजन्य उत्पादनको वृद्धिदर | प्रतिशत | १.३ | १.४ | १.५ | १.८ |
| ३ | वनक्षेत्रबाट प्राप्त राजस्व रकम | रु. लाखमा | ९७४ | ६५० | १०१५ | २००० |
| ४ | वार्षिक अतिक्रमण नियन्त्रण क्षेत्र | हेक्टर | १४१ | १४१ | १०० | १०० |
| ५ | व्यवस्थित तथा क्रियाशील सामुदायिक वन समूह | सङ्ख्या | २८११ | २८३० | २८५० | २९०० |
| ६ | दिगो वन व्यवस्थापनमा आधारित सामुदायिक वन | सङ्ख्या | - | - | १०० | ३०० |
| ७ | दर्ता भएका निजी वन | सङ्ख्या | १६४ | १७० | १९० | २०० |
| ८ | दर्ता भएका धार्मिक वन | सङ्ख्या | १२ | १३ | १६ | १८ |
| ९ | कवुलियति वन | सङ्ख्या | ७८४ | ७८४ | ७८४ | ७८४ |
| १० | चरण क्षेत्र | हेक्टर | ७१८२४४ | ७१८२४४ | ७१८२४४ | ७१८२४४ |
| ११ | सरकारी, निजी, साझेदारी र सामुदायिक वनबाट उत्पादन हुने काठको परिमाण | क्यूफिट लाखमा | २.६ | २.६ | ३.५ | ५ |
| १२ | वन उद्यमको विकास तथा प्रवर्धन | सङ्ख्या | २३१० | १५०० | १८०० | २००० |
| १३ | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २५७ | २७० | ७०० | १००० |
| १४ | सुचारु तथा व्यवस्थित वन नर्सरी (बहुबर्षीय) | सङ्ख्या | १३ | १४ | २० | २५ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १५ | विरुवा उत्पादन (लाखमा) | सङ्ख्या | ८.९९ | ९ | १४ | २० |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश*

**७. जोखिम पक्ष र अनुमान**

जलवायु परिवर्तन र वन डढेलोका कारण दुर्लभ वन्यजन्तु र जडीबुटीको विनाश हुन सक्ने तथा चोरी-निकासी नियन्त्रणमा प्राविधिक चुनौती रहनु यस क्षेत्रका मुख्य जोखिम हुन्। यद्यपि शे-फोक्सुण्डो र रारा जस्ता अन्तर्राष्ट्रिय महत्त्वका संरक्षित क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापनबाट पर्यापर्यटन र जडीबुटीमा आधारित उद्योगहरूको विकास हुने अनुमान गरिएको छ। यदि स्थानीय समुदायको सहभागितामा प्राकृतिक स्रोतको दिगो उपयोग र संरक्षण गरिएमा वन तथा वातावरण क्षेत्र कर्णालीको समृद्धिको बलियो आधार बन्ने अपेक्षा गर्न सकिन्छ।

## १०.२ सुगन्धित वनस्पति, जडीबुटी तथा जैविक विविधता व्यवस्थापन

### १. पृष्ठभूमि

भौगोलिक र जलवायुगत विविधताका कारण कर्णाली प्रदेश जैविक एवं पारिस्थितिकीय प्रणालीमा अत्यन्त धनी रहेको छ । नेपालमा पाइने चराचुरुङ्गीको ४६ प्रतिशत र स्तनधारीको ४२ प्रतिशत प्रजातिहरू यसै प्रदेशमा पाइन्छन्, जसमा याक, हिउँ चितुवा र रेड पाण्डा जस्ता दुर्लभ वन्यजन्तु समावेश छन् । प्रदेशको कुल क्षेत्रफलको ५१ प्रतिशत भाग वन, बुट्यान र खर्कले ढाकेको छ भने यहाँ २१ प्रकारका वन र ५ प्रकारका इकोरिजनहरू विद्यमान छन् । विशेषगरी, ४०० भन्दा बढी प्रजातिका जडीबुटी र २,५९१ प्रकारका फूल फुल्ने बिरुवाहरूको भण्डार रहेको यस प्रदेशबाट नेपालकै सबैभन्दा बढी जडीबुटी सङ्कलन हुने गर्दछ, जसले गर्दा कर्णाली जडीबुटी र वनस्पति अनुसन्धानको मुख्य केन्द्रको रूपमा रहेको छ ।

### २. उद्देश्य

१. कर्णाली प्रदेशलाई उच्च तथा बहुमूल्य जडीबुटीको प्रमुख क्षेत्रको रूपमा विकास गर्नु,
२. प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति तथा जडीबुटीको खोज, अनुसन्धान र संरक्षण तथा दिगो व्यवस्थापन गर्नु,
३. जडीबुटी खेती, सङ्कलन तथा प्रशोधन उद्योग सञ्चालन, मूल्य श्रृङ्खला अभिवृद्धि र बजारीकरण विकास र विस्तार गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. कर्णाली प्रदेशलाई उच्च/बहुमूल्य जडीबुटीको प्रमुख क्षेत्रको रूपमा विकास गर्ने ।
२. प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति तथा जडीबुटीको खोज, अनुसन्धान र संरक्षण तथा दिगो व्यवस्थापन गर्ने ।
३. सुगन्धित वनस्पति तथा जडीबुटी प्रशोधन, मूल्य श्रृङ्खला अभिवृद्धि तथा बजारीकरण गर्ने ।

### ४. कार्यनीति

१. वन क्षेत्रको संरक्षण र व्यवस्थापन कार्ययोजनामा वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रम गर्ने ।
२. सम्भाव्यता अध्ययनका आधारमा पकेट क्षेत्र निर्धारण गरी पाँच प्रजातिका जडीबुटी विकास कार्यक्रम सञ्चालन गर्ने ।
३. स्थानीय तहमा पाइने महत्त्वपूर्ण प्रजातिहरूको छनोट गरी वन बीउ बगैँचाको रूपमा संरक्षण तथा व्यवस्थापन गर्ने ।
४. जडीबुटी खेती, सङ्कलन, प्रशोधन र कर्णालीको नाममा प्याकेजिङ्ग सहित मूल्य श्रृङ्खला अभिवृद्धि गर्ने ।
५. निजी क्षेत्रसँगको साझेदारीमा निर्यातका लागि कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना गर्ने ।
६. बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण तथा सङ्कलनका लागि मापदण्ड तयार गरी लागु गर्ने ।
७. आधुनिक प्रविधिको प्रयोग मार्फत जडीबुटी उत्पादन, खेती विस्तार तथा उद्यम विकास गर्ने ।
८. सरोकारवालासँग समन्वय गरी जडीबुटी अनुसन्धान, प्रयोगशाला निर्माण तथा प्रशोधन गर्ने ।
९. औषधीजन्य तथा सुगन्धित जडीबुटीबाट उत्पादित सामग्रीलाई स्थानीय नाममा ब्राण्डिङ गर्ने ।

## ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | रैथाने जैविक विविधताको अध्ययन, अनुसन्धान र पहिचान गरी जैविक विविधता संरक्षण तथा प्रवर्धन गुरुयोजना निर्माण तथा कार्यान्वयन | वन क्षेत्रको संरक्षण र व्यवस्थापन कार्ययोजनामा वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रम। | २ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सरोकारवाला निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | जैविक विविधता संरक्षण तथा प्रवर्धन गुरुयोजना निर्माण गर्ने | २ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | जडीबुटी उत्पादन पकेट क्षेत्र निर्धारण तथा विकास कार्यक्रम | सम्भाव्यता अध्ययनका आधारमा पकेटक्षेत्र निर्धारण (पकेट क्षेत्र विकास कार्यक्रम) | ३ | २ | डिभिजन वन कार्यालयहरू | निजि क्षेत्र, सहकारी अन्य सरोकारवाला निकाय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | महत्त्वपूर्ण प्रजाति संरक्षण | स्थानीय तहमा पाइने महत्त्वपूर्ण प्रजातिको छनोट तथा वन बीउ बगैचा (नर्सरी/ हाइटेक नर्सरी/ बहुवर्षिय विरुवा) संरक्षण कार्यक्रम | ३ | ३ | डिभिजन वन कार्यालयहरू | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | प्रदेशको जडीबुटीको मूल्य श्रृङ्खला अभिवृद्धि कार्यक्रम | प्रदेशको जडीबुटीको खेती, सङ्कलन, प्रशोधन, उत्पादन, बजारीकरण र प्रदेशको नाम उल्लेख गरी प्याकेजिङ्ग सहित मूल्य श्रृङ्खला अभिवृद्धि कार्यक्रम। | ३ | ४ | डिभिजन वन कार्यालयहरू | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय निजि क्षेत्र, सहकारी | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना तथा सञ्चालन | प्रदेशमा उपलब्ध जडीबुटी प्रशोधन कम्पनी स्थापना तथा सञ्चालन | ३ | ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय निजि क्षेत्र, सहकारी अन्य सरोकारवाला निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | यार्सागुम्वालगायत बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण, सङ्कलन र सम्बर्धन | बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण, सङ्कलन र सम्बर्धनका लागि मापदण्ड तयार गर्ने | ३ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय निजि क्षेत्र, सहकारी अन्य सरोकारवाला निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | तयारी र छलफल | मापदण्ड तर्जुमा | कार्यान्वयन | |
| ७ | जडीबुटी (वन लसुन, केशर, अतिस, सेतक चिनी , भुल्ते,कटुको,चिराईतो, लगायत) उत्पादन, खेती बिस्तार तथा उद्यम विकास कार्यक्रम | जडीबुटी उत्पादन, खेती बिस्तार तथा उद्यम विकास कार्यक्रम | ३ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय स्थानीय तह सामुदायिक वन, निजि क्षेत्र, सहकारी अन्य सरोकारवाला निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | जडीबुटी अनुसन्धान प्रयोगशाला तथा प्रशोधन | जडीबुटी अनुसन्धान प्रयोगशाला तथा प्रशोधन केन्द्र स्थापना | ३ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश | डिभिजन वन कार्यालय अन्य सरोकारवाला निकाय | बजेट विनियोजन | सम्भाव्यता अध्ययन | पूर्वतयारी | स्थापना | सञ्चालन र व्यवस्थापन | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | केन्द्र स्थापना | | | | आयुर्वेदिक औषधालय निजि क्षेत्र | | | | | | | |
| ९ | कर्णाली जडीबुटी ब्रान्डिङ कार्यक्रम | कर्णाली औषधिजन्य तथा सुगन्धित जडीबुटीबाट उत्पादित सामग्रीलाइ स्थानीय नाममा ब्रान्डिङ गर्ने कार्यक्रम | ३ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय निजि क्षेत्र, सहकारी अन्य सरोकारवाला निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | १७.२३ | १७.२३ | १७.२३ | १८ |
| २ | प्राकृतिक बहुमूल्य जडीबुटीको उत्पादन वृद्धिदर | प्रतिशत | ५ | ७ | १३ | १५ |
| ३ | व्यावसायिक बहुमूल्य जडीबुटीको उत्पादनमा वृद्धि | प्रतिशत | १० | ११ | १७ | २० |
| ४ | प्रशोधित जडीबुटीहरूको निर्यात वृद्धिदर | प्रतिशत | ० | ० | ५ | १० |
| ५ | जडीबुटीको व्यावसायिक उत्पादन क्षेत्रफल | हेक्टर | १८०० | १००० | १५०० | २००० |
| ६ | जडीबुटी संरक्षण र खेती कार्यान्वयन भएका वनसमूह | सङ्ख्या | ० | ५० | ११० | १५० |
| ७ | जडीबुटीको नर्सरी | सङ्ख्या | १५ | १५ | ६० | १०० |
| ८ | जडीबुटीबाट प्राप्त कुल राजस्व | रु. करोडमा | २.६५ | २ | ८ | १० |
| ९ | यार्सागुम्बा सङ्कलन | के. जी. | ५००० | २००० | ५००० | ७५०० |
| १० | जटामसी सङ्कलन (लाखमा) | के. जी. | २.५ | १.५ | ४.३७ | ४.३७ |
| ११ | खोटो सङ्कलन (लाखमा) | के. जी. | ५० | ५५ | ६३ | ७० |
| १२ | जडीबुटी प्रशोधन उद्योग | सङ्ख्या | १० | १५ | ४० | ६० |
| १३ | वन्यजन्तु उद्धार केन्द्र स्थापना र सञ्चालन | गोटा | ० | ० | १ | १ |
| १४ | वार्षिक मानव वन्यजन्तु द्वन्द्वका घटना | गोटा | १३४ | १३४ | १२० | ९० |
| १५ | वनमा आधारित उद्योग स्थापना | गोटा | ५०० | ६०० | ९०० | १००० |
| १६ | जैविक विविधता अभिलेखीकरण केन्द्र स्थापना | गोटा | ० | ० | १ | १ |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश ।*

**७. जोखिम पक्ष र अनुमान**

जडीबुटीको अवैध चोरी-निकासी र अनियन्त्रित सङ्कलनलाई रोक्न चुनौतीपूर्ण हुनुका साथै प्रशोधन कम्पनी स्थापना र सञ्चालनका लागि आवश्यक ठूलो वैदेशिक वा निजी लगानी र दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु यस कार्यका मुख्य जोखिम हुन् । यद्यपि सम्भाव्यता अध्ययनका आधारमा पकेट क्षेत्र विकास र आधुनिक प्रविधिको प्रयोग गर्दा जडीबुटीको उत्पादन एवं गुणस्तरमा वृद्धि भई 'कर्णाली ब्राण्ड'ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पाउने अनुमान गरिएको छ । यदि निजी क्षेत्रसँगको साझेदारीमा मूल्य शृङ्खला अभिवृद्धि र स्थानीय स्तरमै प्रयोगशाला सहितको प्रशोधन केन्द्र स्थापना भएमा प्राकृतिक स्रोतमा आश्रित समुदायको आयआर्जन बढ्नुका साथै हरित रोजगारीका अवसर सिर्जना हुने अपेक्षा गर्न सकिन्छ ।

## १०.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### १. पृष्ठभूमि

कर्णाली प्रदेश मुख्य जलाधार क्षेत्रका रूपमा रहेको छ, जसलाई हुम्ला कर्णाली, मुगु कर्णाली, मध्य कर्णाली, भेरी र शारदा गरी पाँचवटा मुख्य जलाधार क्षेत्रमा विभाजन गरिएको छ। हिमा, तिला र लोहोरे जस्ता महत्त्वपूर्ण उप-जलाधार क्षेत्रहरू समेत रहेको यस प्रदेशमा वातावरणीय सन्तुलनका लागि जलाधार व्यवस्थापन अनिवार्य देखिन्छ। जलवायु परिवर्तनको बढ्दो जोखिमलाई दृष्टिगत गर्दै यी संवेदनशील क्षेत्रहरूको पहिचान, नक्साङ्कन र संरक्षणका लागि विशेष नीति तथा अनुकूलन योजनाहरू निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ। जलाधार क्षेत्रको दिगो संरक्षण र व्यवस्थापनले नै प्रदेशको जलस्रोतको सुरक्षा र प्राकृतिक प्रणालीको सुदृढीकरणमा ठोस योगदान पुऱ्याउने देखिन्छ।

### २. उद्देश्य

१. एकीकृत व्यवस्थापन मार्फत जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोग गर्नु,
२. जलाधार तथा आसपासका क्षेत्रमा पारिस्थितिकीय सन्तुलन कायम राख्नु,
३. तालतलैया, सिमसार क्षेत्र र पानीको स्रोतको संरक्षण तथा दिगो उपयोग गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. एकीकृत व्यवस्थापन मार्फत जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोग गर्ने।
२. जलाधार तथा यसका आसपासका क्षेत्रमा पारिस्थितिकीय सन्तुलन कायम राख्ने।
३. जलाधारीय स्रोतको दिगो विकास गर्ने।
४. जलीय स्वच्छता, उपलब्धता र उपयोगलाई दिगो तथा व्यवस्थित तुल्याउने।

### ४. कार्यनीति

१. तालतलैया, सिमसार तथा जलाधार क्षेत्रका पानीका स्रोतको संरक्षण, पुनर्भरण र दिगो उपयोग गरी बाह्रै महिना पानीको उपलब्धता सुनिश्चित गर्ने।
२. जोखिम संवेदनशील प्रमुख जलाधार क्षेत्रको संरक्षण, विकास र स्रोतको दिगो उपभोग गर्ने।
३. भू-क्षय नियन्त्रण, जमिन संरक्षण र उकासमार्फत जमिनको उपयोग तथा उत्पादकत्वमा वृद्धि गर्ने।
४. जलाधार व्यवस्थापनका बहुपक्षीय आयाममा अध्ययन अनुसन्धान गरी उपयुक्त ज्ञान, सिप र प्रविधिको प्रयोगमार्फत दिगो व्यवस्थापन गर्ने।
५. नदी कटान तथा भू-क्षय नियन्त्रण गरी गाउँबस्ती तथा खेतीयोग्य जमिनको संरक्षण गर्ने।
६. पानीका स्रोत संरक्षण, पहिरो जोखिम न्यूनीकरण, चेकड्याम र सिल्टेसन ड्याम जस्ता संरचनाबाट जलाधार व्यवस्थापनमा टेवा पुऱ्याइने।
७. ग्रामीण कच्चा सडक तथा पूर्वाधारमा बायोइन्जिनियरिङ्ग प्रविधि र भू-संरक्षणका कार्य गरी दिगो संरक्षण गर्ने।
८. माथिल्लो क्षेत्रमा संरक्षण गरी तल्लो तटीय क्षेत्रमा भूमिगत पानी पुनर्भरणमा वृद्धि गर्ने।
९. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे क्षेत्रको जलाधार व्यवस्थापन गर्ने।
१०. स्थानीय तहसँगको समन्वय र सह-लगानीमा भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रममार्फत जीविकोपार्जनमा टेवा पुऱ्याइने।
११. स्थानीय पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम गरी पर्यापर्यटन र वातावरणमैत्री विकास अभिवृद्धि गर्ने।
१२. भू-संरक्षण तथा जलाधार व्यवस्थापनका विषयमा कार्यमूलक अध्ययन अनुसन्धान गरी प्रविधि विकास र विस्तार गर्ने।
१३. नर्सरी स्थापना, बिरुवा उत्पादन र क्षमता विकास गरी हरित पूर्वाधारको विकास र विस्तार गर्ने।

**५. कार्ययोजना**

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | पानीको स्रोत, तालतलैया सिमसार क्षेत्र संरक्षण र पानी पुनर्भरण कार्यक्रम | पानीको स्रोत, तालतलैया सिमसार क्षेत्र तथा जलाधार/मुलाधार क्षेत्रभित्रका पानीको स्रोत संरक्षण,पुनर्भरण र दिगो उपयोग कार्यक्रम | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | जोखिम स्थानमा चेकड्याम लगायत वायो इन्जिनियरिंग संरचना निर्माण तथा व्यवस्थापन | जोखिम संवेदनशील प्रमुख जलाधार क्षेत्रको संरक्षण, विकास गर्न चेकड्याम लगायत वायो इन्जिनियरिंग संरचना निर्माण तथा व्यवस्थापन | २ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | गह्रा सुधार, जमिन उकास र संरक्षण कार्यक्रम | भूक्षय नियन्त्रण, जमिन संरक्षण, गह्रा सुधार, र जमिन उकास कार्यक्रम | १ | ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | जलाधारको एकीकृत विकास तथा व्यवस्थापन अध्ययन र अनुसन्धान | जलाधारको एकीकृत विकास तथा बहुपक्षिय आयाममा अध्ययन र अनुसन्धान | २ | ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | जलाधारक्षेत्रको दिगो व्यवस्थापन कार्यक्रम | | | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | कर्णालीको माथिल्लो तथा तल्लो तटीय जलाधार संरक्षण कार्यक्रम | नदि कटान तथा भूक्षय नियन्त्रण कार्यक्रम | ३ | ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय निजि क्षेत्र, सहकारी अन्य सरोकारवाला निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | संवेदनशील जलाधारको एकीकृत जलाधार व्यवस्थापन योजना निर्माण र व्यवस्थापन कार्यक्रम | संवेदनशील जलाधारको एकीकृत जलाधार व्यवस्थापन योजना निर्माण र व्यवस्थापन कार्यक्रम | २ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | ग्रामीण सडक तथा विकासका अन्य पूर्वाधार संरक्षण कार्यक्रम | ग्रामीण कच्ची सडक तथा विकासका अन्य पूर्वाधार संरचनामा बायोइन्जिनियरिङ्ग प्रविधि मार्फत भू- संरक्षण कार्यक्रम | ४ | ७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | पानी पुनर्भरण संरचना रिचार्ज पोखरी निर्माण कार्यक्रम | भूमिगत पानी पुनर्भरण संरचना रिचार्ज पोखरी निर्माण कार्यक्रम | २ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | चुरे क्षेत्रको जलाधार व्यवस्थापन | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम समन्वय गरी चुरे क्षेत्रको जलाधार व्यवस्थापन | ३ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | सामुदायिक भू-संरक्षण कार्यक्रम | सामुदायिक भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३ | १० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय स्थानीय तह | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ११ | ताल, तलैया, पोखरी र सिमसार क्षेत्रको पहिचान, वर्गीकरण, योजना | स्थानीय पारिस्थितिक प्रणाली सन्तुलन सम्बन्धि , योजना निर्माण र कार्यान्वयन | २ | ११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | निर्माण र कार्यान्वयन | | | | | | | | | | | |
| १२ | कार्यमूलक अध्ययन, अनुसन्धान र प्रर्दशनी स्थल निर्माण कार्यक्रम | भू- तथा जलाधार व्यवस्थापनका कार्यक्षेत्रगत विषयमा कार्यमूलक अध्ययन, अनुसन्धान र प्रर्दशनी स्थल निर्माण कार्यक्रम | ३ | १२ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १३ | वायोइन्जिनियरिङ्ग प्रविधि विकास तथा उपयोग प्रवर्धन कार्यक्रम | नर्सरी स्थापना, विरुवा उत्पादन तथा हरित पूर्वाधार विकास कार्यक्रम | ४ | १३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ५८ | ५८ | ७९ | १६० |
| २ | संरक्षित जलाधारको क्षेत्रफल | व.कि.मि. | १२२०१ | १२२०१ | १८३०२ | २२८७७ |
| ३ | जलाधार संरक्षणका लागि वृक्षारोपण | हेक्टर | ४५० | ६०० | १००० | १५०० |
| ४ | निर्माण ,स्तरोन्नति तथा मर्मत भएका रिचार्ज पोखरी | सङ्ख्या | १५८ | १९८ | ३९० | ५०० |
| ५ | नदी प्रणालीमा आधारित एकीकृत जलाधार संरक्षण योजना निर्माण र कार्यान्वयन भएका नदी प्रणाली | सङ्ख्या | ३ | ३ | ६ | ८ |
| ६ | जलाधार तथा उपजलाधार योजना निर्माण र कार्यान्वयन | वटा | ३ | ४ | २० | ५० |
| ७ | संरक्षण गरिएका पानी मुहान/मूलाधार संरक्षण | सङ्ख्या | ५२ | ५४ | ६५ | ७९ |
| ८ | रोकथाम तथा उपचार गरिएका गल्छी तथा पहिरो क्षेत्र | हेक्टर | २६ | ३० | ३०० | ४०० |
| ९ | संरक्षित खोला किनार ,सिँचाइ कुलो र विकासका पूर्वाधार | कि.मि. | ७ | ८ | १५ | २० |
| १० | पहिरोबाट नष्ट भएको जमिनको उकास क्षेत्र | हेक्टर | २६ | ३० | ७० | १०० |
| ११ | भूसंरक्षणमुखी विरुवा उत्पादन तथा वितरण (लाखमा) | सङ्ख्या | ८.९९ | १० | २० | २० |

*स्रोतः जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश*

## ७. जोखिम पक्ष र अनुमान

जलवायु परिवर्तनका कारण आउने आकस्मिक बाढी, पहिरो र अतिवृष्टि जस्ता प्राकृतिक प्रकोपहरूले निर्माण गरिएका जलाधार संरचनाहरूमा क्षति पुऱ्याउन सक्ने र विकासका नाममा हुने अव्यवस्थित सडक निर्माणले भू-क्षयको जोखिम बढाउन सक्ने देखिन्छ । यद्यपि माथिल्लो तटीय क्षेत्रको संरक्षण र बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोगबाट तल्लो तटीय क्षेत्रमा पानीको स्रोत पुनर्भरण हुने र जमिनको उत्पादकत्वमा वृद्धि हुने अनुमान गरिएको छ । यदि स्थानीय तहसँगको समन्वयमा हरित पूर्वाधार निर्माण र ड्यामहरूको वैज्ञानिक व्यवस्थापन गरिएमा प्राकृतिक प्रकोपको न्यूनीकरण हुनुका साथै पारिस्थितिकीय सन्तुलन कायम भई स्थानीयको जीविकोपार्जनमा दिगो सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद-एघारः वातावरण, विपद् र जलवायु उत्थानशीलता

## ११.१ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरेको अधिकारबमोजिम वातावरणीय स्वच्छता कायम राख्दै प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने जिम्मेवारी प्रदेश सरकारमा निहित छ। कर्णाली प्रदेशले आफ्नो जैविक विविधता र वन पैदावारको समुचित उपयोग गरी 'प्राङ्गारिक प्रदेश'को पहिचानसहित विश्व बजारमा ब्राण्डिङ गरेर आर्थिक रूपान्तरण गर्ने प्रचुर सम्भावना बोकेको छ। जलवायु परिवर्तन र मानवीय क्रियाकलापका कारण सिर्जित वातावरणीय ह्रासलाई न्यूनीकरण गर्दै हरितगृह ग्यास उत्सर्जन घटाउने, प्रदुषण रोकथाम गर्ने र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनमार्फत पारिस्थितिकीय प्रणालीको संरक्षण गर्नु आजको मुख्य आवश्यकता हो।

### २. उद्देश्य

१. फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र चक्रीय अर्थतन्त्रलाई प्रवर्धन गर्नु,
२. वातावरणीय ह्रास तथा प्रदुषण नियन्त्रण गर्नु,
३. मानवीय गतिविधि र पारिस्थितिकीय प्रणालीबिच सन्तुलन कायम गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. जल, जमिन र वायु प्रदुषण नियन्त्रण गर्ने।
२. फोहोरको वर्गीकरण, पुनःउपयोग र प्रशोधन मार्फत चक्रीय अर्थतन्त्रको प्रवर्धन गर्ने।
३. हानिकारक फोहोर व्यवस्थापनमा सहकार्य गर्ने।

### ४. कार्यनीति

१. वातावरण क्षयीकरण रोक्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि आवश्यक नीतिगत, कानुनी र संस्थागत संरचना निर्माण गरी चक्रीय अर्थतन्त्रको आधार तयार गर्ने।
२. कम्तिमा १० वटा स्थानीय तहमा व्यवस्थित ल्याण्डफिल साइट स्थापना गरी सञ्चालनमा ल्याइने।
३. वीरेन्द्रनगर नगरपालिका, छिमेकी स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा आधुनिक फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्ने।
४. ५० प्रतिशत स्थानीय तहमा वायु, ध्वनि, माटो र पानी प्रदुषण नियन्त्रण कार्यविधि तथा कार्ययोजना तर्जुमा गरी लागु गर्ने।
५. ७० प्रतिशत स्थानीय तहमा फोहोरलाई पुनः उपयोग (Up-cycle) र प्रशोधन (Re-cycle) गर्ने तालिम तथा नमुना परियोजना सञ्चालन गर्ने।
६. फोहोरलाई पुनः उपयोग र प्रशोधन गर्ने १० वटा साना तथा मझौला उद्योग स्थापना एवं सञ्चालन गर्ने।
७. हानिकारक तथा विद्युतीय फोहोर व्यवस्थापन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने।
८. वातावरणीय प्रदुषण मापन प्रणाली स्थापना गरी सञ्चालनमा ल्याइने।
९. प्रदेशमा दर्ता हुने हरित तथा विद्युतीय सवारीको अनुपात ५० प्रतिशत पुऱ्याइने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन मार्फत चक्रीय अर्थतन्त्र प्रवर्धन गर्न नीतिगत, कानुनी र संस्थागत संरचना निर्माण | वातावरण क्षयीकरण रोक्ने र फोहरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि नीतिगत, कानुनी र संस्थागत संरचना निर्माण | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धित मन्त्रालय/निकाय स्थानीय तह | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | तर्जुमा | निर्माण/स्थापना र कार्यान्वयन | |
| २ | घरेलु फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल साइट निर्माण | घरेलु फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माण । | १ | २ | स्थानीय तह | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | निमार्ण | सञ्चालन | |
| ३ | सङ्घ तथा स्थानीय सरकारको सहकार्यमा सुर्खेतमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना | सुर्खेतमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना | २ | ३ | स्थानीय तह | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | निमार्ण | सञ्चालन | |
| ४ | वायु, ध्वनि, माटो र जलाधार प्रदुषण नियन्त्रण कार्यक्रम | स्थानीय तहमा वायु, ध्वनि, माटो र जलाधार प्रदुषण नियन्त्रण कार्यविधि र कार्ययोजना तर्जुमा | १ | ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय, स्थानीय सरकार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी तथा छलफल | तर्जुमा | कार्यान्वयन | |
| ५ | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम तथा नमुना परियोजना सञ्चालन | १ | ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय, स्थानीय सरकार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | |
| ६ | फोहोरलाई पुनःउपयोग (अप-साइकल) र प्रशोधन (रि-साइकल) गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने | फोहोरलाई पुनःउपयोग (अप-साइकल) र प्रशोधन (रि-साइकल) गरी साना तथा मझौला उद्योग स्थापना र सञ्चालन | २ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय निजि क्षेत्र | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | स्थापना | सञ्चालन | |
| ७ | हानिकारक तथा विद्युतीय फोहोर व्यवस्थापन कार्यक्रम | हानिकारक तथा विद्युतीय फोहोर व्यवस्थापन कार्यक्रम | ३ | ७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | कार्यान्वयन | निरन्तर | |
| ८ | नवीन प्रविधि मार्फत वातावरणीय प्रदुषण मापन प्रणाली विकास | वातावरणीय प्रदुषण मापन प्रणाली स्थापना र सञ्चालन | १ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी | कार्यान्वयन | निरन्तर | |
| ९ | हरित तथा विद्युतीय सवारी प्रवर्धन तथा नियमन कार्यक्रम | हरित तथा विद्युतीय सवारी दर्ता, प्रवर्धन तथा नियमन कार्यक्रम | १ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा चल्ने सवारीमा विद्युतीय सवारीको अनुपात | प्रतिशत | ० | ०.५ | १० | २० |
| २ | खाना पकाउन विद्युतीय उपकरण प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१ | ०.२ | २.५ | ५.० |
| ३ | कृषियोग्य जमिनको माटोमा प्राङ्गारिक पदार्थ | प्रतिशत | १.३ | १.३ | १.५ | २.५ |
| ४ | पेट्रोलियम इन्धन खपत र कार्बन उत्सर्जन कटौती | प्रतिशत | ० | २.५ | ५ | १० |
| ५ | फोहोरमैला प्रशोधनकेन्द्र भएका स्थानीय तह | सङ्ख्या | ० | १ | ५ | २० |
| ७ | वायु गुणस्तर मापनकेन्द्र | सङ्ख्या | ० | ० | ३ | ५ |
| ८ | सञ्चालनमा रहेका स्यानिटरी ल्याण्डफिल साइट | सङ्ख्या | ० | ० | ५ | १० |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।

## ७. जोखिम पक्ष र अनुमान

बढ्दो सहरीकरण र अव्यवस्थित पूर्वाधार निर्माणका कारण प्लास्टिकजन्य फोहोर र वातावरणीय प्रदुषण बढ्ने तथा जलवायु परिवर्तनको विश्वव्यापी असरले स्थानीय पारिस्थितिकीय प्रणालीमा गम्भीर चुनौती थपिने जोखिम देखिन्छ। यद्यपि प्राङ्गारिक उत्पादनको ब्रान्डिङ र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनले कर्णालीको मौलिक पहिचान स्थापित हुने र वातावरणीय स्वच्छता कायम हुने अनुमान गरिएको छ। यदि तीनै तहका सरकारको समन्वयमा हरित विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिएमा वातावरणीय ह्रास न्यूनीकरण भई दिगो र समावेशी आर्थिक समृद्धि हासिल हुने अपेक्षा गर्न सकिन्छ।

## ११.२ विपद् जोखिम व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधानबमोजिम विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य, र पुनर्लाभका साथै प्रादेशिक विपद् कोषको सञ्चालन र बस्ती स्थानान्तरण जस्ता कार्यहरू प्रदेश सरकारको मुख्य जिम्मेवारी भित्र पर्दछन् । भौगोलिक विकटता, छरिएका बस्ती र जलवायु परिवर्तनको प्रत्यक्ष असरका कारण कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा विपद्जन्य जोखिमका दृष्टिले बढी सङ्कटासन्न अवस्थामा रहेको छ । वातावरणीय पक्षलाई बेवास्ता गरी गरिने पूर्वाधार निर्माण र प्राकृतिक स्रोतको अत्यधिक दोहनले गर्दा यो जोखिम थप बढ्दै गएको छ । अतः विपद् व्यवस्थापनका सबै पक्षलाई विकास नीति र सामाजिक परिचालनका कार्यक्रमहरूसँग जोडेर आन्तरिकीकरण गर्नु आजको अनिवार्य आवश्यकता हो ।

### २. उद्देश्य

१. विपद् जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
२. विकास प्रक्रियामा विपद जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नु,
३. विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक र पर्यावरणीय क्षति कम गर्नु,
४. जाजरकोट भूकम्प क्षतिको पुनःनिर्माण, पुनर्स्थापना र आर्थिक सामाजिक पुनर्लाभ कायम गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. विपद् जोखिम व्यवस्थापनलाई विकास प्रक्रियामा आन्तरिकीकरण गर्ने ।
२. विकास निर्माणमा प्रकृतिमा आधारित दिगो समाधान प्रवर्धन गर्ने ।
३. पूर्वाधार विकासलाई विपद् उत्थानशील र दिगो बनाउने ।
४. संस्थागत तथा क्षमता विकास र स्रोतसाधन परिचालन गर्ने ।
५. अन्तरसरकार तथा अन्य सरोकारवालाबिच समन्वय र सहकार्य सुदृढीकरण गर्ने ।
६. जाजरकोट तथा रुकुम पश्चिम जिल्लामा गएको भूकम्पको पुनःनिर्माण र पुनर्लाभलाई शीघ्र व्यवस्थित र प्रभावकारी तुल्याउने ।

### ४. कार्यनीति

१. विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि आवश्यक नीतिगत, कानुनी र व्यवस्थापकीय संरचना निर्माण गरी सञ्चालन गर्ने ।
२. बहुप्रकोपको जोखिम आँकलन गरी पूर्व सूचना संयन्त्र (Early Warning System) स्थापना र सञ्चालन गर्ने ।
३. सङ्कटापन्न अवस्थामा रहेका बस्तीहरूको संरक्षणका लागि तीनै तहका सरकारबिच सहकार्य गर्ने ।
४. ५० प्रतिशत स्थानीय तहमा जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी लागु गर्ने ।
५. जलवायु अनुकूलित र विपद् प्रतिरोधी पूर्वाधार निर्माण मापदण्ड तर्जुमा गरी परिपालना गर्ने ।
६. अति संवेदनशील ५० वटा समुदायमा सुविधासम्पन्न विपद् आश्रयस्थल तथा वेयरहाउस स्थापना गर्ने ।
७. विकास निर्माणमा प्रकृतिमा आधारित समाधान, रैथाने ज्ञान, सिप र प्रविधि प्रवर्धन सम्बन्धी मापदण्ड अवलम्बन गर्ने ।
८. समुदाय र परिवार तहमा विपद् प्रतिकार्य योजना सम्बन्धी तालिम सञ्चालन गरी शीघ्र प्रतिकार्य गर्ने जनसमूह तयार पारिने ।
९. विपद् व्यवस्थापन सम्बद्ध संयन्त्र र पदाधिकारीहरूको खोज तथा उद्धार सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।
१०. क्षतिग्रस्त निजी घर, करिब ५०० सामुदायिक तथा सार्वजनिक भवन र संरचनाहरूको व्यवस्थित पुनर्निर्माण एवं जीर्णोद्धार गर्ने ।
११. जोखिमपूर्ण बस्तीहरूको पहिचान गरी करिब १० वटा बस्तीहरूलाई एकीकृत योजनामार्फत सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।
१२. प्रदेशका प्रत्येक नागरिकको एकमुष्ठ सावधिक विपद् जोखिम बिमा गर्ने ।
१३. जाजरकोट भूकम्पबाट प्रभावित समुदायको पुन:लाभ योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत कानूनी र संस्थागत संरचना निर्माण | विपद् पूर्व तयारी, विपद् न्यूनीकरण तथा विपद् प्रतिकार्यका लागि कार्ययोजना निर्माण। | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वार्षिक कार्ययोजना निर्माण | वार्षिक कार्ययोजना निर्माण | वार्षिक कार्ययोजना निर्माण | वार्षिक कार्ययोजना निर्माण | वार्षिक कार्ययोजना निर्माण | |
| २ | बहु-प्रकोपको जोखिम आँकलन तथा समन्वय संयन्त्र स्थापना | बहुसरोकारवालासँग समन्वय र सहकार्य | १ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रहरी कार्यालय, विपद् न्यूनीकरण सम्बन्धी कार्यालयहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | सङ्घ तथा स्थानीय सरकारको सहकार्यमा नदी/खोला तटबन्धन र बस्ती संरक्षण | नदि नियन्त्रण सम्बन्धी कार्यक्रम | ४ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तहहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | एकीकृत वस्ती विकास कार्यक्रम | ४ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तहहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | एकीकृत जलाधार संरक्षण कार्यक्रम | ४ | ३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तहहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | जोखिम संवेदनशील भू-उपयोग योजना तयारी तथा कार्यान्वयन | जोखिम संवेदनशील भू-उपयोग योजना तजुमा कार्यक्रम | १ | ४ | स्थानीय तह | भूमि व्यवस्था तथा कृषि मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | जलवायु अनुकूलित र विपद् उत्थानशील पूर्वाधार निर्माण मापदण्ड कार्यान्वयन | जलवायु अनुकूलित खानेपानी संरचना निर्माण | ३ | ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | विपद् आश्रयस्थलको पहिचान तथा व्यवस्थापन, जानकारी तथा विपद कोषको स्थापना र व्यवस्थापन | वेयर हाउस सञ्चालन | ५ | ६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | विपद व्यवस्थापन कोषको सञ्चालन | ५ | ६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | विकास निर्माण कार्यमा प्रकृतिमा आधारित समाधान, रैथाने ज्ञान, सिप र प्रविधि प्रवर्धन | विकास निर्माण कार्यमा प्रकृतिमा आधारित समाधान, रैथाने ज्ञान, सिप र प्रविधि प्रवर्धन | २ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ८ | समुदाय र पारिवार तहमा विपद् जोखिम प्रतिकार्य योजना | विपद् प्रतिकार्य सम्बन्धी समुदायमा आधारित कार्यक्रम | ३ | ८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना | ३ | ८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | वार्षिक कार्ययोजना | वार्षिक कार्ययोजना | वार्षिक कार्ययोजना | वार्षिक कार्ययोजना | वार्षिक कार्ययोजना | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | | | | | | निर्माण | निर्माण | निर्माण | निर्माण | निर्माण | |
| ९ | विपद् व्यवस्थापन सम्वद्ध संयन्त्र र पदाधिकारीको खोज र उद्धार कार्य सम्बन्धी क्षमता अभिवृद्धि | प्राथमिक उपचार तथा खोज उद्धार सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन | ४ | ९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | भूकम्पले क्षति भएका व्यक्तिगत घर, भूकम्पले क्षति भएका सार्वजनिक भवन तथा संरचनाको पुनर्निर्माण | क्षतिग्रस्त विद्यालय र स्वास्थ्य संस्थाको पुनर्निर्माण कार्यक्रम | ५ | १० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | | | सम्पन्न हुने | | | |
| | | विपत् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निमाण तथा पुनःस्थापना कार्यक्रम | | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ११ | जोखिमपूर्ण बस्ती स्थानान्तरण | एकीकृत वस्ती विकास कार्यक्रम | २ | ११ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १२ | प्रदेशका प्रत्येक नागरिकको एकमुष्ठ विपद् जोखिम विमा | सामूहिक दुर्घटना वीमा कार्यक्रम | ३ | १२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १३ | जाजरकोट भूकम्पको आर्थिक तथा सामाजिक पुनःलाभ कार्यक्रम | NDRRN | ५ | १३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विपद् उद्धारको पूर्व तयारी गरेका स्थानीय तह | सङ्ख्या | ४३ | ४५ | ६० | ७९ |
| २ | विपद् जोखिम युक्त बस्ती स्थानान्तरण | सङ्ख्या | ३ | ३ | ५ | ८ |
| ३ | प्रतिलाख जनसङ्ख्यामा विपद्का कारण वार्षिक मृत्यु | जना | ५ | ५ | ४ | २ |
| ४ | विपद्जन्य घटनाका कारण हुने आर्थिक क्षति (वार्षिक) | रु. करोड | १२३ | ११५ | १०० | ५० |
| ५ | वाढीपूर्व सूचना प्रणाली जडान | सङ्ख्या | २ | २ | ३ | ५ |
| ६ | सुरक्षित आश्रयस्थल | सङ्ख्या | १ | २ | ५ | १० |
| ७ | सामूहिक विपद् दुर्घटना विमा सुविधा प्राप्त व्यक्ति | सङ्ख्या | ३७५ | ४०० | ४५० | ५०० |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश।

### ७. जोखिम पक्ष र अनुमान

अव्यवस्थित पूर्वाधार निर्माण र प्राकृतिक स्रोतको तीव्र दोहनका कारण पहिरो र बाढी जस्ता प्रकोपहरूले जनधनको ठूलो क्षति पुऱ्याउन सक्ने र भौगोलिक विकटताका कारण समयमै राहत तथा उद्धार पुऱ्याउन चुनौतीपूर्ण हुने जोखिम देखिन्छ। यद्यपि विपद् जोखिमको वैज्ञानिक नक्साङ्कन र सङ्कटासन्न बस्तीहरूको सुरक्षित स्थानान्तरण गरिएमा सम्भावित क्षतिलाई निकै हदसम्म न्यूनीकरण गर्न सकिने अनुमान गरिएको छ। यदि तहगत सरकारहरूको समन्वयमा विपद् कोषको प्रभावकारी उपयोग र पूर्वतयारीका संयन्त्रहरूलाई चुस्त बनाइएमा विपद्लाई थेग्न सक्ने उत्थानशील समुदायको निर्माण हुने अपेक्षा गर्न सकिन्छ।

## ११.३ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

### १. पृष्ठभूमि

मानवीय गतिविधि र प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण सिर्जित जलवायु परिवर्तनले पारिस्थितिकीय प्रणाली र मानव जीवनमा गम्भीर असर पुऱ्याइरहेको छ। 'ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स' अनुसार नेपाल विश्वकै १० अति प्रभावित देशहरूमध्ये पर्दछ, जहाँ जलवायुजन्य विपद्का कारण वार्षिक कुल गार्हस्थ्य उत्पादनको करिब २ प्रतिशत नोक्सान हुने गरेको छ। कर्णाली प्रदेश भौगोलिक र विकास सूचकका आधारमा जलवायु परिवर्तनको उच्च जोखिममा रहेको छ। यहाँको हिमाल, पानीका स्रोत र कृषि क्षेत्रमा परिरहेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न हरितगृह ग्यास उत्सर्जन घटाउने र अनुकूलनका कार्यक्रमहरूलाई प्रदेशको नीति एवं योजनामा प्रभावकारी रूपमा आन्तरिकीकरण गर्नु अनिवार्य छ।

### २. उद्देश्य

१. समुदायको जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धि गर्नु,
२. वातावरणीय ह्रास र जलवायु परिवर्तनबाट सिर्जित जोखिम तथा आर्थिक-सामाजिक नोक्सानी न्यूनीकरण गर्नु,
३. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनमा लगानी लागि जलवायु वित्त परिचालन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. समुदायको जलवायु उत्थानशीलता तथा अनुकूलन क्षमता वृद्धि गर्ने।
२. जलवायु उत्थानशील उत्पादन प्रवर्धन तथा हरित अर्थतन्त्र निर्माण गर्ने।
३. जलवायु वित्त परिचालन क्षमता तथा लगानी वृद्धि गर्ने।
४. जलवायुमैत्री तथा उत्थानशील ज्ञान, सिप, प्रविधि र अभ्यासको प्रवर्धन गर्ने।
५. प्राकृतिक स्रोतको अबैध र अति दोहन नियमन तथा नियन्त्रण गर्ने।

### ४. कार्यनीति

१. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन प्राधिकरण र परिषद् स्थापना गरी क्रियाशील बनाइने।
२. वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी पाठ्यक्रम तयार गरी शैक्षिक क्षेत्रमा लागु गर्ने।
३. सबै स्थानीय तहमा डिजिटल माध्यमबाट पहुँच पुग्ने गरी मौसम पूर्वानुमान संयन्त्र तयार गर्ने।
४. वायु प्रदुषण न्यूनीकरण सम्बन्धी विशेष मापदण्ड तर्जुमा गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्ने।
५. विभिन्न ५ वटा जलाधार क्षेत्रका समस्या समाधानका लागि एकीकृत जलाधार विकास योजना कार्यान्वयन गर्ने।
६. वन तथा जैविक विविधता संरक्षणका लागि कम्तिमा ५ वटा विशेष कार्यक्रमहरू लागु गर्ने।
७. विकास साझेदारसँगको सहकार्यमा जलवायु परिवर्तनजन्य घटनाहरूको निगरानीका लागि सूचना प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने।
८. नदी, ताल र सिमसार जस्ता नवीकरणीय प्राकृतिक स्रोतहरूको संरक्षण र चक्रीय प्रयोगमार्फत अनुकूलन क्षमता वृद्धि गर्ने।
९. वातावरण संरक्षण र जलवायु न्यूनीकरण एवं अनुकूलनका क्षेत्रमा विकास साझेदारहरूसँगको सहकार्यमा अध्ययन-अनुसन्धान गर्ने।
१०. प्राकृतिक स्रोतसाधन र जैविक विविधताको प्रोफाइल तयार गरी जैविक विविधता निगरानी प्रणाली (Monitoring System) स्थापना गर्ने।
११. प्रदेश वातावरण अनुकूलन योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
१२. विपद् सम्बन्धी सूचनाहरूको एकीकृत व्यवस्थापनका लागि विपद् सूचना प्रणाली सञ्चालनमा ल्याइने।

## ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रदेश जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन प्राधिकरण तथा प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् स्थापना | प्रदेश जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन प्राधिकरण तथा प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् स्थापना तथा सञ्चालन | १ | १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | वातावरण ऐनबमोजिम गठन | सञ्चालन तथा व्यवस्थापन | सञ्चालन तथा व्यवस्थापन | सञ्चालन तथा व्यवस्थापन | सञ्चालन तथा व्यवस्थापन | |
| २ | विद्यालय स्तरमा अनिवार्य वातावरण तथा जलवायु परिवर्तन पाठ्यक्रम निर्माण र पठन-पाठन | विद्यालय स्तरमा अनिवार्य वातावरण तथा जलवायु परिवर्तन पाठ्यक्रम निर्माण र पठन-पाठन | १ | २ | स्थानीय तह | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सङ्घ तथा र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | मौसम पूर्वानुमान प्रणाली व्यवस्था | डिजिटल मौसम पूर्वानुमान संयन्त्र स्थापना | २ | ३ | सङ्घीय सरकार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सङ्घ तथा र अन्य सरोकारवाला | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | तयारी र छलफल | कार्यान्वयन | निरन्तर | |
| ४ | वायु प्रदुषण न्यूनीकरण विशेष कार्यक्रम | वायु प्रदुषण न्यूनीकरण सम्बन्धी मापदण्ड तयारी | २ | ४ | सङ्घीय सरकार /उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | मापदण्ड तयार | कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | वायु प्रदुषण न्यूनीकरण सचेतीकरण कार्यक्रम | २ | ४ | सङ्घीय सरकार /उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ५ | जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका लागि एकीकृत जलाधार व्यवस्थापन | एकीकृत जलाधार विकास योजना निर्माण र कार्यान्वयन | ३ | ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ६ | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम | ४ | ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ७ | जलवायु परिवर्तन तथा वातावरणीय तथ्याङ्क | जलवायु परिवर्तनजन्य घटनाहरूको निगरानीका | ४ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | एवम् सूचना प्रणालीको विकास | लागि वातावरणीय तथ्याङ्क एवम् सूचना प्रणालीको विकास | | | | सरकार र अन्य सरोकारवाला | | | | | | |
| ८ | नवीकरणीय प्राकृतिक स्रोत संरक्षण, चक्रीय र पुनःप्रयोग प्रवर्धन कार्यक्रम | नदी, ताल र सिमासार क्षेत्रको संरक्षण, | ४ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | नवीकरणीय प्राकृतिक स्रोतको चक्रीय र पुनःप्रयोग प्रवर्धन कार्यक्रम | ४ | ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ९ | वातावरण संरक्षण, जलवायु परिवर्तन तथा अनुकूलन सम्बन्धी अध्ययन अनुसन्धान | वातावरण संरक्षण, जलवायु परिवर्तन तथा अनुकूलन सम्बन्धी अध्ययन अनुसन्धान | ४ | ९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| १० | जैविक विविधताको निगरानी प्रणाली स्थापना | प्राकृतिक स्रोतसाधन र जैविक विविधताको प्रोफाइल निर्माण | ५ | १० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | तयारी र छलफल | कार्यान्वयन | निरन्तर | |
| | | जैविक विविधताको निगरानी प्रणाली स्थापना | ५ | १० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | तयारी र छलफल | कार्यान्वयन | निरन्तर | |
| ११ | प्रदेश वातावरण अनुकूलन योजना तर्जुमा | प्रदेश वातावरण अनुकूलन योजना तर्जुमा | ५ | ११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घ तथा स्थानीय सरकार र अन्य सरोकारवाला | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | तयारी र छलफल | कार्यान्वयन | निरन्तर | |
| १२ | विपद् सूचना प्रणाली स्थापना | विपद् सूचना प्रणाली स्थापना | ५ | १२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह, अन्य सरोकारवाला निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | तयारी र छलफल | कार्यान्वयन | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | जलवायुमैत्री गाउँ/टोल | सङ्ख्या | ० | ० | ५ | १० |
| २ | प्रदेशमा सञ्चालित जल तथा मौसम सूचनाकेन्द्र | सङ्ख्या | ३ | ३ | ८ | ९ |
| ३ | सञ्चालनमा रहेका बाढी पूर्वचेतावनी प्रणाली | सङ्ख्या | २ | ३ | ५ | ८ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ४ | प्रदेशको कार्बन सञ्चिति क्षमता ($CO_2$ Equivalent) | मे.टन | पहिचान नभएको | | अध्ययन र पहिचान भई अद्यावधिक हुने | |
| ५ | स्थानीय अनुकूलन तथा जलवायु उत्थानशील योजना (लापा) तर्जुमा र कार्यान्वयन भएका स्थानीय तह | प्रतिशत | ३४ | ३४ | ३५ | ५० |

श्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश

### ७. जोखिम पक्ष र अनुमान

जलवायु परिवर्तनको विश्वव्यापी प्रभाव र सीमित वित्तीय स्रोतका कारण अनुकूलनका कार्यक्रमहरू सोचेअनुरूप सञ्चालन गर्न चुनौतीपूर्ण हुने र बढ्दो तापक्रमले गर्दा हिमाली क्षेत्रका पानीका स्रोतहरू सुक्दै जाने जोखिम देखिन्छ। यद्यपि जलवायु उत्थानशील कृषि र पूर्वाधार विकासमा जोड दिएमा जलवायुजन्य क्षतिमा कमी आउने र स्थानीय समुदायको अनुकूलन क्षमतामा वृद्धि हुने अनुमान गरिएको छ। यदि सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय भई हरित अर्थतन्त्रको मार्ग अवलम्बन गरिएमा कर्णाली प्रदेशको पारिस्थितिकीय प्रणाली र जनस्वास्थ्यमा पर्ने दीर्घकालीन नकारात्मक असरलाई न्यूनीकरण गर्न सकिने अपेक्षा गरिएको छ।

# परिच्छेद-बाह्रः महिला, लक्षित वर्ग र समावेशीकरण

## १२.१ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

### १. पृष्ठभूमि

नेपालको संविधानले सबै प्रकारका लैङ्गिक विभेदको अन्त्य गर्दै महिला सशक्तीकरण र समानुपातिक समावेशी सहभागितालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । दिगो विकास लक्ष्य र राष्ट्रिय योजनाहरूलाई आत्मसात् गर्दै कर्णाली प्रदेश सरकारले पनि लैङ्गिक समानता, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र यौनिक अल्पसङ्ख्यकहरूको अधिकारलाई उच्च प्राथमिकतामा राखेको छ । समावेशी र न्यायसँगत समाज निर्माणका लागि राज्यका नीति, योजना र कार्यक्रमहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्दै संरचनागत सुधार र सशक्तीकरणका प्रयासहरूलाई निरन्तरता दिइएको छ ।

### २. उद्देश्य

१. महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता अभिवृद्धि गर्नु,
२. लैङ्गिक हिंसा, विभेद र शोषणको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने ।
२. लैङ्गिक सवाललाई मूलप्रवाहीकरण तथा स्थानीयकरण गरी सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्ने ।
३. सबै प्रकारका हिंसा, शोषण र विभेद अन्त्य गर्ने ।
४. स्वरोजगारको प्रवर्धनमार्फत आर्थिक सशक्तीकरण गर्ने ।

### ४. कार्यनीति

१. महिला तथा लैङ्गिक अल्पसङ्ख्यकको सशक्तीकरण र सामाजिक कुरीति अन्त्यका लागि विद्यमान नीति, कानुन र संरचनाहरूको प्रभावकारी कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप कानुनहरू निर्माण गरिने ।
२. महिलाहरूको व्यावसायिक र आर्थिक क्षमता अभिवृद्धिका लागि विशेष तालिम तथा स्रोत-साधन उपलब्ध गराई उनीहरूलाई आत्मनिर्भर र सम्मानित जीवनयापनमा सक्षम बनाइने ।
३. महिला र लैङ्गिक अल्पसङ्ख्यकहरूको नेतृत्व विकासका कार्यक्रममार्फत राज्यका विभिन्न संयन्त्र र राजनीतिमा उनीहरूको अर्थपूर्ण उपस्थिति तथा सहभागिता वृद्धि गरिने ।
४. विपन्न, एकल, हिंसा प्रभावित, राउटे, बादी, दलित र सीमान्तकृत महिलाहरूलाई उद्यमशीलता र वित्तीय साक्षरतामार्फत आर्थिक एवं सामाजिक मूलप्रवाहमा समाहित गरिने ।
५. सबै प्रकारका लैङ्गिक हिंसा, विभेद र शोषणको अन्त्य गर्न सुरक्षा प्रणालीमा सुधार गर्दै पीडितका लागि निःशुल्क कानुनी सहायता र संरक्षणको व्यवस्था मिलाइने ।
६. यौनिक अल्पसङ्ख्यकहरूको पहिचान र अधिकार सुनिश्चित गर्न उनीहरूको आवश्यकतामा आधारित विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरी सामाजिक सम्मानको वातावरण बनाइने ।
७. जोखिममा रहेका महिला र अल्पसङ्ख्यकहरूको स्वरोजगारी र आत्मनिर्भरता बढाउँदै उनीहरूको सामाजिक समावेशिता र कानुनी सुरक्षालाई थप सुदृढ बनाइने ।

**५. कार्ययोजना**

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | नीतिगत, कानुनी तथा संरचनागत सुधार कार्यक्रम | लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण ऐन, २०७८ लाई आवश्यक संशोधन एवम् परिमार्जन गर्ने । | १ | १ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, विकास साझेदार | लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण ऐन, २०७८ | प्रारम्भिक छलफल | संशोधन मस्यौदा तयारी | स्वीकृति र कार्यान्वयन | निरन्तर | |
| | | लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | | | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, विकास साझेदार | प्रारम्भिक छलफल | मस्यौदा तर्जुमा | स्वीकृति र कार्यान्वयन | निरन्तर | निरन्तर | |
| | | अपाङ्गता ऐन, महिला सशक्तीकरण ऐन, बाल संरक्षण ऐन तर्जुमा गर्ने । | | | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | मस्यौदा तर्जुमा | स्वीकृति र कार्यान्वयन | निरन्तर | |
| २. | महिला उद्यमशीलता र स्वरोजगार विकास कार्यक्रम | महिला उद्यमी पुरस्कार कार्यक्रम | २ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | महिला उद्यमी पुरस्कार वितरण कार्यविधि २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | महिला उद्यमी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | महिला उद्यमीलाई आवश्यक प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ३. | महिला नेतृत्व विकास तथा सशक्तीकरण कार्यक्रम | महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने | २ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ | कार्यक्रम  सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ४. | हानिकारक सामाजिक अभ्यास न्यूनीकरण कार्यक्रम | छाउपडी मुक्त प्रदेश कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | बाल विवाह अन्त्य सम्बन्धी रणनीति २०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | बालश्रम मुक्त प्रदेश कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | सामाजिक विकृति न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | बाल विवाह अन्त्य सम्बन्धी रणनीति २०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ५. | घरेलु र लैङ्गिक हिँसा रोकथाम र पुनर्स्थापना कार्यक्रम | अल्पकालीन आश्रयस्थललाई आवश्यक सहयोग र समन्वयमूलक कार्यक्रम सञ्चालन गर्ने | ३ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | बेपत्ता बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र स्थापना र सञ्चालन गर्ने | | | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | बालबालिका सम्वन्धी नियमावली २०७८ र बालवालिका खोजतलास कार्यविधि २०७६ | बेपत्ता बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र स्थापना र सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | यौनिक अल्पसङ्ख्यक सशक्तीकरण र समुदाय सञ्जाल विकास कार्यक्रम | यौनिक अल्पसङ्ख्यक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने | २ | ६ | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास कार्यालय/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७. | लैङ्गिक यौनिक अल्पसङ्ख्यकको सशक्तीकरण र सुरक्षा कार्यक्रम | लैङ्गिक यौनिक अल्पसङ्ख्यकको सशक्तीकरण र सुरक्षा कार्यक्रम सञ्चालन गर्ने | २ | ७ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/सामाजिक विकास कार्यालय/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | श्रम शक्तिमा महिला सहभागिता | प्रतिशत | २६.२ | २८ | ३२ | ४० |
| २ | महिलाको नाममा घर र जग्गा भएका घरवरिवार | प्रतिशत | १२.५ | १५.० | २०.० | २५.० |
| ३ | लैङ्गिक समता सूचकाङ्क | मान | ०.६६ | ०.६६ | ०.६९ | ०.७० |
| ४ | महिला साक्षरता दर | प्रतिशत | ६९.४ | ७६.६ | ८० | ८५ |
| ५ | महिलाको औसत आयु | वर्ष | ७४.८ | ७४.८ | ७४.९ | ७५ |
| ६ | महिलाको औसत बिहे उमेर | वर्ष | १८.२ | २० | २२ | २२ |
| ७ | प्रदेश सभामा महिला प्रतिनिधित्व | प्रतिशत | ३७.५ | ३७.५ | ४० | ४५ |
| ८ | प्रदेश निजामती सेवामा महिला सहभागिता | प्रतिशत | ३०.५ | ३१ | ३३ | ३५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

### ७. जोखिम पक्ष र अनुमान

परम्परागत सामाजिक सोच, हानिकारक प्रथा र आर्थिक परनिर्भरताका कारण महिलाहरू अझै पनि निर्णय प्रक्रिया र स्रोतमा पहुँचबाट वञ्चित हुने जोखिम देखिन्छ। यद्यपि प्रदेश सरकारको सशक्तीकरण कार्यक्रम र कानुनी सुरक्षाले गर्दा महिलाहरूको आत्मविश्वास र नेतृत्व क्षमतामा उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ। यदि प्रदेशका सबै क्षेत्रमा लैङ्गिक संवेदनशीलतालाई आत्मसात् गरिएमा कर्णालीमा न्यायपूर्ण र समतामूलक समाजको निर्माण भई मानव विकास सूचकाङ्कमा ठूलो सुधार आउने अपेक्षा गर्न सकिन्छ।

## १२.२ बालबालिका

### १. पृष्ठभूमि

नेपालको संविधानले बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र शोषणविरुद्धको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। कर्णाली प्रदेशमा बालविवाह, अशिक्षा र बालश्रमको दर तुलनात्मक रूपमा उच्च रहेकाले यसलाई सम्बोधन गर्न 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति-२०७२' लाई आत्मसात् गरिएको छ। प्रदेश सरकारले बालबालिकाको समग्र विकास, सुरक्षा र समृद्ध भविष्यका लागि विभिन्न संरक्षणमुखी कार्यक्रमहरू सञ्चालन गर्दै बालबालिकामैत्री वातावरण सिर्जना गर्ने प्रयास गरिरहेको छ।

### २. उद्देश्य

१. शिक्षा, स्वास्थ्य, सुरक्षा, आर्थिक तथा सामाजिक अवसरमा बालबालिकाको पहुँच वृद्धि गर्नु,
२. बालबालिकाको समग्र विकास र बाल अधिकारको संरक्षण तथा प्रवर्धन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँच सुधार गर्ने।
२. बालश्रम, मानव ओसारपसार र बालविवाह विरुद्ध कानुनी र संस्थागत सुधार गर्ने।
३. बालबालिकाको सुरक्षा र संरक्षण गर्ने।
४. बालबालिकाको सक्षमता अभिवृद्दि तथा सामाजिक सहभागिताको अवसर सिर्जना गर्ने।

### ४. कार्यनीति

१. बालविवाह, बालहिंसा र श्रम शोषण जस्ता जोखिमहरू अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरिनुका साथै अनाथ, अपाङ्गता भएका, द्वन्द्व र महामारी प्रभावित बालबालिकाको संरक्षण र पुनःस्थापना सुनिश्चित गरिने।
२. बालबालिकाको आधारभूत स्वास्थ्य र पोषणमा सुधार ल्याउनुका साथै विशेष आवश्यकता भएका र फरक क्षमता भएका बालबालिकाको स्याहार र शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरिने।
३. विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलप्रवाहमा ल्याई पहुँच विस्तार गरिने र बाल प्रतिभाहरूको पहिचान गरी उनीहरूलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिने।
४. बालबालिका तथा किशोरकिशोरीको अधिकार संरक्षणका लागि प्रदेशभर खोजतलास एवं हेल्पलाइन सेवाहरू विस्तार गरी बालबालिकामैत्री समाज र सुरक्षित वातावरणको निर्माण गरिने।

### ५. कार्ययोजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | बाल संरक्षण, हिंसा अन्त्य र बालविकास कार्यक्रम | बाल विवाह अन्त्यका लागि प्रादेशिक रणनीतिको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ३ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | बाल विवाह अन्त्यका लागि प्रादेशिक रणनीति २०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | बालबालिको स्थितिपत्र अद्यावधिक तथा प्रकाशन कार्यक्रम सञ्चालन गर्ने | ३ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | बालबालिका सम्बन्धी नियमावली २०७८ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| २. | बाल स्वास्थ्य, पोषण र विशेष स्याहार कार्यक्रम | बाल स्याहार केन्द्रको स्थापना | १ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | डि.पि.आर. निर्माण | केन्द्र स्थापना र सञ्चालन | निरन्तर | |
| ३. | बालबालिका र किशोरकिशोरी शिक्षा, प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम | किशोरकिशोरी रूपान्तरण कार्यक्रम सञ्चालन गर्ने | ४ | ३ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | प्रारम्भिक छलफल | बाल विवाह अन्त्य सम्बन्धी रणनीति,२०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| | | विद्यालयस्तरमा विज्ञान प्रविधिमैत्री प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने | १ | ४ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | बालबालिका तथा किशोरकिशोरी अधिकार संरक्षण तथा सहायता कार्यक्रम | बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गर्ने | १ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका जन्मदर्ता गरीएका बालबालिका | प्रतिशत | ८७.३ | ८८ | ९० | ९५ |
| २ | बालमैत्री घोषणा भएका स्थानीय तह | सङ्ख्या | १० | १५ | ३० | ७९ |
| ३ | बालअधिकार समिति गठन भएका स्थानीय तह | सङ्ख्या | ५० | ५५ | ६५ | ७९ |
| ४ | बालकल्याण अधिकारी तोकिएका स्थानीय तह | सङ्ख्या | ४६ | ५५ | ६५ | ७९ |
| ५ | बालअधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यविधि तर्जुमा गरेका स्थानीय तह | सङ्ख्या | ४७ | ५५ | ६५ | ७९ |
| ६ | बालकोष स्थापना भएका स्थानीय तह | सङ्ख्या | २८ | ३८ | ४५ | ६० |
| ७ | बालअधिकार समिति गठन भएका वडाहरू | संङ्ख्या | २३८ | ३०० | ५०० | ७१८ |
| ८ | बालश्रम | प्रतिशत | २४.६ | २२ | १० | ५ |
| ९ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ४६ | ४३ | ३० | २० |

स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश

**७. जोखिम पक्ष र अनुमान**

भौगोलिक विकटता, गरिबी र कतिपय समुदायमा जकडिएका गलत परम्पराका कारण बालविवाह र बालश्रम पूर्ण रूपमा न्यूनीकरण गर्न कठिन हुने जोखिम देखिन्छ । यद्यपि प्रदेश सरकारको 'बैङ्क खाता छोरीको, सुरक्षा जीवन भरीको' जस्ता सामाजिक सुरक्षाका कार्यक्रम र बालमैत्री पूर्वाधारमा जोड दिँदा बाल मृत्युदरमा कमी आउने र विद्यालय भर्ना दर बढ्ने अनुमान गरिएको छ । यदि स्थानीय समुदाय र विद्यालयहरूलाई बाल अधिकारको रक्षकका रूपमा सशक्त बनाइयो भने कर्णालीका बालबालिकाहरू सुरक्षित र शिक्षित नागरिकका रूपमा विकसित हुने अपेक्षा गर्न सकिन्छ ।

## १२.३ दलित सशक्तीकरण

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ४० ले दलित समुदायलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ । दलित सशक्तीकरण विधेयक-२०७८ ले जातीय विभेद र छुवाछुतको अनुगमन तथा नियन्त्रणका लागि प्रदेश र स्थानीय स्तरमा समितिहरू गठन गर्ने र दलित समुदायको सर्वाङ्गीण विकासका लागि योजना तर्जुमा गर्ने व्यवस्था गरेको छ । यद्यपि संवैधानिक र कानुनी अधिकारका बाबजुद पनि समाजमा जातीय विभेद, शोषण र पछौटेपन अझै व्याप्त छ । तसर्थ, नीतिगत व्यवस्थालाई व्यवहारमा रूपान्तरण गरी दलित समुदायलाई आर्थिक, राजनीतिक र सामाजिक रूपमा सक्षम बनाउन ठोस पहल आवश्यक देखिएको छ ।

### २. उद्देश्य

१. दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्नु,

२. दलित समुदायको अवसर र पहुँचमा वृद्धि र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु,

३. विकासको मूलप्रवाहमा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. क्षमता विकास, सशक्तीकरण र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

२. दलित मूलप्रवाहीकरणका अवरोधलाई सम्बोधन गर्न संरचनागत सुधार गर्ने ।

३. दलित आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, सङ्घर्ष, उपलब्धि र दलित समुदायको अवस्थाबारे अनुसन्धान र दस्तावेजीकरण गर्ने ।

### ४. कार्यनीति

१. दलित समुदायका समस्याहरूको पहिचान र समाधानका लागि प्रदेश तथा स्थानीय तहमा 'दलित समस्या समाधान समिति' गठन गरी क्रियाशील बनाइने ।

२. दलित युवाहरूको जीविकोपार्जनमा सुधार ल्याउन व्यावसायिक सिप विकास, उद्यमशीलता र रोजगारीमुखी तालिम तथा गोष्ठीहरू सञ्चालन गरिने ।

३. भूमिहीन दलित समुदायको भूमिमा पहुँच सुनिश्चित गर्दै उनीहरूलाई आयआर्जन र व्यावसायिक कार्यहरूमा सहभागी गराउन विशेष कार्यक्रम ल्याइने ।

४. दलित समुदायको परम्परागत सिप (आरन, छाला प्रशोधन, सिलाई-कटाई, वाद्यवादन, मूर्ति निर्माण आदि) को संरक्षण, आधुनिकीकरण र व्यवसायीकरण गरी उद्यमशीलतासँग जोडिने ।

५. दलित महिलाहरूको नेतृत्व क्षमता विकास र सामाजिक-राजनीतिक सशक्तीकरणका लागि विशेष 'दलित महिला विकास कार्यक्रम' सञ्चालन गरिने ।

६. उच्च शिक्षा तथा प्राविधिक शिक्षालयहरूमा दलित विद्यार्थीहरूको पहुँच बढाउन हाल सञ्चालित छात्रवृत्ति कार्यक्रमहरूलाई थप परिमार्जनसहित निरन्तरता दिइने ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | दलित समस्या समाधान विकास समिति गठन र परिचालन | दलित समस्या समाधान विकास समितिको संरचनागत सुदृढीकरण गर्ने | २ | १ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | प्रारम्भिक छलफल | समितिको गठन | कार्यक्रम सञ्चालन | निरन्तर | |
| २. | व्यावसायिक सिप तथा उद्यमशीलता विकास, वित्तीय पहुँच कार्यक्रम सहित रोजगारी र जीविकोपार्जन सम्बन्धी कार्यक्रम | व्यावसायिक सिप तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | मुख्यमन्त्री दलित आय आयर्जन कार्यक्रम सञ्चालन गर्ने | १ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | आवश्यक कार्यविधि निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | |
| ३. | भूमिहीन दलित कृषक जग्गा भाडा र कृषि उपज अनुदान | भूमिहीन दलित कृषक कार्यक्रम सञ्चालन गर्ने | १ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ४. | दलित सशक्तीकरण कार्यक्रम | परम्परागत सिपको व्यावसायिकीकरण कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | सिपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | वित्तीय अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ५. | दलित महिला विकास कार्यक्रम | दलित महिला छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | १ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | दलित छात्रवृत्ति कार्यक्रम | दलित शैक्षिक छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | १ | ६ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | दलित समुदायको सशक्तीकरण तथा जीवनस्तर प्रवर्धन ऐन २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | दलित समस्या समाधान समिति भएका स्थानीय तह | सङ्ख्या | - | २ | २५ | ६० |
| २ | व्यावसायिक सिप तथा उद्यमशीलता विकास सम्बन्धी तालिम तथा वित्तीय पहुँच प्राप्त व्यक्ति | सङ्ख्या | - | १० | ५० | १०० |
| ३ | भूमिमा पहुँच प्राप्त भूमिहीन दलित परिवार | सङ्ख्या | - | - | ३० | १०० |
| ४ | दलित महिला साक्षरता कार्यक्रम | सङ्ख्या | - | - | २५ | ४० |
| ५ | नेतृत्व विकास तालिम प्राप्त दलित महिला | सङ्ख्या | - | - | ५० | १०० |
| ६ | दलित साक्षरतादर | प्रतिशत | ७२.९ | ७५ | ८० | ९० |
| ७ | स्थानीय तहमा दलित प्रतिनिधित्व | सङ्ख्या | - | - | ७९ | १२५ |
| ८ | प्रदेश सभामा दलित प्रतिनिधित्व | सङ्ख्या | ४ | ४ | १० | १२ |
| ९ | प्रदेश निजामती सेवामा दलित सहभागिता | प्रतिशत | - | - | ५ | १० |

स्रोतः सामाजिक विकास मन्त्रालय, प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश

### ७. जोखिम पक्ष र अनुमान

अनुगमन र मूल्याङ्कन प्रक्रियालाई केवल औपचारिक प्रतिवेदनमा मात्र सीमित राख्ने प्रवृत्ति, प्राप्त सिकाइलाई आगामी योजनामा सुधारका लागि प्रयोग नगर्ने परिपाटी र प्राविधिक जनशक्तिको कमी हुनु यस कार्यका मुख्य जोखिमका पक्षहरू हुन् । यद्यपि प्रदेशमा रहेका कानुनी निर्देशिका र कार्यविधिहरूको प्रभावकारी कार्यान्वयनले अनुगमन प्रणालीलाई वस्तुनिष्ठ बनाउने तथा नीति निर्माण र कार्यान्वयनबिच बलियो तादात्म्यता कायम हुने अनुमान गरिएको छ । यदि नतिजाका आधारमा कार्यक्रमहरूको पुनर्संरचना गर्ने र सिकाइलाई संस्थागत गर्ने पद्धति विकास भएमा प्रदेशको लगानीले निश्चित लक्ष्य हासिल गरी दीर्घकालीन रूपान्तरणमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## १२.४ सामाजिक समावेशीकरण तथा संरचनागत रूपान्तरण

### १. पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरेको समानुपातिक र समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै कर्णाली प्रदेश सरकारले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न र सीमान्तकृत समुदायको पहुँच अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । सामाजिक न्याय र समानताका लागि 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति-२०७८' र 'सीमान्तकृत समुदायको आयआर्जन कार्यविधि-२०८०' जस्ता कानुनी व्यवस्थाहरू कार्यान्वयनमा ल्याइएका छन् । यी नीतिगत संरचनाहरूले वञ्चितीकरणमा परेका वर्गको जीवनस्तर सुधार्न र दिगो विकासको मार्ग प्रशस्त गर्न ठोस आधार प्रदान गरेका छन् ।

### २. उद्देश्य

१. वञ्चितीकरणमा परेका वर्गको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्नु,

२. वञ्चितीकरणमा परेका वर्गको अवसर र पहुँचमा वृद्धि र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु,

३. विकासको मूलप्रवाहमा अपाङ्गता भएका नागरिक सहभागिता र अवसरमा समान पहुँच विस्तार गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न संरचनागत सुधार गर्ने ।
२. वञ्चितीकरणमा परेका व्यक्ति, वर्ग, जाति, क्षेत्र तथा समुदायको क्षमता विकास, शसक्तिकरण र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।
३. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षण, प्रोत्साहन र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्ने ।
४. ज्येष्ठ नागरिक सबै किसिमका विभेद अन्त्य गर्ने ।
५. अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, समान अवसर र विकासमा पहुँच बढाउने ।

### ४. कार्यनीति

१. लक्षित वर्ग (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, यौनिक अल्पसङ्ख्यक र विपन्न) को हक-अधिकार संरक्षण गर्दै व्यावसायिक सिपमार्फत जीविकोपार्जनमा सुधार र सामाजिक न्याय सुदृढ गरिने ।
२. राउटे, बादी, दलित र हिंसा प्रभावित महिलाहरूका लागि उद्यमशीलता, डिजिटल साक्षरता र वित्तीय पहुँचका कार्यक्रम सञ्चालन गरी उनीहरूको आर्थिक सशक्तीकरण र सामाजिक प्रतिष्ठा वृद्धि गरिने ।
३. ज्येष्ठ नागरिकहरूको शारीरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि स्वास्थ्य सेवामा सहुलियत दिनुका साथै उनीहरूको सम्मानजनक जीवनका लागि मनोविनोद तथा स्याहार केन्द्रहरूको व्यवस्था गरिने ।
४. अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर उकास्न स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गर्दै उनीहरूलाई रोजगारीका अवसर र पहुँचयुक्त पूर्वाधारमार्फत सामाजिक मूलप्रवाहमा समाहित गरिने ।
५. जोखिम र मानवीय सङ्कटमा परेका व्यक्तिहरूको उद्धार, राहत र पुनःस्थापनाका लागि स्पष्ट कार्ययोजना लागु गरी उनीहरूका लागि सुरक्षित आवास, भोजन र कपडाको उचित प्रबन्ध मिलाइने ।

## ५. कार्ययोजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | सशक्तीकरण र समावेशीकरणका लागि रूपान्तरण कार्यक्रम | बालसञ्जाल तथा लैं.स.सा.स.का पदाधिकारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | राउटे नीति कार्यान्वयन कार्यक्रम सञ्चालन गर्ने | १ | १ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | पूर्व तयारी र छलफल | राउटे नीति २०८२ | कार्यान्वयन | निरन्तर | निरन्तर | |
| २. | आर्थिक सशक्तीकरणका लागि उद्यमशीलता विकास कार्यक्रम | महिला उद्यमशीलता पुरस्कार कार्यक्रम सञ्चालन गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | महिला उद्यमी पुरस्कार वितरण कार्यविधि २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | महिला उद्यमी प्रविधि सहयोग कार्यक्रम सञ्चालन गर्ने | २ | २ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | पूर्व तयारी र छलफल | महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८२ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | |
| ३. | ज्येष्ठ नागरिक कल्याण तथा संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्रशान्ति वृद्धाश्रम सञ्चालन तथा व्यवस्थापन गर्ने | ३ | ३ | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/विकास साझेदार | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | अपाङ्गता भएका व्यक्ति सेवा तथा विकास प्रक्रियामा पहुँच अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रम | अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन गर्ने | ५ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | साङ्केतिक भाषा तालिम कार्यक्रम सञ्चालन गर्ने | ५ | ४ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | पूर्व तयारी र छलफल | वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन स्वीकृत गरी कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ५. | सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यक्रम | मानव सेवा आश्रम सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्ने | २ | ५ | सामाजिक विकास मन्त्रालय | सङ्घीय सरकार/स्थानीय तह/विकास साझेदार | सहयोगापेक्षी सडक मानव संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८१ | कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता साक्षारतादर | प्रतिशत | ५०.१ | ५२ | ६० | ७५ |
| २ | ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र | सङ्ख्या | १७ | १८ | २० | २० |
| ३ | आर्थिक रूपले अक्सर सक्रिय अपाङ्गता भएका जनसङ्ख्या | प्रतिशत | ६०.८ | ६३ | ६५ | ७० |
| ४ | १५ वर्षभन्दा कम उमेरमा विवाह भएका जनसङ्ख्या | प्रतिशत | ६.५ | ५ | ० | ० |
| ५ | १५ देखि २० वर्षको उमेरमा विवाह भएका जनसङ्ख्या | प्रतिशत | ६६ | ६४ | ५० | ४० |
| ६ | प्रदेश सभामा लोपोन्मुख तथा सीमान्तकृत समुदायका व्यक्तिको प्रतिनिधत्व | सङ्ख्या | ० | ० | २ | ३ |
| ७ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्ने मन्त्रालय | प्रतिशत | ८० | १०० | १०० | १०० |
| ८ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण लेखा परीक्षण गर्ने स्थानीय तह | प्रतिशत | ६० | ७० | ८० | १०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश ।*

### ७. जोखिम पक्ष र अनुमान

नीति र कार्यविधिहरू भए तापनि पर्याप्त स्रोत-साधनको अभाव र कार्यान्वयन तहमा बुझाइको कमीले गर्दा लक्षित वर्गले पूर्ण रूपमा लाभ पाउन नसक्ने जोखिम देखिन्छ। यद्यपि GESI परीक्षण जस्ता औजारहरूको प्रयोगले योजना तर्जुमालाई थप समावेशी र उत्तरदायी बनाउने अनुमान गरिएको छ। यदि सीमान्तकृत समुदायको आयआर्जन कार्यक्रमलाई स्थानीय स्रोत र बजारसँग जोड्न सकिएमा कर्णालीको गरिबी न्यूनीकरणमा यसले ठूलो योगदान पुऱ्याउने र सामाजिक सूचकाङ्कहरूमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-तेह्रः सुशासन, सेवा प्रवाह र अन्तर्सम्बन्ध

## १३.१ शासकीय सुधार र मानवअधिकार

### १. पृष्ठभूमि

कर्णाली प्रदेश सरकारले नागरिकमैत्री शासन र सेवामुखी प्रशासन विकासका लागि मानव अधिकारको सुनिश्चिततालाई आफ्नो मुख्य प्राथमिकतामा राखेको छ। सार्वजनिक प्रशासनलाई सक्षम, पारदर्शी र उत्तरदायी बनाउँदै जनअपेक्षा अनुरूपको सेवा प्रवाह गर्नु आजको आवश्यकता हो। प्रदेश सरकारले सदाचार, नैतिकता र मितव्ययिताका साथै विकास निर्माणलाई गति दिन र पछाडि परेका वर्ग एवं समुदायको निर्णय प्रक्रियामा पहुँच, अधिकारको सम्मान एवम् सेवा प्रवाहमा पहुँच र अवसर प्रदान गर्न विशेष जोड दिएको छ।

### २. उद्देश्य

१. शान्ति सुरक्षा तथा सुव्यवस्थाको प्रत्याभूति गर्नु,
२. मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नु,
३. समान अवसर र सामाजिक न्यायको प्रत्याभूति गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. शान्ति सुरक्षा तथा सुव्यवस्था सबलीकरणका लागि संस्थागत र संरचनागत सुदृढीकरण गर्ने।
२. मौलिक हकको प्रचलन सुनिश्चित गर्न संरचनात्मक र संस्थागत सुधार गर्ने।
३. विभेद, हिँसा तथा अन्य हानीकारक अभ्यासको अन्त्य गरी मानव अधिकारको प्रवर्धन गर्ने।
४. सेवामा समान पहुँच अभिवृद्धि गर्न सेवा तथा सुविधाको सुदृढीकरण गर्ने।

### ४. कार्यनीति

१. प्रदेशमा शान्ति र सुव्यवस्था कायम गर्न 'प्रदेश अनुसन्धान ब्युरो' गठन गर्ने तथा सुरक्षा निकायको क्षमता विकास र प्रदेश प्रहरी प्रशासनको सुदृढीकरण गर्नेछ।
२. मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वियन गर्दै कानूनी सहायता र सचेतनाका माध्यमबाट सीमान्तकृत समूहको न्यायमा पहुँच सुनिश्चित गर्नेछ।
३. विभेद, हिंसा र मानव बेचबिखन विरुद्धका अभियानमार्फत समावेशी समाज निर्माण गर्ने र शासकीय संरचना एवं विकास निर्माणमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराइनेछ।
४. स्थानीय तहमा रहेका न्यायिक समितिहरूको कानूनी तथा प्राविधिक क्षमता अभिवृद्धि गरी न्याय सेवालाई छिटो, छरितो र सबैका लागि पहुँचयोग्य बनाइनेछ।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | शान्ति सुरक्षा र सुव्यवस्था सुदृढीकरण कार्यक्रम | सुरक्षा निकायसँग समन्वय र सहकार्य, संवाद र अन्तर्क्रिया | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुरक्षा निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सुरक्षा निकायका भौतिक संरचना निर्माण र उपकरण सहयोग | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुरक्षा निकायहरू | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | मानव अधिकार र न्यायमा पहुँच प्रवर्धन कार्यक्रम | मानव अधिकार सम्बन्धी कार्ययोजना निर्माण, समन्वय र अनुगमन | २ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय मानव अधिकार आयोग | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | २ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय मानव अधिकार आयोग | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कानूनी सहायता कार्यक्रम सञ्चालन | २ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय मानव अधिकार आयोग | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | समाजिक न्याय, विभेद उन्मूलन र समावेशिता प्रवर्धन कार्यक्रम | विभेद, हिंसा र मानव बेचविखन लगायत सामाजिक अपराध विरुद्ध जनचेचनामूलक कार्यक्रम | ३ | ३ | सामाजिक विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | स्थानीय तहमा न्यायिक प्रणाली सुदृढीकरण कार्यक्रम | न्यायिक समितिका पदाधिकारीहरूका लागि क्षमता विकास कार्यक्रम | १,२,३ | ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | कानुन सङ्कायमा अध्ययनरत विद्यार्थीहरूका लागि स्थानीय तहमा ईन्टर्नसिप कार्यक्रम | १,२,३ | ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रहरी र जनसङ्ख्या अनुपात (प्रतिप्रहरी जनसङ्ख्या) | सङ्ख्या | २६९ | २६९ | २६० | २५० |
| २ | प्रदेश प्रहरीको कार्यालय भवन र प्रदेश प्रहरी तालिमकेन्द्र | सङ्ख्या | ३३२ | ३३२ | ३४० | ३४५ |
| ३ | मानव अधिकार सम्बन्धी उजुरी/अनुसन्धान भएका घटना | सङ्ख्या | २८८ | २३८ | २०० | १०० |
| ४ | निर्वाचन खर्च लेखापरीक्षण गराउने प्रदेश सभाका उम्मेदवार | प्रतिशत | - | - | २५ | ५० |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।

### ७. जोखिम पक्ष र अनुमान

परम्परागत प्रशासनिक कार्यशैली, भौगोलिक विकटताका कारण सेवा प्रवाहमा हुने ढिलाइ र संस्थागत क्षमताको कमीले गर्दा सुशासनका लक्ष्यहरू हासिल गर्न चुनौतीपूर्ण हुने जोखिम देखिन्छ। यद्यपि सूचना प्रविधिको प्रयोग र उत्तरदायी नेतृत्व विकासमा जोड दिएमा सरकारी सेवाप्रति जनविश्वास बढ्ने र विकासका प्रतिफलहरू लक्षित वर्गसम्म पुग्ने अनुमान गरिएको छ। यदि सुशासनलाई विकासको अनिवार्य शर्तका रूपमा आत्मसात् गरिएमा कर्णालीमा राजनीतिक स्थायित्व र समृद्धिको बलियो जग बस्ने अपेक्षा गर्न सकिन्छ।

## १३.२ सुशासन र सेवा प्रवाह

**१. पृष्ठभूमि**

नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको जग नै सुशासन हो । सुशासनले राजनीतिक र प्रशासनिक क्षेत्रलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने लक्ष्य राखेको हुन्छ। कर्णाली प्रदेशमा भौगोलिक विकटता र पूर्वाधारको न्यून विकासका कारण सेवा प्रवाह पनि चुनौतीपूर्ण रहेको छ। भ्रष्टाचार नियन्त्रणका रणनीतिहरू बने तापनि व्यावहारिक रूपमा सदाचार र पारदर्शिताको अझै खाँचो देखिएको छ। तसर्थ, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाउँदै सङ्घ, प्रदेश र स्थानीय तहको साझा प्रयासमा सक्षम र जनमुखी प्रशासन निर्माण गर्नु कर्णालीको विकासका लागि अपरिहार्य देखिएको छ।

**२. उद्देश्य**

१. शासन्, सेवाप्रवाह तथा विकास प्रक्रिया सुदृढ बनाउनु,
२. भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्धन गर्नु ।

**३. रूपान्तरणकारी रणनीति**

१. अधिकारको सुनिश्चितता, साथै नीतिगत तथा कानूनी स्पष्टता गर्ने।
२. सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र नतिजामूखी बनाउने।
३. सुशासन प्रवर्धनमा संस्थागत समन्वय, प्रविधि प्रयोग र सहभागिता सुनिश्चित गर्ने।
४. प्रदेश र स्थानीय तहको क्षमता विकास गर्ने।
५. भ्रष्टाचारजन्य क्रियाकलापको नियमन तथा रोकथाम गर्ने।

**४. कार्यनीति**

१. सङ्घ, प्रदेश र स्थानीय तहबिचको साझा अधिकार र क्षेत्राधिकारमा स्पष्टता ल्याई आवश्यक नीति तथा कानुन तर्जुमा गर्ने र सेवा प्रवाहका लागि संरचनागत एवं संस्थागत सुधार गर्नेछ।
२. प्रदेश र स्थानीय तहका कर्मचारी एवं जनप्रतिनिधिहरूको क्षमता विकास गरी कार्यसम्पादनमा सुधार ल्याइने तथा सेवा प्रवाहको आवधिक रूपमा वस्तुनिष्ठ मूल्याङ्कन गर्नेछ।
३. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने र सेवाको गुणस्तर सुधारमा नागरिक सहभागितालाई सुनिश्चित गर्नेछ।
४. सुशासन प्रवर्धनका लागि नियमित 'नागरिक संवाद' को व्यवस्था गरी सार्वजनिक निकायहरूमा सदाचार र नैतिकता कायम गर्दै भ्रष्टाचारजन्य गतिविधिहरूमा शून्य सहनशीलताको नीति अपनाइनेछ।

## ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | शासकीय प्रणाली सुदृढीकरण कार्यक्रम | प्रदेश सरकार र स्थानीय तहका ऐन, नियम अभिलेखीकरण तथा अद्यावधिकरण | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन तथा मूल्याङ्कन | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | जनतासँग मुख्यमन्त्री कार्यक्रम | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | मन्त्रिपरिषद् बैठकबाट पारित भएका निर्णयको अभिलेखन, निर्णय कार्यान्वयनको अनुगमन तथा प्रतिवेदन | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | व्यवस्थापन परिक्षण | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| २ | प्रदेश र स्थानीय सरकारको क्षमता विकास कार्यक्रम | प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | ४ | ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम | | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | सुशासन प्रवर्धन कार्यक्रम | सुशासनसँग सम्बन्धित कानुन तर्जुमा र कार्यान्वयन | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | स्वतः प्रकाशन | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ४ | भ्रष्टाचार नियन्त्रणका लागि विशेष कार्यक्रम | मुख्यमन्त्रीसँग नागरिक संवाद कार्यक्रम | ५ | ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | विद्यमान कानूनी व्यवस्थाका सम्बन्धमा कर्मचारी र जनप्रतिनिधका लागि अभिमुखीकरण कार्यक्रम | ५ | ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | सार्वजनिक सुनुवाई कार्यक्रम | ५ | ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | घरधुरीबाट मुख्य सेवा (शिक्षा, स्वास्थ्य, खानेपानी, सडक यातायात, प्रहरी चौकी, बजार केन्द्र, कृषि तथा पशु सेवा केन्द्र, बैङ्क, वडा कार्यालय, पुस्तकालय सम्बन्धी) लिन जान लाग्ने औसत समय | मिनेट | ७२.७९ | ७०.०० | ५०.०० | ३५.०० |
| २ | हाम्रा कुरा, हाम्रा मुख्यमन्त्री कार्यक्रम अन्तर्गत प्राप्त गुनासो फछ्र्यौट अनुपात | प्रतिशत | ६९.३६ | ७२ | ८० | ९० |
| ३ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ५३.३८ | ५८.०० | ६१.०० | ६५.०० |
| ४ | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३९.०० | ३९.०० | ४१.०० | ४३.८० |
| ५ | प्रदेश सरकारको कुल खर्चमा सञ्चित बेरुजु अनुपात | प्रतिशत | १७.७३ | १५ | ७ | ५ |
| ६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्रदेशका सार्वजनिक निकाय विरुद्ध उजुरी दर्ता | सङ्ख्या | २४१४ | ३२४० | २००० | १००० |
| ७ | त्रैमासिक रूपमा स्वतः प्रकाशन गर्ने प्रदेश मन्त्रालय र मातहतका निकाय | प्रतिशत | २ | ५ | ३५ | ७५ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।

## ७. जोखिम पक्ष र अनुमान

प्रशासनिक संयन्त्रमा रहेको परम्परागत मानसिकता, प्रविधिको सीमित पहुँच र भ्रष्टाचारका संरचनागत जडहरूका कारण सुशासनका लक्ष्यहरू पूर्ण रूपमा प्राप्त गर्न कठिन हुने जोखिम देखिन्छ। यद्यपि सेवा प्रवाहलाई डिजिटल माध्यममा लैजाँदा र कर्मचारीतन्त्रमा नतिजामुखी कार्यसम्पादन प्रणाली लागु गर्दा भ्रष्टाचारको सम्भावना घट्ने र नागरिकको राज्यप्रतिको भरोसा बढ्ने अनुमान गरिएको छ। यदि स्थानीय तहसम्म सदाचारको व्यवहारलाई संस्थागत गर्न सकिएमा कर्णाली प्रदेश सुशासनको नमुना बन्न सक्ने र विकासको गतिले तीव्रता पाउने अपेक्षा गर्न सकिन्छ।

## १३.३ समन्वय, सहकार्य र अन्तर्सम्बन्ध

**१. पृष्ठभूमि**

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी परिभाषित गरेको छ । राजनीतिक, प्रशासनिक र वित्तीय सङ्घीयताको सफल कार्यान्वयनका लागि तीनै तहका सरकारबिच अन्तर-निर्भरता र घनिष्ट अन्तर्सम्बन्ध अपरिहार्य छ । कर्णाली प्रदेशको विशिष्ट भौगोलिक र सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्न सरकारी निकायका अतिरिक्त विकास साझेदार, निजी क्षेत्र र समुदायबिचको प्रभावकारी समन्वयले स्रोतको उच्चतम प्रयोग र साझा लक्ष्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ ।

**२. उद्देश्य**

१. तहगत सरकारबिच समन्वय, सहकार्य र अन्तर्सम्बन्ध सुदृढ गर्नु,
२. विकास साझेदार, नागरिक समाज तथा सङ्घ-संस्थासँगको समन्वय, सहकार्य र साझेदारी प्रवर्धन गर्नु ।

**३. रूपान्तरणकारी रणनीति**

१. प्रदेशका अधिकार क्षेत्रको कार्यान्वयन सुनिश्चित गर्ने ।
२. अन्तरसरकारी समन्वय र सहकार्यमा नीतिगत सामञ्जस्यता कायम गर्ने ।
३. अन्तरप्रदेश र अन्तरस्थानीय तह सहयोग र स्रोतको समुचित व्यवस्थापन गर्ने ।
४. विकास साझेदार, नागरिक समाज तथा संस्थाबिचको समन्वय र सहकार्य विस्तार गर्ने ।

**४. कार्यनीति**

१. सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसरकारी सम्बन्धलाई थप सुदृढ बनाउँदै नीति निर्माणमा स्पष्टता र कार्यान्वयन प्रक्रियामा प्रभावकारिता वृद्धि गर्नेछ ।
२. विकास साझेदार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई व्यवस्थित गरी बाह्य स्रोतको पहिचान, परिचालन र प्रभावकारी उपयोगमार्फत दिगो विकास लक्ष्य (SDGs) प्राप्तिमा तीव्रता दिइनेछ ।
३. वित्तीय हस्तान्तरण र स्रोत परिचालनको प्रणालीमा सुधार गरी स्थानीय तहको वित्तीय क्षमता सुदृढ गर्ने र स्थानीय स्तरमा वित्तीय समावेशिता एवं आत्मनिर्भरता प्रवर्धन गर्नेछ ।

**५. कार्ययोजना**

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | अन्तरसरकारी समन्वय, सहकार्य र अन्तर्सम्बन्ध सुदृढीकरण कार्यक्रम | प्रदेश समन्वय परिषद् बैठक | १ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | वर्षमा कम्तिमा २ पटक | वर्षमा कम्तिमा २ पटक | वर्षमा कम्तिमा २ पटक | वर्षमा कम्तिमा २ पटक | वर्षमा कम्तिमा २ पटक | |
| २ | विकास साझेदार र सङ्घसंस्थासँग साझेदारी कार्यक्रम | विकास साझेदार र सङ्घसंस्थासँग साझेदारी कार्यक्रम | २ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| ३ | स्रोत परिचालन र वित्तीय हस्तान्तरण सुदृढीकरण कार्यक्रम | मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम, सहिद स्मृति भत्ता कार्यक्रम, जीवन निर्वाह भत्ता कार्यक्रमहरूका लागि वित्तीय हस्तातरण | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय तह, आर्थिक मामिला तथा योजना मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |
| | | स्रोत परिचालन र वित्तीय हस्तान्तरण सुदृढीकरण कार्यक्रम | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय तह, आर्थिक मामिला तथा योजना मन्त्रालय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

**६. नतिजा खाका**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | कानुन निर्माण/संशोधन भएका प्रदेशका एकल अधिकार सूचीका विषय | सङ्ख्या | ३६ | ३८ | ४८ | ६० |
| २ | अन्तरसरकारी सहलगानी र साझेदारीका लागि पहिचान भएका क्षेत्र/कार्यक्रम/आयोजना | सङ्ख्या | ११५ | १२० | १३० | १५० |
| ३ | दिगो विकास लक्ष्य स्थानीयकरणका लागि संयुक्त प्रगति अनुगमन गरीएका स्थानीय तह | सङ्ख्या | ० | ५ | ४० | ७९ |
| ४ | स्रोत परिचालन सुधारका लागि तयार भएका नीति/ योजना/ रणनीति | सङ्ख्या | १ | २ | ४ | ६ |
| ५ | प्रदेश तहमा स्थापना भएका समन्वय र सहकार्य संयन्त्र | सङ्ख्या | ४ | ५ | ५ | ७ |
| ६ | प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरण | प्रतिशत | १५.१३ | १५.५ | १६ | १६.५ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।

**७. जोखिम पक्ष र अनुमान**

तहगत सरकारहरूबिच क्षेत्राधिकारको अस्पष्टता, समन्वयको कमी र स्रोत बाँडफाँटमा हुने विवादले गर्दा विकासका आयोजनाहरू समयमै सम्पन्न नहुने जोखिम रहन्छ। सार्वजनिक-निजी साझेदारी (PPP) लाई प्रभावकारी बनाउन सकिएमा कर्णालीमा लगानीको वातावरण सिर्जना भई आर्थिक समृद्धिले गति लिने अपेक्षा गर्न सकिन्छ। साथै विकास साझेदारहरूको प्राथमिकता र प्रदेशको आवश्यकताबिच तालमेल नमिल्ने चुनौती पनि देखिन्छ। यद्यपि समन्वयकारी संयन्त्रहरूलाई कानूनी रूपमै बलियो बनाइएमा र तीनै तहबिच सूचनाको आदानप्रदान सहज पारिएमा सुशासन सुदृढ हुने र विकासको प्रतिफल तल्लो तहसम्म पुग्ने अनुमान गरिएको छ।

## १३.४ प्रदेशको आन्तरिक राजस्व परिचालन

### १. पृष्ठभूमि

नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले प्रदेशको राजस्व क्षेत्राधिकार स्पष्ट पारेको छ । कर्णाली प्रदेशको विकासका लागि वैदेशिक र सङ्घीय अनुदानमाथिको निर्भरता कम गर्दै आन्तरिक राजस्व वृद्धि गर्नु अनिवार्य छ। यसका लागि करको दायरा विस्तार गर्ने, कर प्रणालीलाई सूचना प्रविधिमैत्री र सरलीकृत बनाउने तथा 'कर करले होइन, रहरले तिर्ने' वातावरण सिर्जना गर्ने लक्ष्य लिइएको छ । राजस्व चुहावट नियन्त्रण, कर कानुनको पुनरावलोकन र नयाँ आधारहरूको पहिचानमार्फत मजबुत आन्तरिक अर्थतन्त्र निर्माणमा प्रदेश सरकार केन्द्रित रहेको देखिन्छ।

### २. उद्देश्य

१. नेपाल सरकार, स्थानीय तह र सरोकारवालासँगको सहकार्य र समन्वयमा राजस्व परिचालन अभिवृद्धि गर्नु,
२. प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रमा राजस्व वृद्धि गर्नु,
३. कर प्रणालीलाई सरल, सहज, मितव्ययी र प्रविधिमैत्री र व्यवस्थित बनाउनु,
४. प्रदेश तथा स्थानीय तहको राजस्व प्रशासन्को संस्थागत क्षमता विकास गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. राजस्वको दायरा बिस्तार गर्ने।
२. प्रदेश तथा स्थानीय तहको राजस्व प्रशासन्को संस्थागत क्षमता विकास गर्ने।
३. सूचना प्रविधि तथा व्यवस्थापन प्रणालीको प्रयोग गर्ने।
४. राजस्व प्रणालीलाई लगानी एवम् व्यवसायीमैत्री बनाउने।
५. स्थानीय तहबाट बाँडफाँटबाट प्राप्त हुने राजस्व प्राप्तीका लागि समन्वय गर्ने।
६. घरजग्गा रजिस्ट्रेसन शुल्क सङ्कलनमा तीव्रता।
७. मनोजञ्जन कर, विज्ञापन कर तथा पर्यटन शुल्क सङ्कलनलाई प्रभावकारी बनाउने।

### ४. कार्यनीति

१. प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रका कर र गैरकर राजस्वको सम्भाव्यता अध्ययन गरी राजस्व सुधार योजना तर्जुमा तथा कार्यान्वयन गरिने र राजस्वको अनुमान एवं प्रक्षेपणलाई वैज्ञानिक बनाइने।
२. राजस्व प्रशासनलाई चुस्त बनाउन प्रदेश तथा स्थानीय तहका सम्बन्धित पदाधिकारी र कर्मचारीहरूको प्राविधिक एवं प्रशासनिक क्षमता विकास गरिने।
३. प्रदेश र स्थानीय तहको कर तथा गैरकरका आधारहरूको संरक्षण र प्रवर्धन गर्दै राजस्वका नयाँ क्षेत्रहरू पहिचान गरिने।
४. राजस्व सङ्कलन प्रक्रियालाई झन्झटमुक्त, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल प्रविधि र स्वचालित प्रणाली (Automated System) को विकास एवं प्रयोग गरिने।
५. साझा अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन भई बाँडफाँट हुने राजस्व परिचालनमा स्थानीय तहको संस्थागत क्षमता सुदृढ गरिने।
६. स्थानीय तहसँगको समन्वय र सहकार्यमा विज्ञापन कर, मनोरञ्जन कर र पर्यटन शुल्क जस्ता करहरूको सङ्कलन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | राजस्व सम्भाव्यता अध्ययन तथा सुधार योजना | आन्तरिक राजस्वको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरी प्रतिवेदन पेस गर्ने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मालपोत कार्यालय/यातायात कार्यालय/स्थानीय तह/उद्योग वाणिज्य महासङ्घ | आवश्यकता पहिचान | सम्पन्न भईसकेको | प्रतिवेदन कार्यान्वयन | प्रतिवेदन कार्यान्वयन | प्रतिवेदन कार्यान्वयन | |
| | | प्रदेश सरकरको राजस्व सुधार कार्ययोजना तयार गर्ने। | १ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/कर्णाली प्रदेश योजना आयोग | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | निरन्तर कार्यान्वयन | निरन्तर कार्यान्वयन | |
| २ | राजस्व सम्भाव्यता अध्ययन, अनुमान, प्रक्षेपण, परिचालन तथा प्रशासन सम्बन्धी क्षमता विकास | सरोकारवाला निकायहरूलाई राजस्व सम्बन्धी क्षमता विकास तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सम्बन्धित मन्त्रालय/निकाय/स्थानीय तह/मालपोत कार्यालयहरू | प्रारम्भिक छलफल | स्थानीय तहका राजस्व शाखाका कर्मचारी तथा प्रदेश भित्रका मालपोत कार्यालय प्रमुखहरूलाई अभिमुखीकरण प्रदान | जिल्ला स्थित प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहमा आन्तरिक राजस्व परिचालन सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने | निरन्तर | निरन्तर | |
| | | करदाता शिक्षा कार्यक्रम मार्फत कर परिचालनलाई प्रभावकारी बनाउने। | २ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रारम्भिक छलफल | १० जिल्लामा कार्यक्रम सञ्चालन भएको | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | कराधार संरक्षण र सचेतना कार्यक्रम | प्रदेश र स्थानीय तहको कर र गैरकरका आधार र अधिकारको संरक्षण गर्न तीन तहबिच समन्वय, सहकार्य र बहस पैरवी सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने। | २ | ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | नेपाल सरकार/निजि क्षेत्र/विकास साझेदार | प्रारम्भिक छलफल | दैलेख, सल्यान, सुर्खेत र रुकुम पश्चिम जिल्लाका स्थानीय तहका लेखाका कर्मचारीसँग अन्तरक्रिया सञ्चालन भएको | ७९ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग अन्तरक्रिया गर्ने | प्रदेश तथा स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिसँग अन्तरक्रिया गर्ने | निरन्तर | |
| ४ | सूचना प्रविधि तथा व्यवस्थापन प्रणाली | राजस्व सङ्कलनका लागि डिजिटल प्रविधि र स्वचालित प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने। | ३ | ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | पूर्वतयारी एवं छलफल | प्रणालीको विकास | कार्यान्वयन | |
| ५ | स्थानीय तहसँग समन्वय तथा सहजीकरण | नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनबमोजिम साझा कर अधिकारका विषयमा स्थानीय तहसँगसमन्वय, सहकार्य, क्षमता | ५ | ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | निरन्तर | समीक्षा र सुधार | निरन्तर | |

| क्रं.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियानीति | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | | विकास तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने। | | | | | | | | | | |
| ६ | मनोरञ्जन कर, विज्ञापन कर तथा पर्यटन शुल्क सङ्कलन | मनोरञ्जन कर, विज्ञापन कर तथा पर्यटन शुल्क सङ्कलन प्रभावकारी बनाउन आवश्यक कानुनी व्यवस्था गर्ने। | ७ | ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | स्थानीय तह/सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | कानुन तर्जुमा | कार्यान्वयन | कार्यान्वयन | |
| | | उल्लेखित करहरूलाई व्यवस्थित गर्न नियमित अनुगमन गर्न संयन्त्र निर्माण गर्ने | ७ | ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | स्थानीय तह/सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | प्रारम्भिक छलफल | अध्ययन तथा छलफल | पूर्वतयारी एवं आन्तरिक कार्य | संयन्त्रको विकास | |

**६. जोखिम पक्ष र अनुमान**

सीमित आर्थिक गतिविधि, करदाताको न्यून चेतना र भौगोलिक विकटताका कारण कर सङ्कलनको लागत उच्च हुने जोखिम रहन्छ। साथै राजस्वका दरहरूमा गरिने परिवर्तनले निजी क्षेत्रको लगानीमा पर्न सक्ने प्रभाव अर्को चुनौती हो। यद्यपि कर प्रणालीलाई प्रविधिमैत्री र पारदर्शी बनाउँदा करको दायरा स्वतः बढ्ने र आन्तरिक राजस्वमा उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ। यदि करदातालाई दिइने सेवा र सुविधामा सुधार गरी 'रहरले कर तिर्ने' संस्कार बसाल्न सकिएमा कर्णाली प्रदेश क्रमशः वित्तीय रूपमा आत्मनिर्भर बन्दै जाने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-चौधः नीति, योजना र विकास व्यवस्थापन

## १४.१ प्रदेश तथ्याङ्क व्यवस्थापन

### १. पृष्ठभूमि

योजनालाई उपलब्धिमूलक र प्रभावकारी बनाउन तथ्यपूर्ण र गुणस्तरीय तथ्याङ्क अत्यन्तै महत्त्वपूर्ण हुन्छ । यसका लागि वास्तविक आवश्यकताको स्पष्ट पहिचान, स्रोतसाधनको यथार्थ आँकलन र विद्यमान समस्या, चुनौती तथा अवसरहरूको सही विश्लेषण आवश्यक छ । योजनाको आधार बलियो बनाउन सूचनाको विश्वसनीयता र तथ्याङ्क व्यवस्थापनको प्रभावकारिता सुनिश्चित गर्नु अनिवार्य हुन्छ । केवल सही जानकारी र गुणस्तरीय तथ्याङ्कको आधारमा मात्र योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन प्रभावकारी र नतिजामूलक बनाउन सकिन्छ । विषयगत लक्ष्य तथा उद्देश्य प्राप्तिको रणनीति, दिगो विकास लक्ष्यको आन्तरिकीकरणका लागि गरीनु पर्ने आवश्यक प्रबन्ध, गन्तव्यका सूचक निर्धारण आदिलाई उचित तवरबाट संयोजन गर्न प्रदेशस्तरीय खण्डीकृत तथ्याङ्कको आवश्यकता हुन्छ । तथ्याङ्कको सही व्यवस्थापनले प्रदेशस्तरीय सेवा प्रवाह तथा योजना र कार्यक्रमको प्रभावकारितामा महत्त्वपूर्ण भूमिका खेल्छ ।

### २. उद्देश्य

१. प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास गर्नु,
२. तथ्याङ्कको विश्वसनीयता तथा उपयोगमा अभिवृद्धि गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. प्रदेशस्तरमा एकीकृत तथ्याङ्क प्रणाली स्थापना र व्यवस्थापनमा नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्ने ।
२. अन्तरसरकार तथा सरोकारवालासँग समन्वय, सहकार्य तथा साझेदारी सुदृढीकरण गर्ने ।
३. तथ्याङ्कको विश्वसनीयता तथा उपयोगमा अभिवृद्धि गर्ने ।
४. तथ्याङ्क व्यवस्थापनमा उपयुक्त प्रविधिको प्रयोग र क्षमता अभिवृद्धि गर्ने ।

### ४. कार्यनीति

१. प्रदेश एकीकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना भई स्थानीय र प्रदेशका खण्डीकृत तथ्याङ्क सूचना उत्पादन, प्रमाणीकरण, भण्डारण र अद्यावधिक गर्ने प्रक्रियामा स्वचालित प्रणाली सञ्चालन गरिने ।
२. प्रदेशस्तरमा विश्वसनीय तथ्याङ्क प्रणाली स्थापना र व्यवस्थापनका लागि नीतिगत कानुनी र संस्थागत संरचना स्थापना भई, सङ्घ, प्रदेश, र स्थानीय स्तरबाट प्राप्त गरीएका खण्डीकृत तथ्याङ्कको एकीकृत संग्रह र अभिलेखीकरण गर्न प्रदेश स्तरमा समन्वय संयन्त्र स्थापना गरिने ।
३. जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि भई २५ प्रतिशत स्थानीय तह र सबै प्रदेश मन्त्रालयमा विषयगत तथ्याङ्क अद्यावधिक गर्ने र ५० प्रतिशत स्थानीय तहमा तथ्याङ्क व्यवस्थापन कार्ययोजना तयार भई लागु भएको हुनेछ । प्रदेशको समग्र तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गरिने ।
४. प्रदेश तथ्याङ्कको आधिकारिकता र विश्वसनीयता सुनिश्चित भई तथ्यमा आधारित प्रदेशको नीति तथा योजना निर्माण गरिने ।

### ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | आधिकारिक प्रदेश तथ्याङ्क प्रणाली स्थापना | प्रदेश तथ्याङ्क प्रणाली स्थापना गर्ने। | १ | १ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | आन्तरिक तयारी | आन्तरिक तयारी | निर्माण | सञ्चालन | |
| २ | तथ्याङ्क व्यवस्थापन सम्बन्धी अन्तरसरकारी समन्वय संयन्त्र स्थापना | तथ्याङ्क व्यवस्थापन सम्बन्धी अन्तरसरकारी समन्वय संयन्त्र स्थापना गर्ने। | २ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | नीतिगत तर्जुमा | संयन्त्र गठन | निरन्तर | निरन्तर | |
| ३ | तथ्याङ्क व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | तथ्याङ्क व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | ३ | ३ | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | अध्ययन र पूर्वतयारी | कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | तथ्याङ्क व्यवस्थापन सम्बन्धी अनुगमन र नियमन प्रणाली | तथ्याङ्क व्यवस्थापन सम्बन्धी अनुगमन र नियमन प्रणालीको विकास गर्ने। | ४ | ४ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | आन्तरिक तयारी | पूर्व तयारी | प्रणाली निर्माण | प्रणाली कार्यान्वयन | |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विद्युतीय सूचना प्रणाली प्रयोग भएका क्षेत्रहरू | सङ्ख्या | ६ | ७ | ९ | १२ |
| २ | तथ्याङ्कमा आधारित त्रैमासिक प्रगति विवरण समीक्षा गर्ने मन्त्रालय | सङ्ख्या | ५ | ६ | ८ | ८ |
| ३ | विकास आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन र मूल्याङ्कनका लागि मन्त्रालयगत सूचक निर्माण र प्रणाली स्थापना | मन्त्रालय सङ्ख्या | ४ | ४ | ५ | ८ |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

### ७. जोखिम पक्ष र अनुमान

योजनाले अङ्गीकार गरेका लक्ष्य तथा उद्देश्यहरूको सफल प्राप्तिका लागि सम्बद्ध निकायहरूबिच प्रभावकारी समन्वय र सहकार्य सुनिश्चित गर्ने। एकीकृत तथ्याङ्क प्रणालीको विकास गरी त्यसको भण्डारणलाई सुरक्षित गरिने छ। यस प्रक्रियामा सम्बन्धित सबै पक्षहरूबिच सक्रिय समन्वय हुनु अपरिहार्य छ, अन्यथा यी कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन नसकेमा योजनाले राखेका नतिजाहरू हासिल नहुने र अपेक्षित उपलब्धि प्राप्त गर्न नसकिने जोखिम रहन्छ।

## १४.२ प्रदेश नीति तथा योजना

### १. पृष्ठभूमि

नेपालको संविधानले प्रदेश सरकारलाई आफ्नो क्षेत्रभित्र नीति, कानुन, र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने स्पष्ट स्वायत्तता प्रदान गरेको छ, जसका लागि प्रदेश सभा र मन्त्रिपरिषद् जस्ता संस्थागत संरचनाहरू क्रियाशील छन् । समावेशी प्रतिनिधित्व सुनिश्चित भएको प्रदेश सरकारले दिगो विकासका लागि स्रोतसाधनको उचित परिचालन, आयोजना बैङ्कको निर्माण, र निजी लगानी आकर्षण गर्ने नीतिगत स्पष्टता कायम गर्नुपर्ने आवश्यकता देखिन्छ । समग्रमा, प्रदेशको आर्थिक-सामाजिक रूपान्तरणका लागि सन्तुलित विकास र प्रभावकारी योजना कार्यान्वयनमा प्रदेशको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### २. उद्देश्य

१. नीति तथा योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउनु,
२. नीति तथा योजना कार्यान्वयन प्रक्रियामा सुधार गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. नीति तथा योजना तर्जुमा सम्बन्धी नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थामा सुधार गर्ने ।
२. आयोजना व्यवस्थापन सूचना प्रणाली विकास र सञ्चालन गर्ने ।
३. संस्थागत समन्वय र सहकार्यलाई सबल बनाउने ।
४. समावेशी र सहभागितामूलक योजना प्रक्रिया प्रवर्धन गर्ने ।

### ४. कार्यनीति

१. कम्तिमा ५ वटा विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा गरिने ।
२. आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) सुधार गरी सञ्चालन गरिने ।
३. सबै सरोकारवालाहरूसँग नियमित समन्वय, सहकार्यबाट दोहोरोपनाको अन्त्य भई समय र लागत बढ्ने समस्या घटाइने ।
४. जनप्रतिनिधि र कर्मचारीको सक्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने ।

### ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा | १. विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा गर्ने। | १ | १ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | आन्तरिक तयारी | पूर्वतयारी निकायगत छलफल | निकायगत मस्यौदा निर्माण | कार्यान्वयन | |
| २ | आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) स्थापना | १. आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) स्थापना गर्ने। | २ | २ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | कार्यान्वयन | कार्यान्वयन | कार्यन्वयन | सुधार र अद्यावधिक | कार्यान्वयन | |
| ३ | दिगो र न्यायोचित विकासका लागि अन्तरसरकार र सरोकारवाला समन्वय, सहकार्य एवम् साझेदारी | १. अन्तर तह साझेदारी संयन्त्र निर्माण गर्ने। | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | आन्तरिक तयारी | संयन्त्र गठन | निरन्तर | निरन्तर | |
| ४ | जनप्रतिनिधि र कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | १. जनप्रतिनिधि र कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | ४ | ४ | कर्णाली प्रदेश योजना आयोग र KPTA | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ६. नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश योजना र मध्यमकालीन खर्च संरचना अनुरूप प्रगति प्रतिवेदन प्रकाशन गर्ने मन्त्रालय | प्रतिशत | ० | ४० | १०० | १०० |
| २ | आयोजना बैङ्कमा समावेश भई वार्षिक रूपमा कार्यान्वयन भएका आयोजना | प्रतिशत | ० | १५ | ८० | १०० |
| ३ | गुरुयोजना तर्जुमा भई कार्यान्वयन भएका विषय क्षेत्र | सङ्ख्या | १ | ३ | ७ | १० |
| ४ | राजस्व अनुमान र प्राप्ति अनुपात | प्रतिशत | ७३.३८ | ७५ | ८० | ८५ |
| ५ | बजेट विनियोजन र खर्च अनुपात | प्रतिशत | ६८.२४ | ७० | ७८ | ८५ |
| ६ | कुल खर्च र प्रदेश आन्तरिक स्रोत अनुपात | प्रतिशत | ४७.३३ | ५० | ५४ | ६० |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,* आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश।

### ७. जोखिम पक्ष र अनुमान

प्रदेशको स्वायत्तता र अधिकार प्रयोग गर्दा नीतिगत अस्पष्टता र सीमित स्रोतसाधनका कारण लगानीकर्ता आकर्षित नहुने तथा योजना कार्यान्वयनमा अवरोध पुग्न सक्ने मुख्य जोखिम देखिन्छ। यद्यपि प्रदेश सभाको समावेशी संरचना र संवैधानिक अधिकारको पूर्ण प्रयोगबाट राजनीतिक स्थिरता कायम भई सन्तुलित विकास हुने अपेक्षा गरिएको छ। उपयुक्त आयोजना बैङ्कको निर्माण र लगानीमैत्री वातावरण सुनिश्चित भएमा आन्तरिक तथा बाह्य लगानी मार्फत प्रदेशको आर्थिक-सामाजिक रूपान्तरण सम्भव हुने अनुमान गर्न सकिन्छ।

## १४.३ आयोजना व्यवस्थापन

### १. पृष्ठभूमि

प्रदेश सरकारको बजेट प्रणालीलाई वस्तुनिष्ठ बनाउन र वित्तीय अनुशासन कायम गर्न प्रदेश योजना आयोगमा आयोजना व्यवस्थापन प्रणाली तथा आयोजना बैङ्कको स्थापना अनिवार्य देखिन्छ । निश्चित मापदण्ड र पूर्वतयारी बिना आयोजना छनोट गर्दा सिर्जना हुने समस्यालाई समाधान गर्न आयोजनाहरूको वर्गीकरण, प्राथमिकीकरण र मध्यमकालीन खर्च संरचनामा आवद्धता आवश्यक छ । यस व्यवस्थाले सार्वजनिक कोषको मितव्ययी उपयोग सुनिश्चित गर्दै कार्यान्वयन योग्य आयोजनाहरूको छनोटमा प्रभावकारिता र दक्षता अभिवृद्धि गर्नेछ ।

### २. उद्देश्य

१. आयोजना व्यवस्थापन प्रणालीलाई नतिजामूलक तथा प्रभावकारी बनाउनु,
२. आयोजना छनोट, प्राथमिकिकरण तथा बजेट विनियोजन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु,
३. विनियोजन कुशलता तथा कार्यान्वयन र पुँजीगत खर्चको प्रभावकारिता वृद्धि गर्नु,
४. सीमित स्रोतसाधनको उच्चतम उपयोग गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. आयोजना व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानुनी प्रबन्ध गर्ने ।
२. प्रादेशिक महत्त्वका आयोजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने ।
३. विनियोजन कुशलता कायम गर्ने ।
४. प्रदेश योजना आयोग र विषयगत मन्त्रालयको क्षमता विकास गर्ने ।
५. प्रदेश सरकारका निकाय तथा स्थानीय तहबिच संस्थागत समन्वय र सहकार्यलाई सुदृढीकरण गर्ने ।
६. सूचना व्यवस्थापन प्रणालीबिच अन्तरआबद्धता कायम गर्ने ।

### ४. कार्यनीति

१. प्रदेश आयोजना व्यवस्थापनसम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्वयन गरिने ।
२. आयोजना पहिचान, सम्भाव्यता अध्ययन तथा मूल्याङ्कन, छनोट र प्राथमिकीकरण सहित आयोजना प्रस्ताव तयार भई प्रदेश आयोजना व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिने ।
३. प्रदेश योजना आयोग, विषयगत मन्त्रालय र अन्तर्गतका निकायहरू, स्थानीय तहमा बजेट तथा योजना शाखाका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिने ।
४. विनियोजन कुशलता तथा खर्च क्षमता, कार्य जिम्मेवारी तथा खर्च बिच तादात्म्यता र वित्तीय सुशासन मार्फत सार्वजनिक खर्च दक्षता अभिवृद्धि गरिने ।
५. मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणाली, कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखाप्रणाली र आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीबिच अन्तरआबद्धता कायम गरिने ।

### ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रदेश आयोजना व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा | १. प्रदेश आयोजना व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गर्ने। | १ | १ | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | तर्जुमा | कार्यान्वयन | आवधिक सुधार | निरन्तर | निरन्तर | |
| २ | प्रदेश आयोजना बैङ्क स्थापना | १. प्रदेश आयोजना बैङ्क सुदृढीकरण र समयसापेक्ष बनाउने। | २ | २ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | स्थापना | कार्यान्वयन र सुदृढीकरण | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन र सुदृढीकरण | |
| ३ | आयोजना व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम | १. आयोजना व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | ३ | ३ | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | तहगत समन्वय | निरन्तर | निरन्तर | |
| ४ | सार्वजनिक खर्च दक्षता अभिवृद्धि कार्यक्रम | १. सार्वजनिक खर्च दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | ४ | ४ | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | बजेट, लेखा तथा योजना व्यवस्थापन सम्बन्धी सूचना प्रणालीहरू बिचमा अन्तरआबद्धता | १. प्रणालीहरूका बिचमा अन्तर आवद्धता गर्ने। | ५ | ५ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र सम्नवय | कार्यशाला गोष्ठी सम्पन्न | कार्यशाला गोष्ठी | आवधिक समीक्षा र छलफल | निरन्तरता | |

### ६. जोखिम पक्ष र अनुमान

आयोजना बैङ्कको प्रभावकारी सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति र प्राविधिक पूर्वाधारको अभाव हुनुका साथै निश्चित मापदण्डविना आयोजना छनोट गर्ने राजनीतिक दबाब कायम रहनु यस कार्यका मुख्य जोखिमका पक्षहरू हुन्। यद्यपि प्रदेश योजना आयोगमार्फत आयोजनाहरूको वस्तुनिष्ठ वर्गीकरण र प्राथमिकीकरण गर्दा सरकारी बजेटको दुरूपयोग रोकिने र वित्तीय अनुशासन कायम हुने अनुमान गरिएको छ। यदि आयोजनाहरूलाई मध्यमकालीन खर्च संरचनामा आबद्ध गरी पर्याप्त पूर्वतयारीका साथ कार्यान्वयनमा लगिएमा सार्वजनिक स्रोतको मितव्ययी उपयोग भई प्रदेशको समग्र विकासमा गुणात्मक सुधार आउने अपेक्षा गर्न सकिन्छ।

## १४.४ सार्वजनिक वित्तीय व्यवस्थापन तथा पुँजीगत खर्चको प्रभावकारिता

### १. पृष्ठभूमि

प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले स्रोतको सुनिश्चितता, खर्चमा कुशलता र वित्तीय अनुशासन कायम गर्दै दिगो र समावेशी आर्थिक वृद्धिको आधारशिला तयार गर्दछ। विशेष गरी अन्तरसरकारी वित्त व्यवस्थापन र वित्तीय सङ्घीयताको सुदृढीकरणमार्फत आन्तरिक स्रोत परिचालनमा वृद्धि गरी वैदेशिक सहायतामाथिको निर्भरता कम गर्नु आजको आवश्यकता हो। पुँजीगत खर्च गर्ने क्षमतामा सुधार, पारदर्शिता र नतिजामूलक प्रणालीको विकासले मात्र तोकिएको समय र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न सम्भव हुन्छ। अतः राजस्व क्षमता अभिवृद्धि र सार्वजनिक लगानीमार्फत निजी क्षेत्रलाई प्रोत्साहित गर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य प्राप्तिमा केन्द्रित हुनुपर्ने देखिन्छ।

### २. उद्देश्य

१. सम्वद्ध पदाधिकारी तथा निकायलाई सक्षम, उत्तरदायी र जिम्मेवार बनाउनु,
२. बजेट विनियोजन र खर्चमा दक्षता, प्रभावकारिता र वित्तीय सुशासन सुनिश्चित गर्नु,
३. प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको प्रभावकारिता वृद्धि गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. विनियोजन कुशलता र खर्च प्रभावकारिता अभिवृद्धि गर्ने।
२. पुँजीगत खर्च क्षमता अभिवृद्धिका लागि आयोजना सुशासन कायम गर्ने।
३. सार्वजनिक ऋणको उत्पादनमूलक उपयोग गर्ने।
४. सबल र उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापनको प्रवर्धन गर्ने।
५. अन्तरसरकारी वित्तको प्रभावकारिता अभिवृद्धि गर्ने।
६. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता गर्ने।
७. सार्वजनिक-निजी साझेदारीका आयोजनालाई प्राथमिकता दिने।
८. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने।

### ४. कार्यनीति

१. सार्वजनिक वित्त व्यवस्थापनलाई सबल र प्रभावकारी बनाइने।
२. प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनोट गरी आयोजनाको कार्यसम्पादन वृद्धि गरिने।
३. प्राकृतिक स्रोतमा लगानी र उपयोगको उचित ढाँचा तयार भई कार्यान्वयनमा ल्याइने।
४. सार्वजनिक-निजी साझेदारीमा प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानीको परिचालन गरिने।
५. तहगत तथा निकायगत समन्वय र सहकार्यमा एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्वन गरिने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | सार्वजनिक वित्त व्यवस्थापन सुधार कार्ययोजना तर्जुमा र क्षमता विकास | वित्तीय सङ्घीयताको प्रभावकारीता अध्ययन गरी प्रतिवेदन तयार गर्ने । | १,२ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | छलफल र समन्वय | पूर्वतयारी | तर्जुमा | कार्यान्वयन | |
| | | सार्वजनिक वित्त व्यवस्थापन सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | १,२ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | छलफल र समन्वय | पूर्वतयारी | तर्जुमा | कार्यान्वयन | |
| | | सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | १,२ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | छलफल र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | कार्यसम्पादन सम्झौता | ठूला आयोजना र कार्यक्रम कार्यान्वयन गर्नुपूर्व सम्बन्धित आयोजना प्रमुखसँग कार्य सम्पादन करार सम्झौता गरेर मात्र कार्यान्वयन गर्ने | ६ | २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | छलफल र समन्वय | आवश्यक समन्वय र सहजीकरण | आवश्यक समन्वय र सहजीकरण | आवश्यक समन्वय र सहजीकरण | |
| | | कार्यसम्पादन करार सम्झौताको ढाँचा तयार गरी एकरूपता कायम गर्ने । | ६ | २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | प्राकृतिक स्रोतमा लगानी र उपयोग ढाँचा तर्जुमा | प्रदेश भित्रका प्राकृतिक स्रोतहरूमा लगानी भित्र्याउनका लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गर्ने । | ७ | ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | अध्ययन र छलफल | आन्तरिक तयारी | कार्यान्वयन | |
| ४ | सार्वजनिक-निजी साझेदारी प्रवर्धन कार्यक्रम | सार्वजनिक-निजी साझेदारी प्रवर्धन गर्न कानुनको कार्यान्वयन गर्ने | ७ | ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | |
| | | प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानी भित्र्याउन प्रदेशमा लगानी सम्मेलन आयोजना गर्ने । | ७ | ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | पूर्वतयारी | लगानी सम्मेलन | कार्यान्वयन | |
| ५ | नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली | एकीकृत तथा निकायगत अनुगमन तथा मूल्याङ्कन प्रणालीका लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गर्ने । | ५ | ५ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | संयन्त्र गठन | कार्यान्वयन | निरन्तर | |
| | | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याउने । | ५ | ५ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालय/निकाय | आवश्यकता पहिचान | अध्ययन र छलफल | कार्यान्वयन | समीक्षा र सुधार | निरन्तर | |

**६. जोखिम पक्ष र अनुमान**

सार्वजनिक खर्च प्रणालीमा पारदर्शिताको कमी, पुँजीगत खर्च गर्ने कमजोर क्षमता र वैदेशिक सहायतामाथिको बढ्दो निर्भरताले वित्तीय अनुशासन कायम गर्न चुनौतीपूर्ण देखिनु यसका मुख्य जोखिम हुन् । यद्यपि आन्तरिक राजस्व परिचालनमा वृद्धि र अन्तरसरकारी वित्त व्यवस्थापनको सुदृढीकरणमार्फत वित्तीय सङ्घीयता संस्थागत हुने तथा वैदेशिक सहायता र उपयोग क्षमताबिच तादात्म्यता मिल्ने अनुमान गरिएको छ। यदि सार्वजनिक लगानीले निजी क्षेत्रलाई आकर्षित गरी नतिजामूलक खर्च प्रणाली अवलम्बन गरिएमा तोकिएको समय र गुणस्तरमा आयोजनाहरू सम्पन्न भई सुशासन र समृद्धिको लक्ष्य हासिल हुने अपेक्षा गर्न सकिन्छ।

## १४.५ अनुगमन, मूल्याङ्कन र सिकाइ

### १. पृष्ठभूमि

समावेशी र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सरकारद्वारा सञ्चालित नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नतिजामुखी अनुगमन, मूल्याङ्कन र सिकाइ (MEL) प्रणाली अपरिहार्य छ। संवैधानिक अधिकारको प्रयोग गर्दै प्रदेश सरकारले 'प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका' जस्ता कानुनी व्यवस्थामार्फत योजनाहरूको गुणस्तर र उद्देश्यमूलक लगानीको सुनिश्चितता गरिरहेको छ। यस प्रणालीले अनुगमन र सिकाइलाई योजनाको अभिन्न अङ्ग बनाउँदै प्राप्त नतिजाका आधारमा कार्यक्रमहरूमा सुधार र पुनर्संरचना गर्न सहयोग पुऱ्याउँछ, जसले अन्ततः प्रदेशको दीर्घकालीन रूपान्तरण र सुशासनका लागि मजबुत आधार तयार गर्दछ।

### २. उद्देश्य

१. नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यसम्पादन, प्रभावकारिता, नतिजा र दिगोपनाको सुनिश्चितता गर्नु,
२. सिकाइ तथा जवाफदेहिता अभिवृद्धि गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानुनी तथा संरचनागत व्यवस्था सुदृढ गर्ने।
२. अनुगमन तथा मूल्याङ्कन नियमित र प्रभावकारी बनाई प्राप्त सिकाई तथा पृष्ठपोषणलाई सबलीकरण गर्ने।
३. अनुगमन तथा मूल्याङ्कनका लागि अन्तरसरकारी निकायबिच समन्वय तथा सहकार्य गर्ने।
४. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने।

### ४. कार्यनीति

१. प्रदेशस्तरमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक नीति, कानुन, कार्यविधि तथा मापदण्ड निर्माण भई कार्यान्वयन गरिने।
२. विकास आयोजनाको आवधिक रूपमा नतिजामा आधारित समीक्षा गरी प्रतिवेदन प्रकाशन गरिने।
३. प्रदेशस्तरमा अनुगमन र सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण र प्रभावकारी कार्यान्वयन गरिने।
४. विभिन्न सरोकारवालाको सहभागितामा अनुगमन र मूल्याङ्कनको विधि तथा प्रक्रियामा गुणस्तर वृद्धि गरिने।
५. अनुगमन र मूल्याङ्कनमा संलग्न जनशक्तिको दक्षता वृद्धि भई कार्यक्षमता र प्रभावकारिता सुधार गरिने।
६. आयोजना तर्जुमा गर्ने प्रक्रियामा तार्किक कार्यश्रृङ्खला र नतिजा सूचकहरूलाई स्पष्ट रूपमा परिभाषित गरेर लागु गर्ने प्रणाली लागु भई आयोजना प्रस्तावको गुणात्मक र प्रभावकारितामा सुधार गरिने।
७. तोकिएका आयोजनाको बहुपक्षीय संलग्नतामा अनुगमन तथा तेस्रो पक्ष मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिने।
८. बहुक्षेत्रीय पोषण योजना-तेस्रो कार्यान्वयनका लागि तहगत र निकायगत समन्वय प्रभावकारी बनाउने।
९. बहुक्षेत्रीय पोषण योजना- तेस्रोको प्रदेश र स्थानीय तहमा कार्यान्वयन अवस्थाको आवधिक रूपमा अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्ने।

## ५. कार्ययोजना

| क्रं. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति नं. | कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति तथा कानुन सुधार | नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्ने र लागु गर्ने। | १ | १ | कर्णाली प्रदेश योजना आयोग | कर्णाली प्रदेश योजना आयोग | छलफल र समन्वय | आन्तरिक तयारी | कानुन मस्यौदा निर्माण | छलफल र स्वीकृति | कार्यान्वयन | |
| २ | सूचना तथा सञ्चार प्रविधिमा आधारित नतिजामूलक अनुगमन तथा मूल्याङ्न प्रणाली विकास र अभ्यास | नतिजामूलक अनुगमन तथा मूल्याङ्न प्रणाली विकास र अभ्यास गर्ने। | २ | २ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | कार्यान्वयन | समीक्षा | प्रणाली अध्यावधिक | कार्यान्वयन | कार्यान्वयन | |
| ३ | प्रदेश अनुगमन प्रणाली र आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) सुदृढीकरण तथा कार्यान्वयन कार्यक्रम | प्रदेश अनुगमन प्रणाली र आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) सुदृढीकरण तथा कार्यान्वयन कार्यक्रम सञ्चालन गर्ने। | ३ | ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश योजना आयोग र सम्बन्धित मन्त्रालय/निकाय | कार्यान्वयन | कार्यान्वयन | विगतको समीक्षा | प्रणालीमा सुदृढीकरण | कार्यान्वय | |
| ४ | सहभागितामूलक अनुगमन, मूल्याङ्कन, सिकाइ तथा जवाफदेहिता अभिवृद्धि सहकार्य सुदृढीकरण | सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने। | ४ | ४ | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | अनुगमन तथा मूल्याङ्कन र सिकाइ सम्बन्धी क्षमता विकास कार्यक्रम | क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | ४ | ५ | सम्बन्धित मन्त्रालय/निकाय | सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | गुणात्मक परिवर्तनको सिद्धान्तमा आधारित सोच तालिका र आयोजना प्रस्ताव तयारी | आयोजना तर्जुमा गर्ने प्रक्रिया सम्बन्धी कानुनी व्यवस्था र कार्यान्वयन। | ४ | ६ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | कानुन तर्जुमा | कानुन परिमार्जन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | |
| ७ | तोकिएका आयोजनाको बहुपक्षीय संलग्नतामा अनुगमन तथा तेस्रो पक्ष मूल्याङ्कन कार्यक्रम | बहुपक्षीय संलग्नतामा संयुक्त अनुगमन गर्ने | ४ | ७ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | आन्तरिक तयारी | कानुन निर्माण | छलफल र स्वीकृति | कार्यान्वयन | |
| | | तेस्रो पक्ष मूल्याङ्कन कार्यक्रम सञ्चालन गर्ने। | ४ | ७ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | आन्तरिक तयारी | कानुन निर्माण | छलफल र स्वीकृति | कार्यान्वयन | |
| ८ | बहुक्षेत्रीय पोषण योजना-तेस्रो प्रदेश र स्थानीय तहमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यक्रम | तहगत र निकायगत छलफल र समन्वय (प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति) | ४ | ८ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | संयन्त्र गठन | संयन्त्र परिचालन | निरन्तर | निरन्तर | निरन्तर | |
| | | सरोकारवाला निकायबिच अन्तर्क्रिया र स्थानीय तहको क्षमता विकास | ४ | ९ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | कार्यान्वयन | कार्यान्वयन | समीक्षा र सुधार | निरन्तर | |
| | | पोषणमैत्री वडा/पालिका घोषणाका लागि अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | ४ | ९ | कर्णाली प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय/निकाय | छलफल र समन्वय | कार्यान्वयन | कार्यान्वयन | समीक्षा र सुधार | निरन्तर | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्ने आयोजना कार्यालय तथा निकाय | सङ्ख्या | ७० | ७० | ७५ | १०० |
| २ | मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षामा प्रस्तुत सुझावमध्ये कार्यान्वयन भएका सुझाव | प्रतिशत | ६० | ६५ | ७५ | ९० |
| ३ | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका सुझाव कार्यान्वयन प्रगति | प्रतिशत | ८० | ९० | १०० | १०० |
| ४ | प्रदेश विकास समस्या समाधान समितिको वैठकका सुझाव कार्यान्वयन प्रगति | प्रतिशत | ७५ | ८० | १०० | १०० |
| ५ | सार्वजनिक सुनुवाई गर्ने प्रदेश मन्त्रालय र मातहतका निकाय | प्रतिशत | २० | २५ | ६५ | १०० |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

## ७. जोखिम पक्ष र अनुमान

अनुगमन र मूल्याङ्कन प्रक्रियालाई केवल औपचारिक प्रतिवेदनमा मात्र सीमित राख्ने प्रवृत्ति, प्राप्त सिकाइलाई आगामी योजनामा सुधारका लागि प्रयोग नगर्ने परिपाटी र प्राविधिक जनशक्तिको कमी हुनु यस कार्यका मुख्य जोखिमका पक्षहरू हुन्। यद्यपि प्रदेशमा रहेका कानुनी निर्देशिका र कार्यविधिहरूको प्रभावकारी कार्यान्वयनले अनुगमन प्रणालीलाई वस्तुनिष्ठ बनाउने तथा नीति निर्माण र कार्यान्वयनबिच बलियो तादात्म्यता कायम हुने अनुमान गरिएको छ। यदि नतिजाका आधारमा कार्यक्रमहरूको पुनर्संरचना गर्ने र सिकाइलाई संस्थागत गर्ने पद्धति विकास भएमा प्रदेशको लगानीले निश्चित लक्ष्य हासिल गरी दीर्घकालीन रूपान्तरणमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

# अनुसूचिहरूः

## अनुसूची-१

(कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**कर्णाली प्रदेश योजना आयोगको स्वरूप**

| | |
|---|---|
| माननीय मुख्यमन्त्री यामलाल कडेल | अध्यक्ष |
| माननीय सूर्यनाथ योगी | उपाध्यक्ष |
| माननीय अशोकनाथ योगी | सदस्य |
| माननीय डम्बरबहादुर रावल | सदस्य |
| श्री वीरेन्द्र कुमार यादव, प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| श्री लीला प्रसाद शर्मा, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य-सचिव |

## अनुसूची-२

(मार्गदर्शनको भाग ३ को उपभाग ३.२ को खण्ड (क) सँग सम्बन्धित)

**आवधिक योजना तर्जुमा निर्देशक समितिको बैठक**

| | |
|---|---|
| माननीय यामलाल कडेल, मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार | - अध्यक्ष |
| माननीय राजीव विक्रम शाह, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| माननीय सूर्यनाथ योगी, उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | - सदस्य |
| माननीय अशोकनाथ योगी, सदस्य, कर्णाली प्रदेश योजना आयोग | - सदस्य |
| माननीय डम्बर बहादुर रावल, सदस्य, कर्णाली प्रदेश योजना आयोग | - सदस्य |
| श्री वीरेन्द्र कुमार यादव, प्रमुख सचिव, कर्णाली प्रदेश सरकार | - सदस्य |
| श्री लक्ष्मी कुमार वि.क., प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| श्री लीला प्रसाद शर्मा, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| श्री अर्जुन कुमार बम, प्रदेश सचिव, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | - सदस्य |
| श्री अजित कुमार कर्ण, प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| श्री वृष बहादुर शाही, नि. प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| श्री रमेश सुवेदी, नि. प्रदेश सचिव, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | - सदस्य |
| श्री सुनिल लिम्बु, नि. प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| श्री गोपाल के.सी., प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग | - सदस्य सचिव |

## अनुसूचि ३

(मार्गदर्शनको भाग ३ को उपभाग ३.१ को क्रम सङ्ख्या (१) सँग सम्बन्धित)

**आवधिक योजना तर्जुमा तयारी समितिको बैठक**

| | |
|---|---|
| माननीय सूर्यनाथ योगी, उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| माननीय अशोकनाथ योगी, सदस्य, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| माननीय डम्बर बहादुर रावल, सदस्य, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री विपिन आचार्य, प्रदेश सचिव, प्रदेश लोकसेवा आयोग | -सदस्य |
| श्री अर्जुन कुमार बम, प्रदेश सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | -सदस्य |
| श्री अजित कुमार कर्ण, प्रदेश सचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| श्री रोशनी कुमारी श्रेष्ठ, प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री डम्बर प्रसाद काफ्ले, उप-न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय | -सदस्य |
| श्री चेतन कुमार तिमिल्सेना, नि. प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री विनोद कुमार भण्डारी, वरिष्ठ लेखा अधिकृत, जलस्रोत तथा उर्जा विकास मन्त्रालय | -सदस्य |
| श्री गणेश चन्द, वरिष्ठ राजश्व अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री गोपाल के.सी., प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |

## अनुसूचि ४

(मार्गदर्शनको भाग ३ को उपभाग ३.२ को खण्ड (ख) सँग सम्बन्धित)

| क्षेत्रगत समिति | समिति सम्बन्धित उपक्षेत्र |
|---|---|
| आर्थिक विकास | आर्थिक मामिला तथा योजना, भूमि व्यवस्था, कृषि तथा सहकारी, उद्योग, पर्यटन, वन तथा वातावरण |
| सामाजिक विकास | सामाजिक विकास, शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य, युवा तथा खेलकुद, महिला बालबालिका तथा समाजकल्याण, संस्कृति र खानेपानी तथा सरसफाई |
| पूर्वाधार विकास | ऊर्जा, सिँचाई तथा जल उत्पन्न प्रकोप व्यवस्थापन, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, भवन, आवास तथा सहरी विकास र सूचना तथा सञ्चार |
| शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र | प्रदेश सभा, मन्त्रिपरिषद्, आन्तरिक मामिला, शान्ति सुरक्षा |

**विषय क्षेत्रगत समिति (आर्थिक विकास) को बैठक**

| | |
|---|---|
| माननीय अशोकनाथ योगी सदस्य, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| श्री अजित कुमार कर्ण, प्रदेश सचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| श्री चेतन कुमार तिमिल्सेना, नि. प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री सुनिल लिम्बु, उपसचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| श्री विपना पौडेल, शाखा अधिकृत, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| श्री गणेश चन्द, वरिष्ठ राजश्व अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री विनोद कार्की, कृषि अर्थविज्ञ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |

**विषय क्षेत्रगत समिति (पूर्वाधार विकास) को बैठक**

| | |
|---|---|
| माननीय डम्बर बहादुर रावल, सदस्य, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| श्री अर्जुन कुमार बम, प्रदेश सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | -सदस्य |
| श्री प्रेम बहादुर ओली, सि.डि.ई., भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | -सदस्य |
| श्री विनोद कुमार भण्डारी, नि. प्रदेश सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय | -सदस्य |
| श्री सागर आचार्य, ईन्जिनियर, जलस्रोत तथा उर्जा विकास मन्त्रालय | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |

**विषय क्षेत्रगत समिति (सामाजिक विकास) को बैठक**

| | |
|---|---|
| माननीय अशोकनाथ योगी सदस्य, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| श्री रोशनी कुमारी श्रेष्ठ, प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री देवी प्रसाद पौड्याल, उप-सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |

**विषय क्षेत्रगत समिति (शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र) को बैठक**

| | |
|---|---|
| माननीय डम्बर बहादुर रावल, सदस्य, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| डा अर्जुन कुमार खड्का, कर्णाली प्रदेश सभा सचिवालय | -सदस्य |
| श्री विपिन आचार्य, प्रदेश सचिव, प्रदेश लोकसेवा आयोग | -सदस्य |
| श्री डम्बर प्रसाद काफ्ले, उप-न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय | -सदस्य |
| श्री विद्या प्रसाद उपाध्याय, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| श्री चेतन कुमार तिमिल्सेना, उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री गोपाल के.सी., प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री विकेन्द्र ढकाल, लेखा अधिकृत, मुख्य न्यायाधिवक्ताको कार्यालय | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |

## अनुसूचि ५

## विषयगत मन्त्रालयस्तरीय कार्यदल

**मन्त्रालयस्तरीय कार्यदल बैठक (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)**

बैठक सङ्ख्याः १

| | |
|---|---|
| श्री लक्ष्मी कुमार वि.क., प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| श्री विद्या प्रसाद उपाध्याय -उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| श्री उत्तम गौतम, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री लक्ष्मण गिरी, शाखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

बैठक सङ्ख्याः २

| | |
|---|---|
| श्री लक्ष्मी कुमार वि.क., प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| श्री विद्या प्रसाद उपाध्याय -उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| श्री उत्तम गौतम, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री लक्ष्मण गिरी, शाखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

**मन्त्रालयस्तरीय कार्यदल बैठक (आर्थिक मामिला तथा योजना मन्त्रालय)**

बैठक सङ्ख्याः १

| | |
|---|---|
| श्री लीला प्रसाद शर्मा, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -संयोजक |
| श्री चेतन कुमार तिमिल्सेना, उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री अञ्जु चौधरी, वरिष्ठ शाखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री गणेश चन्द, वरिष्ठ राजश्व अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य सचिव |

बैठक सङ्ख्याः २

| | |
|---|---|
| श्री चेतन कुमार तिमिल्सेना, नि. प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -संयोजक |
| श्री अञ्जु चौधरी, वरिष्ठ शाखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री गणेश चन्द, वरिष्ठ राजश्व अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य सचिव |

**मन्त्रालयस्तरीय कार्यदल बैठक (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)**

बैठक सङ्ख्याः १

श्री अजित कुमार कर्ण, प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -संयोजक
श्री कल्पना खत्री, उपसचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
श्री रमेश गिरी, डिभिजनल वन अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री विपना पौडेल, शाखा अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य सचिव

बैठक सङ्ख्याः २

श्री अजित कुमार कर्ण, प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -संयोजक
श्री कल्पना खत्री, उपसचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
श्री सुनिता के.सी., उपसचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
श्री शेर बहादुर परियार, वरिष्ठ वन अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री विपना पौडेल, शाखा अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य सचिव

**मन्त्रालयस्तरीय कार्यदल बैठक (जलस्रोत तथा उर्जा विकास मन्त्रालय)**

बैठक सङ्ख्याः १

डा. योगेन्द्र मिश्र, प्रदेश सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -संयोजक
श्री विनोद कुमार भण्डारी-प्रमुख ले.अ., जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य
श्री सागर आचार्य, ईन्जीनियर, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री दमन बुढाथोकी, ईन्जीनियर, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य सचिव

बैठक सङ्ख्याः २

डा. योगेन्द्र मिश्र, प्रदेश सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -संयोजक
श्री विनोद कुमार भण्डारी-प्रमुख ले.अ., जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य
श्री सागर आचार्य, ईन्जीनियर, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री दमन बुढाथोकी, ईन्जीनियर, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य सचिव

**मन्त्रालयस्तरीय कार्यदल बैठक (भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)**

बैठक सङ्ख्याः १

श्री सुनिल लिम्बु, नि. प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय संयोजक
श्री तिलक प्रसाद पाण्डे -वरिष्ठ कृषि प्रसार अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य
श्री विनोद कार्की, कृषि अर्थ विज्ञ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य
श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री दिनेश पौडेल, कृषि प्रसार अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य सचिव

बैठक सङ्ख्याः २

श्री सुनिल लिम्बु, नि. प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -संयोजक
श्री तिलक प्रसाद पाण्डे, वरिष्ठ कृषि प्रसार अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य
श्री विनोद कार्की, कृषि अर्थ विज्ञ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य
श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री दिनेश पौडेल, कृषि प्रसार अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य सचिव

**मन्त्रालयस्तरीय कार्यदल बैठक (भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय)**

बैठक सङ्ख्याः १

श्री अर्जुन कुमार बम, प्रदेश सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -संयोजक
श्री रमेश सुवेदी -बरिष्ठ सिडिई, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य
श्री प्रेम बहादुर वली -सिडिई, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री सुशील आचार्य, ईन्जीनियर, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य सचिव

बैठक सङ्ख्याः २

श्री अर्जुन कुमार बम, प्रदेश सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -संयोजक
श्री रमेश सुवेदी -बरिष्ठ सिडिई, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य
श्री प्रेम बहादुर वली -सिडिई, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य
श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग -सदस्य
श्री सुशील आचार्य, ईन्जीनियर, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य सचिव

**मन्त्रालयस्तरीय कार्यदल बैठक (सामाजिक विकास मन्त्रालय)**

बैठक सङ्ख्याः १

| | |
|---|---|
| श्री रोशनी कुमारी श्रेष्ठ, प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | -संयोजक |
| श्री देवी प्रसाद पौड्याल, उपसचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री सुवर्ण कुमार खड्का, उपसचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री शिखर न्यौपाने, शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय | -सदस्य सचिव |

बैठक सङ्ख्याः २

| | |
|---|---|
| श्री रोशनी कुमारी श्रेष्ठ, प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | -संयोजक |
| श्री देवी प्रसाद पौड्याल, उपसचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री सुवर्ण कुमार खड्का, उपसचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| श्री हरि बहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री शिखर न्यौपाने, शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय | -सदस्य सचिव |

**मन्त्रालयस्तरीय कार्यदल बैठक (कर्णाली प्रदेश योजना आयोग)**

बैठक सङ्ख्याः १

| | |
|---|---|
| श्री गोपाल के.सी., प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री तिलक प्रसाद सापकोटा, लेखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |

बैठक सङ्ख्याः २

| | |
|---|---|
| श्री गोपाल के.सी., प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| श्री हरिबहादुर घर्ती, तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री तिलक प्रसाद सापकोटा, लेखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| श्री सुर्य नेपाली, शाखा अधिकृत, कर्णाली प्रदेश योजना आयोग | -सदस्य सचिव |